पहिलो परिच्छेद

# शोध परिचय

## १.१विषय परिचय

साहित्यकार विजय सुब्बा (वि.सं.२०१५) नेपाली साहित्य जगत एवं देश र समाजका एक विशिष्ट प्रतिभावान व्यक्तित्व हुन् । उनले नेपालीसाहित्यमा कविता, मुक्तक, गजल ,छोक (छोटाकविता) निबन्ध, संस्मरण, अनुवाद आदिका क्षेत्रमा कलम चलाएका छन्। उनका वस्तीका सङ्गम सुसेलीहरु वि.सं.( २०४१), विजय सुब्बाका गीत र गजलहरु वि.सं. (२०५७) , अराजक अक्षरहरु वि.सं. (२०५८),र ज्ञानी(२०६३) जस्ता गीत, गजल तथा कविता सङ्ग्रहरु प्रकाशित भएका छन् । उनका कविता गीत वा गजलमा प्रगतीवादी स्वर प्रस्तुत गरिएको पाइन्छ । उनले नेपालको समाज परिर्वतन गर्नुपर्छ भन्ने भावनाका सृजनाहरु रचेको पाइन्छ । उनले वि.सं.२०४० साल तिर देखि नेपाली साहित्यमा औपचारिक यात्रा गरेको पाइन्छ । उनको वि.सं. २०४१ सालमा प्रकाशित वस्तीका सङ्गम सुसेली (२०४१) नै पहिलो प्रकाशित कृति हो । उनले गीत गजल र कविता तथा छोक र छोटा कविताहरुमा कलम चलाएका छन् ।

## १.२ समस्याकथन

वहुमुखी प्रतिभाका खानी व्यक्ति सुब्बाका बारेमा नेपाली विद्वान तथा समालोचकहरूले सामान्य रुपमा चिनारी तथा कृतिविश्लेषण गरेको भएपनि उनको काव्यकारिताका बारेमा भने विस्तृत विश्लेषण कतै गरिएको पाइँदैन । प्रस्तुत शोधकार्यमा उनको काव्यकारिताको अध्ययन गर्नुलाई मूल समस्या बनाइएको छ । उक्त समस्याको पुष्टिका लागि थप उपसमस्याहरू यस प्रकार निर्धारण गरिएको छ । -

१ विजय सुब्बाको काव्य यात्रा के कस्तो रहेको छ ?

२ विजय सुब्बाका गीत रचनाहरु के कस्ता रहेका छन्?

३ विजय सुब्बाकाकविता रचनाहरु के कस्ता रहेका छन्?

४ विजय सुब्बाका गजल रचनाहरु के कस्ता रहेका छन् ?

## १.३  शोधको उद्देश्य

शोध समस्या वा समस्याकथनको रुपमा रहेका मुख्य प्रश्नहरूको उत्तर वा समाधानको खोजी गर्नुनै शोधपत्रको उद्देश्य रहेको हुनाले समस्याको समाधान के कस्तो गर्ने हो भन्ने कुरामा रहेर अध्ययन गर्नका लागि निम्न उद्देश्यहरू उल्लेख गरिएको छ ।

१विजय सुब्बाको काव्य यात्राको उल्लेख ।

२ विजय सुब्बाका गीतरचनाहरू विश्लेषण गर्ने ।

३ विजय सुब्बाका कविता रचनाको विश्लेषण गर्ने

४ विजय सुब्बाका गजल कारिताको निरुपण गर्ने ।

## १.४पूर्वकार्यको समीक्षा

कुलीन संस्कृतिप्रति विमुख भई जनसंस्कृतिका पक्षमा कलम चलाउने साहित्यकार विजय सुब्वाको विशेष रुपमा कविता, गजल (छोटो कविता ) छोक, निबन्ध मार्फत आफ्नो मातृभूमि नेपाल आमाको र नेपाल आमाका सन्ततिहरूको एवं दीन दुःखीहरूका हृदयको आवाजहरू आफ्नो मैलिक हक अधिकार प्राप्तिको निम्तिरात दिन डटेर हरसमय ती भोका नाङ्गा नेपाली माटोका सन्तानले जीन्दगीभरि काम गरी भोक भोकै मर्ने, श्रमगर्दा पनि दुःखै दुःखमा बाँच्नु पर्ने र कहिल्यै मनमा आनन्द र शान्तको अनुभव गर्न नपाउने सर्वहारा वर्गका हृदयका पीडाहरूलाई र आफ्नो देशको वर्तमानसमयको परिप्रेक्षलाई आफ्नो साहित्यिक कृतिमा उठाएका छन् । शोषक सामन्ती र राष्ट्रघाती वर्गका हृदय थर्काउने गरी कलम चलाउने साहित्यकार सुब्बा एवं उनका काव्यकृतिहरूका बारेमा विभिन्न विद्वानहरुले परिचयात्मक रुपमा मात्र सामान्य जानकारी दिए पनि सुव्यवस्थित र विस्तृत रुपमा अध्ययन गर्न वाँकी नै रहेको छ । उनका कृतिहरूको विश्लेषण र मूल्याङ्कन पनि हुन सकेको छैन । यिनका बारेमा जेजति अध्ययन भएको छ त्यो केवल परिचयात्मक मात्र रहेको छ । यसै क्रममा विजय सुब्बाको बारेमा भएका चिनारी र अध्ययनका समीक्षाको कालक्रमिक विवरण यस प्रकार प्रस्तुत गरिएको छ ।

**मोदनाथ प्रश्रितले** अराजक अक्षरहरू (२०५८) कृतिको कविताको 'नयाँ मोडमा विजय सुब्बा' शीर्षकको भूमिकामा विजय सुब्बा कविता, (छोटाकविता) छोक, प्रयोगका अगुवा बनेका छन् भन्दै उनका छोकहरूमा मुक्तकको छनक, सायरी र सूक्ष्म अनुमूतिको आभास पाउँन सकिन्छ भनी सूक्ष्म अनुभूतिको विन्यास गर्दै टिप्पणी गर्नुका साथै सुब्बाका कविताहरू पल्टाँउदै जाँदा विगत दुई दशकका नेपालको चलचित्र हेर्दै गएको अनुभूति हुन्छ भनी चर्चा गरेको पाइन्छ ।

**डा. खगेन्द्रप्रसाद लुइटेलले**कविता सिद्धान्त र नेपाली कविताको इतिहास' (२०६०) पुस्तकमा सुब्बाका कवितामाजनक्रान्तिचेत, जनपक्षधरता, राष्ट्रियता, देश र जनताप्रतिको प्रेम, जातित्वमा समानता, स्वतन्त्रता र मानवताको जगेर्ना, देशका निमित्त आत्मबलिदान गर्न पनि पछि नहट्ने अठोट व्याक्त गर्नु भएको छ भनी उल्लेख गरेको पाइन्छ ।

ज्ञानेन्द्र विवशले 'सुब्बाको सामयिक सुसेली' ( स्पेसटाइमदैनिक २०५९, साउन १८ गते शनिवार पृष्ट १) शीर्षक कृति समीक्षात्मक लेखमा सुब्बाका कवितामा नेपाली गाँउ, समाज र राष्ट्र बोल्नुका साथै समसामयिक विकृतिको यर्थाथता पाइन्छ भनी चर्चा गरेका छन् ।

**प्रमोदले वस्तीका** संगम सुसेलीहरू (२०४१) कृतिको 'वस्तीका संगम सुसेलीहरूप्रति' भूमिकामा सुब्बाका गीतहरूले जीवनका विविध पक्षको उद्घाटन एवं आरोह अवरोह आदिको बारेमा दर्शाएको पाइन्छ ।

उनले जनताका दुःखपूर्ण जीवनको प्रतीविम्ब गर्ने क्रममा केही गीतहरूले जीन्दगी भरी काम गरी भोक भोकै मर्ने श्रमगर्दा पनि दुःखै दुःखमा बाँच्ने र कहिल्यै मनमा आनन्दर शितलता नपाएका नेपाली जनताहरूलाई आफ्नो विषय वनाएका छन् । केही गीतहरूले देश र जनताको लागि बलिदान भएका शहिदहरूको सपना साकार पार्ने र बलिदानको भावनाले मृत्युलाई जित्ने,आँधी बेहरीसँग सामनागर्ने रुनलाई त्याग गरेर मुक्तिको निम्ति लड्ने, छिटो नौलो प्रभात ल्याउँने र मानिस भएर मानिसको निम्ति बाँच्ने आकांक्षा लिएका छन् भनेर सुब्बाका गीतहरुको चर्चा गरेका छन् ।

**कृष्णप्रसाद पराजुलीले** विजय सुब्बाका गीत र गजल (२०५७) पुस्तकको 'विजय सुब्बाको गीतलहरु' शीर्षकको भूमिकामा विजय सुब्बाका गीतखण्डभित्र 'ओत लाग्नुपरे' देखि 'मेरै त हो महाकाली' सम्मका गीतहरू रहेका छन् । उनले उनका गीतमा आस्था, इमानदारी , विश्वास र सङ्कल्पका स्वरहरू सुसाएको पाइन्छ भनेका छन् । यस कृतिमा उनको प्रमुख विषय देशप्रेम नेपाली सन्तती प्रतिको र नेपाली माटोमा रहेको बफादारीता एवम् राष्ट्रियता, जीवन र संस्कृति मानवीय उच्छ्वास र पीडा वनेका छन् । आफ्नै माटो प्रतिको भाव पोख्छन् आमाप्रतिकोश्रद्धाकास्वर निकाल्छन् । आफ्नै देशको मायासंग केही साट्न हुन्न । सवभन्दा ठूलो कुरा आफ्नो देश हो भन्ने भावरहेको पाइन्छ । उनका गीतमा पाइने विशेषतामा भाषिक सरलता, अभिव्यक्तिको स्पष्टता र विचारको नवीनता रहेको पाइन्छ भनी सुब्बाकोगीतकार व्यक्तित्वको जानकारी दिएका छन् ।

**बूँद रानाले** विजयसुब्बाका गीत र गजलहरू (२०५७) कृतिको विजय यात्राका विजय शीर्षक भूमिकामा समयको गतिसङ्ग सङ्गै गतिशील हुँदै आएको गजलमा परिवर्तित समय अनुकूल युगचेत प्रसस्तै भएको पाइन्छ । त्यसैले आजको गजलले सवैखाले विकृति विसङ्गतिहरुको पोल खोल्ने मात्र नभएर तिनका विरुद्धमा सशक्त विद्रोह चेत जगाउँने खालका रहेको एवं ओजपूर्ण स्वस्थ गजलको रचना आजको युगको माग हो । युगीन माग पूरा गर्ने सन्दर्भ संग साइनो जोडेर गजलकार विजय सुब्बालाई विशेष स्थानमा राख्न

सकिन्छ भन्दै गजल लेखनको सर्वोच्च शिखरमा सफल अरोहीको झण्डा फहराउने यात्रामा निस्केका थुप्रै थुप्रै उत्साही गजलकारहरूको पङ्क्तिमा विशेष स्फूर्तिका साथ निस्कनुभएका विजय सुब्बालाई उहाँको अभिष्ट प्राप्तिमा सफलता प्राप्त रहोस भनी सुब्बाको गजलकार व्यक्तित्वको उच्च कदर रहेको सङ्केत गरेका छन् ।

**श्याम रिमालले** उज्यालो खोज्दै हिड्ने जनगायक (समष्टि, वर्ष २१, अङ्क ६, २०५८ जेठ असार ) शीर्षक समालोचनात्मक लेखमा विजय सुब्बाका कही पहाडे केटो भएर आफूलाई कसैले नढाँट्ने नकाटने खालको बताउँछन् भने कतै गाइने भएर जनताको सुखमा साथ दिन्छन् भनी उनको गीतकार व्यक्तित्वको जानकारी दिएका छन् ।

**जीवेन्द्रदेव गिरीले** विजय सुब्बाका गीत र गजलहरू शीर्षक कृति चर्चा (झिसमिसे, वर्ष २७, पूर्णङ्क ३८, २०६२ माघ चैत ) का क्रममा सुब्बाका गीत गजलमा राष्ट्रप्रेमी भावना, निम्नवर्गीय पक्षधरता जालछलप्रतिको नकारात्मक अनुभुति, समसामयिक चिन्तन, असल संस्कृतिप्रतिको मोह, जीवनका विविध पक्षहरूको शालीन अभिव्यक्ति आदि वैशिष्टयहरू दिएको पाइन्छ भनी उल्लेख गरेका छन् ।

**डा. कृष्णहरि बरालले**गीत सिद्धान्त र इतिहास (२०६०) पुस्तकमा विजय सुब्वाका गीतहरूमा देशप्रतिको प्रेम, देशभक्ति, मानवतावाद चेतना तथा स्वतन्त्रताप्रतिअगाध आस्था पलाउँनुका साथै नेपाली संस्कृतिप्रतिको माया र समाजमा भएको विकृति विसङ्गति एवं जातीय भेदभावलाई हटाउनु पर्ने भाव व्यक्त गरिएको छ भनी चर्चा गरेको पाइन्छ ।

**वलभद्र भारतीले** विजय सुब्बाका गीत र गजलहरू एउटा सङ्घर्षशील दस्तावेज शीर्षक लेख (जनएकता साप्ताहिक, २०६० अषढ ९ गते सोमवार) मा विजय सुब्बाका गीत गजलहरूमा सर्वहारावर्गको उद्थान एवं दासता र शोषणवाट जनताहरूमुक्त हुन लगेका र लेखकहरूको लेखनकार्य शसक्त अगाडि बढेको जनआवज राष्ट्रविरोधि राष्ट्रघतीहरूको विरुद्ध मुटुको शूल झै भई घोच्न थालेको भाव पाइनुका साथै वीरताको स्मरण गराउँने खालका छन् भनी चर्चा गरेका छन् ।

**सुकुम शर्माले** कविताका आलोकमा विजय सुब्बा (शब्दसंयोजना, वर्ष १, अङ्क ११, फल्गुण २०६१) शीर्षक लेखमा उनले आफ्ना रचनामा मिहिनेती वर्गहरू गन्ध, सीप गर्व र शक्तिको लय भर्नुका साथै समाज र राष्ट्रका आस्था तथा यात्राका नैतिकता र स्वाभिमानका क्षेत्रमा देखिएका विकृति, विसङ्गति बिडम्वना र घातहरूलाई केलाउँदै देशप्रेमको भावनामाओतप्रोत भएका छन् भनी चर्चा गरेको पाइन्छ ।

**ज्ञानुवाकर पौडेलले** ज्ञानी(२०६३ जेठ) कृतिको ज्ञानीको ज्ञानी कुरा शीर्षक भूमिकामा विजय सुब्बा प्रस्तुत बालगजल सङ्ग्रहमा सरल, सुबोध र बालसुलभ रुचि अनुकूल भाषा प्रयोग गरेर बाल पाठक पाठिकासित सोझैं भावनात्मक सम्वन्ध देखाउन खोज्ने विजय सुब्वाको यो प्रयास सारै घात लाग्दो छ । विगतमा यिनका गीत गजल र समीक्षात्मक फाँटमा सुब्बाको

आगमन हाम्रा लागि जति आकर्षक रहयो अहिले वालसाहित्यमा देखाउन लागेको यिनका सिप र प्रतिभा पनि त्यतिनै मौलिक र रोचक रहेको छ भन्दै सुब्बाको ज्ञानीकृति बालगजलको र उनको साहित्यिक व्याक्तित्वको जानकारी दिएका छन् ।

**डा. कृष्णहरि वरालले** गजल सिद्धान्त र परम्परा (२०६४) पुस्तकमा विजय सुब्बाका गजलमा राष्ट्रिय पीडाको अभिव्यक्ति, राजनीतिक तथा नेपाली दुःखी निर्दही सोझा साजा जनताको पक्षमा आवाज उठाएको पाइन्छ र समाजिक विसङ्गति विकृतिप्रति व्याङ्ग्य, नातावाद, कृपावाद, शोषण अन्यायको विरोध गर्नुभएको पाउनुका साथै सहिदको सपनाको कदर नहुने कुराको चित्रण गरेको पाइन्छ ।

माथिका प्रस्तुत समीक्षाहरूले विजय सुब्बाको काव्यकारितालाई समग्र अध्ययन गर्न सकेको छैन त्यसकारण यो शोधपत्र विजय सुब्बाको काव्यकारितामा आधारित रहेको छ ।

## १.५अध्ययनको औचित्य

प्रस्तुत शोधकार्यको अध्ययनबाट विजय सुब्बालाई नेपाली साहित्य क्षेत्रमा साहित्यिक पाठकहरू समक्ष्य र उनका साहित्यिक कृतिहरूको बारेमा नाम रोसन पार्ने प्रयास गरिनेछ । यो शोधपत्र विजय सुब्बाको काव्यकारितामा केन्द्रित रहेर अध्ययन विश्लेषण गरिने हुनाले उनको साहित्यिक कृतिको बारेमा र उनी स्वयम्को बारेमा विश्लेषण गरिएको हुनाले भावी पुस्तालाई विजय सुब्बाको समग्र जानकारी गर्न कठीन नभईकन वस्तुगत जानकारी गर्न उपलब्धि मुलक रहने छ । यस शोधपत्र अध्ययनमा  सुब्बाको साहित्यक कृति, साहित्यिक यात्रा र उनको बारेमा जान्न पिपासुले जिज्ञासा राखेमा पाठक वर्गलाई केहीमात्रामा भए पनि लाभान्वित हुन सक्ने हुनाले अनुसन्धानका श्रेत्रमा यसको महत्व स्वतः रहेको छ ।

नेपाली साहित्यको इतिहास लेखनका क्रममा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्नमा यसशोधपत्रले आवश्यक सहयोग गर्न टेवापुर्याएको छ । यिनै विविध दृष्टिकोणहरूका आधारमा यो शोधपत्रको औचित्य स्थापित रहेको छ ।

## १.६शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका विभिन्न विधा तथा उपविधामा कलम चलाएका बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्व विजय सुब्बाको प्रकाशित कृतिको सर्वेक्षण गरी परिचयात्मक जानकारी दिइएको छ । नेपाली साहित्यका गीत, गजल, कविता निबन्ध र समालोचनाका क्षेत्रमा विशेष साधना गरेका सुब्बाका सिर्जनाहरूको सामान्य परिचय तथा तिनीहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । साथै यिनको जीवनी र व्यक्तित्वको विविध आयामलाई समेत यस अध्ययनमा समेटेको छ । समग्रमा उनका प्रकाशित काव्यकारितामा साहित्यिक योगदानको निरुपणमा यो शोधपत्र सीमित रहेको छ ।

## १.७शोध विधिः

प्रस्तुत शोधपत्र तयार गर्न सामग्री सङ्कलनका लागि स्वयम् विजय सुब्बा सँगको अर्न्तवार्ता र उनीद्वारा रचित एवम् प्रकाशित कृतिहरूलाई प्राथमिक स्रोत बनाइएको छ । यसका अतिरिक्त अध्ययन वर्णनात्मक, ऐतिहासिक र विश्लेषणक पद्धतिको प्रयोग गरिएको छ ।

## १.८शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्र निम्नलिखित परिच्छेदमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : कविताको सैद्धान्तिक विश्लेषणको आधार

तेस्रो परिच्छेद : विजय सुब्वाको संक्षिप्त जीवनी र काव्य यात्रा

चौथो परिच्छेद : विजय सुब्बाका कविताहरूको अध्ययन

पाँचौं परिच्छेद : विजय सुब्बाका काव्यात्मक प्रवृत्ति

छौंटौं परिच्छेद :  उपसंहार

### दोस्रो परिच्छेद

# कविताको सैद्धान्तिक स्वरूप र विश्लेषणका आधार

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेद सैद्धान्तिक पक्षसँग संम्बन्धित रहेको छ । यसमा कविताको परिभाषा सैद्धान्तिक मान्यताका आधार र संरचनात्मक पक्षका विविध रुपको चर्चा गरिएको छ ।

## २.१ कवि र कविता

कविता लयात्मक विधा हो । सहित्यको लयात्मक विधा अन्तर्गत पर्ने कविताका बारेमा विभिन्न विद्वानहरूले परिभाषा गरेका छन् । तिनीहरूले कवितालाई आआफ्नै किसिमले चिनाएकाछन् । कविता र काव्यको रचनाकर्ता कवि हो भने कविको कर्म काव्य हो । (पोखरेल र अन्य,२०५५ :२१५) वैदिक साहित्यमा सर्वज्ञ र सर्वद्रष्टा मानी 'कविर्मनिषि परिभू स्वयम्भू' भनेर स्वीकारिएको 'कवि' शब्द 'कवृ वर्णने' धातुबाट निर्माण भएको कुरा काव्यमीमांसाकार राजशेखरले बताए पनि धेरै जसो वैयाकरणहरूले कवि शब्द उक्त कवृ वर्णनेबाट निष्पन्न नभई 'कुङ्शब्दे' धातुबाट निर्माण भएको कुरा बताएका छन् । (नेपाल, २०५६:४) यसरी 'कुङ् वर्णने' धातुबाट 'अच्' प्रत्यय लागेर बनेको 'कवि' शब्दको अर्थ 'कुनै विषयको वर्णन गर्ने व्यक्ति' हो । यसरी चमत्कारपूर्ण आह्लादजनक र सौन्दर्यमय रचनाका लेखकलाई नै 'कवि' भन्ने परम्परा चल्यो र 'कवि' शब्दको क्षेत्र सङ्कीर्ण भई काव्यजगत्भित्र मात्र सीमित हुन पुग्यो । यसरी 'काव्य' शब्दको अर्थ काव्य र महाकाव्यमा मात्र सीमित रहे पनि यिनैका आधारभूत संरचनाभित्र पर्ने लघुतम र लघुरूपलाई पनि काव्य शब्दले नै संकेत गरेको छ ।

वैदिक तथा लौकिक साहित्यको बीज मानिएको ऋग्वेद नै कविता काव्यको पनि बीजभूमि हो । काव्यको आत्मा अन्तर्भावको परिनिष्ठित् भावको अन्तर्भाव हो । त्यसैकारण वैदिक मन्त्रहरूमा कवित्वको स्पन्दन पाइन्छ । (शर्मा,२०५६:२३) भन्ने भनाइबाट भनिएकाले कवित्व बीजभूमि ऋृग्वेद नै प्रमाणित हुन्छ । सृष्टिको प्रथम प्रहरदेखि प्रारम्भ भएको काव्य शब्दलाई उपनिषद्, पुराण, स्मृति आदि शृङ्खला पार गर्दै वर्तमान एक्काइसौँ शताब्दीको उत्तरआधुनिक युगसम्म आइपुग्दा विभिन्न परिभाषाहरू गरिएको पाइन्छ । (उपाध्याय, २०६४:२) । पूर्वीय तथा पाश्चात्य लक्षणग्रन्थहरूमा देखापरेका विभिन्न सिद्धान्तका आधारमा कविता काव्यसम्बन्धी दृष्टिकोण विभिन्न विद्वान्हरूले विभिन्न मान्यताका आधारमा केही भिन्न रूपमा प्रस्तुत गरेको पाइन्छ ।

सम्पूर्ण वाङ्मयको एकभेद साहित्य हो अनि साहित्य र काव्य शब्दलाई पर्यायवाची मानिन्छ तर अचेल साहित्यलाई वाङ्मयको अर्थमा समेत लिन थालिएकाले (उपाध्याय,

२०४९:३) काव्यलाई साहित्यको एउटा भेद स्वीकारी यसलाई कविता, काव्य र महाकाव्यसँग मात्र जोड्ने गरेको पाइन्छ । काव्यको श्रेणीभित्र पर्ने कविताका लघु, मध्यम, र बृहत्रूपको निर्माण कविताबाट हुन्छ । विभिन्न समालोचकहरूले कविता र काव्यलाई एउटै धरातलमा राखेर अध्ययन र निरूपण गर्दै आएका छन् । पूर्वीय साहित्यमा परापूर्वकालदेखि कविता र काव्य पर्यायवाची शब्दका रूपमा प्रयोग हुँदै आएको छ भने पाश्चात्य दृष्टिकोणमा काव्य, महाकाव्य, नाटक, आख्यायिका आदि साहित्यका सम्पूर्ण विधाहरू काव्यभित्र नै समाहित छन् । (उपाध्याय, २०५९ : १२) यस विभाजनअनुसार आख्यान, काव्य र महाकाव्य त एउटै रूपमा देखिन्छन् । यिनीहरूलाई गद्य र पद्य भेदले मात्र भिन्न गर्दछ । पद्यभित्र पर्ने कविता, काव्य र महाकाव्य सबै काव्य हुन् तर वर्तमानमा गद्यकविता र गद्य महाकाव्यको रचनाले यो मान्यता पनि पूर्णतः स्वीकार्य छैन ।

विशेषतः कविता र काव्यको निकट सम्बन्ध देखिन्छ । जसरी एउटा शरीरभित्र रहेका प्रत्येक अङ्गहरूको पृथक-पृथक अस्तित्त्व छ तापनि ती सबैको समष्टिरूप नै शरीर हो । त्यसरी नै विभिन्न कवितारूपहरूको समष्टि नै काव्य हो न त एउटा कविता फुटकर काव्य हो, न त एउटा सिङ्गै काव्य नै केवल कविता मात्र हो अपितु दुवैको ऐक्यसम्बन्ध नै एउटा काव्यको शरीर हो । यसरी कविता भन्नाले जीवन र जगत्को कुनै खास प्रहर वा घडिको छोटो अभिव्यक्ति भन्ने बुझिन्छ । जसमा अनुभूतिको एक झुल्को पोखिन्छ तर काव्य भन्नाले काव्य र महाकाव्यलाई बुझ्नुपर्दछ । काव्यमा कथात्मक गठन र गुम्फन हुन्छ, अर्थात् कथात्मकतामा काव्यात्मकता र काव्यात्मकतामा कथात्मकता निहित हुन्छ । कवितामा अनुभूतिको प्रवलता हुन्छ तर विषयवस्तु को ठोसपनको अनिवार्यता नरहे पनि काव्यमा भने कथातत्त्वको नितान्त आवश्यकता हुन्छ । लयात्मक अनुभूतिको सांकेतिक अभिव्यक्ति कविता हो, कविता पात्रविहीन पनि हुन्छ तर काव्यमा चाहिँ अनभूतिको एक झिल्का मात्र भएर पुग्दैन । अनुभूतिको आख्यानीकरण नभएसम्म सफल काव्य हुन सक्दैन । (अवस्थी, २०६४: ५०) । आख्यानीकरणको अभाव भएका कोशकाव्य, गोपकाव्य, शोककाव्यजस्ता काव्यहरू प्रचलित भएपनि तिनमा आख्यानात्मक उदात्तताको हीनताले काव्यमा पाइने सरलता र हृदयहारीताको भने अभावै रहन्छ । (त्रिपाठी र अन्य, २०५४ : ५४) जीवनको एकपक्षको चित्रण हुने काव्य र सिङ्गो जीवनको बहुपक्षीय महान् र गम्भीर चित्रण हुने महाकाव्य दुवै काव्यका नामले चिनिन्छन् ।

निष्कर्षमा भन्नुपर्दा काव्यका लागि कविता अपरिहार्य हुन्छ । एकएक कविता काव्यका अभिन्न अङ्ग हुन् तर कविता नै काव्य चाहिँ होइन । न त एउटा फुटकर कवितालाई तन्काएर काव्य वा महाकाव्य बनाउन सकिन्छ, न त एउटा महाकाव्य वा काव्य एउटा सर्ग वा खण्ड फुटकर फुटकर कविता हुन्छ । यिनीहरूबीच अन्योन्याश्रित अवयवीभाव सम्बन्ध भए पनि यिनीहरू पृथक्पृथक् अस्तित्त्व र संरचना बोकेका एउटै कविता विधाका विभिन्न उपविधाहरू हुन् । (नेपाल, २०५६ : ५) यसरी कविता र काव्यमा सूक्ष्म भेद पाइन्छ तर परम्परागत मान्यताझैँ यिनीहरूलाई पर्यायवाचीका रूपमा चाहिँ राख्न सकिदैंन ।

## २.२ कविताको परिभाषा

ज्ञानविज्ञानको समष्टिरूप वाङ्मयको शाखा कालका दुई शाखामध्ये ललितकलाको एउटा शाखाको रूपमा सहित्य पर्दछ । साहित्यका दृश्य र श्रव्यविधामध्ये श्रव्यविधा अन्तर्गत पर्ने कविता विधाको एक उपविधाको रूपमा काव्य आउँछ । काव्य सम्बन्धी परिभाषा वा मान्यतालाई नियाल्दै जाँदा पूर्वीय साहित्य जगत्मा सुरुसुरुमा काव्यको पृथक् परिभाषा नगरे पनि काव्यकै समष्टि रूपभित्र काव्यलाई समेटिएको पाइन्छ र काव्यको विभाजन गर्ने क्रममा काव्य समकक्षी काव्यहरूलाई अरू नै नामले संकेत गरेको पाइन्छ । पूर्वीय साहित्य संसारमा काव्यको सैद्धान्तिक चर्चा विक्रमको दोस्रो /तेस्रो शताब्दीका आचार्य भरतमुनिबाट आरम्भ भएको हो । भरतले आफ्नो **नाट्यशास्त्र**मा विशेष गरी नाट्यकलाका बारेमा प्रकाश पारेका छन् । त्यसपछि छैंटौं शताब्दीका आचार्य भामहले साहित्य वर्गीकरणमा उल्लेख गरेको सर्गबन्धशब्दले महाकाव्यलाई मात्रै विशेषरूपले चिनाएको छ भने काव्यात्मक विशेष मध्यविन्दुको काव्यतर्फ उनको दृष्टि पुगेको छैन । सातौं शताब्दीका आचार्य दण्डीको साहित्य विभाजनमा पनि सर्गबन्ध काव्यको उल्लेख भए पनि महाकाव्यमै सीमित देखिन्छ अर्थात् प्रायः सर्गबन्धात्मक नै हुने काव्यले उनको वर्गीकरणमा ठाउँ पाउन सकेको छैन । ( अवस्थी २०४६: ५)  आठौँ शताब्दीका वामनको काव्य वर्गीकरण पनि दण्डीकै अनुरूपको छ । उनले दर्शाएको निबद्ध भेदभित्र महाकाव्य र काव्य दुवै हुने मान्न सकिन्छ । (अवस्थी २०४६ : ६) आठौँ शताब्दीका उत्तरार्धका आचार्य रूद्रट्ले भने काव्यको चर्चा गर्दा महान् र लघु भनी प्रमुख भेदको उल्लेख गरेका छन् । काव्य नै नाम नदिए पनि महाकाव्य भन्दा सानो अर्को रूप भनेर उनका लघुकाव्यका बारेमा प्रकाश पारेका छन् । त्यसपछि नवौं शताब्दीका आनन्दवर्द्धन र दसौँ शताब्दीका अभिनव गुप्तले कवितालाई दश श्रेणीमा विभाजन गरी काव्यको विशिष्ट वर्गीकरण गरेका छन् । उनीहरूका पर्यायबन्ध, परिकथा र खण्डकथाले कविताको मझौला आयामलाई नै इङ्गित गर्ने भएकाले तिनलाई काव्यका निकटतम् रूप मान्न सकिन्छ । चौंधौंशताब्दीका आचार्य **साहित्यदर्पण**कार विश्वनाथले “काव्यको एकादेशको अनुकरण गर्ने काव्य नै काव्य हो” भनी काव्यका सम्बन्धमा स्पष्ट विचार अगाडि ल्याएका छन् ।

पाश्चात्य साहित्यको परम्परामा मुख्यतः कविता वा पद्यलाई छोटो, लामो, वढी लामो अर्थात् लघु, दीर्घ, दीर्घतर गरी तीन वर्गमा बाँडिएको पाइन्छ । (त्रिपाठी र अन्य २०५४: ५६) छोटो र लघु कविता हाल प्रचलित मुक्तक वा फुटकर कविताको नजिक देखिन्छ भने त्यहाँको लामो वा दीर्घ कविता चाहिँ लघु वा काव्यको नजिक छ र वढी लामो वा दीर्घतर कविता पूर्वीय महाकाव्य नजिक छ । (त्रिपाठी र अन्य, २०५४: ५६) यसरी काव्य समकक्षी काव्यलाई लामो कविता भनेर उल्लेख गरिएको पाइन्छ । पूर्वीय तथा पाश्चात्य साहित्यजगत्मा काव्य विधालाई कुन रूपमा स्थापित् गरिएको छ, त्यसलाई अलग-अलग राखेर हेर्नु सान्दर्भिक हुन्छ ।

### २.२.१ कविता सम्बन्धी पूर्वीय मान्यता

पूर्वीय साहित्यजगत्मा काव्यको सैद्धान्तिक चिन्तन् भरतमुनिदेखि सुरु भए पनि भरतमुनि, भामह, दण्डी र वामनले काव्यको बारेमा छुट्टै चर्चा नगरी काव्यकै समष्टिरूपभित्र यसलाई समेटेको पाइन्छ । आचार्य भामहले काव्यलाई वृत्तबन्ध र अवृत्तबन्ध गरी काव्यकै समष्टिरूपभित्र दुई भागमा विभाजन गरेका छन् र महाकाव्यलाई वृत्तबन्धमा राखेका छन् । दण्डीले पनि भामहको त्यही विभाजन र काव्य लक्षणलाई स्वीकारेका छन् । दण्डी पछिका आचार्य वामनको दृष्टिकोणले पनि काव्यलाई प्रस्ट पारेका छैनन् । रूद्रट्ले प्रबन्ध काव्यलाई महाकाव्य र लघुकाव्य गरी दुई भागमा विभाजन गरेर तिनका बीचमा भिन्नता देखाएका छन् । उनले चतुर्वर्गमध्ये कुनै एकको प्रस्तुति रहने काव्यकृतिलाई लघुकाव्य भनी प्रस्ट पारेर यो अनेक रसात्मक र एक रसात्मक दुई थरी हुन्छ भनेका छन् । (उपाध्याय, २०६४ : ७) महाकाव्यभन्दा सानो लघुकाव्य हुने सङ्केत गरेर रूद्रट्ले सर्वप्रथम काव्य सम्बन्धी अवधारणा प्रस्तुत गरेको मान्न सकिन्छ तापनि काव्य संज्ञा भने उनले पनि प्रयोग गरेका छैनन् । आनन्दवर्द्धनले पद्यकाव्यलाई मुक्तक र प्रबन्ध काव्यमा विभाजन गरी प्रबन्ध काव्यका लागि सर्गबन्ध शब्दको प्रयोग गरेका छन् । (आनन्दवर्द्धन, १९९२: ५८ ) पूर्वीय साहित्यमा काव्यको विभाजन रेखा हेर्दा आनन्दवर्द्धन र अभिनवगुप्तको विभाजन मुख्य मानिन्छ । अभिनवगुप्तले **ध्वन्यालोक**मा आनन्दवर्द्धनकै विभाजनका आधारमा कविताका पूर्वश्रेणीलाई १) मुक्तक, (२) युग्मक, (३) विशेषक,(४) कलापक र (५) कुलक अनि उत्तरश्रेणीलाई (१) पर्यायबन्ध, (२) परिकथा, (३) खण्डकथा, (४) सकलकथा (५) सर्गबन्ध गरी जम्मा दश भागमा विभाजन गरेका छन् । (आनन्दवर्द्धन, १९९२: ३५५) कतिपय समालोचकहरूले यसैलाई विस्तार गरी एक श्लोके कवितालाई मुक्तक, दुई श्लोके युग्मक, तिनश्लोके तारावली, आठ श्लोके भुवनावली, नौश्लोके रचनावली र सर्गबन्धका परिकथा, खण्डकथा, सकलकथा, अनि सर्गबन्धका बृहत्त र बृहत्तर गरी जम्मा कविताका पन्ध्र श्रेणीसम्म विभाजन गरेका छन् । उपर्युक्त काव्यका भेदहरूको व्याख्या गर्ने क्रममा टीकाकार अभिनव गुप्तले प्रत्येक भेदको छुट्टाछुट्टै परिभाषा गरेका छन् । अन्य पद्यसँग असम्बद्ध र स्वतन्त्र रूपले अर्थबोध गराउन सक्षम मुक्तक हो यसरी नै दुई श्लोकमा भाव व्यक्त भएको र एउटै क्रियापदको प्रयोग भएको युग्मक, त्रिपद्यात्मक रचना विशेषक, चतुष्पद्यात्मक रचना कलापक र पाँच पद्यको रचना कुलक हो ।

प्रबन्धकाव्यमा पर्ने कविताका पाँच उत्तरश्रेणीको परिभाषा गर्दै अभिनव गुप्तले यसरी चिनाएका छन् 'वसन्त आदि कुनै एक विषयको वर्णन हुने प्रबन्धात्मक रचना पर्यायबन्ध हो' भने परिकथा धर्म आदि कुनै एक पुरूषार्थको उपदेशका उद्देश्यबाट रचिने विचित्र किसिमका अनेकौ वृत्तान्तको वर्णन गरिने काव्य हो । सकल कथा सबै कथाहरूको फलपर्यन्तको वृतान्त रहने वर्णनात्मक काव्य हो । सर्गसर्गमा बाँधिएको काव्य सर्गबन्ध हो । सिङ्गो कथाको एक खण्डीय वर्णन भएको रचना काव्य हो । सिङ्गो कथाको एक खण्डलाई प्रस्तुत गर्ने काव्य भएकाले यसमा आख्यान त हुन्छ नै साथै कवितातत्त्व पनि आख्यान जत्तिकै प्रबल हुन्छ । कथाखण्डलाई कवितात्मक बनाएर प्रस्तुत गरिने भएकाले यसमा कविता तत्त्व र

कथातत्त्वको समुचित सन्तुलन भएको हुन्छ । यस आधारमा खण्डकथालाई काव्यका रूपमा लिन सकिन्छ । काव्यमा जस्तै खण्डकथामा पनि कुनै एक रसलाई परिपाक अवस्थामा पुऱ्याइएको हुन्छ । रसानुकुल पदसङ्घटनाको प्रयोग काव्यमा गरिएको हुन्छ । यसरी आचार्य आनन्दवर्द्धनको काव्यको विभाजन र लोचनकार अभिनव गुप्तको व्याख्यालाई हेर्दा प्रबन्धकाव्य भित्र पर्ने खण्डकथाले नै काव्यलाई सङ्केत गरेको बुझिन्छ । सिङ्गो कथाको एउटा खण्ड वा एउटा घटना प्रस्तुत गरिने हुनाले यस भित्र आख्यान भए पनि कविता पनि त्यत्तिकै प्रबल रूपमा रहेको हुन्छ । काव्यमा कविता र आख्यानको सन्तुलन हुने हुनाले र खण्डकथामा पनि सोही कार्य अथवा कथातत्त्व र कवितातत्त्वको समुचित सन्तुलन हुने हुनाले नै खण्डकथा भन्नु नै काव्य हो भन्न सकिन्छ ।

काव्यलाई काव्यकै पारिभाषिक नाम दिएर सैद्धान्तिक रूपमा प्रस्तुत गर्ने प्रथम आचार्य विश्वनाथ हुन् । यिनले काव्यलाई चार भागमा विभाजन गरेका छन् । ती १.काव्य २. कोषकाव्य ३. काव्य ४. महाकाव्य हुन् । विश्वनाथका अनुसार काव्यमा सर्गबन्द्धता र पञ्चसन्धि अनिवार्य नरहे पनि एकान्विति अनिवार्य हुन्छ । परस्परमा स्वतन्त्र अस्तित्त्व भएका पद्यहरूको सङ्ग्रहलाई उनी कोषकाव्य भन्दछन् भने सर्गबन्द्ध र पञ्चसन्धियुक्त महान् रचनालाई महाकाव्य भन्दछन् । काव्यको परिभाषा दिँदै विश्वनाथ भन्छन्, "काव्यं भवेत्काव्यस्यैकदेशानुसारि च"। अर्थात् "काव्यको एकादेशको अनुसरण गर्ने रचना काव्य हो ।" यस परिभाषालाई हेर्दा जीवनका अनेकौं मोडहरूको चित्रण महाकाव्यमा गरिन्छ भने एउटा मात्र मोडको चित्रण काव्यमा हुन्छ । विषयवस्तुको लघुता र उद्देश्यको सीमाभित्र रहनुपर्ने भएकाले काव्यले बृहत रूप लिन सक्दैन । काव्यमा चतुर्वर्गमध्ये एकलाई उद्देश्यका रूपमा लिई एउटालाई परिपाकमा पुऱ्याइएको हुन्छ ।

पूर्वीय साहित्यमा देखापरेका काव्यसम्बन्धी मान्यताको निचोडमा प्रमुख आचार्यहरूले काव्यसम्बन्धी दिएका परिभाषालाई सङ्क्षेपमा राख्नु सान्दर्भिक हुने भएकाले यहाँ क्रमशः प्रस्तुत गरिएको छ : -

> धर्मार्थकाममोक्षको अभिव्यक्ति भएको महान् र यी मध्ये कुनै एकको मात्र अभिव्यक्ति भएको लघु (काव्य) हो । (अवस्थी,२०६४:३०)
>
> -रूद्रट

> सिङ्गो कथाको एक खण्डीय वर्णन भएको रचना खण्डकथा हो । (अवस्थी,२०६४:३१)
>
> -अभिनव गुप्त

> काव्यको एकादेशको अनुकरण गर्ने रचना काव्य हो । (अवस्थी,२०६४:३१)
>
> -विश्वनाथ

यसरी पूर्वीय साहित्यजगत्मा देखापरेका काव्यसम्बन्धी सम्पूर्ण परिभाषालाई हेर्दा एकान्वितिपूर्ण कविता भएको, पञ्चसन्धिका सम्पूर्ण सन्धिहरू नभए पनि एउटा सन्धिलाई मुख्य आधार मानेर एउटा रसलाई परिपाकमा पुऱ्याइएको र सर्गविहीन वा स्वल्पसर्गयुक्त जीवनको एक खण्डको चित्रण गरिएको पूर्ण रचनालाई काव्य भन्न सकिन्छ ।

### २.२.२ कविता सम्बन्धी पाश्चात्य मान्यता

पूर्वको झैँ साहित्यिक परिचर्चाको लामो इतिहास रहेको पाश्चात्य साहित्यमा कविताका केही भेदहरूको चर्चा पाइन्छ । पूर्वमा साहित्यको आत्मभूत रस वेदमै भेटिएझैँ पश्चिममा कवितासम्बन्धी चर्चा होमरमै पाइन्छ । (त्रिपाठी, २०५०: ३) होमरदेखि प्रारम्भ भएर आज एक्काइसौँ शताब्दीको उत्तरआधुनिक युगसम्म आइपुग्दा पनि पाश्चात्य साहित्यमा काव्य नामको कुनै विधाको चर्चा भएको पाइँदैन । पाश्चात्य जगत्मा कवितालाई फुटकर र बृहतरूप गरी दुई वर्गमा मात्र विभाजित गरेको पाइन्छ । अङ्ग्रेजी साहित्यमा भने चसरदेखि काव्य लेखन परम्परा सुरू भएको छ । पाश्चात्य साहित्यमा कवितालाई मुख्य दुई भागमा विभाजन गरेको पाइन्छ । (अवस्थी, २०६४:९) : -

क) विषयी (कवि) प्रधान/व्यक्ति परक कविता

ख) विषय प्रधान/वस्तुपरक/आख्यानात्मक कविता

विषयीप्रधान कविताका आफ्नै दुःख, सुख, आँसु, हाँसो, विचार, अनुभव, भोगाई जस्ता कुराहरू पोखिएको हुन्छ । यसमा पनि १. चतुर्दशपदी कविता २.गीति कविता ३. सम्बोधन गीत ४. शोककाव्य ५. प्रकृति काव्य ६. वर्णनात्मक कविता जस्ता भेदहरू पाइन्छन् । विषयप्रधान कविता मुख्यत : आख्यानात्मक कविता र नाट्यात्मक कविता गरी दुई उपभेदमा विभक्त हुँदै यी दुई उपभेदका पनि अरू हागाबिगामा झाङ्गिएको छ । (अवस्थी, २०६४:९) यस्ता विषयप्रधान कवितामा कविस्वयम् कविताको विषयवस्तु नबन्ने भएकाले यो निर्वैयक्तिक रहेको हुन्छ । विषयप्रधान कविताका १.गाथा, २.रोमाञ्चकाव्य, ३.उपहास काव्य, ४.नाट्यकाव्य, ५.लामो आख्यानात्मक कविता जस्ता हागाबिगाहरू पाइन्छन् । महादेव अवस्थीले यस्ता विषयप्रधान नाट्य गीत, नाट्य गाथा, नाट्यात्मक मनोवादको पनि उल्लेख गरेका छन् । (अवस्थी,२०६४ : ९)

माथि उल्लेख गरिएको विषयप्रधान कवितामा पर्ने चतुर्दशपदी कविता आठ र छ हरफका दुई अनुच्छेदमा विभक्त गीतिकविता हो । दोस्रो गीतिकविता चाहिँ लयात्मकतालाई विशेष जोड दिएको हुन्छ र यसमा शोकगीत, व्यङ्ग्यगीत, प्रणयगीत, स्तुतिगीत, सम्बोधनगीत, राष्ट्रियगीत, हर्षगीत जस्ता भेदहरू पाइन्छ । तेस्रो सम्बोधन गीतचाहिँ कुनै व्यक्ति वा वस्तुलाई सम्बोधन गरेर निश्चित उद्देश्यमा आधारित भई लेखेको हुन्छ र विषय र भावलाई स्पष्ट पार्न कथ्य र शील्पमा क्रमबद्ध प्रस्तुति गरिन्छ । चौंथो शोककाव्य बहादुरी, दुःख, शोक, आदिमा आधारित पूर्ण सचेत उत्तेजना र अनुभुति प्रकट भएको कविता हो, यो

कसैको मृत्यु र वेदनालाई लिएर लेखिन्छ । शोकानुभूतिको अभिव्यक्तिले कविताको मझौला रूपसम्मको आकार प्रकार लिएपछि त्यो शोककाव्य बन्दछ । (अवस्थी, २०६४: ४४) प्रकृतिकाव्यमा प्रकृतिको सजीव वर्णन हुन्छ र प्रकृतिमा रमाउने गाँउले जीवनको दृष्यको मनमोहक ढङ्गले चित्रण गरिएको हुन्छ भने वर्णनात्मक कवितामा कविले कुनै विषयलाई अभिधात्मक वा व्यङ्ग्यात्मक ढङ्गमा सविस्तार वर्णन गरेको हुन्छ ।

यसरी नै विषय प्रधान कवितामा पर्ने 'गाथा' लोकलयमा आधारित हुन्छ । पाश्चात्य जगत्मा लोकगाथाको निकै लामो परम्परा छ र त्यहाँको प्राचीन लोकजीवनको अत्यन्त स्वाभाविक चित्रण ती लोकगाथामा भेटिन्छ । (अवस्थी २०६४: ४४) प्राचीन गाथाहरूलाई अध्ययन गर्दा यसलाई हामी काव्यको नजिक पाउँछौ तर यसमा कथातत्त्वको प्रवलता र कविता तत्त्वको दुर्बलता हुन्छ । आकार प्रकारका दृष्टिले भने ती काव्यका समकक्षी देखिन्छन् । 'रोमान्चक काव्य' अङ्ग्रेजी साहित्यको मध्यकालीन साहित्यको उपज हो । यो यथार्थभन्दा धेरै कल्पनात्मक उडानमा आधारित हुने हुनाले यसमा काव्यतत्त्वको दुर्बलता र कथात्मकताको प्रबलता हुन्छ । यो केवल प्रसिद्ध कथाको पद्यात्मक प्रस्तुति हो । यो यथार्थभन्दा धेरै कल्पनाको उडानमा आधारित हुने हुनाले यसमा काव्यतत्त्वको दुर्बलता र कथातत्त्वको प्रबलता हुन्छ । यो केवल प्रसिद्ध कथाको पद्यात्मक प्रस्तुति हो । 'उपहास काव्य' क्षुद्र विषयको उच्च वर्णन गरिएको काव्य हो । यसमा कथानकको न्यूनता र काव्यात्मकताको अधिकता पाइन्छ । अर्को नाट्यकाव्यमा चाहिँ केवल नायकको पराक्रमलाई नाटकीय ढङ्गले प्रस्तुत गरिएको हुन्छ र नाटकीय विषयवस्तुलाई काव्यात्मक कलाले सिङ्गारिएको हुन्छ । (नेपाल, २०५६: १८)

वास्तवमा पाश्चात्य जगत्मा वर्डस्वर्थ र कलरिजको 'गीतिमय गाथा ' (लिरिकल व्यालेड १७९८) नै काव्यको पहिलो नमुना हो । यसै क्रममा विकसित भएका शोककाव्य, गोपकाव्य, आख्यानात्मक कविता पनि काव्यकै समकक्षी विधाका रूपमा देखापरेका छन् । यसरी पाश्चात्य साहित्यमा देखिएका साहित्यिक काव्यात्मक रचनाहरूलाई हेर्दा स्पष्टरूपमा काव्यको नाममा कुनै पनि कृति पाइँदैनन् तर पनि काव्यकै धरातलमा लेखिएका गाथा, आख्यानात्मक कविता,रोमाञ्चकाव्य,गोपकाव्य,शोककाव्यजस्ता काव्यकृतिहरूमा संरचनात्मक र आख्यानात्मक दुवै दृष्टिले काव्यको आभास भने अवश्य पनि पाउन सकिन्छ ।

बीसौं शताब्दीको प्रयोगवादी युगमा कविताको एक विधाका रूपमा लामो कविताको विकास भएको पाइन्छ । यसलाई कतिपय काव्यको अर्को रूप र कसैले काव्य समकक्षी काव्य मानेका छन् । कवितामा आख्यानलाई समाविष्ट गरिएको संरचनात्मक रूपमा फुटकर कविताभन्दा केही विस्तृत आकार प्रकार भएको कवितात्मक रचनालाई लामो कविता भनिन्छ । यसको आकार प्रकारलाई हेर्दा  यसलाई कविताको मझौला रूपमा राख्न सकिन्छ । अवचेतन मनका अमूर्त प्रवाहहरूलाई कवितामा विशृङ्खलित रूपमा अभिव्यक्ति गर्दा निर्मित लामो आकार प्रकारको कवितालाई नै लामो कविता भनिएको हो । यसमा काव्यमा जस्तो आख्यानको संयमित पोखाई नभई अवचेतनका अनुभूतिहरूको अव्यवस्थित प्रस्तुति हुन्छ । काव्यमा आख्यानलाई अँगाल्दा एकान्विति प्रदान गर्न एउटा केन्द्रीय भावलाई आधार

मानिएको हुन्छ तर यसमा न एकान्वितिको ख्याल गरिन्छ न त केन्द्रीय भावको नै ( कोइराला, २०६३: ३४) यसमा केवल पूर्वापर प्रसङ्गरहित आख्यानचूर्णकहरूको प्रयोग गरिन्छ र भाषागत सङ्गठनलाई पनि ध्यान नदिई तोडफोड र भाँचकुच गरी भाषाको प्रयोग गरिन्छ । यसरी लामो कविता काव्यभन्दा भिन्न स्वतन्त्र अस्तित्त्व र पहिचान भएको रचना भए पनि यी दुवै काव्य र लामो कविता कविताको मझौला रूपभित्र पर्दछ ।

पाश्चात्य साहित्यपरम्परामा प्राचीन रोमदेखि आधुनिक युरोपसम्म देखापरेका उपयुक्त विभिन्न काव्यरूपहरू पाइए पनि काव्यकै नामले चाहिँ कुनै पनि कृति प्रकाशनमा आएको पाइँदैन । काव्य जस्ता कृतिहरू अङ्ग साहित्यमा प्राक्कथनात्मक काव्यअन्तर्गत पर्दछन् ।

### २.२.३ नेपाली साहित्यकारका दृष्टिमा कविता

नेपालमा लघुकाव्य लेखन दुई सय वर्ष अघिदेखि हुँदै आएको भए पनि लघुकाव्य वा काव्य सम्बन्धी शास्त्रीय अवधारणा भने विधासिद्धान्तका लेखक पण्डितराज सोमनाथ सिग्द्यालको **साहित्य प्रदीप** (२०१५) देखि प्रकाशनमा आएको हो । (उपाध्ययाय, २०६४: १३) अहिलेसम्म पनि यो समय-समयमा विभिन्न विद्वान्हरूका कलमबाट विभिन्न रूपमा बाहिर आएकै छ । नेपाली साहित्यकार तथा समालोचकहरूले प्रस्तुत गरेका काव्यको केही परिभाषालाई यहाँ प्रस्तुत गरिएको छः -

काव्यको एक टुक्रा जस्तो छोटो कथानक लिएर शृङ्खलित रूपमा बीचैबाट उठेर बीचैमा टुङ्गिएको सर्गबन्धन, सन्धिवन्दनहरू नभएको छोटो काव्यलाई काव्य भनिन्छ । ( अवस्थी,२०६४:३०)।

-सोमनाथ सिग्द्याल

कविताको विविध विस्तृत रूपनै काव्य हो । यहाँ एक भावले भावलाई प्रेरित र अनेकन भाव प्रवाहरूपमा वहन थाल्दछ । यहाँ निर्झरले खोलालाई बोलाउँछ -लघुकाव्य बन्छन्, खोलाले नदीलाई बोलाउँछ -ललित महाकाव्य बन्छन्,नदीले सागरलाई बोलाउँछ बृहदाकार महाकाव्य बन्छन् । (अवस्थी,२०६४:३०)

-माधवप्रसाद घिमिरे

काव्यमा जीवनको एक अंशविशेषको झलक प्रस्तुत गरिन्छ । यसमा एउटै सीमित कालखण्डका वा अल्प अवधिमा घटित एउटै घटना,एउटै चरित्र र एउटै प्रभाव उपस्थित गरिन्छ । यसमा एउटै रसको अभिव्यक्ति एउटै छन्दमा गरिनु अपेक्षित छ ।

(केशव प्रसाद उपाध्याय,२०४९:७८)

काव्यमा मानसिक तीव्रता हुन्छ । कथामा गत्यात्मकता हुन्छ र वर्णन तथा विश्लेषणमासीमितता हुन्छ । यसमा मानवजीवनको एक पक्षको चित्रण, एउटा तथ्यको उद्घाटन, एउटा यथार्थको विश्लेषण हुन्छ । (थापा,२०३६:५७)

- मोहनहिमांशु थापा

कविताहरूमा पूर्वापर सम्बन्ध, एकान्विति अथवा कथात्मकता भए पनि काव्य एकरसात्मक, एक तथ्यपरक द्रुतगामी सानो काव्यकृति हो ।(पोखरेल,२०४९:१२६)

-भानुभक्त पोखरेल

काव्यलाई कविता विधाको त्यस्तो मझौला आयामको उपविधागत भेद भनिन्छ जसमा कुनै आख्यानलाई अँगाली र नअँगाली जीवनजगत्को एक अंश वा भागलाई अन्वितिपूर्वक वद्ध वा मुक्त भाषिक लयविधानका माध्यमबाट कथन गरी संरचित गरिन्छ । (त्रिपाठी,२०६०:५६)

-वासुदेव त्रिपाठी

काव्य कविताका लघु वा फुटकर रूप र बृहत् वा महाकाव्य बीचमा अवस्थित मझौला किसिमको आयाम भएको त्यस्तो रूप हो जसमा जीवनका अंशविशेषको आख्यानात्मक वा आख्याननिरपेक्ष भाषिक कवितात्मक अभिव्यक्ति गरिएको हुन्छ । (अवस्थी,२०६४:३०)

- महादेव अवस्थी

माथि उल्लिखित पूर्वीय, पाश्चात्य मान्यता र नेपाली साहित्यकार समालोचकहरूमा समग्र काव्यसम्बन्धी मान्यता र परिभाषालाई हेर्दा सम्पूर्ण परिभाषाहरूले विश्वनाथकै परिभाषालाई प्रकारान्तरले दोहोऱ्याउने काम गरेका छन् । काव्यको विशिष्ट, पूर्व र सार्वभौम परिभाषाको किटान नगरिएको भए पनि आरम्भदेखि परिणामसम्म कथाको एकान्विति रहेको,सानो आकारको एउटै घटना, एकै रसको प्रधानता रहेको र आफैँमा पूर्ण भएको कविताको मझौला रूपको एक विधा काव्य हो भन्न सकिन्छ ।

## २.३ काव्यका तत्त्वहरु

काव्यका तत्त्व भन्नाले काव्यका आवश्यक अङ्ग/अवयव/घटक भन्ने बुझिन्छ । के कस्ता अवयवहरूको समायोजनबाट काव्यात्मक कृतिको रचना पूर्ण हुन्छ भन्ने कुरा काव्यका तत्त्वका सन्दर्भमा चर्चा हुने गरेको पाइन्छ । साहित्यका अन्य विधाझैं काव्य कविताविधा अन्तर्गतकै एक उपविधा भए पनि कविताका तत्त्वमा पर्ने तत्त्वमात्र यसमा नभएर यो एक प्रबन्धकाव्य पनि भएकाले यसका केही फरक किसिमका तत्त्वहरू हुनु

स्वभाविकै हो । साहित्यको विकासका क्रममा देखापरेका विभिन्न समयका विभिन्न विद्वान्हरूका काव्यका तत्त्व विषयक विचारहरू एक आपसमा हुबहु नमिले पनि अधिकांशतः मिल्दाजुल्दा देखिन्छन् । विश्वनाथदेखि हालसम्मका काव्य सम्बन्धी परिभाषा र वर्तमानको काव्य स्वरूपलाई दृष्टि दिँदा यसका मुख्य तत्त्व निम्नानुसार देखापर्दछन् -

### २.३.१ विषयवस्तु

कविताको मूल घटना नै विषयवस्तु हो । विषयवस्तुले घटनाको क्रमिकतालाई देखाउँदछ । संस्कृत साहित्यमा इतिहास वा जनमानसमा लोकप्रियता प्राप्त गरेको कथालाई विषयवस्तु को रूपमा लिइएको छ । (थापा, २०५० : ५८) कार्यकारण श्रृङ्खलामा आवद्ध कथानक विषयवस्तु रहनु आवश्यक छ । प्रबन्धकाव्यमा आख्यानको महत्त्वपूर्ण भूमिका रहन्छ । आख्यान भित्र विषयवस्तु सम्बद्ध हुने भएकाले काव्यको महत्त्वपूर्णतत्त्वविषयवस्तु हो । काव्यको मुख्य घटनाभित्र कार्यकारणका रूपमा अन्य सूक्ष्म घटनाहरू आउन सक्छन् तर विषयवस्तुमा नचाहिने घटनाको समायोजन हुनुहुँदैन । काव्यमा शृङ्खलित विषयवस्तु रहनु आवश्यक हुन्छ ।

### २.३.२ मूल भाव/विचार

काव्यमा अनेक भावहरू प्रयोग गरिन्छ । काव्यमा जीवनजगत्मा रहेका विभिन्न भावहरूमध्ये कुनै एक भावलाई केन्द्रित भावको रूपमा प्रस्तुत गरिएको हुन्छ । पूर्वीय साहित्य सिद्धान्तअनुसारको कुनै पनि कृतिमा रति, हास, शोक, उत्साह, भय आदि स्थायी भावहरूमध्ये एउटालाई केन्द्रीय भावका रूपमा राखिन्छ भने अन्य लज्जा, मोह, जडताजस्ता भावहरूलाई केन्द्रीय भावको पुष्टिका लागि प्रयोग गरिन्छ । (न्यौपाने, २०५९: २३) विभिन्न भावहरूबाट कृतिमा प्रयुक्त मुख्य रस परिपाकमा पुग्दछ र पाठकलाई रसानुभूति प्राप्त हुन्छ । कृतिमा रहेको केन्द्रीय भाव आकर्षक हुनुपर्छ किनकि त्यस्तो काव्यको काव्यात्मक मूल्य बढ्छ । काव्यमा काव्यात्मक गुणलाई स्तरीय पार्न अनेकौं सञ्चारी भावको समेत संयोजन गरिएको हुन्छ ।

### २.३.३ छन्द र लय

लय भनेको सङ्गीतको आरोह-अवरोहको क्रम हो । काव्यमा लय भनेको वर्ण वा पङ्क्तिपुञ्जहरूको आरोह-अवरोहको क्रम भन्ने हुन्छ । लय शब्दले काव्यमा वर्ण, पङ्क्ति, पाउ, श्लोक, पङ्क्तिपुञ्जमा प्रयुक्त गति, यति, विराम, आघात आदिको परस्परको क्रमबाट उत्पन्न श्रुतिरमणीयता हो । लयले कवितालाई अरू तत्त्वबाट छुट्याउँछ । काव्य पनि कविताकै उपविधा भएकाले यसमा लयको विशिष्ट भूमिका हुन्छ । सुरुदेखि अन्त्यसम्म नै लयको प्रयोग गरिएको हुन्छ । काव्यमा प्रयुक्त लयढाँचा, बद्धलय र मुक्तलय गरी मुख्यतः दुई किसिमका छन् ।लयलाई छन्द पनि भनिन्छ । बद्धलयका वर्णमात्रिक छन्द, मात्रिक छन्द र वार्णिक छन्द गरी तीन प्रकार छन् । मुक्त लय एकै प्रकारको हुन्छ । काव्यमा यी चारैवटा

छन्दको प्रयोग हुन्छ । मुक्तलय वा मुक्त छन्दको प्रयोग भएका काव्यमा श्लोक वा अनुच्छेद नछुट्टिई निरन्तरित पङ्क्ति प्रवाहको पनि प्रयोग हुनेगर्दछ । मुक्तलयका अनेक भेद छन् । मुक्तलय कविस्वभावअनुसार फरकफरक हुने भएकाले यसलाई गद्य कवितात्मक लय, छन्द पनि भनिएको हो । गद्य कवितात्मकलयमा आन्तरिक लय प्रबल हुन्छ । मुक्तलयमा कवि चातुर्यले अक्षर, वर्ण, शब्द, पदावलीको रखाइक्रममा विशेष लय उत्पन्न भएको हुन्छ । बद्ध लय भने पद्यप्रधान हुने भएकाले यसमा आन्तरिक र बाह्य दुवै लयप्रधान हुन्छ ।

### २.३.४ विम्ब र प्रतीक

विम्ब भनेको शब्दचित्र हो । यसरी कुनै चीजको प्रतिनिधित्व गर्ने मानसिक प्रतिच्छाया नै विम्ब हो । काव्यमा कथन गरिएको मुख्य भावविचारकै सहचर छायाजस्तो भई आउने अर्को अर्थलाई विम्ब भनिन्छ । कविले जीवनजगत्का विभिन्न ठाउँबाट विभिन्न सामग्री टिपी काव्यमा प्रयोग गरेको हुन्छ । विम्बले समस्याकथनभन्दा विशिष्ट अर्थ दिन्छ । विम्बले काव्यमा विशिष्ट सौन्दर्यसम्बर्द्धन गरेको हुन्छ । यसरी हेर्दा विम्बहरूको सामूहिक रूप वा समूहलाई विम्बविधान भनिन्छ ।

प्रतीक भनेको सङ्केत हो । कुनै चीजलाई प्रतिनिधित्व गर्ने सजीव वा निर्जीव वस्तुलाई प्रतीक भनिन्छ । काव्यमा कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गरिएको हुनुपर्छ । काव्यमा प्रयुक्त प्रतीकले वस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटना प्रतीक भएर आएको हुन्छ । काव्यमा रचनाकारले आफ्ना मनोभाव वा मनोविम्ब वा दर्शनलाई प्रतीकका माध्यमबाट व्यक्त गर्दछ । प्रतीकविधानबाट नै काव्यात्मक उच्चता बढ्दछ । प्रतीक अमूर्त हुन्छ । काव्यमा शब्द, पद, पदावली, वाक्य र अनुच्छेदका रूपमा आउँछन् ।

### २.३.५ कथनपद्धति

काव्यको अर्को महत्त्वपूर्ण तत्त्व कथनपद्धति हो । काव्यको सम्पूर्ण भाषा कथनपद्धतिमा आधारित हुन्छ । काव्यमा कथनपद्धति दुई तरिकाबाट प्रयुक्त हुन्छ- क) कविप्रौढोक्ति र ख) कविनिवद्धवक्तृप्रौढोक्ति । कवि स्वयम् काव्यमा उभिएर आफ्ना भावना, विचार र धारणा अभिव्यक्ति गरे त्यो कविप्रौढोक्ति कथन हुन्छ भने कविले आफ्ना विचार, दृष्टिकोण र जीवनदृष्टिलाई अर्कै कुनै पात्रका माध्यमबाट व्यक्त गराएमा त्यो कविनिबद्धवक्तृप्रौढोक्ति कथन हुन्छ । (अवस्थी, २०६४ : ६५) यी दुवैलाई क्रमशः प्रथम पुरुषात्मक कथनपद्धति र तृतीय पुरूषात्मक कथनपद्धति पनि भनिन्छ ।

### २.३.६ अलङ्कार

अलङ्कार साहित्यको गहना हो । अलङ्कारले साहित्यमा उक्तिवैचित्र्य र चमत्कार उत्पन्न गर्छ । यसले साहित्यिक रचनालाई आकर्षक, सौन्दर्यपूर्ण प्रभावशाली बनाउँछ । अलङ्कारले काव्यको आन्तरिक संरचनालाई सबल बनाउँछ । काव्यमा प्रयोग हुने अलङ्कारहरू शब्दालङ्कार र अर्थालङ्कार गरी दुई प्रकारका हुन्छन् । दुवै खाले अलङ्कारको सुनियोजित योजनामा काव्य संरचित हुने भएकाले काव्यको रचनामा अलङ्कारको प्रयोग आवश्यक हुन्छ । तसर्थ काव्यका लागि अलङ्कारको विशिष्ट स्थान रहेको छ । एवम् अलङ्कारविधान एक महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको छ ।

### २.३.७ भाषाशैली

काव्यको भाव वा विचारको अभिव्यक्ति दिने माध्यम भाषा हो र भाषिक अभिव्यक्तिको तरिका शैली हो । काव्य भाषाका भाध्यमबाट मात्र व्यक्तिन्छ । काव्यका विम्ब, प्रतीक, अलङ्कार आदि सम्पूर्ण पक्षहरू भाषाकै माध्यमबाट प्रकट हुन्छन् । काम गर्ने तरिका, काम गराइको ढाँचा, परिपाटी आदि शैली हो । शैली भाषा प्रयोगमा साधनमात्र भए पनि साहित्यिक कृतिमा शैलीको आफ्नै किसिमको महत्त्व रहेको हुन्छ । भाषा र शैलीबीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । काव्यमा सरल, सहज, सरस भाषा तथा समस्त शैलीको प्रयोग हुनुपर्छ । काव्यमा भाषिक लयात्मकताको निम्ति शास्त्रीय छन्द, मुक्त छन्द र लोकलयको पनि प्रयोग हुनसक्छ । (थापा, २०५०: ५६) स्वाभाविक र गतिमय भाषाको सरल र आलङ्कारिक प्रयोगबाट उत्पन्न हुने वैशिष्ट्य नै शैली हो । वर्ण, पद, पङ्क्ति जस्ता भाषिक एकाइको छनौट नै काव्यको भाषाशैली हो । भाषाका शब्दहरूको स्रोत तत्सम, तद्भव, र आगन्तुक जस्ता पक्षहरूको छनौट पनि भाषाशैली अन्तर्गत गरिन्छ । केन्द्रीय कथ्यको अभिव्यक्ति दिनका लागि भाषाशैलीकै आवश्यकता हुने भएकाले पनि काव्यको महत्त्वपूर्ण तत्त्व भाषाशैली हो ।

## २.४ निष्कर्ष

कविता लयात्मक विधा हो । सहित्यको लयात्मक विधा अन्तर्गत पर्ने कविताका बारेमा विभिन्न विद्वानहरूले परिभाषा गरेका छन् । तिनीहरूले कवितालाई आआफ्नै किसिमले चिनाएको पाइन्छ । उनीहरूले कविताका विभिन्न तत्त्वहरूका बारेमा पनि उल्लेख गरेका छन् । कविताका तत्त्व भन्नाले काव्यका आवश्यक अङ्ग/अवयव/घटक हुन् । विषयवस्तु, मूल भाव/विचार, भाषाशैली, अलङ्कार, कथन पद्धति, विम्ब र प्रतीक र छन्द र लय कविताका प्रमुख तत्त्व मानिन्छ । यी तत्त्वले कवितालाई पूर्ण बनाउँछ ।

### तेस्रो परिच्छेद

# विजय सुब्बाको सङ्क्षिप्त जीवनी र काव्य यात्रा

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेद विजय सुब्बाको सङ्क्षिप्त जीवनी र उनको काव्ययात्रमा केन्द्रित रहेको छ । सुब्बाको जीवनी लेख्दा उनको जन्म, बाल्यकाल, शिक्षा र उनका साहित्यिक पाटाहरुको उल्लेख  गरिएको छ । यस सन्दर्भमा विजय सुब्बाका कविता, गीत, गजल, निबन्ध, समालोचनालगायतका व्यक्तित्व र कृतिहरु तथा फुटकर लेखहरुको समेत चर्चा गरिएको छ । सुब्बाको मूल विधा कविता नै भएकाले उनको काव्ययात्राको समेत यहाँ वर्णन गरिएको छ ।

## ३.१. विजय सुब्बाको सङ्क्षिप्त जीवनी

प्रस्तुत शोधपत्रमा विजय सुब्बाको सङ्क्षिप्त जीवनीको चर्चा गरिएको छ । यहाँ उनको  काव्यकारिताको निरुपण गर्ने क्रममा कविको जीवनी पक्षको निरुपण गरिएको छ ।

### ३.१.१.. जन्म र जन्मस्थान

विजय सुब्बाको जन्म वि.सं. २०१५ साल जेठ ७ गते मङ्गलबार बिहान ६:४७ बजे कोसी अञ्चल तेह्रथुम जिल्ला तम्फुला गाउँ विकास समिति वडा नं. ७ माझगाउँमा भएको हो ।यिनका बुबाको नाम ललितबहादुर तुम्बाहाङ्फे र आमाको नाम जयमती लिम्बू हो । यिनै दम्पतीका छ भाइ छोरा र एक बहिनी छोरीमध्ये तेस्रो सन्तान अर्थात् साहिँलो छोराको रूपमा विजय सुब्बाको जन्म भएको हो (लुइटेल २०६५:७)  । उनको बाल्यकाल  त्यही जन्मस्थलमा नै बितेको देखिन्छ ।

### ३.१.२  बाल्यकाल तथा विवाह

विजय सुब्बाको बाल्यकाल आफ्नै आमाबाबुका साथ तम्फुलामा बितेको पाइन्छ । पिता ललितबहादुर तुम्बाहाङ्फेका दुईवटी श्रीमतीबाट जम्मा सत्रजना सन्तानहरू जन्मिएकाले विजय सुब्बाको बाल्यकाल ठूलो सङ्ख्या रहेको पारिवारक वातावरणबाट अगाडि बढेको देखिन्छ ।(२०७० फागुन ९ गतेको अन्तर्वार्ता अनुसार) पिता ललितबहादुरको राजनीतिक प्रभाव सुब्बाको जीवनमा पनि विशेषरूपले परेको पाइन्छ।सुब्बाको बाल्यकालमा धेरै लजाउने बानी थियो । सानामा उनी आफ्ना हितैषी साथीहरू भुवनेश्वर अधिकारी, तिलक सुब्बा, खगेन्द्र सुब्बा (भाइ), प्रेमनाथ अधिकारी, सुरेश सुब्बा (भतिज) आदिसँग मिलेर आफ्नो घरदेखि तल रहेको खोरङ्गा खोलामा माछा मार्न जान्थे । बाल्यकालमा सुब्बाको स्वभाव सोझो रहेको थियो । जेठीआमातर्फका सन्तानहरू मूलघर छोडेर अर्को घरमा बस्न थालेपछि पारिवारिक बोझ केहीकम भएको थियो । पिता ललितबहादुरले झोडा फाँडी

आवाद गरेको झापा स्कुलचौनको जग्गाको आम्दानी नभएको र म्याङ्लुङ बजारमा रहेको कपडा पसल बाँकीमा गएर घाटा भएको कारण सुब्बाको परिवारले आर्थिक अभाव बेहोर्नुपरेको थियो । यस्तो आर्थिक अवस्थालाई टार्न तथा घरव्यवहार चलाउन र सन्तानलाई दुईछाक खुवाउन आमा जयमती लिम्बू रक्सी बनाएर बेच्ने गर्दथिन् ।

विजय सुब्बाको बिवाह पच्चिस वर्षको उमेरमा झापा जिल्ला गौरादह गाउँ विकास समिति वडा नं. १ सीतापुरीका पूर्णबहादुर लिम्बू र धनमाया लिम्बूकी माइली छोरी झुमा सुब्बासँग वि.सं. २०४० सालमा भएको हो । सुब्बा दम्पतीका तर्फबाट वि.सं. २०४२ सालमा पहिलो सन्तानका रूपमा प्रतिमा सुब्बा र वि.सं. २०४५ सालमा दोस्रो सन्तानका रूपमा गरिमा सुब्बाको जन्म भएको हो । हाल दुई सन्तानसहित चार जनाको सुब्बा परिवार वाग्मती अञ्चल काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका जडिबुटीस्थित भाडाको कोठामा बस्दै आएको पाइन्छ ।

### ३.१.३ . शिक्षादीक्षा

विजय सुब्बा प्रारम्भिक शिक्षा आफ्नै घरबाट सुरु हुन्छ । उनको पढाइ सर्वप्रथम वि.सं. २०१८ सालदेखि घर नजिकै रहेको श्री त्रिकन्या प्राथमिक विद्यालय धर्मपुरबाट सुरु भएको हो । सुरुका तीन/चार वर्षहरू विद्यालय आउँदैजाँदै गरेर बितेका कारण उनको प्राथमिक तहको अध्ययन वि.सं. २०२६ सालमा मात्र पूरा भएको हो । तत्पश्चात् कक्षा-६ देखि सुब्बा श्री सिंहवाहिनी उच्च माध्यमिक विद्यालय (तत्कालीन श्री सिंहवाहिनी माध्यमिक विद्यालय) म्याङ्लुङमा भर्ना भई सोही विद्यालयबाट वि.सं. २०३२ सालको एस्.एल्.सी. परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भएका हुन् । प्राथमिकदेखि माध्यमिक तहसम्मका कक्षाहरूमा सुब्बा क्रमशः प्रथम, दोस्रो र तेस्रो श्रेणीमा आएका हुन् । वि.सं. २०३२ साल श्रावणमा सुब्बा उच्चशिक्षा अध्ययनार्थ 'इन्जिनियरिङ अध्ययन संस्थान' पुल्चोक ललितपुरमा भर्ना भएर वि.सं. २०३४ सालश्रावणमा सि.सि.इ.को अध्ययन पूरा गरेकोपाइन्छ। वि.सं.२०४५ सालमा जनप्रशासन क्याम्पस जमलबाट जनप्रशासनमा स्नातकोत्तर प्रथम श्रेणीमा उत्तीर्ण गरेका हुन् । (वि.सं२०७० फागुन ९ गतेको अन्तर्वार्ता अनुसार) त्यसपछि आफ्नो रुचिअनुसार अध्ययन बढाउनवि.सं. २०४६ सालमा त्रिभुवन विश्वविद्यालयको प्राइभेट विद्यार्थीको रूपमा सुब्बाले राजनीतिशास्त्र विषयमा स्नातकोत्तर दोस्रो श्रेणीमा उत्तीर्ण गरेको देखिन्छ । (लुइटेल, २०६५:११) हाल सुब्बा राजनीतिशास्त्र विषयमा विद्यावारिधिको शोधपत्र तयारीका क्रममा रहेका छन् ।

विजय सुबाले बाल्यकालदेखि नै कविता रचना गर्न थालेका हुन् । उनले समाजमा रहेका अन्याय, अत्याचार, भ्रष्टाचार, शोषण र कुलीन संस्कृतिभित्र रहेको विकृतिविङ्गतिलाई आधार बनाएर आफ्ना साहित्यिक कृतिहरू प्रस्तुत गरेका छन् । उनको साहित्य लेखनको प्रेरणाका स्रोत भनेका समाजका निम्नवर्गीय जनताका दुःख र पीडाहरू हुन् । यही समाजमा रहेका रुढिवादी परम्परा, सामन्ती प्रवृत्ति आदिबाट जर्जर सामाजिक दूरावस्था नै उनका कविताहरूका मुख्य विषयवस्तु रहेका छन् । सुब्बाले वि.सं. २०२७/०२८ सालमा कक्षा

७पढ्दादेखि गीत लेखेको सूचना पाइए पनि अप्राप्य छ । विजय सुब्बाका बुबाआमामा साहित्य र सङ्गीतका क्षेत्रमा  विशेष रुचि भएका कारणले गर्दा उनको बालमस्तिष्कमा साहित्यप्रतिको प्रभाव पर्दछ । सुब्बा स्कुलका विभिन्न कार्यक्रमहरूमा गीत गाउन थाल्दछन् । घर नजिकैको सेलिङ्गे डाँडामा गोठालो जाँदा प्रेमनाथ अधिकारी र भुवनेश्वर अधिकारीसँग मिलेर सुब्बाले गीत गाउने गरेको पाइन्छ । विं.सं.(२०७० फागुन ९ गतेको अन्तर्वार्ता अनुसार) । कुलेखानी जलविद्युत् परियोजना मार्खु, मकवानपुरमा कार्य गरिरहेका बेला सुब्बाले चिनियाँक्रान्तिका किताबहरु पढेका थिए । यसपूर्व उनले विं.सं.२०२७ –०२८ सालदेखि नै मार्क्सवादी दर्शन र चिनियाँ माओवादी क्रान्तिसँग सम्बन्धित साठीओटा गीतहरुको डायरीका पन्नापन्ना छुट्याएर जलाउँछन् । त्यसपछि सुब्बाले बैचारिक हिसाबमा प्रगति चिन्तनधारालाई समेटेर साहित्य सिर्जना गर्न थालेका हुन् । विजय सुब्बाको वि.सं. २०३२ सालमा इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक ललितपुरमा महाविद्यालयको अध्ययन गरिरहेका बेला रामेश र मञ्जुलसँग भेट भएपछि यसबाट सुब्बामा साहित्य सिर्जनामा धेरै प्रभाव परेको देखिन्छ ।

## ३.२. विजय सुब्बाको व्यक्तित्व

विजय सुब्बाले विभिन्न क्षेत्रमा संलग्न रहेर कार्य गरेका कारण विविध विषय क्षेत्रको अनुभवबाट  प्राप्त ज्ञानको प्रभाव उनका साहित्यिक रचनाहरूमा रहेको देखिन्छ । प्रथमतः गाउँका गरिब र दीनदुःखीहरूका परिश्रमी जीवनहरूलाई समेटेर उनले चेतनायुक्त गीतहरूको सिर्जना गरेका हुन् । पिताको सक्रिय राजनीतिको आनुवांशिक गुण सुब्बामा पनि परेका कारण उनी वि.सं. २०४८ र  वि.सं. २०५६ सालमा जीवनको उपल्लो राजनीतिक प्रगतिस्वरूप प्रतिनिधिसभा सदस्यमा दुईपटक निर्वाचित भएका छन्। (२०७० फागुन ९ गतेको अन्तर्वार्ता अनुसार) । यसका अतिरिक्त जिल्लादेखि केन्द्रसम्म भएको अशिक्षा र असङ्गठित अवस्थाको फाइदा राजतन्त्रात्मक व्यवस्थाका नायिकेहरू र त्यसका आसेपासेहरूले प्रचुरमात्रामा प्रयोग गरेको देखिन्छ । विजय सुब्बाले शोषित र सर्वहारा वर्गहरूका मनमस्तिष्कमा चेतनाको दियो जलाउँदै पसिना बगाउने जनताहरूलाई अन्यायमुक्त गराउने हेतुले सर्वप्रथम गीत लेखेका छन् । उनको लेखनको धरातल वर्गीय रूपमा कुलीनसंस्कृतिको विरोधमा र जनसंस्कृतिको पक्षमा रहेको देखिन्छ । शोषकवर्ग र सामन्तीवर्गहरूमा रहेको अहम्को पर्खाल भत्काउन सुब्बाका गीत, गजल, कविता आदिले महत्त्वपूर्ण स्थान ओगटेको देखिन्छ  । शारीरिक बनावट तथा सुब्बाले गरेका साहित्यिक वा अन्य गतिविधिहरूका आधारमा उनको व्यक्तित्व बहुआयामिक देखिन्छ । यही आधारमा सुब्बाको बहुआयामिक व्यक्तित्व निरूपण गर्न सकिन्छ । यहाँ यिनै व्यक्तित्वलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा विभाजन गरी छुट्याउन सकिन्छ :

### ३.२.१. साहित्यिक व्यक्तित्व

विजय सुब्बाले नेपाली साहित्यका विभिन्न विधा तथा उपविधाहरूमा कलम चलाएको हुनाले उनको साहित्यिक व्यक्तित्व निर्माण भएको छ । सुब्बाले चारवटा साहित्यिक

कृतिहरूका साथै अन्य विभिन्न पत्रपत्रिकाहरूमा नेपाली साहित्यका विभिन्न विधासँग सम्बन्धित रचनाहरूको प्रकाशन गराएर आफ्नो साहित्यिक व्यक्तित्वलाई बलियो बनाएको देखिन्छ । साहित्य लेखनतर्फको २४ वर्षे समयावधिमा सुब्बाले विश्वसाहित्यका चारविधाका रूपमा स्वीकार गरिएका कविता र निबन्धमा कलम चलाएको देखिन्छ । उनको साहित्यिक पक्षसँग जोडिएर समालोचनात्मक गतिविधिसमेत देखापरेको छ । सुब्बाको साहित्यिक कलमले निरन्तरता पाइरहेको हुनाले नाटक र आख्यान विधामा कलम चलाउने समयावधि र सम्भावना देखिए पनि उनको वर्तमानसम्मको २४ वर्षे साहित्ययात्राका क्रममा उक्त विधा विशेषमा चासो नदेखाएका कारण नाटककार व्यक्तित्व र आख्यानकार व्यक्तित्व निर्माण हुने सम्भावनाको कुनै आधार देखिँदैन । सुब्बाका प्रकाशित कृतिहरू र फुटकर रचनाहरूका आधारमा उनको साहित्यिक व्यक्तित्व भित्रका अन्य व्यक्तित्वहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

**(क)गीतकार व्यक्तित्व**

विजय सुब्बाको साहित्यिक कलम सर्वप्रथम गीतलेखनबाट अगाडि बढेको देखिन्छ । उनले **बस्तीका सङ्गम सुसेलीहरू** (वि.सं. २०४१साल) भित्र पैँतीसओटा तथा **विजय सुब्बाका गीत र गजलहरू** (वि.सं. २०५७साल) भित्र पैँतीसओटा गीतहरू सङ्कलन गरेका छन् । यसका अतिरिक्त सुब्बाले विभिन्न पत्रपत्रिकाहरूमा पनि गीत प्रकाशन गरेका छन् । सुब्बाका प्रकाशित फुटकर गीतहरूको सूची निम्नअनुसार प्रस्तुत गरिन्छ :

**विभिन्न पुस्तक पत्रपत्रिकाहरूमा प्रकाशित सुब्बाका गीतहरूको सूची**

| क.सं. | शीर्षक | प्रकाशन स्रोत | | | | |
|---|---|---|---|---|---|---|
| | | पत्रिका/पुस्तक | वर्ष | अङ्क | साल | महिना |
| १.(क) | फर्की हेर्छु हिँडेको म पाइलै देख्दिन | **कविता** | - | - | २०५२ | साउन-असोज |
| (ख) | खुसी खुसी छु आज एक्लै हासिरहेछु | **कविता** | - | - | २०५२ | साउन-असोज |
| २. | कहीँ भुप्राहरूमा वास खोजि हिँड्ने | **युगसंस्कृति** | - | - | २०५५ | कार्तिक |
| ३. | यहाँ दुख्छ दुखेरै त सधैंभरि दुख्छ | **नेपाली गीतसङ्ग्रह** | - | - | २०५९ | वैशाख |
| ४. | सहिद रगतको टीका लाएर अघि जानु छ अघि जानु छ | **कविता** | ६ | - | २०६१/०६२ | फागुन-वैशाख |

उपर्युल्लिखित कृति तथा फुटकर गीतहरूको सूचीका आधारमा विजय सुब्बाको गीतकार व्यक्तित्व निर्माण भएको छ । सुब्बाका 'भारी बिसाउँदै' (वि.सं. २०५०), कहीँ भुप्राहरूमा' (वि.सं. २०५०) र 'हाम्रा स्वरहरू' (वि.सं. २०५६) अडियो क्यासेटहरू बजारमा

आएका छन् । माथि सूचीबद्ध गरिएका रचनाहरूमध्येबाट छानिएर गाइएका गीतहरू नै उक्त तीन ओटा क्यासेड एल्बमहरूमा भेटिन्छन् ।सुब्बाका गीतका मूल प्रवृत्तिहरू सामन्तवाद, साम्राज्यवाद र विस्तारवादको विरोध, सर्वहारा संस्कृतिको समर्थन, क्रान्तिको समर्थन, जनविद्रोह, देशभक्ति, पुर्खाको वीरताको सम्मान, प्रकृतिप्रेम, मानवता, नैतिकता, व्यङ्ग्यात्मकता, भाषिक सरलता, गेयात्मकता, लोकलयात्मकता, आनुप्रासिकता, आलङ्कारिकता, मानवता, नैतिकता, बिम्बप्रतीकको प्रयोग, आस्था र विश्वासको अभिव्यञ्जन, समानता, स्वतन्त्रता, जनपक्षधरता आदि रहेका.

### (ख) गजलकार व्यक्तित्व

विजय सुब्बाले गजल लेखनको आरम्भ वि.सं. २०४८ सालदेखि गरेको पाइन्छ । सुब्बाका गजलसँग सम्बन्धित कृतिहरूमध्ये **विजय सुब्बाका गीत र गजलहरू** (२०५७) मा पैँतीसओटा तथा **ज्ञानी** (२०६३ जेठ) मा बिसओटा गजलहरू प्रकाशित गरेको पाइन्छ। साथै विभिन्न पत्रपत्रिकाहरूमा फुटकर गजलहरूसमेत प्रकाशन गरेको पाइएको छ । विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित सुब्बाका गजलहरूको सूचीलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

**विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा प्रकाशित गजलहरू**

| क्र.सं. | शीर्षक | प्रकाशन स्रोत | | | | |
|---|---|---|---|---|---|---|
| | | पत्रिका/पुस्तक | वर्ष | अङ्क | साल | महिना |
| | मैले हिड्ने बाटोमा मैले नै नटेकी कसरी हिँड्न सकौँ | **आँकुरा** | २ | २ | 2049 | कार्तिक |
| | पीडालाई पिएर कहाँ हुने रैछ | **मुक्तिमोर्चा** | २८ | १८ | 2058 | वैशाख-असार |
| | चाहिँदो कुरा बोल्दा धेरै बोलेजस्तो हुने | **मिर्मिरे** | 30 | 5 | 2058 | भदौ |
| | मुख छाडे मनपरी गल्ती भयो अनजानमा | **सङ्कल्प** | 29 | - | 2058 | असौज-कार्तिक |
| (क) | अति नै भयो अब त बक्बक् नगरे हुन्थ्यो | **वेदना** | 29 | 1 | 2059 | असार |
| (ख) | के गर्नु मेरो रगतै पानी भए पछि | **वेदना** | 29 | 1 | 2059 | असार |
| | ल ठीकै छ गाली नै गरे अरे सही दिँदा पो के हुन्थ्यो | **भानु** | 39 | 1 | 2059 | साउन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आज पनि एउटा बन्दुकले मार्‍यो रे अर्कालाई | **फूलबारी** | 1 | 1 | 2059 | साउन |
| | तिम्रो सामु पर्दाखेरि किन घटेजस्तो लाग्छ | **शब्दाङ्कुर** | 2 | 11 | 2060 | भदौ |
| (क) | यस्तै हुन्छ भनेर पहिले नै देख्न नसक्नेहरू | **संस्कृति** | - | 5 | 2060 | असोज |
| (ख) | हुनै थियो यो उल्टो गमन बेलैमा नहेरेपछि | **संस्कृति** | - | 5 | 2060 | असोज |
| . | बडा गल्ती गरिएछ कमाउन लजाएर | **रातो झन्डा** | 2 | 1 | 2060 | कार्तिक |
| | मरिरहेछन् सत्ताको नाउँमा बुद्धिमानहरू | **दोलखाली आवाज** | 1 | 1 | 2060 | मङ्सिर |
| | केही गरुँ कि त भन्दा नाताभित्र परिन म | **शब्दाङ्कुर** | 3 | 2 | 2060 | मङ्सिर |
| | यति राम्रो अनुहारका तिमी जाली हुन पो के बेर | **गरिमा** | 22 | 1 | 2060 | पुष |
| . | ठीक छ छोप लाजहरू छोप छोप्छौ कैलेसम्म | **NESAJ PATRA** | ef]No'd–% | | 2060 | - |
| . | मैले मायाको भाखा बोल्दा किन हो तिमी सधै झोकिन्छौं ? | **शब्द-संयोजन** | 1 | 1 | 2061 | वैशाख |
| | न त रुन मिल्छ मलाई न त मलाई हास्नै मिल्छ | **पँलास** | 2 | 2 | 2061 | वैशाख-जेठ |
| . | फेरि एकचोटि हामीले ढाँट्यौ सडकलाई | **ऋायन** | 1 | 2 | 2061 | कार्तिक-चैत |
| . | जो भए पनि ठूला जातबाट सेपिन्छन् यिनीहरू | **द्यलित** | 1 | 7 | 2061 | चैत |
| . | सबथोक सम्हाल्ने चीज झन्डा नै रहेछ | **नवप्रज्ञापन** | 13 | 3 | 2062 | फागुन |
| . | कुराभन्दा टाढाटाढा अर्कै काम गरेपछि | **समकालीन नेपाली साहित्य** | 6 | 3 | 2063 | असार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तिमी गर्दछौ प्रेममा लाजले आँखा झुकेको कुरा | **ई. समकालीन नेपाली गजल** | - | - | 2064 | असार |
| | यहाँ को छन् र गोरा भन्नु कालैकालाहरू | **शारदा** | 1 | 6 | 2064 | असार |

उपर्युल्लिखित कृतिहरू तथा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गजलहरूले विजय सुब्बाको गजलकार व्यक्तित्वको निर्माण गरेका पाइन्छ । सुब्बाका गजलका मूल प्रवृत्तिहरू भ्रष्टाचार, स्वार्थवाद, नातावादको विरोध, देशभक्ति र प्रकृतिप्रेम, बालअधिकार, छुवाछुत र जातिप्रथाको विरोध, समाज परिवर्तन, समानता, स्वतन्त्रता, मानवता, जनपक्षधरता, विकृति र विसङ्गतिको विरोध, भाषिक सरलता, गेयात्मकता, लयात्मकता, सामाजिक, आर्थिक, राजनीतिक असमानता, काफिया, रदिफ र तखल्लुसको कुशल प्रयोग आदि रहेको पाइन्छ ।

**(ग)कवि व्यक्तित्व**

सुब्बाले सार्वजनिक निर्माण शाखा ओखलढुङ्गामा का.मु. इन्जिनियर भएर कार्य गरिरहेको बेला वि.सं. २०४२ साल चैतमा *अचम्म लाग्छ तिमीसँग* तथा *रगत र मेरो सपना* शीर्षकका दुईवटा कविताहरू रचना गरेको पाइन्छ र सोही सालको सोही महिनाको अन्तिममा सुब्बाले जन्मथलो तम्फुला गएका बेलामा *अवैध सन्तान* शीर्षकको अर्को कविता समेत रचना गरेको पाइन्छ । (२०७० फागुन ९ गतेको अन्तर्वार्ता अनुसार)सुब्बाले कविता लेख्न थालेको समयावधि वर्तमानसम्ममा करिब तेइस वर्ष देखिन आउँछ । दुई दसकभन्दा लामो समयावधिमा सुब्बाले छैसट्ठीवटा कविताहरूको सङ्ग्रह **अराजक अक्षरहरू** (२०५८) प्रकाशित गराएको पाइन्छ । उनका प्रथम रचित तीनवटा कविताहरू यसै कृतिभित्र सङ्गृहीत रहेको पाइन्छ । यसका अतिरिक्त सुब्बाले विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा समेत फुटकर कविताहरू प्रकाशन गराएको पाइएको छ । उनको *फिदिम मूक निर्जन छ* शीर्षक कविता वि.स. २०४९साल फागुनमा (**ललिता**, वर्ष १, अङ्क १) मा प्रकाशित भएको पाइन्छ । (२०७० फागुन ९ गतेको अन्तर्वार्ता अनुसार) प्रकाशनका दृष्टिले सुब्बाको प्रथम प्रकाशित कविता पनि यही नै रहेको पाइन्छ ।

सङ्ख्यात्मक दृष्टिले वर्तमानसम्म विजय सुब्बाका कविताहरू **अराजक अक्षरहरू** (२०५८) भित्र छैसट्ठीओटा तथा अन्य पत्रपत्रिकाहरूमा प्रकाशित सातओटा गरी जम्मा त्रिहत्तरओटा देखिन्छन् । कविता विधासँग सम्बन्धित मुक्तक र छोकहरूको पनि सुब्बाले रचना गरेका छन् । छोकको तुलनामा सुब्बाका मुक्तकहरू ज्यादै कम सङ्ख्यामा रहेका छन् । यसका अतिरिक्त सुब्बाका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित कविताहरूलाई निम्नानुसार तालिकाबद्ध गरिन्छ :

**विभिन्न पत्रपत्रिकाहरू तथा पुस्तकहरूमा प्रकाशित सुब्बाका कविताहरू**

| क.सं. | शीर्षक | प्रकाशन स्रोत | | | | |
|---|---|---|---|---|---|---|
| | | पत्रिका/पुस्तक | वर्ष | अङ्क | साल | महिना |
| | फिदिम मुक निर्जन छ | **ललिता** | १ | १ | २०४९ | फागुन |
| (क) | काँडा | **सिन्धुमिलन** | - | - | २०५४ | - |
| (ख) | माटो | **सिन्धुमिलन** | - | - | २०५४ | - |
| (क) | मनु ब्राजाकी | **शिवपुरी सन्देश** | ९ | २५ | २०६० | असोज |
| (ख) | राजनीतिक कार्यकर्ता | **शिवपुरी सन्देश** | ९ | २५ | २०६० | असाज |
| (ग) | गद्दारहरू | **शिवपुरी सन्देश** | ९ | २५ | २०६० | असोज |
| | काठमाडौँका विरुद्धमा | **नोवेल** | २ | २ | २०६० | - |
| (क) | अन्तिम प्रतिस्पर्धा | **अक्षलोक** | पूर्णांक २४ | - | २०६० | - |
| (ख) | प्रश्न | **अक्षलोक** | पूर्णांक २४ | - | २०६० | - |
| | साला नेपालीहरू (बदमासहरूलाई) | **धनकुटाको आवाज** | १ | १ | २०६३ | जेठ |
| | हामी नेपाली | **हाम्रो नेपाली** (७) | - | - | २०६४ | - |

विजय सुब्बाका माथि तालिकाबद्ध गरिएका रचनाहरूले उनको कवि व्यक्तित्व स्पष्ट पार्दछन् । सुब्बाका कविताका मूल प्रवृत्तिहरू क्रान्तिचेत, जनपक्षधरता, राष्ट्रियता, समानता, स्वतन्त्रता, मानवता, आनुप्रासिकता, देशभक्ति, आलङ्कारिकता, भाषिक सरलता, विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, प्रकृतिको चित्रण, सामाजिक, आर्थिक, राजनीतिक असमानता, आस्था र विश्वासको अभिव्यञ्जना, बिम्ब र प्रतीकको प्रयोग, गद्यभाषाको प्रयोग आदि रहेको पाइन्छ ।

### ३.२. १. निबन्धकार व्यक्तित्व

विजय सुब्बाले निबन्ध विधामा वि.सं. २०४३ सालदेखि सिर्जनात्मक कलम चलाउन थालेका हुन् । सुब्बा आफैँले सम्पादन गरेको पत्रिका (**उत्साह**वर्ष ८, अङ्क १०, २०४३ फागुन)मा प्रकाशित *सिक्किमतिर* संस्मरणात्मक निबन्ध नै सुब्बाको प्रथम रचित र प्रकाशित

निबन्ध हो । (२०७० फागुन ९ गतेको अन्तर्वार्ता अनुसार) सुब्बाका निबन्धहरूमा विदेश भ्रमणको अनुभवहरूलाई सुन्दर ढङ्गमा व्यक्त गरिएका छन् । देशप्रेम र जातिप्रेमप्रति आस्थावान् सुब्बाले अकुशल राजनीतिक नेतृत्व र पार्टीभित्र देखिने गुटबन्दीको हृदयदेखि नै विरोध गरेका छन् । सुब्बाका निबन्धहरू सङ्ग्रहका रूपमा प्रकाशित नभई पत्रपत्रिकाहरूमा नै फुटकर रूपमा रहेका छन् । उनका फुटकर निबन्धहरूलाई निम्नानुसार तालिकाबद्ध गरिन्छ :

| क.सं. | शीर्षक | प्रकाशन स्रोत | | | | |
|---|---|---|---|---|---|---|
| | | पत्रिका/पुस्तक | वर्ष | अङ्क | साल | महिना |
| १ | सिक्किमतिर | **उत्साह** | ८ | १० | २०४३ | फागुन |
| २ | द्रोण ! तिम्रो मृत्युमा मेरो नियमापत्ति छ | **द्रोणाचार्य** | - | - | २०५१ | भाद्र |
| ३ | हामी, प्रजातन्त्र र साहित्य | **समकालीन साहित्य** | ११ | २ | २०५७ | माघ-चैत्र |
| ४ | दार्जिलिङ चिसो पनि रहेछ | **समष्टि** | २३ | ४ | २०५९ | माघ-फागुन |
| ५ | मोती अजीको मृत्यु | **मोतीदेवी** | - | - | २०६० | - |
| ६ | भर्मन्ट अमेरिकाको सुन्दर राज्य ! | **गरिमा** | २६ | ५ | २०६१ | भदौ |
| ७ | वासिङ्टनडिसीका केही छाप | **मिर्मिरे** | ३३ | ११ | २०६१ | फागुन |
| ८ | कनेक्टिकमा तीन दिन | **गरिमा** | २३ | ४ | २०६१ | चैत्र |
| ९ | टी.आर. सरलाई मैले मात्र सम्झेको छुइँन होला | **टीकाराज जोशी स्मृतिग्रन्थ** | - | - | २०६२ | - |
| १० | यसरी टुरिन पुगियो | **गरिमा** | २७ | ५ | २०६५ | वैशाख |

सुब्बाका माथि तालिकाबद्ध गरिएका निबन्धहरूले उनको निबन्धकार व्यक्तित्वको निर्माण गरेका छन् । सुब्बाका निबन्धका मूल प्रवृत्तिहरूमा देशप्रेम, पार्टीभित्र देखिने गुटबन्दीको विरोध, स्वतन्त्रता, नेपाली जनजीवनको पीडा, विदेशी सौन्दर्य, स्वतन्त्रता, प्रजातन्त्रको दुरूपयोग, अग्रजप्रतिको सम्मान, बिम्वप्रतीकको प्रयोग, आस्था र विश्वास, नेपालीको विरहव्यथाको चित्रण, मानवीय दुर्दशाको चित्रण आदि रहेका छन् ।

### ३.२.२ साहित्येतर व्यक्तित्व

विजय सुब्बाको साहित्येतर व्यक्तित्वमा राजनीतिक र सामाजिक व्यक्तित्व पर्दछन् । तिनीहरुको चर्चा यस प्रकार गरिएको छ :

#### ३.२.२.१ राजनीतिक व्यक्तित्व

विजय सुब्बा १२ वर्षको उमेरदेखि कम्युनिस्ट पार्टीको सदस्य भएको पाइन्छ । वि.सं. २०४३ सालमा जनप्रशासन क्याम्पस काठमाण्डौको स्व.वि.यु.सभापति भएपछि सुब्बाले राजनीतिक क्षेत्रको पद सम्हालेको देखिन्छ ।(२०७० फागुन ९ गतेको अन्तर्वार्ता अनुसार)वि.सं. २०४८ र २०५६ सालमा तेह्रथुम जिल्लाबाट प्रतिनिधिसभा सदस्यमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का तर्फबाट निर्वाचित भएको पाइन्छ । हाल उनी सङ्घीय समाजवादी पार्टीका संस्थापक उपाध्यक्षका रुपमा संलग्न रहेका छन् । विजय सुब्बाले यी र यिनै तथ्यहरूका आधारमा आफ्नो राजनीतिक व्यक्तित्वको निर्माण गरेका छन् ।

#### ३.२.२.२ सामाजिक व्यक्तित्व

विजय सुब्बाको सामाजिक व्यक्तित्व पनि महत्वपूर्ण रहेको छ । उनले पार्टीको जनसांस्कृतिक मञ्चमा आबद्ध भएर कार्य गरेको देखिन्छ । सुब्बाले राष्ट्रिय जनसांस्कृतिक मञ्चको संस्थापक केन्द्रीय सदस्य ( वि.सं.२०४४), राष्ट्रिय जनसांस्कृतिक मञ्चको केन्द्रीय सदस्य पुनः ( वि.सं.२०४७), राष्ट्रिय जनसांस्कृतिक मञ्चको केन्द्रीय उपाध्यक्ष ( वि.सं.२०५८), राष्ट्रिय जनसांस्कृतिक मञ्चको केन्द्रीय अध्यक्ष ( वि.सं.२०६२) को जिम्मेवारी सम्हालेको पाइन्छ । (२०७० फागुन ९ गतेको अन्तर्वार्ता अनुसार) उनले राष्ट्रिय जनसांस्कृतिक महासङ्घको अध्यक्ष भएर कार्य गरेको पाइन्छ । हाल उनी सङ्घीय समाजवादी पर्टीको केन्द्रीय उपाध्यक्ष पदमा कार्यरत रहेका छन् । यसरी सुब्बाको सामाजिक/सांस्कृतिक व्यक्तित्व राजनीतिक व्यक्तित्वसँगै जोडिएको छ ।

### ३.३.प्रकाशित कृति र रचनाहरू

विजय सुब्बाको गीत रचनामार्फत वि.सं. २०४१ सालदेखि सुरु भएको साहित्ययात्राले वर्तमानसम्म करिब २४ वर्षको समयावधि पार गरिसकेको छ । पुगनपुग अढाइ दशक लामो साहित्ययात्राका क्रममा सुब्बाले ४ वटा कृति प्रकाशित गरेको पाइन्छ । साथै उनका अन्य रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भई फुटकर रूपमै रहेका छन् । सुब्बाले गीत, गजल, कविता, निबन्ध र समालोचना जस्ता साहित्यका विधा तथा उपविधाहरूमा कलम चलाएका छन् । सुब्बाका हालसम्म प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् :

**(क) बस्तीका सङ्गम सुसेलीहरू** (गीतसङ्ग्रह)२०४१

**(ख)विजय सुब्बाका गीत र गजलहरू** (गीत/गजलसङ्ग्रह)२०५७ स्वर अभियान, तेह्रथुम

**(ग) अराजक अक्षरहरू** (कवितासङ्ग्रह)२०५८, साझा प्रकाशन, काठमाडौँ

**(घ) ज्ञानी** (बालगजलसङ्ग्रह)२०६३ जेठ, विवेक सिर्जनशील प्रकाशन प्रा.लि., काठमाडौँ

सुब्बाका हालसम्म प्रकाशित रचनाहरूलाई निम्नानुसार तालिकाबद्ध गर्न सकिन्छ :

**विभिन्न पत्रिकामा प्रकाशित रचनाहरूको सूची**

| क.सं. | शीर्षक | प्रकाशन स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पत्रिका/पुस्तक | वर्ष | अङ्क | साल | महिना | पृष्ठ |
| १. | सिक्किमतिर | **उत्साह** | ८ | | २०४३ | फागुन | २१-३० |
| २. | मैले हिड्ने बाटोमा मैलै नै नटेकी कसरी हिँडन सकौ | **आँकुरा** | २ | २ | २०४९ | कात्तिक | २२ |
| ३. | फिदिममूक निर्जन छ | **ललिता** | १ | १ | २०४९ | फागुन | ७९ |
| ४. | द्रोण ! तिम्रो मृत्युमा मेरो नियमापत्ति छ | **द्रोणाचार्य** | ... | | २०५१ | भाद्र | ३४१-३४३ |
| ५. | क) फर्की हेर्छु हिँडेको म पाइलै देख्दिँन | **कविता** | - | - | २०५२ | साउन, भदौ, असौज | ५६ |
| | ख) खुसीखुसी छु आज एक्लै हाँसीरहेछु | **कविता** | - | - | २०५२ | साउन, भदौ, असौज | ५६ |
| ६. | यसरी हुँदैछ- नेपाली गजल सम्पादन | **मधुपर्क** | ३० | ६ | २०५४ | कार्तिक | ५६ |
| ७. | काँढा/माटो (दुई छोँक) | **सिन्धुमिलन** | - | - | २०५४ | | १२४ |
| ८. | कहीँ झुप्राहरूमा ... | **युगसंस्कृति** | - | - | २०५५ | कार्तिक | १०२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९. | हामी, प्रजातन्त्र र साहित्य | **समकालीन साहित्य** | ११ | २ | २०५७ | माघ-चैत | १६६-१७२ |
| १०. | पीडालाई पिएर कहाँ हुने रैछ | **मुक्ति मोर्चा** | २८ | १८ | २०५८ | वैशाख-असार | ११ |
| ११. | चाहिँदो कुरा बोल्दा धेरै बोले जस्तो हुने | **मिर्मिरे** | ३० | ५ | २०५८ | भदौ | ४४ |
| १२. | मुख छाडे मनपरी गल्ती भयो अनजानमा | **सङ्कल्प** | २९ | - | २०५८ | असोज-कार्तिक | ३७ |
| १३. | यहाँ दुख्छ दुखेरै त सँधै भरि दुख्छ | **नेपाली गीतसङ्ग्रह** | - | - | २०५९ | वैशाख | २२६ |
| १४. | क)अति नै भयो अब त बक्बक् नगरे हुन्थ्यो | **वेदना** | २९ | १ | २०५९ | असार | २५ |
| | ख) के गर्नु मेरो रगतै पानी भएपछि | | | | | | |
| १५. | ल ठिकै छ गाली नै गरे अरे सही दिँदा पो के हुन्थ्यो | **भानु** | ३९ | १ | २०५९ | साउन | ४४ |
| १६. | आज पनि एउटा बन्दुकले मार्‍यो रे अर्कालाई | **फूलबारी** | १ | १ | २०५९ | साउन | ६८ |
| १७. | नेपाली गजल लेखनमा देखिएका द्विविधाहरू | **मधुपर्क** | ३५ | ८ | २०५९ | पुस | ३७-४४ |
| १८. | दार्जिलिङ्ग चिसो रहेछ | **समष्टि** | २३ | ४ | २०५९ | माघ-फागुन | २२-२६ |
| १९. | गजलबारे साहित्य-परिचयको भ्रम | **स्पेसटाइम** | - | - | २०६० | वैशाख ६ शनिवार | - |
| २०. | तिम्रो सामु पर्दा खेरि किन घटेजस्तो लाग्छ | **शब्दाङ्कुर** | २ | ११ | २०६० | भदौ | ३३-३४ |
| २१. | क) मनु बाज्राकी | **शिवपुरी सन्देश** | ९ | २५ | २०६० | असोज | ८७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) राजनीतिक कार्यकर्ता | **शिवपुरी सन्देश** | ९ | २५ | २०६० | असोज | ८७ |
| | ग) गद्दारहरू | **शिवपुरी सन्देश** | ९ | २५ | २०६० | असोज | ८७ |
| २२. | क) यस्तै हुन्छ भनेर पहिले नै देख्न नसक्नेहरू | **संस्कृति** | - | ५ | २०६० | असोज | ८५-८६ |
| | ख) हुनै थियो यो उल्टो गमन बेलैमा नहेरेपछि | **संस्कृति** | - | ५ | २०६० | असोज | ८६ |
| २३. | बडा गल्ती गरिएछ, कमाउन लजाएर | **रातो झन्डा** | २ | १ | २०६० | कार्तिक | १०१ |
| २४. | मरिरहेछन् सत्ताको नाउँमा बुद्धिमानहरू | **दोलखाली आवाज** | १ | १ | २०६० | मङ्सिर | ७८ |
| २५. | केही गरुँ कि त भन्दा नाता भित्र परिन म | **शब्दाङ्कुर** | ३ | २ | २०६० | मङ्सिर | ८ |
| २६. | यति राम्रो अनुहारका तिमी जाली हुन पो के बेर | **गरिमा** | २२ | १ | २०६० | पुस | ९ |
| २७. | ठीक छ छोप लाजहरू छोप छोप्छौ कैलेसम्म | **NESAJ PATRA** | भोल्यूम-५ | | २०६० | - | ५८ |
| २८. | मोती अजीको मृत्यु | **मोतीदेवी** | - | - | २०६० | | ५२-५७ |
| २९. | काठमाडौँका विरुद्धमा | **नोबेल** | २ | २ | २०६० | | ७-९ |
| ३०. | क) अन्तिम प्रतिस्पर्धा | **अक्षलोक** | पूर्णाङ्क २४ | | २०६० | | ५९ |
| | ख) प्रश्न | **अक्षलोक** | पूर्णाङ्क २४ | | २०६० | | ५९ |
| ३१. | मैले मायाको भाका बोल्दा किन हो | **शब्द-संयोजन** | १ | १ | २०६१ | वैशाख | ३५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तिमी सधैं झोकिन्छौ ? | | | | | | |
| ३२. | न त रुन मिल्छ मलाई न त मलाई हास्नै मिल्छ | **पँलास** | २ | २ | 2061 | वैशाख-जेठ | ५१ |
| ३३. | स्वागत नेपालको धमिराको दरबार | **शब्द-संयोजन** | १ | ३ | २०६१ | असार | २३-२४ |
| ३४. | बुँद रानाको रातो मलाई प्यारो मा पाइने राजनीतिक चेतना | **तन्नेरी** | २६ | १ | २०६१ | वैशाख-असार | ७४ |
| ३५. | रात पनि ऐठन परेको रातमा | **समष्टि** | २४ | ६ | २०६१ | जेठ-असार | ३७-३८ |
| ३६. | उही बाढी उही भेलमा राजनेता विरुद्धको भेल | **गुञ्जन** | ७ | ४ | २०६१ | असार | ४८-५६ |
| ३७. | नयाँ पुस्ताको गजल लेखनबारे | **पँलास** | २ | १ | २०६१ | असार-साउन | ९ |
| ३८. | खण्डहर नयाँनयाँमा असन्तुष्ट ज्ञानुवाकर पौडेल | **मिर्मिरे** | ३३ | ४ | २०६१ | साउन | ५४-६५ |
| ३९. | भर्मन्ट अमेरिकाको सुन्दर राज्य ! | **गरिमा** | २६ | ५ | २०६१ | भदौ | ४४-४७ |
| ४०. | जूनुमामा बालगजल सङ्ग्रहका केही सन्देशहरू | **ज्योति** | १ | - | २०६१ | भदौ | ३५-४१ |
| ४१. | कसरी लेखिनुपर्छ बालगजल ? | **शब्द-संयोजन** | १ | ६ | २०६१ | असोज | ३९-४० |
| ४२. | धाराबासीको आधाबाटो हिँडेपछि | **रचना** | ४४ | ८१ | २०६१ | कार्तिक-मङ्सिर | ३८-४४ |
| ४३. | देशको माटो दुख्ने गर्छ गजलसङ्ग्रहमा तूफानका | **जनमत** | २१ | ११ र १२ | २०६१ | पुस | १५-२१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आवाजहरू | | | | | | |
| ४४. | आँसुको सौगातमार्फत श्रेष्ठ प्रिया पत्थरका गैरशृङ्गारिक भावहरू | **दीपशिखा** | १५ | ९ | २०६१ | वसन्त पञ्चमी | ६१-७५ |
| ५. | अवरुद्ध गलाहरूभित्र बालकृष्ण रेग्मी | **अवरुद्ध गलाहरू** | | | २०६१ | माघ | १५-१७ |
| ६. | वासिङटनडिसीका केही छाप | **मिर्मिरे** | ३३ | ११ | २०६१ | फागुन | ५४-५८ |
| ७. | फेरि एकचोटी हामीले ढाँट्यौ सड्कलाई | **ऋयन** | १ | २ | २०६१ | कार्तिक-चैत | ४० |
| ८. | जो भएपनि ठूला जातबाट सेपिन्छन यिनीहरू | **दलित** | १ | ७ | २०६१ | चैत | ५३ |
| ९. | कनेक्टिकमा तीन दिन | **गरिमा** | २३ | ४ | २०६१ | चैत | १६-२२ |
| ०. | अञ्जुलाई शुभकामना | **च्यातिएर वर्तमान** | - | - | २०६१ | ( | ( |
| १. | सहिद रगतको टीका लाएर | **वनिता** | ६ | - | २०६१ २०६२ | फागुन-वैशाख | ४० |
| २. | उज्जल जी.सी.का गजलमा राजनीतिक चेतना | **मिर्मिरे** | ३४ | १० | २०६२ | माघ | ६०-६८ |
| ३. | सबथोक सम्हालने चीज झन्डा नै रहेछ | **नवप्रज्ञापन** | १३ | ३ | २०६२ | फागुन | ३५ |
| ४. | टी.आर सरलाई मैले मात्र सम्झेको छुइँन होला | **टीकाराम जोशी स्मृति ग्रन्थ** | - | - | २०६२ | - | २२-२७ |
| ५५. | साला नेपालीहरू (बदमासहरूलाई) | **धनकुटाको आवाज** | १ | १ | २०६३ | जेठ | १२०-१२१ |
| ५६. | कुराभन्दा टाढाटाढा अर्कै काम गरेपछि | **समकालीन नेपाली साहित्य** | ६ | ३ | २०६३ | असार | ५३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५७. | वर्तमान झल्काउने गजलहरू | **मधुपर्क** | ३९ | ११ | २०६४ | चैत | ३२-३३ |
| ५८. | तिमी गर्दछौ प्रेममा लाजले आँखा झुकेको कुरा | **ई समकालीन नेपाली गजल** | | | २०६४ | असार | १३७ |
| ५९. | यहाँ को छन् र गोरा भन्नु कालै कालाहरू | **शारदा** | १ | ६ | २०६४ | असार | ४५ |
| ६०. | समकालीन नेपाली गजलमा देखिएका मूल प्रवृत्तिहरू | **नेपाली गजल विगत र वर्तमान** | - | - | २०६४ | मोती जयन्ती | ११२-१४२ |
| ६१. | एक सय एक रहरहरू रहरहरू मात्र हैनन् | **एक सय एक रहरहरू** | - | - | २०६४ | असोज | - |
| ६२. | हामी नेपाली | **हाम्रो नेपाली** ( ७) | - | - | २०६४ | - | ८१ |
| ६३. | यसरी टुरिन पुगियो | **गरिमा** | २६ | ५ | २०६५ | वैशाख | २७ |

यसरी हेर्दा सुब्बाले गीत, गजल, कविता, निबन्ध र समालोचना जस्ता साहित्यका विधा तथा उपविधाहरूमा कलम चलाएका छन् । उनले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाए पनि कविता विधा नै प्रखर भएर अगाडि बढेको पाइन्छ ।

### ३.४ सम्मान तथा पुरस्कार

विजय सुब्बाले विभिन्न सङ्घसंस्थागत कार्यहरू गरेका छन् । तिनै कार्यहरूको मूल्याङ्कन गर्दै उनलाई विभिन्न सङ्घसंस्थाबाट सम्मान तथा पुरस्कारहरू प्राप्त भएको पाइन्छ ।विजय सुब्बाले Human Rights Defenders In Asia-2008 तेह्रथुमे बुद्धिजीवीहरुका तर्फबाट अभिनन्दन पत्र (वि.सं. २०५६/०५/२६) र मोतीराम गजलमञ्च, विराटनगर, मोरङ्गबाट अभिनन्दन (वि.सं. २०६१साल असोज १६) जस्ता सम्मानहरू प्राप्त गरेको देखिन्छ ।(२०७० फागुन ९ गतेको अन्तर्वार्ता अनुसार) त्यसैगरी सुब्बाले नेपाल आदिवासी जनजाति महासङ्घ, नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र राष्ट्रिय महिला महासङ्घ नेपालका तर्फबाट संयुक्तरूपमा सम्मानपत्र(वि.सं. २०६५ साल) मा । ( लुइटेल,२०६५:१५.)मा प्राप्त गरेको देखिन्छ ।

### ३.५ विजय सुब्बाको साहित्ययात्रा

सुब्बाको कविता यात्रालाई देखाउनु पर्दा प्रकाशन मिति र कवितासङ्ग्रहहरूलाई मध्येनजर गर्नुभन्दा पनि प्रवृत्तिगत भिन्नतालाई मुख्य आधार बनाउन उपयुक्त देखिन्छ। सुब्बाले कक्षा सातमा पढ्दादेखि अर्थात् वि.सं.२०२७/२८ सालदेखि नै गीत लेखेको सूचना पाइन्छ । सुब्बाले **बस्तीका सङ्गम सुसेलीहरू** (गीतसङ्ग्रह, २०४१) **विजय सुब्बाका गीत र गजलहरू** (२०५७), **अराजक अक्षरहरू** (कवितासङ्ग्रह, २०५८) र **ज्ञानी** (बालगजलसङ्ग्रह (२०६३, जेठ) गरी तेह्रओटा कृतिहरू प्रकाशित गराएका छन् । यसका साथै **उत्साह, समष्टि, गरिमा, मिर्मिरे, आँकुरा, ललिता, वेदना, मधुपर्क, सङ्कल्प, शब्दाङ्कुर, शब्द संयोजन, पलास, तन्नेरी जनमत, शारदा**आदि विभिन्न पत्रपत्रिकाहरूमा थुप्रै गीत, गजल, कविता, निबन्ध आदि प्रकाशन गराएका छन् । उनका सम्पूर्ण कवितालाई अध्ययन गर्दा दुईचरणमा विभाजन गर्न सकिन्छ ।

(क) **पहिलो चरण (वि.सं.२०४१- २०५७ सालसम्म**

(ख ) **दोस्रो चरण (वि.सं.२०५८ सालदेखि हालसम्म**)

#### ३.५.१पहिलो चरण (वि.सं.२०४१- २०५७ सालसम्म

विजय सुब्बाको साहित्ययात्राको थालनी वि.सं.२०४१ सालदेखि भएको हो । उनले यस चरणमा **बस्तीका सङ्गम सुसेलीहरू** (गीतसङ्ग्रह, २०४१) र **विजय सुब्बाका गीत र गजलहरू** (२०५७) कृतिको प्रकाशन गराएका छन् । यी कृतिहरूमध्ये अघिल्लो कृतिमा सुब्बाका पैंतीसवटा गीतहरू सङ्कलित छन् । यो सुब्बाले सरल छद्मनामको प्रयोग गरेर प्रकाशन गराएको कृति हो । त्यसैगरी उनको दोस्रो कृतिमा पैंतीसवटा गीत र पैंतीसवटा गजलहरू सङ्कलित छन् । यसका अतिरिक्त सुब्बाले यस चरणमा फुटकर गीत, गजल, कविता, निबन्ध, समालोचना आदि रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन गराएका छन् । उनका यस समयावधिमा प्रकाशित भएका विभिन्न पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित भएका रचनाहरुलाई यस प्रकार देखाउन सकिन्छ :

सुब्बाका यस समयावधिमा प्रकाशित भएका विभिन्न पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित भएका कविता रचनाहरुलाई यस प्रकार देखाउन सकिन्छ :

**पहिलो चरणमा फुटकर रुपमा प्रकाशित कविताहरुको सूची**

| क.सं. | शीर्षक | प्रकाशन स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पत्रिका/पुस्तक | वर्ष | अङ्क | साल | महिना | पृष्ठ |
| १ | सिक्किमतिर | **उत्साह** | ८ | .. | २०४३ | फागुन | २१-३० |
| २ | मैले हिड्ने बाटोमा मैलै नै नटेकी | **आँकुरा** | २ | २ | २०४९ | कात्तिक | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कसरी हिँडन सकौ | | | | | | |
| ३ | फिदिममूक निर्जन छ | **ललिता** | १ | १ | २०४९ | फागुन | ७९ |
| ४ | द्रोण ! तिम्रो मृत्युमा मेरो नियमापत्ति छ | **द्रोणाचार्य** | | | २०५१ | भाद्र | ३४१-३४३ |
| ५ | क) फर्की हेर्छु हिँडेको म पाइलै देख्दिन | **कविता** | | | २०५२ | साउन, भदौ, असौज | ५६ |
| | ख) खुसीखुसी छु आज एक्लै हाँसीरहेछु | **कविता** | | | २०५२ | साउन, भदौ, असौज | ५६ |
| ६ | यसरी हुँदैछ- नेपाली गजल सम्पादन | **मधुपर्क** | ३० | ६ | २०५४ | कार्तिक | ५६ |
| ७ | काँढा/माटो (दुई छोक) | **सिन्धुमिलन** | | | २०५४ | | १२४ |
| ८ | कहीँ झुप्राहरूमा ... | **युगसंस्कृति** | | | २०५५ | कार्तिक | १०२ |
| ९ | हामी, प्रजातन्त्र र साहित्य | **समकालीन साहित्य** | ११ | २ | २०५७ | माघ-चैत | १६६-१७२ |

विजय सुब्बाले यस चरणमा रचना गरेका गीतहरूमा सामन्तवाद र त्यसले नेपाली समाजमा गरेको शोषणको विरोध गरेका छन् । सुब्बाले सामन्तीहरूको शासन समाप्त गर्न जनता भावनात्मक रूपमा एक भई क्रान्ति गर्नुपर्ने विचार व्यक्त गरेका छन् । यसरी उनले साम्राज्यवाद र विस्तारवारको समेत विरोध गरेका छन् । क्रान्तिमा लाग्दा ज्यान गुमाएका सहिदहरूप्रति उच्च सम्मान व्यक्त गरेका छन् । उनीहरूको सद्प्रेरणाले क्रान्तिकारीहरूको बाटो खनिएकाले चाँडै नै देशबाट शोषकहरू समाप्त हुने दृढता सुब्बाले व्यक्त गरेका छन् । यस चरणमा लिखित तथा प्रकाशित सुब्बाका गीतहरूमा संस्कृतिको संरक्षण गरिनुपर्ने विचार व्यक्त भएको छ । नेपाली वीर पुर्खाहरूको बलिदान र साहसले देशको अस्मिता जोगिएको विचार सुब्बाले व्यक्त गरेका छन् । विजय सुब्बाले यस चरणमा लेखिएका गीतहरूमा नेपाली जनभावना प्रतिविम्बित भएको पाइन्छ । सुब्बाले यसै चरणमा लेखेका गजलहरूमा समसामयिक नेपाली राजनीतिमा देखिएका विकृतिहरूको चित्रण गरिएको छ । उनले भ्रष्टाचारको विरोध गर्नुका साथै जनताको पीडाको पनि चित्रण गरेका छन् । सुब्बाले आफ्ना गजलमा आफ्नै जीवनका पीडाहरूलाई आत्मपीडाका रूपमा पनि चित्रण गरेका छन् । सुब्बाले यस चरणमा कविता र निबन्ध ज्यादै कम सङ्ख्यामा रचना गरेका छन् । यसै चरणमा सुब्बाले समालोचना विधामा पनि कलम चलाएको पाइन्छ ।

विजय सुब्बाद्वारा वि.सं.२०४१ सालमा प्रकाशित **बस्तीका सङ्गम सुसेलीहरू** गीतसङ्ग्रह सुब्बाको एउटा क्रान्तिकारी दस्तावेजका रूपमा रहेको छ । यस कृतिभित्र रहेका सुब्बाका गीतहरूले देशभक्ति, मानवतावाद, स्वतन्त्रता, संस्कृतिको रक्षा, दीनदुःखीहरूप्रतिको सहानुभूति आदिलाई व्यक्त गरेका छन् । उनले शोषणयुक्त समाजमा क्रान्ति गरेर शोषणमुक्त समाजको स्थापना गर्नुपर्ने मूल अभीष्ट लिएका  छन् । यसै चरणमा प्रकाशित **विजय सुब्बाका गीत र गजलहरू** कृतिमा सङ्कलित गीत र गजलहरूले समसामयिक युगीन परिस्थितिको चित्रण गर्नुका साथै सर्वहारा वर्गको अदम्य साहस बढाएका छन् । उनले लेखकहरूको कलम निरन्तर रूपमा अगाडि बढिरहने दृढता समेत व्यक्त गरेका छन् । सुब्बाका यस चरणका रचनाहरूले कोमलता, सम्वेद्यता, भाषिक सरलता, अभिव्यक्तिको स्पष्टता र वैचारिक नवीनतालाई बोकेको देखिन्छ । यस चरणका गीतहरूले सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उच्च स्थान प्राप्त गरेका छन् । वर्तमान युगको मागलाई आत्मसात् गरेर गजल लेख्ने गजलकारहरूमध्ये सुब्बा अग्र पङ्क्तिमा रहेको देखिन्छ । सुब्बाका गीत र गजलमा नेपाली ग्रामीण परिवेश, समाज र राष्ट्रका भावनाहरू समेटिनुका साथै राष्ट्रप्रेमी भावना, जनसंस्कृति प्रतिको मोह, समसामयिक चिन्तन, राजनीतिक तथा सामाजिक विकृतिप्रति व्यङ्ग्य, नातावाद, कृपावाद, आदिको सजीव चित्रण गरिएको छ । यस चरणमा सुब्बाका गीत र गजलहरू वैचारिक रूपले स्पष्ट र गुणात्मक दृष्टिले उच्च रहेका छन् । सुब्बाले यस चरणका रचनामा प्रगतिवादी चिन्तन व्यक्त गरेका छन् । भाषिक दृष्टिले यस चरणमा रचना गरिएका गीत र गजलहरूमा विम्ब, प्रतीक र अलङ्कारको सबल प्रयोग गरिएको छ ।

### ३.५.२ दोस्रो चरण (वि.सं.**२०५८ सालदेखि हालसम्म**)

साहित्यकार विजय सुब्बाको साहित्ययात्राको उत्तरार्द्ध चरणको थालनी **अराजक अक्षरहरू** (२०५८) कृतिको प्रकाशनसँगै भएको हो । सुब्बाले यस चरणमा **अराजक अक्षरहरू** कवितासङ्ग्रह र **ज्ञानी** बालगजलसङ्ग्रह समेत प्रकाशन गराएका छन् । सुब्बाको **अराजक अक्षरहरू** कृतिमा छैसट्ठीओटा कविताहरू सङ्कलित छन् । उनको **ज्ञानी** बालगजलसङ्ग्रहमा बिसवटा गजलहरू सङ्कलित छन् । यसका अतिरिक्त सुब्बाले यस चरणमा विभिन्न फुटकर गीत, गजल, कविता, निबन्ध र समालोचनात्मक लेखहरू प्रकाशन गराएका छन् ।

**दोस्रो चरणमा फुटकर रुपमा प्रकाशित रचनाहरुको सूची**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | पीडालाई पिएर कहाँ हुने रैछ | **मुक्ति मोर्चा** | 28 | 18 | 2058 | वैशाख-असार | ११ |
| २ | चाहिँदो कुरा बोल्दा धेरै बोले जस्तो हुने | **मिर्मिरे** | 30 | 5 | 2058 | भदौ | ४४ |
| ३ | मुख छाडे मनपरी गल्ती भयो अनजानमा | **सङ्कल्प** | 29 | - | 2058 | असोज-कार्तिक | ३७ |
| ४ | यहाँ दुख्छ दुखेरै त सँधै भरि दुख्छ | **नेपाली गीतसङ्ग्रह** | - | - | 2059 | वैशाख | २२६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | क)अति नै भयो अब त बक्बक् नगरे हुन्थ्यो | **वेदना** | 29 | 1 | 2059 | असार | २५ |
| ६ | ख) के गर्नु मेरो रगतै पानी भएपछि | | | | | | |
| ७ | ल ठिकै छ गाली नै गरे अरे सही दिँदा पो के हुन्थ्यो | **भानु** | 39 | 1 | 2059 | साउन | ४४ |
| ८ | आज पनि एउटा बन्दुकले मार्‍यो रे अर्कालाई | **फूलबारी** | 1 | 1 | 2059 | साउन | ६८ |
| ९ | नेपाली गजल लेखनमा देखिएका द्विविधाहरू | **मधुपर्क** | 35 | 8 | 2059 | पुस | ३७-४४ |
| १० | दार्जिलिङ्ग चिसो रहेछ | **समष्टि** | 23 | 4 | 2059 | माघ-फागुन | २२-२६ |
| ११ | गजलबारे साहित्य-परिचयको भ्रम | **स्पेसटाइम** | - | - | 2060 | वैशाख ६ शनिवार | - |
| १२ | तिम्रो सामु पर्दा खेरि किन घटेजस्तो लाग्छ | **शब्दाङ्कुर** | 2 | 11 | 2060 | भदौ | ३३-३४ |
| १३ | क) मनु बाज्राकी | **शिवपुरी सन्देश** | 9 | 25 | 2060 | असोज | ८७ |
| १४ | ख) राजनीतिक कार्यकर्ता | **शिवपुरी सन्देश** | 9 | 25 | 2060 | असोज | ८७ |
| १५ | ग) गद्दारहरू | **शिवपुरी सन्देश** | 9 | 25 | 2060 | असोज | ८७ |
| १६ | क) यस्तै हुन्छ भनेर पहिले नै देख्न नसक्नेहरू | **संस्कृति** | - | 5 | 2060 | असोज | ८५-८६ |
| १७ | ख) हुनै थियो यो उल्टो गमन बेलैमा नहेरेपछि | **संस्कृति** | - | 5 | 2060 | असोज | ८६ |
| १८ | बडा गल्ती गरिएछ, कमाउन लजाएर | **रातो झन्डा** | 2 | 1 | 2060 | कार्तिक | १०१ |
| १९ | मरिरहेछन् सत्ताको नाउँमा बुद्धिमानहरू | **दोलखाली आवाज** | 1 | 1 | 2060 | मङ्सिर | ७८ |
| २० | केही गरुँ कि त भन्दा नाता भित्र परिन म | **शब्दाङ्कुर** | 3 | 2 | 2060 | मङ्सिर | ८ |
| २१ | यति राम्रो अनुहारका तिमी जाली हुन पो के बेर | **गरिमा** | 22 | 1 | 2060 | पुस | ९ |
| २२ | ठीक छ छोप लाजहरू छोप छोप्छौ कैलेसम्म | **NESAJ PATRA** | भोल्यूम-५ | | 2060 | - | ५८ |
| २३ | मोती अजीको मृत्यु | **मोतीदेवी** | - | - | 2060 | | ५२-५७ |
| २४ | काठमाडौँका विरुद्धमा | **नोबेल** | 2 | 2 | 2060 | | ७-९ |
| २५ | क) अन्तिम प्रतिस्पर्धा | **अक्षलोक** | पूर्णाङ्क २४ | | 2060 | | ५९ |
| २६ | ख) प्रश्न | **अक्षलोक** | पूर्णाङ्क २४ | | 2060 | | ५९ |
| २७ | मैले मायाको भाका बोल्दा किन हो तिमी सधैं झोकिन्छौ ? | **शब्द-संयोजन** | 1 | 1 | 2061 | वैशाख | ३५ |
| २८ | न त रुन मिल्छ मलाई न त मलाई हास्नै मिल्छ | **पँलास** | 2 | 2 | 2061 | वैशाख-जेठ | ५१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २९ | स्वागत नेपालको धमिराको दरबार | **शब्द-संयोजन** | 1 | 3 | 2061 | असार | २३-२४ |
| ३० | बुँद रानाको रातो मलाई प्यारो मा पाइने राजनीतिक चेतना | **तन्नेरी** | 26 | 1 | 2061 | वैशाख-असार | ७४ |
| ३१ | रात पनि ऐठन परेको रातमा | **समष्टि** | 24 | 6 | 2061 | जेठ-असार | ३७-३८ |
| ३२ | उही बाढी उही भेलमा राजनेता विरुद्धको भेल | **गुञ्जन** | 7 | 4 | 2061 | असार | ४८-५६ |
| ३३ | नयाँ पुस्ताको गजल लेखनबारे | **पँलास** | 2 | 1 | 2061 | असार-साउन | ९ |
| ३४ | खण्डहर नयाँनयाँमा असन्तुष्ट ज्ञानुवाकर पौडेल | **मिर्मिरे** | 33 | 4 | 2061 | साउन | ५४-६५ |
| ३५ | भर्मन्ट अमेरिकाको सुन्दर राज्य ! | **गरिमा** | 26 | 5 | 2061 | भदौ | ४४-४७ |
| ३६ | जूनुमामा बालगजल सङ्ग्रहका केही सन्देशहरू | **ज्योति** | 1 | - | 2061 | भदौ | ३५-४१ |
| ३७ | कसरी लेखिनुपर्छ बालगजल ? | **शब्द-संयोजन** | 1 | 6 | 2061 | असोज | ३९-४० |
| ३८ | धाराबासीको आधाबाटो हिँडेपछि | **रचना** | 44 | 81 | 2061 | कार्तिक-मङ्सिर | ३८-४४ |
| ३९ | देशको माटो दुख्ने गर्छ गजलसङ्ग्रहमा तूफानका आवाजहरू | **जनमत** | 21 | 11/12 | 2061 | पुस | १५-२१ |
| ४० | आँसुको सौगातमार्फत श्रेष्ठ प्रिया पत्थरका गैरशृङ्गारिक भावहरू | **दीपशिखा** | 15 | 9 | 2061 | वसन्त पञ्चमी | ६१-७५ |
| ४१ | अवरुद्ध गलाहरूभित्र बालकृष्ण रेग्मी | **अवरुद्ध गलाहरू** | | | 2061 | माघ | १५-१७ |
| ४२ | वासिङटनडिसीका केही छाप | **मिर्मिरे** | 33 | 11 | 2061 | फागुन | ५४-५८ |
| ४३ | फेरि एकचोटी हामीले ढाँट्यौ सड्कलाई | **अयन** | 1 | 2 | 2061 | कार्तिक-चैत | ४० |
| ४४ | जो भएपनि ठूला जातबाट सेपिन्छन यिनीहरू | **दलित** | 1 | 7 | 2061 | चैत | ५३ |
| ४५ | कनेक्टिकमा तीन दिन | **गरिमा** | 23 | 4 | 2061 | चैत | १६-२२ |
| ४६ | अञ्जुलाई शुभकामना | **च्यातिएर वर्तमान** | - | - | 2061 | ( | ( |
| ४७ | सहिद रगतको टीका लाएर | **वनिता** | 6 | - | 2061-062 | फागुन-वैशाख | ४० |
| ४८ | उज्जल जी.सी.का गजलमा राजनीतिक चेतना | **मिर्मिरे** | 34 | 10 | 2062 | माघ | ६०-६८ |
| ४९ | सबथोक सम्हालने चीज झन्डा नै रहेछ | **नवप्रज्ञापन** | 13 | 3 | 2062 | फागुन | ३५ |
| ५० | टी.आर सरलाई मैले मात्र सम्झेको छुइँन होला | **टीकाराम जोशी स्मृति ग्रन्थ** | - | - | 2062 | ( | २२-२७ |
| ५१ | साला नेपालीहरू | **धनकुटाको आवाज** | 1 | 1 | 2063 | जेठ | १२०- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (बदमासहरूलाई) | | | | | | १२१ |
| ५२ | कुराभन्दा टाढाटाढा अर्कै काम गरेपछि | **समकालीन नेपाली साहित्य** | 6 | 3 | 2063 | असार | ५३ |
| ५३ | वर्तमान झल्काउने गजलहरू | **मधुपर्क** | 39 | 11 | 2064 | चैत | ३२-३३ |
| ५४ | तिमी गर्दछौ प्रेममा लाजले आँखा झुकेको कुरा | **ई समकालीन नेपाली गजल** | | | 2064 | असार | १३७ |
| ५५ | यहाँ को छन् र गोरा भन्नु कालै कालाहरू | **शारदा** | 1 | 6 | 2064 | असार | ४५ |
| ५६ | समकालीन नेपाली गजलमा देखिएका मूल प्रवृत्तिहरू | **नेपाली गजल विगत र वर्तमान** | - | - | 2064 | मोती जयन्ती | ११२-१४२ |
| ५७ | एक सय एक रहरहरू रहरहरू मात्र हैनन् | **एक सय एक रहरहरू** | - | - | 2064 | असोज | ( |
| ५८ | हामी नेपाली | **हाम्रो नेपाली** (७) | - | - | 2064 | ( | ८१ |
| ५९ | यसरी टुरिन पुगियो | **गरिमा** | 26 | 5 | 2065 | वैशाख | २७( घज्ञ |

यस चरणमा साहित्यकार विजय सुब्बाले पूर्ववर्ती चरणमा आरम्भ गरेको फुटकर कविता तथा छोक रचनालाई उर्वर बनाएका छन् भने गीत, गजल, निबन्ध र समालोचना लेखनलाई निरन्तरता दिएका छन् । सुब्बाले यस चरणका कविताहरूमा २०४६ सालपछि नेपाली राजनीतिमा देखिएका विकृति, भ्रष्टाचार, महँगी, नातावाद, कृपावाद आदिको चित्रण गरेका छन् । पूर्ववर्ती चरणमा गीत र गजलहरू मार्फत व्यक्त भएको देशभक्तिको महिमा गायनलाई उनले यस चरणमा कवितामार्फत पनि निरन्तरता दिएका छन् । सुब्बाले आफ्ना कविताहरूमार्फत जातीयताको समर्थन गर्ने प्रवृत्ति देखाउनुका साथै सामाजिक शोषणको कडा विरोध गरेका छन् । सुब्बाले यस चरणमा बालसाहित्य तर्फको उन्मुखता पनि देखाएका छन् । बालमनोविज्ञानलाई ख्याल गरेर सिर्जना गरिएका वीसवटा बालगजलहरूको सङ्ग्रह यसै चरणमा प्रकाशित भएको छ । उनको बालसाहित्यप्रतिको मोहस्वरूप देखिएको यो कृतिको बालसाहित्यिक दृष्टिले विशिष्ट महत्त्व रहेको छ । सुब्बाले पूर्ववर्ती चरणमा रचना आरम्भ गरेका गीत, गजल, निबन्ध र समालोचनाले यस चरणमा अगाडि बढ्ने मौका पाएपनि गीत सम्बन्धी कुनै कृति प्रकाशित भएको देखिदैन् । गजल लेखनको पूर्व परम्परालाई पनि सुब्बाले अगाडि बढाउनुका साथै आफ्ना गजलहरूमा नातावाद, भ्रष्टाचार तथा छुवाछुत प्रथाको विरोध गर्नुका साथै समाज परिवर्तनको चाहना व्यक्त गरेका छन् । सुब्बाले यस चरणका रचनाहरूमार्फत न्यायप्रेमी समाजको स्थापनामा जोड दिएका छन् । पूर्वार्द्ध चरणमा देखाएको प्रकृतिप्रेमसम्बन्धी प्रवृत्तिलाई यस चरणमा पनि सुब्बाले निरन्तरता दिएका छन् । समयको ख्याल गरेर पढ्न सजिलो हुने छोक रचना गर्नु सुब्बाको यस चरणको महत्त्वपूर्ण प्रवृत्ति हो ।

साहित्यकार विजय सुब्बाले रचना गरेका यस चरणका निबन्धहरूमा आफ्ना यात्रानुभावहरूलाई समेटेका छन् । उनले विदेश भ्रमणका क्रममा प्राप्त गरेका अनुभवहरूलाई निबन्धका विषय बनाएका छन् । उनले लेखेका निबन्धहरू यात्रासंस्मरण र स्मृतिमा केन्द्रित छन् । भारत र युरोपका विभिन्न ठाउँहरूमा घुम्दाका महत्त्वपूर्ण

घटनाहरूलाई सुब्बाले आफ्ना निबन्धहरूमा समेटेका छन् । त्यसैगरी उनले आफ्ना अग्रज तथा महत्त्वपूर्ण व्यक्तित्वहरूको निधनलाई विषय बनाएर निबन्ध रचना गरेको पाइन्छ । सुब्बाले यस चरणमा समालोचनात्मक लेखहरूको समेत रचना गरेका छन् । उनी यी लेखहरूमार्फत प्रभाववादी समालोचकका रूपमा देखिएका छन् । उनले विशेषतः गजल, निबन्ध र उपन्यास जस्ता साहित्यका विधा तथा उपविधामा केन्द्रित भएर समालोचना लेखेका छन् । यसमध्ये उनका अधिकांश समालोचनात्मक लेखहरू गजलको सैद्धान्तिक र कृतिगत व्याख्यामा नै केन्द्रित रहेका छन् ।

## ३.६. निष्कर्ष

विजय सुब्बाको दुवै चरणको अध्ययनबाट यिनी प्रत्येक चरणमा कवितात्मक परिष्कृतितर्फ अग्रसर देखिएका छन् । कविताका तत्त्वका आाधारमा कवि सुब्बाका कविता प्रत्येक चरणमा भिन्न देखिएका छन् ।

पहिलो चरणका कविताहरूले कविको आफ्नो परिवेश र राष्ट्रलाई विषयक्षेत्र बनाएका छन् भने दोस्रो चरणका कविताहरूको विषयक्षेत्र राष्ट्रदेखि अन्तराष्ट्रसम्म फिजिएको देखिन्छ । विधागत आधारमा कवि किरणले पहिलो चरणमा मुक्तक प्रभृतिका छोटा कविताहरूको रचना गरेका छन् । त्यसैगरी यसै चरणमा गीतिलयमा आधारित कविताहरू पनि रचना गरेका छन् तर त्यसलाई स्पष्टरूपमा केही मुक्तकहरू भनी शीर्षक नै किटान गरेका छन् । हुनत यस चरणमा छोटा कविता रचना नभएका होइनन् तर पहिलो चरणमा मुक्तकको गुणले युक्त सिर्जनालाई पनि कविताभित्र समावेश गरिएको छ भने दोस्रो चरणमा कविता र मुक्तकलाई भिन्नाभिन्नै राखिएको छ । भावगत आधारमा पनि क्रमशः विस्तार भएको देखिन आउँछ । विषयवस्तु पनि विस्तार भई समाज, राष्ट्र हुँदै अन्तराष्ट्रिय परिवेशसम्म फिँजिन पुगेको देखिन्छ । भाषाशैलीको पनि चरणगत रूपमा सुगठित बन्दै गएको पाइन्छ । विषयवस्तु अनुरूपको भाषा तथा शब्द संयोजन गर्ने प्रौढता कवि किरणको प्रत्येक चरणमा देखिएको भिन्नता हो । विम्ब प्रतीकको संयोजनले पहिलो र दोस्रो चरणमा क्रमशः बिस्तार हुँदै गएको छ । उद्देश्यको आधारमा किरणका दुवै चरणका कविताहरूले समाज हितको अपेक्षा राखेको देखिन्छ । मान्छेले पाएको दुःख, मान्छे मान्छेबीचको असमानता, मान्छेले मान्छेमाथि गरेको शोषण, अन्याय, अत्याचार आदिको उजागर गर्दै समानता र भाइचाराको सम्बन्ध स्थापित गर्नु कविका कविताहरूको मुख्य उद्देश्य रहेको छ।

## चौथो परिच्छेद

# विजय सुब्बाका कविताहरुको अध्ययन

प्रस्तुत शोध पत्रको चौथो परिच्छेद विजय सुब्बाका कविताहरुको अध्ययनसँग सम्बन्धित रहेको छ । यसमा सुब्बाका शीर्षकमावस्तीका सङ्गम सुसेली, विजय सुब्बाका गीत तथा गजलहरु, अराजक अक्षर र ज्ञानी बाल गजलसङ्ग्रहको अध्ययन कविता तत्त्वका आधारमा अध्ययन गरिएको छ ।

## ४ विषय परिचय

साहित्यकार विजय सुब्बा (वि. सं.२०१५) नेपाली साहित्य जगत एवं देश र समाजका एक विशिष्ट प्रतिभावान व्याक्तित्व हुन । उनले नेपालीसाहित्यमा कविता, मुक्तक, गजल, छोक (छोटाकविता) निबन्ध, संस्मरण, अनुवाद आदिका क्षेत्रमा कलम चलाएको पाइन्छ उनको विं.सं.२०५८ सालमा अराजक अक्षरहरूनामक कविता संग्रह छापिएको पाइन्छ । उनको यो कविता संग्रहमा ६६ ओटा कविता छापिएका छन् । जसमा दुईखण्ड राखिएको छ । प्रथम खण्ड र द्वितीय खण्ड प्रथम खण्डमा लामा कविता छापिएका छन् भने द्वितीय खण्डमा छोटा खालका कविता छापिएका छन् । उनका कविता गीत वा गजलका माध्यमद्वारा निरङ्कुश पञ्चायती कालमा अध्यारो चिर्ने झिसमिसेको भाले जस्तै भई उदाएर निस्केको पाइन्छ । निरङ्कुश व्यवस्थाविरुद्ध संघर्षको मैदानमा संमृद्ध र सुखी नेपाल नाचिरहेको लक्ष्य भेट्नकानिम्ति उनी जस्तासुकै कष्ट सहन र आत्मबलिदान दिन पनि तयार भए । चुटाई,पिटाई,रोग, भोक, शोक जेलनेल जनताको त्यस सघन तपस्याले २०४६ जन्मायो । नयाँ संविधान बन्यो चुनावहरू हुदै गए तर देशको दुर्भाग्य जनताका सपनाहरू मरुभूमिमा रोपेका विरुवाजस्तै भए ।

## ४.१वस्तीका संगम सुसेलीहरु गीतसङ्ग्रहको विश्लेषण

### ४.१.१ विषय परिचय

वस्तीका संगम सुसेलीहरु कवि विजय सुब्बाको पहिलो गीतसङ्ग्रह हो जसलाई २०४१मा पहिलो प्रकाशन गर्दा विजय सुब्बाका **वस्तीका संगम सुसेलीहरु** (२०४१) नामले प्रकाशन गरिएको थियो । यस गीतसङ्ग्रहमा लघुतम रूपदेखि लघु रूपसम्मका विभिन्न गीतकारहरुका गीतहरु सहित सुब्बाका गीतहरू समावेश गरिएका छन् ।

### ४.१.२. विषयवस्तु

यस गीतसङ्ग्रहको विषयवस्तुका रूपमा रहेको भावको विकास र विस्तारलाई मूलभावको रूपमा प्रस्तुत गरिएको छ । गीतको विषयअनुसार नै यसले कस्तो किसिमको भाव प्रकट गर्न खोजेको हो भन्ने कुरा स्पष्ट हुन आउँछ । गीतको सुरुवातमा भावको प्रतिपादन, मध्यभागमा उत्थान र अन्त्यभागमा निष्कर्षको प्रस्तुति देख्न पाइन्छ । जसलाई निम्नलिखित तालिकामा स्पष्ट रूपमा विभाजन गरिएको छ :

**हिमाली हावाको सन्देश**

शोषणको दमनमा परेका गरिब जनताहरूको जीतको हावा हिमालमा सुसाउन थालेको भाव व्यक्त छ ।

**एक भै जुट्छौं**

सामन्तीहरूको कुकार्य समाप्त गर्न, मुक्तिको बाटो पहिल्याउन, जनताको हक र इज्जत लिन गरिवहरू एकजुट भएर उठ्दछौं भन्ने भाव दर्शाइएको छ ।

**आमाको आह्वान**

विदेशी सेनामा गएको छोरालाई आफ्नै देशमा आइ शोसकहरूको शासन अन्त्य गर्न आमाको आह्वान सहितको भाव समेटिएको छ ।

**माझीदाइ**

यथास्थितिमा दयनीय जीवन भोगिरहेका नेपाली जनतालाई उठ्न माझीदाइका माध्यमद्वारा आह्वान व्यक्त गरिएको छ ।

**सङ्घर्षमा जुट्नुहोस्**

शोषणको अन्त्य गर्न सबै शोषितहरूलाई सङ्घर्ष गर्नु पर्ने अनुरोध व्यक्त गरिएको छ ।

**बहिनीको आह्वान**

गाउँघरमा अत्याचार बढेकाले विदेशबाट आइ समाजको अत्याचार हटाउन बहिनीले दाजुलाई अनुरोध गरेको भाव व्यक्त छ ।

**सहिदको सम्झनामा**

शोषणको विरोध गर्दागर्दै जीवन गुमाएका स्व. फणिन्द्रको सपना पूरा गर्ने अठोट गरिएको छ ।

**एउटै माला नगाँसी नछाड्ने**

पहाड र मधेशका मजदुर तथा किसानहरूलाई एकताबद्ध गराई अत्याचारमुक्त समाजको स्थापना गर्ने उद्घोष व्यक्त छ ।

**घरघरमा जाउँ है कुरा बुझाउन**

सामन्तीहरूको शोषणको अन्त्य गर्न जनचेतना जगाउनु पर्ने हुनाले सबै साथीहरूलाई घरघरमा चेतनाको सन्देश लिएर जान आह्वान गरिएको छ ।

**खेतवारी आफ्नै नपारेसम्म त्यो हाम्रो हुँदैन**

गरिब परिश्रमी जनताका नाममा शोषकहरूका खेतवारी नपारेसम्म समानतामूलक समाजको स्थापना नहुने भाव व्यक्त छ ।

**सुखी दिन आउँदैन ज्यानको मायाले**

ज्यानको माया गरेर सुखी दिन नआउने हुनाले निडर भई सङ्घर्षको मैदानमा उत्रिन सबैसँग आह्वान गरिएको छ ।

**मर्नै छ भने युद्धमा मरौँ**

जीवनको क्षणभङ्गुरतालाई स्वीकार्दै देश र समाजकै लागि यो नासवान शरीर बलिदान गरौँ भन्ने भाव व्यक्त छ ।

**चरीलाई**

समाजमा अत्याचार बढेकाले चराले सम्म बसाइँ हिड्ने अठोट गरेको भन्दै गाउँ छोड्नुभन्दा एकजुट भएर न्याययुक्त समाजको निर्माण गर्नु पर्ने भाव व्यक्त छ ।

**पक्कै सङ्घर्षले ल्याइन्छ**

अन्यायले ढाकेको समाजमा चामल बोकेको भरिया खान नपाई मरेकाले समानतायुक्र समाजको स्थापना सङ्घर्ष गरेर ल्याउनु पर्ने भाव व्यक्त छ ।

**मुक्तिको गीत**

प्रवासी बनाउन बाध्य पार्नेहरूलाई चेली र माइती मिलेर समाप्त पार्नु पर्ने भाव व्यक्त छ ।

**खोजी हेर**

जनताको शक्ति एकमुष्ट भएर देशघातीमाथि प्रहार हुन लागेको भाव व्यक्त छ ।

**पिस्करका सहिदहरूलाई**

न्यानोप्रेम समाजको स्थापनामा ज्यान गुमाएका सहिदहरूको सपना पूरा गरेर छोड्ने अठोट व्यक्त छ ।

**किरण झरेपछि**

नेपाली जनताको गरिवीरूपी मनको रोग चेतनाको उन्नति सँगै समाप्त हुने भाव व्यक्त छ ।

**फर्क हे फर्क**

विदेश गएर श्रम खर्च गर्नुभन्दा स्वदेशकै विकास र उन्नतिमा लाग्न विदेश गएका युवाहरूलाई अनुरोध गरिएको छ ।

**एउटा गरिब**

गरिबले सुखका दिन प्राप्त गर्न सङ्घर्षमा लागि हातेमालो गर्दै अगाडि कसैको केही सीप नचल्ने भाव व्यक्त छ ।

**जनताको शक्ति हुन्छ अपार**

जनताको शक्ति अविजेय हुने हुनाले यो शक्तिका अगाडि कसैको केही सीप नचल्ने भाव व्यक्त छ ।

**यी दानीबाट नगरौँ आस**

परिश्रमी जनताहरूले समान्तीहरूबाट केही पनि आस नगरी सुदिन ल्याउन सङ्घर्ष गर्नुपर्ने भाव व्यक्त छ ।

**नयाँ किरण छिर्ला**

गाउँघर शोषणको आँसुमा डुबेकाले यो प्रथा समाप्त गर्न दिन कुनै बेला अवश्य आउने आशावादी भाव व्यक्त छ ।

**बाटो छैन कि ?**

गरिवका लागि जहाँ गए पनि दुःखै दुःख हुने हुनाले यस्तो स्थिति हटाई सुख भित्र्याउने उपायको खोजी गर्ने प्रयास गरिएको छ ।

**बादल जस्तै म**

विगतको जीवन सिथिल भएर बितेपनि अबका दिन गतिशील भएर भोग्नु पर्ने भाव व्यक्त छ ।

**चार दिशैबाट जुटौं है**

सामन्तीहरूको भलो गर्ने ऐन कानुन फेर्न चारैदिशाबाट सबै उठ्नु पर्ने भाव व्यक्त छ ।

**ती दिदी**

पौष्टिक तत्त्वयुक्त खाना खान नपाएर दुब्लाएकी नेपाली चेलीलाई शोषणको विरोध गर्न आह्वान गरिएको छ ।

**के मनले बुझाउने ?**

सामन्तीहरूले बस्ती मासिदिएकाले गरिबको मन शान्त नभएको भन्दै एकदिन यो प्रथाको अन्त्य भएरै छाड्ने उद्घोष व्यक्त छ ।

**हलीदाइको गीत**

हलीदाइमा पनि सामन्तीको विरोध गर्ने चेतना आइसकेको भाव व्यक्त छ ।

**माइतीको माया**

मातृवात्सल्यता र जन्मभूमिलाई कहिल्यै पनि नबिर्सने एउटी चेलीको मनोभाव व्यक्त छ ।

**फेरिलाई फर्कन्न**

मान्छे भएर जन्मेपछि शोषणका विरुद्ध लड्नै पर्ने हुनाले सपुतहरू मरेर पनि बाँचेको भाव व्यक्त छ ।

**अरुको भर पर्दै नपर**

शोषकहरूले सधैं जनतालाई अज्ञानतामा राखेर फाइदा लिने हुनाले उनीहरूको भर पर्न नहुने भाव व्यक्त छ ।

**अमरफूलहरूको सन्देश**

सामन्तीहरूको विरोध गर्दा ज्यान गुमाएका अग्रजहरूले देखाएको बाटोमा  सबैले हिड्नु पर्ने भाव व्यक्त छ ।

**हामी भन्छौँ**

संसारभर श्रमिकहरू न्याय प्राप्तिका निम्ति उठिरहेकोले अब नेपाल आमाको पनि अस्तितत्व रक्षा हुने भाव व्यक्त छ ।

**मिलेमा कस्ले के गर्छ** ?

सर्वहारा वर्गहरू एक आपसमा मिलेर न्याययुक्त समाजको स्थापनामा लागे कसैको केही सीप नचल्ने भाव व्यक्त छ ।

यसरी **वस्तीका संगम सुसेलीहरुका** गीतहरूको विषयवस्तुका आधारमा मूलभाव प्रस्तुत गरिसकेपछि विभिन्न विषयमा आधारित गीतहरूका पङ्क्तिलाई तल प्रस्तुत गरिएको छ । उनका गीतहरु राजनीतिक, सामाजिक, प्राकृतिक, धार्मिक, राष्ट्रभक्तिपरक, जातीय पहिचान, प्रेमपरक आदि विषयमा आधारित रहेका छन् ।

निष्कर्षमा यस गीतसङ्ग्रहका अधिकांश गीतहरू समसामयिक युगबोध, अस्तित्वबोध, समाजप्रति समर्पित देखिन्छन् । समाजमा व्याप्त अन्याय, अत्याचार, भ्रष्टाचार, विकृति, विसङ्गति शोषण, दमन, नातावाद जस्ता कुराको विरोध स्वरूप रचना भएका यस सङ्ग्रहका गीतहरूले एउटा नयाँ व्यवस्थाको आकाङ्क्षा राख्दै पुरानो शाषकीय सत्ताको अन्त्यको कामना गरेको देखिन्छ । जातीय, मानवतावादी, सामाजिक, धार्मिक, सांस्कृतिक, प्रेमपरक, आर्थिक, समसामयिक विषयलाई अगाडि सार्दै देखापरेका गीतहरूले गरिबीको उन्मूलन गर्दै एउटा स्वस्थ्य समाजको निर्माण गर्नुपर्ने विषयमा जोड दिएका छन् । कविले भोगेका, देखेका, अनुभव, गरेका विषयहरू नै कतिपय ठाउँमा देखिन आउँछन् । कविको तत्कालीन उमेरको प्रभावले गर्दा पनि होला गीतमा युवा जोश र जाँगरका आवाजहरू प्रस्ट देख्न सकिन्छ । समाजको व्यवस्थाप्रति कतै-कतै गीत निराश देखिए पनि त्यहाँबाट उत्साह प्रादुर्भाव गराउन गीतहरू सफल देखिन्छन् ।

### ४.१.४  मूल भाव विचार

सुब्बाको **वस्तीका संगम सुसेलीहरुगीत**सङ्ग्रहमा नेपाली समाजले भोगेका व्यक्ति विशेषका इच्छा, आकाङ्क्षा र चाहनालाई अभिव्यक्त गर्न केन्द्रित देखिन्छ ।विजय सुब्बाले **वस्तीका सङ्गम सुसेलीहरू** गीतसङ्ग्रहमा सङ्कलित गीतहरूमा सामन्तवादको विरोधलाई मुख्य विषय बनाएका छन् । उनले आफ्ना गीतहरूमार्फत परिश्रमी जनताको पसिना चुसेर मोटाएका सामन्तवादका नायिके र त्यसका आसेपासेहरूका कार्यशैलीप्रति असहमति

जनाएका छन् । सुब्बाले देश कङ्गाल अवस्थामा रहनुका पछाडि सामन्तवादको मुख्य जिम्मेवारी रहेको विचार व्यक्त गरेका छन् । सामन्तीहरूले जनता चुस्ने ऐन बनाएकाले त्यो सामाजिक थितिका रूपमा स्थापित भई समाजमा जताततै जरा गाडिसकेकाले त्यस्तो प्रथाको समूल अन्त्य गर्नुपर्ने चाहना व्यक्त गरेका छन् । उनले समानताको हकलाई सामन्तीले बदलेर असमान बनाएको, परिश्रमी जनताजस्तो कडा परिश्रम नगर्ने सामन्तीहरू नै माथि परेको तथा सत्य र साँचो जीवन भोग्ने गरिव नै मर्नुपरेको तत्कालीन सामन्तवादी समाजको यथार्थ चित्रण यसरी गरेका छन् :

चन्द्रमाले बादललाई ढल्किढल्कि हेऱ्यो

सबै बाँच्ने चलनलाई सामन्तीले फेर्यो

आज पनि हामीमाथि सामन्ती नै पर्छ

साँचो सत्य गरी खाने जीवन नै मर्छ *(घरघरमा जाउँ है कुरा बुझाउन,* पृष्ठ २१)

सुब्बाले सामन्तीहरूले बनाएको विभेदकारी ऐनलाई फेरेर जनताले सुखी दिन ल्याउनु पर्ने आवश्यकता रहेको तर्क पेश गर्दै यस्तो व्यवस्था सदाका लागि समाप्त पार्न चारै दिशाबाट सबै जुर्मुराएर उठ्नुपर्ने विचार यसरी व्यक्त गरेका छन् :

यो पापी ऐन फेर्नलाई

हाम्रो नी चैन हेर्नलाई

जुर्मुराई सबले उठौँ है

चार दिशैबाट जुटौँ है *(चार दिशैबाट जुटौँ है,* पृष्ठ ४७)

सामन्तीहरूले गरिबका झुपडीहरू र बस्तीहरू मासेको घटनाले पोलेको मन बुझ्न नसक्ने विचार यसरी व्यक्त गरिएको छ :

के मनले बुझाउने के मनले रिझाउने

हाम्रो बस्ती मासेको हो हो के मनले बुझाउने हो (*के मनले बुझाउने* ? ५१)

सुब्बाका यससङ्ग्रह भित्रका गीतहरूले क्रान्तिसम्बन्धी विषयलाई समेत ग्रहण गरेका छन् । सामन्तवादी राज्यव्यवस्थाको लामो शासनसँगै जनताले ठूलो प्रताडना सहनु परेको तत्कालीन सामाजिक यथार्थलाई प्रस्तुत गर्दै निरङ्कुश व्यवस्थाको अन्त्य क्रान्तिबाट मात्र हुने निष्कर्ष यसरी निकालेका छन् :

उज्यालो दिन ल्याउनलाई बाटो छिनछिनै खन्दैछौ

हत्याराहरू तिमीहरूको मृत्यु दिनदिनै गन्दैछौ *(हिमाली हावाको सन्देश,* पृष्ठ १)

समान्तीको चेपुवामा परेका जनताले हाडछाला मात्र भएको शरीर बोकेर, कमजोर हातखुट्टा लिएर र खाडलजस्तै बनेका आँखा लिएर क्रान्तिमा एकजुट भई सामन्तीलाई समाप्त गरी सुखी जीवन बाँच्नुपर्ने क्रान्तिधर्मी चेतलाई यसरी व्यक्त गरेका छन् :

थिचिदा मिचिदा हाडछाला मात्र लिएर

कमजोर हातखुट्टा र खाडलझैं आँखा लिएर

किन अब नउठौं र ? किन शक्ति नसाँचौं र ?

यो जिन्दगीलाई फेरेर मान्छे भइ नबाँचौ र ?*(हिमाली हावाको सन्देश,* पृष्ठ १)

सुब्बाले सुसमान स्थापनाका निम्ति तथा जनता र देशको भविष्यका निम्ति पहाड र तराईका मजदुर किसान सबै गोलबद्ध हुनुपर्ने विचार यसरी व्यक्त गरेका छन् :

नजुटी नछाड्ने, नउठी नछाड्ने

पहाड र मदेश मजदूर किसान नजुटी नछाड्ने*(एउटै माला नगासी नछाड्ने,* पृष्ठ १८)

सामन्तीहरू मुख्य शत्रु भएकाले उनीहरूलाई जनताका हातबाट मास्ने दिन सबै मिलेर ल्याउनुपर्ने तर्क पेश गर्दै सुब्बाले ज्यानको माया गरे सुखी दिन नआउने हुनाले जनता क्रान्तिमा होमिनु पर्ने विचार यसरी व्यक्त गरेका छन् :

चौतारीमा बर पीपलको साथमा

शत्रु मास्ने दिन ल्याउँ हाम्रो हातमा

बरको छायाँले

सुखी दिन आउँदैन ज्यानको मायाले (*सुखी दिनआउँदैन ज्यानको मायाले,* पृष्ठ२५)

गीतकार विजय सुब्बाले यस सङ्ग्रहभित्रका गतिहरूमा देशप्रेमलाई पनि मुख्य विषयका रूपमा चयन गरेका छन् । तत्कालीन समयमा साम्राज्यवादी शक्तिका रूपमा उदाएको अङ्ग्रेजका सामू नझुकेर हाम्रा पुर्खाहरूले सुपथ कोरिदिएको सुनौलो ऐतिहासिकतालाई स्मरण गर्दै सुब्बाले पुर्खाहरूले हामीलाई साहसी मृत्यु भोग्नु, झुक्नुको सट्टा वीरताले लड्नु र नौलो युग ल्याउने नियमलाई परिपालना गर्नु भन्ने देशभक्तिको पाठ सिकाएको विचार यसरी व्यक्त गरेका छन् :

अग्रजले अगाडि बाटो खनेका थे

गर्विलो मृत्युले बाँच्न चाहिँ भनेका थे

झुक्नलाई होइन, लड्नलाई जानेका थे

नौलो युग डोराउने, नियमलाई मानेका थे (*अमरफूलहरूको सन्देश,* पृष्ठ ५९)

सुब्बाले झुप्रै भए पनि बासबस्ने आफ्नै प्यारो हुने तथा टुक्रे भएपनि नेपाली आत्मा जन्मने हाम्रो देश प्यारो हो विचार व्यक्त गर्दै नेपाल आमाको सतित्त्व जोगाउन श्रमिकहरू जुटिरहेका हुनाले हामी नेपाली जातिले गर्विलो छाति लिएर विश्व थर्काउनु पर्ने देशभक्तिपूर्ण भावलाई यसरी व्यक्त गरेका छन् :

झुप्रै भएनी मेलापातबाट थाकेर बस्ने घर हो

टुक्रै भएनी नेपाली आत्मा जन्मने एउटा भर हो

कसरी छाड्नु हामीझैँ हुर्केका सुख दुखका छायाँहरू

कसरी काट्नु हामीझैँ बाँचेका सङ्घारका आलो मायाहरू

उहिले नै देखि संसारै भरि सुनिन्छ श्रमिक उठ्दैछन्

आफ्नो आमाको सतित्त्व रक्षा गर्न श्रमिक जुट्दैछन्

नभागौँ आफ्नो आमाको निम्ति लडौँ गर्विलो छातिले

विश्वलाई थर्काऔँ युगका सन्तान यहीँ नेपाली जातिले

यहीँ नेपाली जातिले (*हामी भन्छौं,* पृष्ठ ६१)

मलायाको लाहुरे भएर गएको छोरालाई आमाले देशैमै फर्कन आह्वान गर्दै शत्रुहरू मार्न कम्मर कसेर लाग्न तथा सुन्दर र सुखी नेपाल निर्माण गर्न अनुरोध गरिएको देशभक्तिपूर्ण भावलाई यसरी समेटिएको छ :

मेरो छोरा फर्कि आउ आमालाई सम्झेर

हाम्रा शत्रुहरूलाई मार्न दृढ कम्मर कसेर

घाइते भइ लड्यौ भने म तिमीलाई उठाउँला

तिमी जस्तो धेरै लडे धेरै सन्तान जन्माउँला

सुन्दर घर बनाउँला हाँस्ने घर बनाउँला

सबको घर बनाउँला आफ्नै घर बनाउँला (*आमाको आह्वान*, पृष्ठ ३)

गीतकार विजय सुब्बाले यस सङ्ग्रह भित्रका गीतहरूमा शोषणलाई पनि विषयवस्तुका रूपमा चयन गरेका छन् । सामाजिक व्यवस्था नै शोषणयुक्त भएको कारण समाजका धेरै मानिसहरू सीमित सङ्ख्यामा रहेका शोषकहरूको शोषणमा परेको विचार व्यक्त गरेका छन् । समाजमा व्याप्त शोषणको जाललाई पहिचान गर्नुपर्ने विचार सुब्बाले यसरी व्यक्त गरेका छन् :

हिमालैमा हिउँ पर्यो चुलिँदै

नबसौं है दाइ दुई चार दिन भुलिँदै

घुइँघुइँ मादल ताल

राम्ररी केलाउँ है शोषणको जाल (*सुखी दिन आउँदैन ज्यानको मायाले*, पृष्ठ २५)

सुब्बाले शोषकहरूले शोषण गरेका कारण अनिकालका बेला चामलको भारी बोक्ने भरिया भोकै मरेको यथार्थ घटनालाई यसरी प्रस्तुत गरेका छन् :

आकाशैमा हेर तित्रा बादल तल तल झर्यो हो हो

अनिकालमा चामल बोक्दा गरिब भोकै मर्यो हेर(*सुखी दिन आउँदैन ज्यानको मायाले*, पृष्ठ २५)

सुब्बाले गरिबहरूसँग माटो नभएको अवस्था जतातत्तै रहेको यथार्थको चित्रण गर्दै शोषण नै यसको मुख्य कारण ठम्याउँदै संसारमा गरिबलाई माटो र दुःख हटाउने बाटो छैन भनी यसरी प्रश्न गरेका छन् :

संसारमा गरिबलाई माटो छैन कि ?

दुःख पीर हटाइदिने बाटो छैन कि ? (*बाटो छैन कि ?*,पृष्ठ ४५)

गीतकार विजय सुब्बाले यस सङ्ग्रहमा सङ्गृहीत गीतहरूमा देशका निम्ति प्राणको आहुती गर्ने सहिदहरूलाई समेत विषयका रूपमा चयन गरेका छन् । सहिदहरूले सङ्घर्षमा जुट्ने बाटो खनिदिएको र थाकेर बस्नेलाई साहस भरिदिएको विचार व्यक्त गर्दै सहिदहरू

गाथाका रूपमा युगयुगसम्म अमर हुनु तथा सूर्यझैँ अटल भएर रहनु भन्ने श्रद्धाञ्जली सहितको कामना यसरी व्यक्त गरेका छन् :

सङ्घर्षमा जुट्नेहरूलाई बाटो रगतले कोरिदियौँ

थाकेर बस्न खोज्नेहरूलाई तातो साहसले भरिदियौ

अमर होऊ युगौँयुगसम्म बरीको गाथा सङ्गाली

सूर्यझैँ अटल रहिरहू साथी स्वीकार श्रद्धाञ्जली (*सहिदको सम्झनामा,* पृष्ठ ८)

सहिदहरूका सपनाहरूलाई पूरा गर्ने अठोट व्यक्त गर्दै सुब्बाले सङ्गीनले रोपेर गोली हानी मारेका आफ्ना सहिद मित्रहरूलाई कहिल्यै नभुल्ने दृढता यसरी व्यक्त गरेका छन् :

के हामी आफ्नो साथी किन त्यसै भुल्छौँ र ?

सङ्गीन रोपी गोली हानी मारेको दिन भुल्छौँ र ?

हामी त्यो दिन भुल्दैनौँ, हामी त्यो क्षण भुल्दैनौँ

सँगसँगैको दम्तरीलाई मारेको दिन भुल्दैनौँ*(पिस्करका सहिदहरूलाई,* पृष्ठ ३८)

विजय सुब्बाले नेपाली जनतामा व्याप्त गरिबीलाई समेत आफ्ना गीतको विषयका रूपमा चयन गरेका छन् । गरिबीले देश र जनता दुःखी भएको विचार व्यक्त गर्दै गीतकार सुब्बाले सामन्ती समाजको संरचनालाई यसको मुख्य दोषी पक्षका रूपमा उभ्याएका छन् । शोषकहरूले परिश्रमी जनताको पसिना चुसेकाले गरिबहरू झनझन गरिब भएको सुब्बाको ठम्याइरहेको छ । गीतकार सुब्बाले हिमालभरि हावा चलेर संसारका गरिबहरूलाई भावनात्मक रूपमा एक हुन् आह्वान गरिरहेको विषयलाई आफ्ना गीतमा यसरी उतारेका छन् :

हिमाली हावाले जनताको सन्देश ल्याउँदैछ

संसारका सबै गरिबहरू एक हौँ भन्दैछ *(हिमाली हावा सन्देश,* पृष्ठ १)

जीवनमा धेरै दुःख गर्दा पनि गरिबले एकसरो लुगा लाउन नपाएको शब्द चित्र सुब्बाले यसरी उतारेका छन् :

उकालीमा दाहिने बर देब्रे पिपलु

गरिबको आङमा छैन कहिले शितलु ? *(बाटो छैन कि ?,* पृष्ठ ४५)

गाउँघरको पर्याप्त माया हुँदाहुँदै पनि गरिबीका कारण मुग्लान पस्न बाध्य नेपालीहरूका तत्कालीन जीवनगाथालाई सुब्बाले यसरी व्यक्त गरेका छन् :

न्याङ्गी विनायो दुःख र पीरले मुग्लान हिडायो हजुर

चरण पाखैमा गाउँघरको माया हाम्रा आँखैमा हजुर *(जनताको शक्ति हुन्छ अपार,* पृष्ठ ४२)

गीतकार सुब्बाले यस सङ्ग्रहभित्रका गीतहरूमा प्रकृतिप्रेमलाई पनि विषयका रूपमा चयन गरेका छन् । प्रकृतिको परिवर्तनशीलताबाट प्रेरणा ग्रहण गरी समाज परिवर्तनमा लाग्नु पर्ने विचार सुब्बाका गीतमा पाइन्छ । सुब्बाले प्रकृतिलाई आफ्ना गीतको विषय यसरी बनाएका छन् :

तिमीले ढुङ्गा खेल्दा नदीको छाल बढ्न सक्छ

वर्षा र हुरीले गर्दा तुफान र बाढी आउन सक्छ

तिमीले भङ्गालो तर्दातर्दै भूमरीले ढाल्न सक्छ *(माझीदाई,* पृष्ठ ४)

सुब्बाका गीतहरूमा प्रकृतिको मानवीकरण यसरी गरिएको छ :

चन्द्रमाले बादललाई ढल्किढल्कि हेर्यो

सबै बाँच्ने चलनलाई सामन्तीले फेर्यो (*घरघरमा जाउँ है कुरा बुझाउन,* पृष्ठ २१)

सुब्बाका गीतमा प्रकृतिको अनुपम उपहार चरालाई पनि विषय बनाइएको छ :

उडी हिँड्ने चरीले देउरालीलाई काटेछ

देउरालीको भाका टिप्दा उसको मनै फाटेछ

मनै फाट्यो तनै फाट्यो दुःखले उसलाई छाँटेछ

दुःखभित्र लड्दै उठ्दै जीवन बित्न आँटेछ (*चरीलाई,* पृष्ठ २९)

### ४.१.४ छन्द तथा लय

सङ्गीत र प्राणतत्वको रूपमा रहेको लयलाई मानिसको आन्तरिक भावावेगका रूपमा पनि लिइएको पाइन्छ । लयको उत्पत्ति प्रवाह, गति, यति, विराम, आघात आदिको परस्पर क्रमिक मेलबाट हुन्छ ।विजय सुब्बाका गीतमा पनि पर्याप्त लयात्मकता पाइन्छ ।

सुब्बाका गीतहरूमा प्रयुक्त कतिपय पङ्क्तिहरू लामा छोटा भए पनि मध्य र अन्त्यमा समान स्वर व्यञ्जन वर्णहरूको आवृत्ति भएका कारण लयात्मकता उत्पन्न भएको पाइन्छ । सुब्बाका गीतमा शब्दगत आवृत्ति र स्वरव्यञ्जनगत आवृत्तिले यसरी लयात्मकता उत्पन्न गरेको छ :

खोली बगर दुःख सम्झ अब पीर नगर हजुर

गाइ चरण धाउँछ हाम्रो नी आफ्नो भन्ने दिन आउँछ हजुर (*जनताको शक्ति हुन्छ अपार,* पृष्ठ-४२) विजय सुब्बाका गीतहरूमा अन्त्यानुप्रासको कुशल प्रयोग पाइन्छ । जसले गर्दा उनका गीतमा लयात्मकताको प्रबलता भेट्न सकिन्छ :

सालघारीमा खडेरीले हाँगा पातै सुकायो

हरियाली पाखाहरूलाई आँखाबाटै लुकायो *(नयाँ किरण छिर्ला,* पृष्ठ-४४)

नआई आँधी रुख हिल्दैन

धनी र गरिब मिल्दैन

यो संसारैको रीति हो

नमिली आको थिति हो *(चारै दिशैबाट जुटौँ है)*

तर पनि विहानीले एकदिन सिन्दूर हाल्नेछ

झुपडीको चूल्हाभित्र रक्तिक सूर्य बाल्नेछ (*के मनले बुझाउने,* पृष्ठ ५१)

यसरी हेर्दा उनका कवितामा लयात्मक विन्यासको सफल प्रयोग गरी प्रभावकारी साङ्गितिक प्रवाह सिर्जना गरिएको छ ।

### ४.१.५ विम्ब प्रतीक तथा अलङ्कार

#### क विम्ब

विम्बलाई अनेक ढङ्गले प्रयोग हुने तथा प्रयुक्त शब्दका सन्दर्भबाट निर्मित हुने एउटा तत्त्व मानिन्छ । सीमित अर्थमा विम्ब भनेको कुनै दृश्यचित्र वा वस्तुको वर्णन गरिएको शब्दचित्र हो । व्यापक अर्थमा विम्बले साहित्यका कुनै अङ्शको आलङ्कारिक भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गुणलाई सङ्केत गर्ने सम्पूर्ण शब्दहरूलाई जनाउँछ । विजय सुब्बाको यस सङ्ग्रह भित्रका गीतहरूमा विम्बात्मक प्रयोग यथेष्ट पाइन्छ । सुब्बाले आफ्ना गतिमा पल्टन, साहु, देश, जनता, सहिद, हत्यारा, आँसु,

गरिब, सामन्ती, शत्रु, वन, विहान, चरी, स्वदेश, घर, गाउँ, भन्ज्याङ आदि शब्द विम्बहरूको प्रयोग गरेका छन् ।

**ख प्रतीक**

कुनै खास समुदायमा दृश्य वा शाब्दिक रूपमा कुनै वस्तुको प्रतिनिधित्व गर्ने चिह्नलाई प्रतीक भनिन्छ । साहित्यमा चाहिँ कुनै वस्तु वा घटनालाई सङ्केतित गर्ने शब्द वा पदसमूहका लागि मात्र प्रतीक शब्दको प्रयोग गरिन्छ र यसले एक वा अनेक वस्तुलाई सङ्केत गर्दछ । विजय सुब्बाका गीतमा प्रतीकको प्रयोग यसरी गरिएको छ :

**पदसमूहगत प्रतीक**

भाग्य भनी पर्खी बस्ने खै कहाँ सुखि भए ?

देउता भनी ठग्ने पापी खै कहाँ दुखि भए ? (*घरघरमा जाउँ है कुरा बुझाउन,* पृष्ठ २१)

**शाब्दिक प्रतीक**

चन्द्रमाले बादललाई ढल्किढल्कि हेर्यो

सबै बाँच्ने चलनलाई सामन्तीले फेर्यो (*घरघरमा जाउँ है कुरा बुझाउन,* पृष्ठ २१)

यसरी हेर्दा उनका गीतमा समाजका विभिन्न कुरीति, अध्यारो शासन व्यवस्था आदिलाई खुलाउन प्रतिकको प्रयोग गएिको पाइन्छ ।

**गअलङ्कार**

प्रस्तुत कविता सङ्ग्रहका कविताहरूको लेखन सिकारु किसिमको रहेको छ । यस कविता सङ्ग्रहका कवितामा प्रतीकको त्यस्तो खासै व्यवस्था गरिएको छैन् । अलङ्कारका हिसाबले प्रस्तुत कविता सङ्ग्रहका कविताहरू सामान्य किसिमका रहेका छन् । प्रायः जसो प्रस्तुत कविता सङ्ग्रहमा स्वभावोक्ति अलङ्कारको प्रयोग गरिएको छ । प्रस्तुत कविता सङ्ग्रहमा प्रयोग भएका अर्थालङ्कारहरूलाई यसक्रममा देखाउन सकिन्छ -

माछो विवेकशील प्राणी भए

जमिनमा आइ नाच्ने थियो कि (पृ.१) उत्प्रेक्षा अलङ्कार

पीडित मानिसको हृदय कसले बुझी दिन्छ ? (पृ. १) प्रश्नोक्ति अलङ्कार

हिम्मतको लट्ठी टेक्दा

समस्याले लत्याई दिन्छ (पृ.२) अतिशयोक्ति अलङ्कार

मैले भेटे एउटा मान्छे

मुटु कालो रगतले बनेको (पृ. २) अतिशयोक्ति अलङ्कार

बन्नेछु भोलि म नूतन हिमाल जस्तै

रोगबाट मुक्त भएर (पृ. ८) उपमा अलङ्कार

बालक कालमा भास्कर झैं उज्यालो सपना मान्दथे (पृ. १०) उपमा अलङ्कार

प्रस्तुत कविता सङ्ग्रहका कवितामा त्यति धेरै विम्बको प्रयोग गरिएको छैन् । केवल साधारण प्रसङ्ग बुझाउनका लागि आएका वस्तु, नामभन्दा बढी विम्बहरूको प्रयोग गरिएको छैन ।

### ४.१.६कथनपद्धति

विजय सुब्बाको 'वस्तीका संगम सुसेलीहरु'मा विभिन्न किसिमको कथनपद्धतिको प्रयोग गरिएको छ । जति विषयहरू समेटिएका छन् ती प्रायसः सबै गीतहरूमा कविको निजी भाव प्रकट भएको पाइन्छ । विशेषत कविको उपस्थिति परिवर्तनको आवाजस्वरूप गीत सिर्जना गर्दा देखिएको छ ।सामाजिक र राजनीतिक आचरणमा सुधार ल्याउन कतै कतै संयमतापूर्वक कविको आवाज प्रस्तुत भएको छ भने कतै कान्ति चेत र विद्रोहका हुँकारहरू पनि देखिएका छन् । आफ्नो पहिचान, संस्कार, संस्कृति जस्ता अस्तित्वको विषयप्रति नकारात्मक असर परेको देखेर कविले आक्रोश र व्यङ्ग्यका झटाराहरू उग्रतरिकाले प्रस्तुत गरेका छन् । यसका साथै गीतमा 'म' पात्र वक्ता, प्रेषक, सम्बोधक वा वर्णनकर्ताको भूमिकामा आएको स्पष्ट हुन्छ भने श्रोता प्रापक वा सम्बोधितको भूमिकामा रहेको पुष्टि हुन्छ । यस्तै गीतहरूमा भाव र उसकै माध्यमबाटगीत पनि समाप्त गरिएकाले यस गीतसङ्ग्रहमा तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग पनि पाइन्छ ।

यदि गीतलाई समाख्याताले प्रमुख पात्रका रूपमा विचार प्रस्तुत गरेको भए त्यो प्रथमपुरुष दृष्टिविन्दुमा आधारित गीत हुन्छ । कतै विचारमात्र आएको तर 'म' पात्रको अवस्थिति नदेखिएको स्थिति भए त्यहाँ पनि प्रथमपुरुष नै हुन्छ । यसको आधारमा प्रथमपुरुष दृष्टिविन्दुलाई पनि केन्द्रीय र परिधीय गरी दुई भागमा विभाजन गर्न सकिन्छ । यस गीतसङ्ग्रहका गीत (१), (२), (३)का प्रायः, (४), (५), (६), (७), (९), (१३), (१६), (१७), (१९), (२०), (२१), (२२), (२३), (२५), (२७), (३०), (३१), (३२), (३३), (३५), (३६), (३७), (३८), (४०), (४१), (४४), (४६), (५१), (५३), (५५), (५७), (५८), (५९), (६०), (६१), (६४),

(६६), (६७), (६८), (७०), (७१)हरू प्रथमपुरुष दृष्टिविन्दुमा आधारित छन्। यसभित्रका गीतहरूमा कतै 'म' पात्र मुख्य बनेर आएको छ भने कतै अदृश्य बनेर गीतलाई अगाडि बडाइएको छ। यस गीतसङ्ग्रहमा प्रथमपुरुष दृष्टिविन्दुका अतिरिक्त तृतीयपुरुष कथनपद्धतिपनि पाउन सकिन्छ। ऊ, त्यो, तिनी, उनी वा कुनै नामधारी पात्रको माध्यमबाट विचार प्रस्तुत गरिएमा तृतीयपुरुष दृष्टिविन्दुमा आधारित गीत बन्न जान्छ। गीत (३) का केही गीत, (८), (१०), (११), (१२), (१४), (१५), (१८), (२४), (२६), (२८), (२९), (३४), (३९), (४२), (४३), (४५), (४७), (५०), (५२), (५४), (५६), (६२), (६३), (६५), (६८), (६९)हरू तृतीयपुरुष दृष्टिविन्दुमा आधारित देखिन्छन्। यसमा कविले पात्रलाई अगाडि ल्याएर गीतलाई पूर्णता दिएका छन्। समाख्याताले बाहिर नै बसेर कुनै सर्वनाम वा नामको माध्यमबाट गीतलाई समाप्ति दिएको आधारमा यसलाई छुट्याउन सजिलो हुन्छ। वस्तीका संगम सुसेलीहरुलाई दृष्टिविन्दुको आधारमा विभाजन गरेर हेर्दा प्रथमपुरुष र तृतीयपुरुष दुवै कथनपद्धतिउत्तिकै प्रबल बनेर आएको भए पनि तुलनात्मक रूपमा प्रथमपुरुष दृष्टिविन्दुको आधिक्य रहन गएको देखिन्छ।

### ४.१.७भाषाशैली

**वस्तीका संगम सुसेलीहरु गीतसङ्ग्रहका** सबै गीतहरू मुक्त छन्दमा संरचित छन्। कतैकतै अन्त्यानुप्रासको संयोजनले गीतहरूमा सांगीतिक झल्को पनि पाउन सकिन्छ। भाव विस्तारको क्रममा शब्दगत र अर्थगत जटिलताभन्दा पनि सम्प्रेषणगत सरलताका कारणले यसमा सङ्ग्रहित गीतहरू सरल र सहज भाषाको प्रयोगमा आधारित देखिन्छन्। जस्तो स्थिति र भावको बहाइ छ त्यस्तै किसिमको शब्द र शैलीको प्रयोगले गीतहरूमा जीवन्तता देखिन आउँछ। कुनै पनि विषयको उठान लघुतम रचनामा बाहेक अन्य रचनामा वर्णनात्मक शैलीबाट भएको देखिन्छ।

प्रस्तुत सङ्ग्रहमा जति गीतहरू देखिन्छन् त्यति नै किसिमको शैली र शैलीगत भाषाप्रयोग पनि मिलेको देखिन्छ। समाजमा देखिएका विकृति-विसङ्गतिजस्ता कुराहरूलाई देखाउनु परे त्यही किसिमको शब्दप्रयोग, रमणीय परिवेशको चित्रण गर्नु परे त्यहीअनुरूप शब्द छनोट, प्रेमपरक विषयको उठान भए त्यही प्रकारको भाषा प्रयोग, राजनीतिभित्रका विकृतिलाई देखाउने परे त्यस्तै एवं गरिब पक्षीय गीत रचना गर्नुपरे सोहीअनुरूपको शब्दप्रयोग गरेका कारणले यस गीतसङ्ग्रहका गीतहरूमा भाषा र शैलीगत विविधता पाउन सकिन्छ। यसरी गीतहरूमा परिवेश र स्थितिअनुरूप शब्दहरूको प्रयोग पाइन्छ। प्राकृतिक वर्णनमा गीतहरू प्रकृतिरानीमा हराउँदै सोहीअनुरूपको शब्द छनोटभित्र रमाएका छन्।

नेपाली झर्रा, तत्सम, तत्भव, आगन्तुक शब्दहरूको प्रयोगले गीतहरूमा रौनकता, श्रुतिमधुरता, भाव सम्प्रेषणीयता जस्ता कुराहरू पाउन सकिन्छ। प्रेमात्मक विषयमा, धार्मिक विषयमा, प्राकृति चित्रणमा, भावुक वर्णनमा गीतको भाषा मिठासपूर्ण र श्रुतिमाधुर्य देखिन्छ। गीतहरूमा देखापर्ने बिम्ब-प्रतीक तथा अलङ्कारहरू गीतको विषयअनुसार नै देखिएका छन्।

शैलीगत आधारमा जति गीतहरू देखिन्छन् त्यति नै शैली र त्यसमा भिन्नता पाइन्छ । यो सङ्ग्रह शैली प्रयोगको हिसाबले भाव र भाषाका आधारमा सबल देखिन्छ । यस सङ्ग्रहका गीतहरूलाई 'म' पात्रले प्रत्यक्ष वर्णन, एकल संवाद, पूर्वस्मृति, टिप्पणी, सम्बोधन, आक्रोश एवं विद्रोहका रूपमा आफ्ना भावहरूलाई प्रस्तुत गरेको छ ।

यस गीतसङ्ग्रहका गीतहरूमा अलङ्कारको प्रयोग पनि व्यापक रूपमा आएको देखिन्छ । अलङ्कारको समुचित प्रयोगका कारण गीतहरूमा सौन्दर्य प्रष्ट भएको छ । गीतको बाहिरी गहना मानिने अलङ्कारले यहाँ श्रुतिमधुरता पनि थपेको छ । यस्तै विम्ब र प्रतीकको प्रयोग पनि उत्तिकै सशक्त रहेको देखिन्छ । विम्बात्मक शब्द र प्रतीकात्मक अर्थले युक्त यस सङ्ग्रहका रचनामा भाव गाम्भीर्य पाउन सकिन्छ । विम्ब र प्रतीकको तथा अलङ्कारको प्रयोजन पनि तत्कालीन अवस्थाको पर्दाफास गर्नु नै रहेको छ ।

समग्रमा वस्तीका संगम सुसेलीहरु गीतसङ्ग्रहमा विषयअनुरूप भाषा प्रयोग भएका छन् भने शैली पनि उही किसिमको पाउन सकिन्छ । बिम्ब, प्रतीक र अलङ्कारको संयोजनलाई भावअनुसार प्रयोग गरेको हुनाले गीतमा मधुरता थपिएको छ । भाव र विषयलाई सन्तुलित बनाउन यस सङ्ग्रहका गीतमा कविले उचित शब्दहरूको प्रयोग उचित ठाउँमा गरेको देखिन्छ ।

## ४.२. विजय सुब्बका गीत र गजलहरुको अध्ययन

### ४.२.१. परिचय

विजय सुब्बका गीत र गजलहरुकवि विजय सुब्बाको दोस्रो गीत /गजलसङ्ग्रह हो । यसलाई पहिलो प्रकाशनका रूपमा विं.सं.२०५७ सालमा ल्याइएको हो। यो गीत /गजलसङ्ग्रह स्वर अभियान तेह्रथुमले प्रकाशनमा ल्याएको देखिन्छ। यस सङ्ग्रहकोभूमिका कृष्णप्रसाद पराजुलीले लेखेका छन्। यस सङ्ग्रहमा ३५ वटा गीत र ३५ वटा गजल गरी ७० वटा गीत /गजलहरू रहेका छन्।

### ४.२.२. विषयवस्तु

विषयवस्तुको आधारमा भावको निर्धारण गरिने प्रक्रिया नै गीत /गजलमा मूलभूत रूपमा आएका हुन्छन्। गीत /गजलको मर्म नै विषयवस्तु हो भने विषयवस्तुभित्र नै भावात्मक अभिव्यक्ति अन्तर्निहित बनेर आएका हुन्छन्। यस सङ्ग्रहमा कतै अलिकति मै भावको अनुभूति गर्न सकिने गीत /गजलहरू छन् भने कतै श्रृङ्खलाबद्ध तरिकाले आदि, मध्य र अन्त्यको क्रममा आएका छन्। यिनै आधारका क्रममा यस सङ्ग्रहमा सङ्ग्रहित गीत /गजलहरूका मूलभावलाई देखाउन खोजिएको छ :

**(१) लाग्नु परे**

समाज परिवर्तनका निम्ति लाग्नेहरूले ठूलै सोच र विचार लिएर अगाडि बढ्नुपर्ने र भावी पुस्ताहरूका लागि दृढताको विचार बोकेका गीतहरू गाउनुपर्ने भाव व्यक्त गरिएको छ ।जोश र होसका साथ अगाडि बढ्नुपर्ने भाव व्यक्त गरेको पाइन्छ ।

**(२) म त पहाडे केटो**

निस्कलङ्कित र स्वच्छ हृदय बोकेको पहाडिया समाजका युवाहरूले परिश्रमीहरूको गीत गाउनुपर्ने, नेपाली माटोको माया गर्नुपर्ने, सिङ्गो देशलाई घात गर्न नहुने, सहिदको सपना बोक्नुपर्ने र अगाडि बढ्दा आइपर्ने सङ्घर्षहरूसँग जुध्नुपर्ने भाव व्यक्त भएको छ ।

**(३)आमा अब नरोइ देऊ**

आजको संसारमा बितिरहेको युग आजभन्दा भोलि र भोलिभन्दा पर्सी हुँदै बितिरहेछ, मान्छेहरू त्यसैको पछि चलिरहेछन् र कविले आफू पनि यसैभित्र समाहित भएर अगाडि बढिरहेको भन्दै युग परिवर्तनको सामान्य प्रक्रियालाई देखाउन चाहेको बुझिन्छ ।

**(४) घर आँगनको मायाले**

जिउँदो रहुन्जेलसम्म विभिन्न प्रकारका दु:ख पाएर खर्चको अभावमा मृत्युशøयामा पुग्नुपर्ने र मरेपछि विभिन्न प्रकारका सम्मानहरूले उसलाई सम्मानित गरिने अवस्थालाई यस गीतले लक्ष्यार्थमा मूलभावको रूपमा प्रस्तुत गरेको देखिन्छ ।

**(५) खुसी खुसी छु आज**

एउटा गरिब मानिसको परिकल्पना गर्दै उसको जन्मदेखि मृत्युसम्म केवल एक भुँडी खानको लागि बितेर जान्छ, कुलैन र सिन्कोना स्याहार्दै जान्छ, जहाँ उजन्मेको हुन्छ त्यहीँ उसको अस्तित्व लोप भएर जान्छ भन्दै विसङ्गत जीवन चित्रण मूलभावको रूपमा प्रस्तुत भएको देखिन्छ ।

**(६.) मझधारमा के उभिन्छौं**

कविको युवावस्था केही गर्न नसकी बितेको तर जीवन चल्ने क्रममा आफैं बितेर गएको र अर्काको सहारामा मात्र बाँचेको पूर्वस्मृति शैलीको प्रयोग यस गीतमा मूलभावको रूपमा प्रकट भएको देखिन्छ ।

**(७.) म त सागर**

शोषकले दु:खी जनतालाई अन्याय र अत्याचार गरेको देखेर त्यसलाई उजागर गर्नु नै गीतको उद्देश्य रहेको देखिन्छ ।

**(८) फर्केर एक बार हेरिदेऊ**

जनताले नेतृत्वमा पुऱ्याएपछि ती नेतृत्वकर्ताले स्वयं जनतामाथि विभिन्न प्रकारका दु:ख कष्ट दिन्छन् भन्ने कुरा यस गीतमा मूलभावको रूपमा प्रस्तुत भएको छ ।

**(९) हिडिसके भन्थैं**

एक मुठी शासकले रजाइ गरेर अनेकन जनतालाई रुवाएको स्थितिलाई देखाउँदै शोषकहरू बहुसङ्ख्यक जनतामाझ शासन गर्छन् र जनताले पाउनु पर्ने विकास आफैं खाएर जनतालाई गरिबी र पीडाको दलदलमा फसाउँछन् भन्ने भाव गीतले प्रस्तुत गरेको छ ।

**(१०)तिमी रुन्छौ नै भने**

मान्छेको अस्तित्व राख्नको लागि उसको इतिहास र संस्कृतिलाई बँचाएर राख्नुपर्छ  जसरी जीवनमा गाँस, बास र कपासको अपरिहार्य आवश्यकता पर्दछ भन्ने गीतत्मक भाव प्रकट भएको छ ।

((११) **म मरिहालेछु भने**

हाम्रा सन्ततिहरू संसारमा देखिएका गरिबी, पीडा र दु:खलाई केही गर्न नसकी पीडामय जीवन बिताउँदै बिलाएर गए भन्दै पीडायुक्त संसारको निराशापूर्ण वर्णन भावात्मक रूपमा गीतले प्रस्तुत गरेको देखिन्छ ।

(१२) **कहाँ खोजूँ भन्छु**

किनारा नदीको प्यासी छ भन्ने प्रसङ्गबाट अनेकन परिश्रम गरे पनि सन्तुष्टपूर्ण परिणामको सधैँ प्यासी रहनु परेको तथा तिर्सना र चाहनालाईकहिल्यै पूरागर्न नसकेको भाव गीतले प्रकट गरेको छ ।

(१३) **म आएँ आफ्नो गाउँघर छाडी**

यस गीतले संसारमा मानिसहरू एकलकाँटे बन्दै गएको देखेर तिनीहरूले न बाँच्नेको वास्ता गर्न भ्याउँछन् न मर्नेको भन्दै स्वार्थी प्रवृत्तिलाई मूलभावको रूपमा देखाउन खोजेको छ ।

(१४) **सपनिको यो**

फूल र काँडा तथा देवता र पापमा सादृश्यात्मक सम्बन्ध देखाउँदै आफ्नो नामलाई लोकमा प्रख्यात गर्नको निम्ति सारा नराम्रा कुराहरूलाई छायामा राख्दै राम्रा कुराको मात्र गुणगान गर्न लगाउने कुटिलतालाई गीतले कलात्मक रूपमा प्रस्तुत गरेको देखिन्छ ।

(१५) **के मनले बुझाउने**

पाप र धर्म त मन्दिरबाट नै जन्मिछ भन्ने कुराबाट नियम बनाउनेले नै नियमको पालना गर्दैनन् केवल उपदेशदाताको रूपमा मात्र अगाडि आउछन् भन्दै गीतले असन्तुष्टि व्यक्त गरेको छ ।

(१६) **पर्किहेर्छु हिडेको म**

बत्तीको प्रकाशभित्रको अलिकति अँध्यारो र चन्द्रमामा पनि कालो दाग हुने प्रसङ्गबाट राम्रा मानिसमा पनि केही न केही अवगुण रहेकै हुन्छन् भन्ने कुरालाई गीतले प्रस्तुत गर्न खोजेको देखिन्छ ।

((१७) **हाम्रा साना मुखहरुले**

यस गीतमा संसारमा भएका, देखिएका बम-बारूद, हत्याहिंसा जस्ता कुराले मान्छेको स्थिति पानीले भिजेको नुन जस्तो बनेको छ भन्दै जतिबेला पनि बिलाएर जानसक्छ भन्ने भाव व्यक्त भएको छ ।

(१८) **सय पत्रिको थुँगाले**

यस गीतले सिक्किमका विभिन्न स्थानहरूलाई विषयको रूपमा प्रस्तुत गर्दै तिनीहरूको कार्यमा आफ्नो भावात्मक अनुभूति मिसाउँदै एवं आफूले भविष्यमा गर्नुपर्ने कार्ययोजनाहरूका खाकाहरू प्रस्तुत गर्दै रूपकात्मक रूपमा आफ्ना भावनाहरू प्रस्तुत गर्नका साथै आफ्नो जन्मभूमि कसरी हराभरा पार्ने र यसलाई नमूना राज्यको रूपमा स्थापित गर्ने भन्ने कुराको झल्को भावको रूपमा देखाउन खोजेको पाइन्छ ।

(१९) **मलाई यस्तो लाग्छ**

टिस्टाको धमिलो पानी अर्थात् सिक्किमको धुमिल परिवेशलाई स्पष्टता दिन तथा सिक्किमे जनतालाई मुक्तिको महसुस गराउन युगले खोजेको मात्र नभएर सिक्किमका खोला-नाला, डाँडा-काँडा ताल-तलाउ, बोट-बिरूवा, फल-फूल आदि सबैले एउटा साँचो सपुतको कामना गीतले गरेको छ ।

(२०) **मेरो माटो माथि**

आदिकालदेखि हुँदै आइरहेको युद्धप्रति असन्तोषपूर्ण अभिव्यक्ति अघि सार्दै हिटलर-मुसोलिनी, कौरव-पाण्डव, राम-रावणबीच भएका युद्धहरू आखिर नरसंहारका उपजबाहेक अरु केही रहेनन्, युद्धको चपेटामा निर्दोष जनताहरू परे अनि मरे अर्थात् एउटा शक्तिको जीतको निम्ति अनेकन अन्जान मानवसमूह नष्ट हुनपुगे भन्दै युद्धले ल्याएको नकारात्मकपरिणाम नै यस गीतमा मूलभाव बनेर आएको देखिन्छ ।

(२१) **बगेको खोला जस्तै**

मानिसले गर्नुपर्ने कर्तव्य असङ्ख्य भएकाले समस्याहरू चुलिन थालेको तर समाधानको बाटोमा धरतीलाई नङ्ग्याउँदै खण्डहरू बनाउन बसेका अनेकन बुख्याँचाहरू निर्लज्ज अस्मिता लुटिरहेकाले देश उन्नतिका लागि अगाडि बढेका वैंशरूपी प्रगतीका पाइलाहरू निर्धा बनेर बस्नुपर्ने वस्तुस्थितिको चित्रण नै यस गीतमा देखापरेको छ ।

(२२) **दिलमाया योञ्जन**

वर्तमान अवस्थामा देखापरेको संसारको विदीर्ण अवस्थालाई इङ्गित गर्दै मानवीय हक, अधिकार, इच्छा, आकाङ्क्षा जस्ता अनेकन स्वतन्त्र आवश्यकता दिन-प्रतिदिन सङ्कुचित बन्दै गइरहेको भाव प्रस्तुत भएको यस गीतमा राष्ट्रियताको वकालत गर्दै अनेकन सपुतहरू पनि अब राष्ट्रियताको साँघुरो आकाश मुनि निसासिन थालेको स्थिति तथा आफ्नो पैतालाले टेकेको धरती पनि दब्न थालेको राष्ट्र भक्तिपरक भाव बनेर देखिएको छ ।

(२३) **मेरो आँखा भिज्दा**

विश्वबन्धुत्व र समाज सेवाको तीव्र चाहना प्रकट गरेको यस गीतले एउटा स्वच्छ संसारको कल्पना गरेको छ जहाँ मानवताको पूर्ण पालना होस्, मान्छेको हक र अधिकारको प्रत्याभूति मिलोस् र एउटा स्वच्छ तस्वीर आनन्दित अटो रूपी इतिहासभित्र सर्वदा बाँचिरहन सकोस् भन्ने आदर्श भाव प्रकट गरेको देखिन्छ ।

(२४) **साल घारीमा**

गरिबवादी बनेर देखिएको यस क्रान्तिकारी गीतले आफूहरू कैयौं वर्षदेखि हरेक तरिकाले ठगिएको, आफ्नो झोपडीमा अनिकालले राज गरेको, सधैँभरी गाँस र बासको समस्याले छाती शुष्क भएको, संसारभरका गरिब जनताहरूमा गलित आँसुका धारा बहिरहेको भए पनि किन यी निम्नवर्गीय जनताहरू मुखमा पट्टी बाँधेर बसेका होलान् भन्ने कुरा प्रकट गर्दै अब यसरी चुप लागेर बस्नुहुन्न, शासकको निरङ्कुश राजलाई जसरी भए पनि आफ्नो पक्षमा पार्नुपर्छ, क्रान्तिको ढोका खोल्नुपर्छ र जनता राजको स्थापना गर्नुपर्छ भन्ने प्रगतिशील भाव प्रस्तुत गरेको छ ।

(२५) **ओढेकै थैं जस्तो**

कविको प्रगतिगामी जिजीविषामा आधारित गीतले आफ्नो परिवेशले मागेको अवश्यकतालाई प्रस्तुत गर्दै त्यसको निवारणको निम्ति गीतत्मक 'म' पात्र खडा भएको र परिवर्तनशील जगमा परिवर्तन गर्न, सर्वहारा वर्गलाई उन्मुक्ति दिन, अत्याचारलाई जलाउन, मानव समुदाय हरपल आनन्दित भएको देख्न सक्ने स्थिति संसारमा निर्माण हुनुपर्ने जस्ता कुराहरू कै लागि सदा संसारमा मानवको गीत गाइरहेको कविभाव प्रकट गरेको छ ।

(२६) **छिने छ पोते**

कञ्चनजङ्घाप्रति सम्बोधित यस गीतले तिमिराच्छन्न, अवहेलित, अरक्षित मानवहरू र तिनीहरूमाथि भइरहेको अत्याचार, शोषण, हिंसाजस्ता विकृतिजन्य तत्त्वहरूले राज गरिरहेको भए पनि तिमीहरू चुपचाप लागेर किन बसेको भन्दै मानव समुदायलाई चेतनशील बनाउने, उर्जा प्रदान गर्ने, प्रगतिपथको निम्ति जागरूक हुनुपर्ने मूलभाव प्रकट गरेको देखिन्छ ।

(२७) **पुग्छु जस्तो लाग्दै**

कविको चाहना स्वरूप देखापरेको यस गीतले सबै संसारका मानिसहरू एकै हुन् त्यसकारणले मानिस भएर तेरो र मेरो भन्ने भेदभावको जाल बुन्नुभन्दा पनि सबैलाई समान भावले हेर्दै पवनको विस्तृता र किरणको उज्ज्वलताबाट पाठ सिक्दै सागरको गम्भीरता जस्तै बनेर प्रगतिपथमा लाग्नुपर्ने मूलभाव प्रकट गरेको छ ।

(२८) **त्यो पारिपाखा**

संसारमा देखिएका जातीय दङ्गा, जातीय अस्तित्वको लडाइ, होडबाजी, तेरो-मेरो, साना र ठूला जात जस्ता भेदभावपूर्ण व्यवहारदेखि अवाक बनेका कविले यस गीतमा असन्तुष्टिका ज्वालाहरू पोख्दै मान्छेको सङ्कीर्ण विचार र सोचले मान्छेको जात निर्धारण गरेको, बह्माण्ड सञ्चालन गर्न सक्ने मस्तिष्क भएको व्यक्ति एउटा सीमित घेरामा रहनु परेको देखेर आफ्नो जात मान्छे, घरसंसार र देश धरती हो भन्ने अभिव्यक्ति संकीर्णताको घेराबाट माथि उड्दै, उच्चविचार, भावना, दर्शनको माध्यमबाट भाव प्रकट गरेका छन् ।

(२९) **बिरानो भो ठाउँ**

मान्छेको स्वतन्त्रताको चाहना राख्दै रचिएको यस गीतले आजको मान्छेले चाहेका स्वतन्त्रताको, मान्छेले गरेको क्रान्तिको, विद्रोहको, प्रगतिको प्रस्तुति दिँदै हिजो एउटा कालो कोठीमा अन्धासरह बनाएर राखेको समना आज देख्न छोडे हुन्छ, आजको मान्छे त खुला आकाशमा रमाउन चाहन्छ, ग्रहगणसँग चम्किन चाहन्छ, बादलसँगै उड्न चाहन्छ र कसैले पनि उडन्ते सपना देखाएर आजको मान्छेलाई झुक्याउन सक्दैन, ढाँट्न सक्दैन भन्दै वैज्ञानिक युगको मान्छेले गरेको प्रगति र तिनीहरूभित्र पसेको चेतनाको वर्णन भावात्मक रूपमा प्रस्तुत गरेको देखिन्छ ।

(३०) **बरु बाँच्छु सुख दु:ख**

भावात्मक रूपमा संसारको स्वरूप बदल्न चाहने यस गीतले आजको परिवेशमा देखिएका थिचोमिचो, अन्याय, अत्याचार जस्ता कुरालाई हटाएर स्वच्छ, निर्मल, शान्त र समृद्ध समाजको परिकल्पना राख्दै खोक्रो मूर्तिको पूजन र क्रुर शासनकको शासनभित्र बस्नु नहुने र त्यसलाई तोड्दै मान्छेमात्रको चाखो संसार निर्माण गर्नुपर्ने अभिलाषा प्रकट गर्दै एउटामात्र आँगनभित्र विभिन्न प्रकारका वस्तु सजाएर मनोरम बनाए जस्तै सारा मानिसहरूको हाँस्ने, खेल्ने, बाँच्ने, नाच्ने थलो एकै होस् र जातको नाममा मान्छेभन्दा अरू केही नहोस् भन्ने चाहना साम्यवादी अवधारणाबाट प्रभावित हुँदै मूलभावको रूपमा प्रस्तुत गरेको देखिन्छ ।

(३१) **म त हजुर गाउँ घर**

अभिधात्मक अर्थमा आकाश र धरतीको तुलनात्मक अध्ययनमा आधारित यस गीतले आकाशलाई राम्रो देख्ने र धरतीलाई नराम्रो देख्ने समूहप्रति लक्षित गर्दै आफ्नो देशमा भएको उन्नति र प्रगतिलाई आत्मसात गर्दै अगाडि नबढेर अर्काको उन्नतिमात्र राम्रो भन्दै गुणगान गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरेको र जे छ , आफ्नै परिवेशमा छ, आफ्नै वातावरणमा छ, अर्काको देखेर त्यसको गुणगान गर्नुभन्दा पनि आफ्नो रीति-रिवाज, धर्म, सँस्कृति, पेसा, उद्योग जस्ता कुराहरूलाई युगानुकूल बनाउँदै प्रतिश्पर्धाको जमानामा ढाल्न सक्नुपर्छ र स्वपहिचान राख्न सक्ने कार्य गर्नुपर्छ भन्ने कुरा नै अभिव्यञ्जित गरेको पाइन्छ ।

### (३२) उकालीमा दाहिने बर

कैयौँ वर्षदेखि शान्ति स्थापनाको निम्ति सङ्घर्ष गरिरहेको कुराको स्मरण गर्दै आजसम्म शान्ति नपाएर छट्पटाएका, शान्तिकै निम्ति विभिन्न प्रकारका कार्यहरू गरिरहेका, शान्तिकै निम्ति क्रान्ति गरिरहेका तर पनि शान्ति पाउन सकिरहेका छैनन् भन्दै शान्ति कतै पनि खोजिरहनु पर्दैन, त्यो त आफ्नै आत्मामा छ, जहाँ परमात्माको वास छ भन्ने आध्यात्मिक दृष्टिकोणबाट शान्तिको बाटो खोज्ने कार्य आफैँबाट हुनुपर्छ तबमात्र सबैतिर शान्तिको स्थापना हुन्छ भन्ने भाव गीतमा देखिन आउँछ ।

### (३३) उज्यालो हुन्छ कि

मार्क्सवादी मान्यतामा आधारित यस गीतले समाज रूपान्तरणको परिकल्पना हिजो, आज र भोलिको स्थितिलाई नियाल्दै, आज मानिस आ-आफ्नो अस्तित्व र अधिकार खोज्दै हिडिरहेको भए पनि भोलि समाज जसरी भए पनि साम्यवादी अवधारणामा आधारित हुनेछ र सबै वर्ग, धर्म, जाति, संस्कृति जस्ता कुराहरू एक भई एउटा यस्तो सम्मुन्नत समाजको निर्माण हुनेछ जहाँ जातको नाममा केवल मान्छेमात्र रहनेछन् भन्ने दृष्टिकोण कार्लमार्क्सको समाज रूपान्तरणको अवधारणालाई प्रस्तुत गरेको छ ।

### (३४) हामी बिहान हौँ

युवा पुस्ताप्रति समर्पित क्रान्तिकारी चेतले ग्रस्त यस गीतले शोषक-सामन्तको फन्दामा समाज अघि बढ्न नसकेको देखेर युवापिडीलाई आफ्नो सम्पूर्ण शक्ति, वैंशको जोश, बल, बुद्धि जस्ता कुराहरू एउटा समुन्नत समाज निर्माणमा लगाउनुपर्ने र घामको प्रखरता जस्तो बनेर भेदभाव अन्त गर्दै मान्छे-मान्छेबीच समानता स्थापना गर्नुपर्ने कुरालाई अघि सारेको र जनताहरूले सामूहिक हुँकार निकाल्दै ती उन्नतिका बाधक बनी बसेका आदमखोरलाई जनशक्तिको चपेटामा पारी जरैसँग मास्दै उन्नतिको दिशाबोध गराउनु पर्ने प्रगतिवादी चिन्तन अभिव्यञ्जित गरेको छ ।

### (३५) मेरै त हो महाकाली

यस गीतले संसारको जीर्ण अवस्थितिलाई देखाउँदै हिंसा, ईर्ष्या, पाप आदिले व्याप्त, ठूला-साना, गरिब धनीले खचाखच, सँधैभरी सन्तानको चिन्ताले चिन्तिन, युद्ध परिणाममा रगतै रगतले पोतिएकी धरणी र उनको वक्षस्थलमा कैयन चिताहरू जलिसकेको स्थिति जस्ता कुराहरूलाई गीतको मूल विषय बनाउँदै अब त्यस्ता नकारात्मक परिणाम आउने कार्यहरू गर्नुहुन्न, यो सृष्टिको अनुपम उपहारमा मान्छे-मान्छेको ढकमक फूलवारी निर्माण गर्न सक्नु पर्छ, कुमति, कुभावना जस्ता कुरालाई जरैबाट फ्याँक्दै सबल समृद्ध समाजको निर्माण गर्न अगाडि बढ्नुपर्छ भन्ने प्रगतिशील भावना प्रस्तुत गरेको छ ।

**गजलहरु**

विजय सुब्बाको 'विजय सुब्बाका गीत तथा गजल'मा सङ्ग्रहित गजलहरुको मूलभावको निरुपण यसप्रकार गरिएको छ ।

**(१) एउटा सानो निम्तो**

२०४६ सालपछि सत्तामा पुगेर सबैथोक बिर्सिएर सत्ताउन्माद देखाउने नेताले पहिला चिनेको जनतापनि बिर्सिएको भाव व्यक्त छ ।

**(२) कृपया तपाईको**

जनताहरू समक्ष चिप्ला भाषणहरू गरेर आफ्नो इज्वत गुमाएका नेताहरूलाई तिमी देशका लागि सबै थोक नभएकाले झुट कुरा गरेर घृणाको पात्र नबन भनी सुझाव दिइएको छ ।

**(३) बन्द भएनन् यी**

नेपथ्यभित्र बसेर आफ्नो लागि मात्र गर्ने नेताहरूको कुकार्य सार्वजनिक भइसकेकोले जनताका आवाजहरू क्रमशः उठ्दै गएको विचार व्यक्त छ ।

**(४) ढोगीरहेँ सत्य भनी**

नेताहरूले देशका लागि केही गर्लान भनी आशा बोकेर बसेपनि निराशा मात्र प्राप्त भएकाले सबै नेपालीले उनीहरू प्रति विश्वास गर्न छाडिसकेको विचार व्यक्त छ ।

**(५) कस्तो अनैाठो आवाज पनि**

सुनौलो नेपाल बन्ने आशा बोकेका नेपालीहरूले जतातत‌ै भ्रष्टाचार मौलाएको समाचार मात्र सुन्नु परेको विचार व्यक्त छ ।

**(६) बोल्दै बोल्दिँन**

जनताहरू माझ नेताहरूका चरित्रहरू नखोलौ भन्दा पनि नभनी बस्न नसकेको भाव व्यक्त छ ।

**(७) सम्हालिन नसकेर**

देश हाक्ने कुर्सीमा बस्नेहरूको सोचाई फराकिलो हुनुपर्नेमा सङ्कीर्ण नै भएको र उनीहरूले इमान्दारहरूप्रति धेरै बैमान गरिसकेको भाव व्यक्त छ ।

**(८) मैले हिड्ने बाटो**

आफू जनताको पक्षमा हिड्ने हुनाले कसैका भनाइमा लागेर जनआवाज रोक्न नसक्ने भाव व्यक्त छ ।

**(९) अब यहाँ बन्द**

देशमा केही गर्न खोज्नेहरूले प्राणको बाजी थाप्दा पनि कुनै महत्व नपाएको र भ्रष्टाचारका विरुद्धमा उभिनु पर्नेमा मन्दिरतिर जान थालेको भावको अभिव्यक्ति पाइन्छ ।

**(१०) छि वाक्कै लाग्यो बूँदजी**

सत्ता प्राप्तिका निम्ति आफ्नै साथीहरूको हत्या गर्नसम्म तयार रहने पदलोलुप नेताहरूलाई अधर्मीको संज्ञा दिदै बोलिमा ठेगान नहुने नेतादेखि घृणा जाग्ने भाव व्यक्त छ ।

**(११) पानीमा उभिई**

अन्यायसँग जुध्नेहरू हराइसकेकाले समाजमा विकृति बढेको भाव व्यक्त छ ।

**(१२) बाँच्नु भन्दा भन्दै**

जनताले विश्वास गरेका नेताहरूले राजनीतिक छलकपट गरेकाले उनीहरूलाई परिवर्तनको गीत नगाउनु भनिएको छ ।

**(१३) अझैसम्म इमान बेचेर**

नेताहरूका गलत क्रियाकलाप जनता समक्ष ल्याएर आफू धेरै चोटी अपमानित भएको भाव व्यक्त छ ।

**(१४) एक थोपा आसु पनि**

अरु नेताहरूले इमान बेचेर पैसा कमाए पनि आफूले आफ्नो इज्जत गुमाउन कहिल्यै भ्रष्टाचारमा हात नहालेको भाव व्यक्त  छ ।

**(१५) लेख्छु नि लेख्न त**

जनताका नाममा देश लुट्नेहरूसँग आफूलाई बोल्न गाह्रो लागेको भाव व्यक्त छ ।

**(१६) नशामा यत्ति**

समाजमा बदमासहरू मन्दिरमा पुगेर र साधु भएको कुरा लेखदिंदा आफू अपमानमा परेको भाव व्यक्त छ ।

**(१७) खबर दार तर्दातर्दैको**

निस्वार्थी ढङ्गले देश र जनताका लागि पीडालाई पचाउँदै, लावाहरूसँग लड्दै विना नाउँ आँसूको भेलमा हेलिदै र अन्योलग्रस्त सपनाहरूसँग पौठेजोरी खेल्दै देश निर्माणका नशामा आफू हिँडेको विचार व्यक्त छ ।

**(१८) ए छोड्दे हौ**

राजनीतिमा स्वार्थी भावना बढेकाले आन्दोलनका नेताहरू स्वार्थको गुफा पसे भने अप्ठ्यारो पर्ने हुनाले त्यसतर्फ खवरदारी गर्न सबैलाई सचेत पारिएको छ ।

**(१९) मर्नेहरुलाई बाँच्ने**

नेपाली जनतालाई पीडा परेका बेला लाजसरम नमानी हाँस्ने नेताहरूलाई साथदिनु हामी नेपालीहरूकै गल्ती हो भन्ने विचार व्यक्त छ ।

**(२०) सहनु अति भो**

भ्रष्टाचारमा हाम फाल्नेहरूलाई आफू एक्लैले रोक्न नसकेको तर उनीहरू कानुनको हातमा पर्दा कठराबाट उम्काउन आफूले सोच्दै नसोचेको भाव व्यक्त छ ।

**(२१) सपनाका अधिनमा**

समाजमा देखिएको विकृति, भ्रष्टाचार, अन्याय, दण्डहीनता आदिले जनतामा पीडा पलाएको र त्यसैको अभिव्यक्ति स्वरूप यो गजलको रचना भएको विचार व्यक्त छ ।

**(२२) सिंगो जिन्दगी**

परिश्रमी नेपाली जनताहरूले सुनौलो सपनाको आशामा दिनरात बिताएका भए पनि उनीहरू यथास्थितिमै रहेको विचार व्यक्त छ ।

**(२३) अब यही टङ्गोमा**

देशमा व्याप्त नातावादले सबै नेताले अफ्नालाई भलो गरिदिएको तर आफू चाहिँ कुनै ठूलो नेताको नाताभित्र नपरेकाले अलपत्र पर्नुपरेको भाव व्यक्त छ ।

**(२४) कसैको मुहार पनि**

सर्वहारा वर्गका नेताहरूले एकाएक महल बनाउनुका पछाडि भ्रष्टाचारको कारण रहेको तर्फ लक्षित गर्दै राजनीतिका ठूला मान्छेहरूनै यस्तो कार्यमा लागेपछि नेपालको राजनीति कुहिँएको भनिएको छ ।

**(२५) मजाले घाम लागेछ**

जनताका सामु मीठा आवश्वासन छर्नेहरूका व्यवहार नै घातक भएपछि कुनै पनि नेपाली खुसीसाथ बस्न नसकेको विचार व्यक्त छ ।

**(२६) सहँदै गएँ**

भ्रष्टाचार  नगर्नेहरू पाउन मुस्किल हाम्रो देशमा व्याप्त विकृतिले हानी गरेकाले भ्रष्टाचारमुक्त देश निर्माण गर्नुपर्ने भाव दर्शाइएको छ ।

**(२७) कुन अनुहार लिएर**

भारी बोकेर खाने श्रमजीवि भरियाका वेदनाहरू कसैले नसुनेकाले आफैले उसका पीडाहरू सबैलाई सुनाउँदै हिँड्नु परेको भाव व्यक्त छ ।

**(२८) मेरो नमस्कार यहाँलाई**

जनताका नाममा देशघात गर्नेहरूको शीर ढलिसकेकाले उनीहरूलाई गाउँ घर फर्कन गाह्रो पर्ने भाव व्यक्त छ ।

**(२९) नसोचौँ यस्तै रहेछ**

साहित्यिक रचनाहरूमार्फत जति सम्झाए पनि नेताहरू नसुध्रिएकाले एकदिन जनताहरू आन्दोलित हुने विचार व्यक्त छ ।

**(३०) पानीमै उभिएर पनि**

जनताले विश्वास गरेका नेताहरूले जनतालाई नै धोका दिए पछि जनयुद्ध सुरु भएको भाव व्यक्त छ ।

**(३१) अहो धन्य धन्य**

देश र जनताको हितमा लडेका नेताहरू स्वार्थमा लागेकाले आफू एक्लै भएको विचार व्यक्त छ ।

**(३२) हिम्मतले बोल्दैछु**

स्वाभिमान जोगाउन नसकेका नेताहरूका साथमा आफू हिँड्न नसक्ने भाव व्यक्त छ ।

**(३३) आफूभित्र अरु खोज्दा**

नेताहरूका चलाखीपनको उजागर गरिदिँदा त्यो अर्थहीन भएको भाव व्यक्त छ ।

**(३४) एक्लो हुनु महायात्राको**

आफ्नो पवित्र मनमा अरुलाई खोज्नु अशान्ति प्राप्त  गर्नु हो भन्ने भाव व्यक्त छ ।

यसरी विजय सुब्बाको विजय सुब्बका गीत र गजलहरु गीत /गजलसङ्ग्रहका सम्पूर्ण गीत /गजलहरूलाई विषयवस्तुको आधारमा मूलभाव प्रस्तुत गरिसकेपछि यिनका गीत /गजलहरूले विशेषतः मान्छेका अधिकार र अस्तित्वको निम्ति आवाज उठाएको दखिन्छ ।

**४.२.३ मूल भाव विचार**

विजय सुब्बका गीत र गजलहरुगीतको मूलभाव नेपाली समाजले भोगेका व्यक्ति विशेषका इच्छा, आकाङ्क्षा र चाहनालाई अभिव्यक्त गर्न केन्द्रित देखिन्छ । सामाजिक परिवर्तन, मानवताको संरक्षण, जातीय भेदभावको निर्मूलीकरण, राष्ट्रिय एकताको आह्वान, धार्मिक सहिष्णुता कायम, राजनीतिक परिवर्तन जस्ता अनेकन विषयहरूको प्रवेश यिनका गीत /गजलहरूमा भएका छन् । यी सबै विषयहरूले सामाजिक उन्नति र प्रगतिको उद्देश्य लिएको देखिन्छ ।

गीत /गजल (१)ले नयाँ वर्षको आगमन हामी सबैको निम्ति नयाँ कार्य गर्न र उत्प्रेरणा जगाउनको निम्ति आएको हो त्यसैले नयाँ वर्षको दिनलाई रमाइलोको निम्तिमात्र नलिएर हर्ष, जोश र जाँगरको दिनको रूपमा लिनुपर्छ भन्ने चाह राखेको छ ।

यसरी नै राजनीतिक विषयवस्तुमा आधारित गीत /गजलहरूले राजनीतिमा देखिएका भ्रष्ट व्यवहारहरूलाई सच्याउँदै अघि बढ्नुपर्ने र स्वच्छ किसिमले देश विकासमा लाग्नुपर्ने उद्देश्य गजलमा यसरी प्रकट भएको छ :

थुप्रै छन् बद्मासहरु क्रान्तिका बान्ता गरिरै'छन्

गोन्जालो नामैले त्यस्तालाई किन गरम नहोस्(कृपया तपाईंको त्यो, पृ. ६२)

यी हरफहरूबाट शासक र शोषकको स्वार्थले देश अशान्त बन्दै गइरहेको छ यसलाई अब व्यक्तिगत स्वार्थको लागिभन्दा पनि सामूहिक उन्नतिमा रूपान्तरण गर्नुपर्दछ ।

संस्कार र संस्कृतिको नाममा झगडा गर्नेहरूले देश बिगारेकाले अब प्रत्येक व्यक्ति सचेत बन्दै शान्त र समृद्ध देशको निर्माणतर्फ लाग्नुपर्छ भन्ने उद्देश्य राखेको छ ।

त्यसरी नै समाजमा विभिन्न प्रकारका नचाहिँदा नियम बनाएर गरीब-दु:खीलाई थिचोमिचो गर्ने र हुकुमको भरमा आफ्नो कार्यसिद्ध गर्न चाहने जमातप्रति पनि यस सङ्ग्रहका गीत /गजलहरू उग्र बनेर देखिएका छन् । मानव हितार्थ यदि काम नगर्ने हो भने अब प्रत्येक जनता तिमीहरूको विरुद्ध आगो भएर निस्कने चेतावनी गीत /गजलबाट प्रकट गर्दै सङ्घर्षको आह्वान पनि त्यहीं निहित देखिन्छ । निम्नलिखित हरफलाई हेर्दा :

घुम्तीतिर कोही होलान् आँखा लाइराख

पछिकालाई हुने गरी भाखा गाइराख (ओत लाग्नु परे, पृ. १७)

उपर्युक्त हरफहरूले स्थितिको बोध गराउँदै अबका कार्यहरूलाई पनि निर्देश गरेको छ । गरिबको झोपडी रितिएको र लाखौँको अधिकार खोसिकाले अब हामी उठ्नुपर्छ, जाग्नुपर्छ र यी मुट्ठीभरका शासकहरूलाई निर्मूल पार्दै जनताको अधिकार स्थापना गर्नुपर्छ भन्ने प्रगतिवादी चेत र प्रगतिकामी उद्देश्य यहाँ राखेको देखिन्छ ।

जातीय अस्तित्वको सवालमा पनि गीत /गजलहरू उत्तिकै प्रखर देखिन्छन् तर गीत /गजलहरूले एउटामात्र जाति र धर्मको वकालत नगरेर त्यसको माध्यमबाट सबै जात-जाति, धर्म, संस्कृति आदिको संरक्षणमा हामी सबै लाग्नुपर्ने र सबै धर्म र जातको ढकमक फुलबारी जस्तो परिवेश निर्माण गनुपर्छ भन्ने उद्देश्य गीत /गजलहरूले लिएका छन् ।

राष्ट्रियताको विषयवस्तुभित्र पनि एकताको आह्वान पाइन्छ । राष्ट्र र राष्ट्रियताको सवालमा जस्तोसुकै कार्य गर्न पनि पछि पर्नुहुन्न भन्ने सन्देश गीत /गजलहरूले प्रकट गरेका छन् । राष्ट्र र जनतालाई ढाल बनाएर आफ्नो हुँदो गर्न खोज्ने नेताहरूप्रति गीत /गजलहरू आगो बनेर देखिएका छन् । यस्तै मान्छे मान्छेमा असमानता देखिएकाले गीत /गजलहरू यसरी सिर्जना भएका छन् :

तिम्रो नीलो आकाश सुनसान भै फेरि रोयो भने

तिम्रो यो शीरमा कसैको पाइतलाले छोयो भने

सहँदैनौँ आमा ! आमा ! आमा !

फेरि तिम्रो बस्ती अझै रोयो भने (आमा अब नरोइदेऊ, पृ.१९)

गीत /गजलहरू चाहे राष्ट्रको सवालमा होस् वा जनताको सवालमा, ती कुनै न कुनै किसिमले भावनामा बहकिनुको सट्टा उन्नति र प्रगतिको निम्ति प्रस्तुत भएका छन् ।

गरिब-दुःखीको जीवनस्तर उकास्ने र तिनीहरूलाई कसरी हुन्छ चेतनाको प्रादुर्भाव जगाउने किसिमका गीत /गजलहरू विशेष गरेर रचना भएका देखिन्छन्। त्यसैगरी हाल संसारमा व्याप्त मानव हत्या, हिंसा जस्ता अमानवीय गतिविधिको विरोध गर्दै गीत /गजलहरू सुधारको बाटो देखाउन तल्लीन देखिएका छन्।

अन्तमा भन्नुपर्दा कवि सुब्बाद्वारा रचित विजय सुब्बका गीत र गजलहरुभित्रका प्रायसः गीत /गजलहरूमा समाजहित, जनताको जीवनस्तरको सुधार, राजनीतिक स्वार्थभन्दा माथि उठेर देशविकासको लागि लाग्नुपर्ने विचार, मानव-मानवबीच भेदभाव रहितताको स्थिति, हत्या, हिंसाजस्ता कार्यहरूको रोक, धार्मिक सहिष्णुता, जातीय मेल-मेलाप, राजनीतिमा सुधार जस्ता कुराहरू मुख्य उद्देश्यका रूपमा आएका छन्। यस सङ्ग्रहका गीत /गजलहरूमा प्रगति र उन्नतिको अपेक्षा हुनु नै मूल उद्देश्य रहन गएको देखिन्छ।

विषयवस्तुगत आधारमा सामाजिक, राजनीतिक, धार्मिक, राष्ट्रभक्तिपरक, जातीय पहिचान, युद्ध सन्त्रास आदि क्षेत्रमा विचरण गर्न पुगेका यस गीत /गजलसङ्ग्रहका गीत /गजलहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

जुनै विषयलाई अवलम्वन गरेको भए पनि सचेत रूपमा कलम चलाउने कविले राजनीतिक विषयलाई यसरी प्रस्तुत गरेका छन् :

एउटै चुलो छुट्ट्याउने कहाँ छ तिम्रो सिमाना

बाजे र बोजुको अर्तीको के गरी मेट्यौ तिर्सना

पराईको थुकमा जन्मेर के दिन्छौ चिनो गोर्खाली

टेकेको माटो बिर्सेर के भन्छौ आफूलाई नेपाली (फर्केर एकबार हेरिदेऊ, पृ)

राजनीतिले मान्छेलाई स्वार्थी, भ्रष्ट, घमण्डी, अत्याचारी, धुसखोरी बनाउँछ भन्ने कुरालाई उपर्युक्त पङ्क्तिले पनि पुष्टि गरेको छ। सत्तामा पुगेपछि जनतालाई तुच्छ देख्ने नेताहरूप्रति यो गीत /गजल व्यङ्ग्यात्मक किसिमले प्रस्तुत भएको छ। नेताहरूले जनतालाई छलेर आफूमात्र अगाडि बढ्ने गरेको सत्यतालाई पनि गीत /गजलले प्रस्टयाएको छ।

गीत /गजलहरू सामाजिक विषयमा पनि केन्द्रित देखिएकोले यस सङ्ग्रहलाई त्यस आधारमा विश्लेषण गर्न सकिन्छ। समाजमा देखिएका दुःख, कष्ट, अन्याय, अत्याचार आदिको वर्णन गर्दै निष्कर्षमा गीत /गजलहरू समानताको पक्षमा देखिन्छन्। जस्तै :

पहाडजस्तो नाङ्गो छाती ढाक्नु छ मलाई

मेचीकालीको नाममा चिनो राख्नु छ मलाई

कतै घेरिनु हुन्न फेरिनु हुन्न मैले

मान्छे हुँ अर्कै आँखाले हेरिनु हुन्न मैले(तिमी रुन्छौ नै भने, पृ.२६)

गरिब जनताले पाएको दुःख-दर्दलाई गीत /गजलले समस्याको रूपमा प्रस्तुत गरेको छ। समाजमा आफ्नो सोझो गरेर बाँच्ने जनतालाई पनि अत्याचारी शोषकहरूले चैनको सास फेर्न दिँदैनन् भन्दै निराशायुक्त भाव गीत /गजलले व्यक्त गरेको देखिन्छ।

यस सङ्ग्रहमा प्रखर रूपमा देखिएको विषय हो राष्ट्रियता। राष्ट्रलाई जसरी भए पनि उन्नतिको पथतिर धकेल्नुपर्छ, राष्ट्रको समृद्धि नै सम्पूर्ण राष्ट्रवासीको समृद्धि हो भन्ने कुरालाई यसमा समावेश भएका गीत /गजलहरूले उठाएका छन् भने राष्ट्रलाई विभक्त गरेर बाँच्न चाहने समूहप्रति गीत /गजल यसरी दखापरेको छ :

म मरिहालेछु भने मेरो यो गीत बजाइदिनू

गाढा रातो यो झन्डाले मेरो लास सजाइदिनू (म मरिहालेछु भने , पृ.२७)

यहाँ देशको मानचित्रभित्र राष्ट्रियता खोज्ने समूहलाई व्यङ्ग्य गरिएको छ। राष्ट्रियताको भाषण विभिन्न ठाउँमा गएर छाँट्छन् तर राष्ट्र समृद्धिको लागि विकासका कार्यहरू भन्ने कहिल्यै गर्दैनन् भन्ने भाव गीत /गजलले प्रस्तुत गरेको छ। आफ्नो राष्ट्रप्रति समर्पित नरहेको कुरा राष्ट्रियता खोज्दै गलेर, थाकेर, लखतरान भएको प्रसङ्गबाट बुझाउन खोजिएको छ। राष्ट्रप्रेम अथवा देशप्रेम भनेको कसैले खोजिदिने वा ल्याइदिने वस्तु होइन, यो त आफ्नै देशका भीर-पाखा, खोला-नाला, देउराली-भन्ज्याङप्रतिको मोहबाट जन्मिनु पर्छ भन्ने कुरा गीत /गजलमा अभिव्यञ्जित छ।

आफ्नो देशप्रति जति माया र आस्था कविबाट प्रकट भएको देखिन्छ त्यति नै माया आफ्नो जातिप्रति पनि रहेको गीत /गजलले जनाउँछ। जातीय अस्तित्वलाई हामीले बचाएर राख्न सकेमात्र हाम्रो पहिचान रहन सक्छ भन्ने कुरा यस्ता गीत /गजलले जनाएका छन् :

तिम्रो नीलो आकाश सुनसान भै फेरि रोयो भने

तिम्रो यो शिरमा कसैको पाइतलाले छोयो भने

सहँदैनौँ आमा ! आमा ! आमा !

फेरि तिम्रो बस्ती अझै रोयो भने (आमा अब नरोइदेऊ, पृ.१९)

उक्त गीत ⁄गजलमा जातीयतामाथि परेको सङ्कट र नेपालीहरूले भोग्नुपरेको दुःख-कष्ट, पीर-मर्का आदि भावना तीव्र प्रस्तुत भएका छन् । आफ्नो जीवनयापनको क्रममा जता सजिलो हुन्छ त्यतै बस्ने क्रममा आज अस्थायी रूपले बस्न बाध्य भारत, भुटान, वर्मा आदि क्षेत्रमा छरिएर रहेका नेपालीहरूको सङ्कटलाई गीत ⁄गजलले उठाएको छ ।

युद्धले निम्त्याएको भयावह स्थिति र त्यसबाट प्रकट भएको नकारात्मक असरलाई पनि गीत ⁄गजलले अति नै प्रभावकारी रूपमा उठाएको छ । जस्तै :

थुप्रै छन् बद्मासहरु क्रान्तिका बान्ता गरिरै'छन्

गोन्जालो नामैले त्यस्तालाई किन गरम नहोस्   ( कृपया तपाईंको त्यो, पृ. ६२)

कविले गीत ⁄गजलमा अन्य विषयलाई जस्तै युद्धसम्बन्धी विषयलाई पनि उत्तिकै प्रभावपूर्ण भावमा प्रकट गरेका छन् । आज विश्वमा जतातत‌ै सन्त्रासको रूपमा फैलिएको युद्ध त्रास र त्यसले भविष्यमा ल्याउन सक्ने भयावह स्थितिलाई उक्त पङ्क्तिले समेटेको देखिन्छ ।

निष्कर्षमा उनकागीत ⁄गजलसङ्ग्रहका अधिकांश गीत ⁄गजलहरू मान्छेको सेरोफेरोमा निहित देखिन्छन् । मान्छेको अस्तित्व रक्षा, मान्छेले भोग्नुपरेको दुःख, मान्छेमाथि भएको अन्याय-अत्याचार, मान्छेले गरेको ऐतिहासिक कार्य आदिलाई नै प्रायः गीत ⁄गजलहरूले प्रस्तुत गरेका छन् । गीत ⁄गजलभित्र देखिएको दार्शनिक चिन्तन, मानवतावादी दृष्टिकोण, अस्तित्ववादी अवधारणाले गीत ⁄गजलात्मक भावानुभूमिमा सौन्दर्य थप्ने कार्य गरेका छन् । समाजमा व्याप्त अन्याय, अत्यचार, विकृति, विसङ्गति, शोषण, दमन आदि विषयहरूलाई गीत ⁄गजलभित्र विषयको रूपमा प्रस्तुत गर्दै त्यसको समूल अन्त्यको लागि सबैले अभियान थाल्नुपर्ने भाव गीत ⁄गजलले दिएको पाइन्छ ।

**४.२.४छन्द र लय**

विजय सुब्बाका यस सङ्ग्रह भित्रका गीतहरूमा प्रयुक्त अनुप्रासले समान वर्ण सङ्ख्याले तथा सरल शब्दहरूको प्रयोगले लय उत्पन्न गरेको छ । सुब्बाका गीतमा प्रयुक्त लयको नमुना यसरी प्रस्तुत गर्न सकिन्छ :

ओतलाग्नु परे ठूलै ओत खोज्नु भन्छन्

बाटो हिँड्नु परे मूलै बाटो रोज्नु भन्छन्(*ओतलाग्नु परे,* पृष्ठ १७)

तिम्रो नीलो आकाश सुनसान भै फेरि रोयो भने

तिम्रो यो शिरमा कसैको पाइतलाले छोयो भने(*आमा अब नरोइदेऊ,* पृष्ठ १९)

यति लहरिँदा जति सुख छामैं

भत्किएर ढल्दा त्यति दुःख थामैं(हिँडिसकेँ भन्थैं , पृ. २५

यसरी हेर्दा सुब्बाका गीत तथा गजलह्रुमा गीति लयको प्रभावकारी प्रयोगगरिएको छ ।यस कृतिका गीत गजलहरुमा बढीमात्रमा साङ्गीतिक प्रभावकारी लयको प्रयोग गरिएको छ ।

**४.२.५ विम्ब प्रतीक तथा अलङ्कार**

सुब्बको प्रस्तुत कृतिमा विभिन्न किसिमका विम्ब, प्रतीक तथा अलङ्कारको प्रयोग गरिएको छ। त्यसलाई यसक्रममा प्रस्तुत गरिएको छ :

**क. विम्ब** विजय सुब्बाले यस सङ्ग्रहभित्रका गीतहरूमा विभिन्न विम्बहरूको प्रयोग गरेका छन् । यी गीतहरूमा बाटो, फेदी, घुम्ती, आँखा, पहाडे, माटो, आमा, छोरो, आँसु, बच्चा, शीर, काँडा, मन, पागल, भीड, बस्ती, पानी, चुलो, आदि शब्दविम्बहरूको प्रयोग गरिएको छ ।

**ख. प्रतीक**

विजय सुब्बाले यस सङ्ग्रहभित्रका गीतहरूमा शब्दगत प्रतीकको यस्तो प्रयोग गरेको भेटिन्छ :

चम्किलो तिम्रो खुकुरी कहाँ गयो आज लौ भन

वीरताको तिम्रो पाखुरी के भयो आज लौ भन(*फर्केर एकबार हेरिदेउ,* पृष्ठ २४)

माथिको श्लोकमा प्रयुक्त 'खुकुरी' ले 'वीरता' तथा 'पाखुरी' ले सामर्थ्य वा शक्ति भन्ने अर्थ प्रक्षेपण गरेका छन् । यसका अतिरिक्त सुब्बाले देउराली, पसिना, कोठेबारी, सागर, बस्ती, गोर्खाली, नेपाली, पहाड, टारबारी, बतास आदि प्रतीकहरूको प्रयोग गरेका छन् ।

**ग. अलङ्कार**

विजय सुब्बाका गीतमा शब्दालङ्कारको भेद मानिने अन्त्यानुप्रास अलङ्कारको प्रयोग पाइन्छ । सुब्बाका गीतमा प्रयुक्त अन्त्यानुप्रास अलङ्कारले लयात्मकता र साङ्गीतिकता उत्पन्न गराएका छन् ।

**४.२.६ कथनपद्धति**

विजय सुब्बका 'गीत र गजलहरु गीत /गजलसङ्ग्रह' को विभिन्न प्रकारका कथनपद्धति प्रयोग भएका छन् । म, हामी, प्रिये, मान्छे, जनता, मिथकीय पात्र, सत्ता, तँ,

युवा, सूर्य, खुकुरी, भानु, आकाशबेली, किसान, मजदूर, सन्त फ्रान्सिस, रातो भाले, ईश्वर जस्ता मानवीय तथा मानवेतर सहभागी प्रयोग भएका देखिन्छन् । यी विभिन्न कथनपद्धति सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक क्षेत्रको उन्नति र प्रगतिको निम्ति अनुकूल बनेर देखापरेका छन् । यस सङ्ग्रहमा रहेका मानवीय कथनपद्धतिले जतिको सशक्त भूमिका निर्वाह गरेका छन् । त्यतिकै भूमिकामा मानवेतर कथनपद्धति पनि देखिएका छन् । बादल, सत्ता, खुकुरी जस्ता जड वस्तुलाई मानवीकरण गर्दा कविको गीत /गजलका भाव उत्कृष्ट रूपमा देखापरेको र ती पात्रहरूको कार्यलाई इङ्गित गर्दै वस्तुगत वर्णन गर्दा विश्वसनीयता देखिन आएको छ । जुनसुकै किसिमको सहभागीलाई अगाडि उपस्थापन गरे पनि आजको यो सामन्ती र शोषकीय समाजलाई परिवर्तन गर्नुपर्ने र स्वच्छ जनपक्षीय समाजको निर्माण गर्नुपर्नेमा गीत /गजलहरू अडिग देखिन्छन् । चाहे 'म' पात्रको प्रस्तुति होस् वा अन्य पात्रको ती सबै सहभागीले कतै उग्र रूपमा त कतै सम्यम् भएर प्रगति र उन्नतिको बाटो पकड्नै पर्ने माग उठाएका छन् । कतै-कतै अस्तित्वको खोजी गर्दा गर्दै 'म' पात्र निराश पनि देखिएका छन् । गीत /गजल (१), (८), (९), (१०), (१९) आदिमा पात्रहरूलाई गीत /गजलले केही गर्न उत्प्रेरित गर्दै वा आफूले अगाडि केही गरेको छ कि छैन मूल्याङ्कन गर्दै अगाडि बढ्न हौसला प्रदान गरेको छ । गीत /गजल (११)मा कञ्चनजङ्घालाई पात्र बनाउँदै अब यसरी टुलुटुलु हेरेरमात्र हुँदैन, केही गर्नुपर्छ भन्ने जस्ता अत्यन्त भावुक र कल्पनाशील अभिव्यक्ति 'म' पात्रले प्रस्तुत गरेका छन् । यस सङ्ग्रहमा प्रस्तुत भएका अधिकांश पात्रहरू 'म' पात्रको नियन्त्रणमा रहेको र 'म' पात्रकै निर्देशन अनुसार आफ्नो भूमिका ग्रहण गरेकाले प्रायः गीत /गजलहरूको चाहना एकै किसिमका देखिन्छन् । मार्क्सवादी अवधारणालाई अवलम्वन गर्दै कतिपय कथनपद्धति समाजवादी अवधारणाबाट अत्यन्त प्रभावित बनेका देखिन्छन् भने कतै भविष्यको साम्यवादी कल्पनाको चरम अवस्थामा कल्पनाशील बन्न पुगेका छन् । चाहे आकाशलाई सहभागीको रूपमा अगाडि सारेको होस वा भालेलाई, ती सबै चरित्र अन्याय र अत्याचार, शोषण र दमन, दुःख र दर्द जस्ता कुराहरूबाट मुक्त हुनुपर्छ भन्ने अवधारणामा एकजुट भएर देखिएका छन् ।

विजय सुब्बका गीत र गजलहरुगीत /गजलसङ्ग्रहमा प्रयोग भएको कथनपद्धतिले फरक-फरक वैशिष्ट्य बोकेका भए पनि निष्कर्ष एकै उद्देश्यमा लक्षित देखिन्छ । विभिन्न कथनपद्धतिमध्ये 'म' प्रस्तुत सङ्ग्रहको प्रमुख सहभागी तथा वक्ता प्रेषक वा सम्बोधक पनि हो भने अन्य मानवीय-मानवेतर कथनपद्धति श्रोता वा मुक सम्बोधितका रूपमा अथवा परोक्ष वा गौण भूमिकामा आएका देखिन्छन् । 'म'को मुख्य अवस्थिति रहेको यस गीत /गजलसङ्ग्रहका (९), (१४), (१५), (१९), (२२), (२६), (२६), (२७), (२९), (३२), (३७), (३९) आदि गीत /गजलहरूमा उत्साह, जाँगर, अस्तित्व, विकासका कुराहरूलाई विभिन्न किसिमका पात्रहरू खडा भएर उठाएका छन् भने ती आवाजहरू उठाउँदा गीत /गजलका सहभागी क्रान्तिधर्मी भएर पनि उपस्थित भएका देखिन्छन् । समाजमा देखिएका विकृति-विसङ्गति, अन्याय-अत्याचार, भष्टाचार, धार्मिक विकृति, जातीय भेदभाव, अमानवीय व्यवहार आदिलाई यस सङग्रहमा प्रयोग भएका कथनपद्धतिले परिवेश र स्थितिअनुकूल बनाएर उठाएका छन् ।

समग्रमा हेर्दा प्रस्तुत गीत/गजलसङ्ग्रहका गीत /गजलहरू 'म' पात्रको केन्द्रीयतामा रहेको र त्यसैको सेरोफेरोमा अन्य पात्रहरू घुम्दै विषयवस्तुको चेतनात्मक प्रस्तुति दिँदै एउटा स्वच्छ र समृद्ध समाजको निर्माणमा सहयोग हुने भावहरू व्यक्त गरेको देखिन्छ ।

### ४.२.७. भाषाशैली

विजय सुब्बका गीत र गजलहरुगीत /गजलसङ्ग्रहमा सरल भाषा र सुगठित शैलीको प्रयोग पाइन्छ । भाषाको सफल प्रयोगले नै यस सङ्ग्रहका गीत /गजलहरू सशक्त बनेका छन् । गीत /गजलको भावअनुसारको भाषा प्रयोग भएको हुनाले भाव र भाषा प्रयोगको राम्रो तालमेल मिलेको देखिन्छ । भाषाको संरचना पक्ष ध्वनि, शब्द, व्याकरण र अर्थव्यवस्थाको व्यवस्थित प्रयोगले प्रत्येक गीत /गजलहरूले आ-आफ्नो क्षेत्रमा पकड जमाएको पाइन्छ । मुक्त छन्दमा संरचित यस सङ्ग्रहका गीत /गजलहरूमा लयात्मक र रागात्मक पक्ष भने अति नै मजबुत रहेको पाइन्छ । केही गीत /गजलहरूमा अनुप्रासीय संयोजन मिलेकाले छन्द भाषाको स्थिति पनि देखापर्न गएको देखिन्छ। त्यसरी नै गीतिलयको प्रयोग पनि एक-आध रचनाहरूमा प्रयोग भएको पाइन्छ । जसले गीत /गजलहरू गायनयोग्य बनेका देखिन्छन् । सरल र सहज भाषाको प्रयोगका कारणले भाव विस्तारको क्रममा सम्प्रेषणगत सरलता पाउन सकिन्छ । विषय, स्थिति र परिवेशलाई अति नै विचार पुऱ्याएर शब्दहरूको छनौट गरेको हुनाले भाषामा पनि सार्थकता देखिन गएको छ । विभिन्न प्रकारका विषयहरूको छनोटले गर्दा कतै पनि गीत /गजलहरूमा भाषागत एकरूपमा पाउन सकिँदैन । धार्मिक, राजनीतिक, सांस्कृतिक, सामाजिक, प्राकृतिक, प्रेमपरक आदि जस्ता विषयहरू छन् त्यसैअनुसारको भाषा र शब्द छनोटले गर्दा गीत /गजलमा विश्वासनीयता र सार्थकता देखिन आएको छ ।

प्रस्तुत सङ्ग्रहमा देखापरेका पूर्णविराम, अर्द्धविराम, प्रश्नवाचक चिह्न, विश्मयादिबोधक, अनुप्रासीय संयोजन, पुनरावृत्ति आदि प्रयोग भएको छ । शैलीगत आधारमा जति गीत /गजलहरू देखिन्छन् त्यति नै शैली र त्यसमा भिन्नता पाइन्छ । समाजमा देखिएका समस्याहरूलाई उजागर गर्दा सोहीअनुकूल शब्द चयन र भाषा प्रयोगले शैलीमा फरकपनको आभाष गराउँछ । यस गीत /गजलसङ्ग्रहमा समाख्याताको आफ्नो विचार, भावक-पाठक समक्ष पुऱ्याउन विभिन्न तरिका अपनाएको छ । प्रत्यक्ष वर्णन, एकलसम्वाद, टिप्पणी, सम्बोधन, आक्रोश एवं विद्रोहका रूपमा समाख्याताले आफ्नो अवधारणालाई प्रस्तुत गरेको देखिन्छ । यसरी शैलीका आधारमा गीत /गजलहरू विषयवस्तु अनुसार देखिएका छन् । नरम, रागात्मक शैलीदेखि आक्रोश र विद्रोहका आवाजहरू पनि शैलीकै चरम विन्दुसम्म पुगेर देखिएका छन् ।

भाषाशैलीय विन्यासभित्र बिम्ब-प्रतीक र अलङ्कारको भूमिका पनि उत्तिकै रहने गर्दछ । यस सङ्ग्रहका गीत /गजलहरूमा बिम्बात्मक शब्दको प्रयोग प्रसङ्गअनुकूल देखिएको छ । कुनै पनि वस्तुलाई बिम्बात्मक शब्दको प्रयोग गर्दा त्यसमा गीत

/गजलत्मकता देखापर्छ। त्यसरी नै परिस्थितिअनुसार प्रतीकात्मक शब्दहरू पनि प्रयोग भएका छन् ।केहीगीत /गजलहरू त शीर्षक नै प्रतीकात्मक छन् भने केही गीत /गजलहरूको अर्थवहनतामै प्रतीकात्मकता देखिन्छ। शब्द प्रयोगमा धेरै भन्नेको सट्टा थोरैमा नै सौन्दर्य प्रकट गराउनलाई प्रचुर मिथकीय शब्द चयन गरेको देखिन्छ। मिथकीय शब्दहरूले गीत /गजललाई गम्भीर भाव ग्रहण गर्नसक्ने शक्तिप्रदान गर्दछ ।गीत /गजलको अर्को प्रमुख तत्व अलङ्कारले काव्यमा सौन्दर्य प्रकट गर्ने कार्य गर्दछ। **विजय सुब्बका गीत र गजलहरु** भित्र विभिन्न प्रकारका अर्थ र शब्द अलङ्कारहरूको प्रयोग भएको देखिन्छ। अनुप्रास, यमक आदि शब्द अलङ्कार र उपमा, रूपक, अर्थान्तरन्यास आदि अर्थअलङ्कारको प्रयोगले गीत /गजलको भावमा गहनता र अर्थमा बहुलता प्रकट भएको देखिन्छ।

समग्रमा विजय सुब्बका गीत र गजलहरुगीत /गजलसङग्रहमा प्रयोग भएको भाषा, शैली, विम्ब, प्रतीक, अलङ्कार आदि भाषाशैलीय विन्यासको प्रयोग सार्थक र प्रयोगानुकूल छ। भाषाशैलीय विन्यासको सटीक संयोजनले नै गीत /गजललाई उच्चकोटिमा पुऱ्याएको देखिन्छ।

## ४.३ अराजक अक्षरहरु कवितासङ्ग्रहको अध्ययन

### ४.३.१ परिचय

कवि विजय सुब्बाद्वारा लिखित अराजक अक्षरहरू विं.सं. २०५८ सालमा साझा प्रकाशनबाट प्रकाशित कृति हो। यस कृतिभित्र सुब्बाका छैसट्ठीवटा रचनाहरू सङ्कलित छन्। यस कृतिलाई खण्ड-१ र खण्ड- २ भनी विभाजन गरिएको छ। यसमध्ये खण्ड- १ मा सुब्बाका अड्तिसओटा फुटकर कविताहरू सङ्कलित छन् भने खण्ड- २ मा अट्ठाइसओटा छोक (छोटा कविता) हरू सङ्कलित छन्। दुवै खण्डका सबै रचनाहरूमा शीर्षक अनिवार्य प्रयोग गरिएको छ। यस कृतिको आवरणकला टेकवीर मुखियाले तयार पारेका छन्। यस कृतिको प्रथम संस्करण मात्र बजारमा आएको छ। यहाँ यसै कृतिभित्रका रचनाहरूको विश्लेषण तल गरिन्छ।

### ४.३.२. विषय वस्तु

विषय वस्तु कविताको मूल तत्व हो। यसैको आधारमा कविताले स्वरूप ग्रहण गर्दछ। विषय वस्तुको प्रस्तुति फितलो भयो भने कविताले उच्चता पाउन मुस्किल नै पर्छ। अराजक अक्षारहरु कवितासङ्ग्रहभित्र पनि विभिन्न प्रकारका विषयहरू समावेश भएका छन्। तिनै विषयले नै समाजका विभिन्न समस्याहरूलाई उजागर गर्ने कार्य गरेका छन्। कविताले कस्तो किसिमको भाव वहन गरेको छ भन्ने कुरा यसको विषय र प्रस्तुतिमा नै भर पर्ने कुरा हो। अत्यन्त छोटाकविताहरूले भावको प्रस्तुति झ्वाट्ट दिएर जान्छन् भने लघुआकारका र त्यसभन्दा माथिका कविताले आदि, मध्य र अन्त्यको श्रृङ्खलामा भावात्मक

अनुभूति गराउँदछन् । यसरी नै अनुभूत् गर्न सकिने यस सङ्ग्रहका कविताहरूको विषयअनुसारको भावलाई निम्नलिखित तालिकामा देखाइएको छ :

**खण्ड १**

**(१) समयको समय**

आत्मविश्वास नै मानिसको सम्पूर्ण प्राप्तिको स्रोत मान्ने यस कविताले कसैप्रति आस्था, प्रेम, सद्भाव, सहिष्णुता भित्री मनबाट नै अभिव्यक्त गरे त्यो अवश्य सफल हुन्छ भन्दै 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' भन्ने उक्तिलाई भावात्मक तथा प्रतीकात्मक अर्थमा अवलम्बन गरेको छ ।

**(२) मान्छेहरु काममा व्यस्त छन्**

भावात्मक गहिराई र बिम्बात्मक प्रकटीकरणमा सफल यस कविताले मानव जीवन इप्सित वस्तु प्राप्त गर्न तल्लीन रहँदा रहँदै समाप्त भएर जान्छ भन्ने भाव प्रकट गर्न आकाशमा विचरण गर्ने कागको उड्ने कार्यलाई विषय बनाएको र शब्दात्मकभन्दा भावात्मक पक्षलाई विशेष आत्मसात् गरेको छ ।

**(३) मान्छेको हत्या गरिरहेछु**

प्रगतिवादी क्रान्तिकारी धारामा आधारित यस कविताले समाजमा रहेका अन्याय र अत्याचारप्रति 'म' पात्र सङ्घर्षशील रहेको कुरा व्यक्त गर्दै भावात्मक तरिकाले मानिसको जीवन नै सङ्घर्षको निम्ति हो भन्ने अभिव्यक्ति दिँदै सङ्घर्षबाट प्राप्त उपलब्धि पुराना अन्धसंस्कारलाई परिवर्तन गर्न र वैज्ञानिकतामा आधारित समाजको निर्माणमा लगाउनु पर्ने अभिव्यञ्जना प्रस्तुत गरेको छ ।

**(४) पत्र बाँच्न नचाहने श्रीमतीलाई**

शान्तिको कामना गर्दै संसारभर सूचना प्रवाह गर्ने समूहप्रति लक्षित यस कविताले शान्ति प्राप्त गर्नको निम्ति बाहिर संसारमा खुज्नुको सट्टा आफ्नो अन्तरमनलाई सर्वप्रथम स्वच्छ र शान्त राख्नु पर्ने कुरा प्रस्टयाउँदै भौतिक सुखमा रमाउनेहरूले आध्यात्मिक चेतना भुलेको कारणले अब विश्वशान्तिको लागि आन्तरिक मनस्थितिमा परिवर्तन गरी अर्न्तमनबाटै सकारात्मक सोचको थालनी गर्नुपर्ने अभिव्यक्ति दिएको छ ।

**(५) अचम्म लाग्छ तिमीसँग**

मानवतावादी चिन्तनमा आधारित यस कविताले आजका मान्छेमा मानवता नरहेको, मानिस-मानिसबीच विश्वासको सङ्कट परेको, कतै पनि मेलमिलाप नरहेको यथार्थलाई प्रस्तुत गर्दै यदि सुध्रिने हो भने अस्तित्व र विसङ्गत जीवनबीच सकारात्मक जीवनयात्राको

आशा अलिकति देखिएको भन्दै जीवन भोगाइका सकारात्मक पक्षलाई नियाल्न सम्पूर्ण मनको अन्तरपीडालाई बुझ्नुपर्ने सोच देखाएको छ ।

**(६) किन गाली गर्नु जङ्गबहादुरलाई**

कविताको शीर्षक नै प्रतीकात्मक रहेको यस कविता मानवको बाहिरी रूपको चित्रण गर्नुभन्दा आन्तरिक रूपको चित्रण गर्नुपर्ने र मान्छेलाई अन्तरतहबाट नै चिनेर व्यवहार गर्नु पर्ने निष्कर्ष निकाल्दै मान्छेको बाहिरी आकार, रूप, रङ्ग आदिमा नफँस्न सर्तक गराउने प्रयासमा रहेको देखिन्छ ।

**(७) कलम**

युग दिनानुदिन भयावह परिस्थितिबाट गुज्रिरहेको परिवेशलाई यौनपरक ढङ्गबाट उठान गर्दै जताततै समस्या नै समस्या छ तर समाधानको निम्ति कसैले पाइला चालेको देखिँदैन र दिन प्रतिदिन समस्या नै समस्या परिरहेको स्थितिमा अझ विकराल समस्या सिर्जना गर्दै मान्छे अघि बढिरहेको सत्यलाई कविताले उजागर गरेको छ ।

**(८) दुर्योधन**

जीवनप्रति विसङ्गत दृष्टिकोण राखेर प्रस्तुत गरिएको यस कविताले समाजमा विद्यमान हैकमवाद र सामन्ती प्रवृत्तिबाट मान्छे पशुसरह बाँच्न बाध्य हुनु परेको छ ।यो हाम्रो विडम्बना हो र बाध्यता पनि भन्दै कष्टपूर्ण संसारभित्र सचेत रहँदा रहँदै पनि असचेत, ज्ञानी हुँदा हुँदै अज्ञानी, आँखा भएर देखेर पनि अन्धासरह बाँचिदिनु पर्ने स्थितिलाई मर्मस्पर्शी तरिकाले प्रस्तुत गरेको छ ।

**(९) लाटो मान्छेहर र हुलहरु**

'वसुधैव कुटम्बकम्'को भावले ओतप्रोत यस कविताले मन्दिर, मस्जिद र गिर्जाघरबाट आएका ध्वनिहरूले एकै सन्देश दिन्छन् भन्ने भाव प्रस्तुत गर्दै हिन्दू, मुस्लिम, बौद्ध, ईसाईबीच भेदभाव राख्नुभन्दा पनि प्रत्येक धर्मको सारलाई ग्रहण गर्नुपर्छ भन्ने मूल मर्म बोकेको देखिन्छ ।

**(१०) एक फाको मुस्कान**

वैंशको आभास नपाउँदै धेरै जना नानीकी आमा बनेकी स्वास्नी मान्छेसँग देशलाई तुलना गर्दै कविताले आजको हाम्रो देश अथवा हामी बाँचेको संसारको दुर्दशालाई देखाएको छ जहाँ अभाव छ, सन्त्रास छ, जर्जर परिस्थिति छ भन्दै संसारको विसङ्गत अवस्थाको चित्रण आक्रोशित शैलीमा गरेको छ ।

(११) च्यालेहरु

अभिधात्मक अर्थमा प्रेमिकाप्रति सम्बोधित यस कविताले आफ्नी प्रेमिकालाई दुःख-कष्ट, रोग-भोग पर्दा आफैलाई परेको जस्तो हुन्छ भन्ने स्वच्छप्रेमको कलात्मक प्रस्तुति दिएको छ भने व्यञ्जनात्मक अर्थमा मातृभूमिप्रति समर्पित देखिएको र देशको पीडा भनेको हामी सबैको पीडा हो । त्यसैले देश रुँदा आफू रुने, देशलाई दुख्दा आफूलाई पनि दुःख्ने राष्ट्रभक्तिपरक भाव अभिव्यञ्जित गरेको देखिन्छ ।

(१२) पटमूर्ख लिम्बुवान र पेरु

हामी कहिल्यै पनि जन्मदै थर लिएर आएका हुँदैनौ त्यसैले हामीले आफ्नो संसार नै घर हो र मान्छे नै थर हो भन्ने मान्नुपर्छ तबमात्र हामी सम्पूर्ण समानतावादीहरूको इच्छा पूरा हुन्छ भन्ने कुरा कवितामा अभिव्यक्त भएको छ ।

( १३) सपनाका लासहरुसँग

अस्तित्वादी-आशावादी चिन्तन रहेको यस कविताले परिवर्तनशील समयलाई सूचित गर्दै दिनानुदिनको फरक भिन्न-भिन्न किसिमले भइरहेको हुन्छ भन्दै त्यस परिवर्तनभित्र जर्जर स्थितिको सामना गर्नु नपरोस् भन्दै यस कवितामा प्रयोग भएको पात्र ‘समय’ले भोलिका मान्छेबाट माया प्राप्त गर्न सकियोस् भन्ने भाव प्रकट गरेको छ ।

(१४) फिदिम सुनसान छ

चेतनाको प्रादुर्भाव दिलाउन प्रयासरत यस कविताले मालिक भनाउँदाहरूको सामन्ती प्रवृत्तिलाई उजागर गर्नु तर कुकुरसरह तिनीहरूको पछि नलाग्नु भन्ने सुझाव प्रस्तुत गर्दै हामीले अरुको पछि लागेर होइन आफ्नो कार्यको पछि लाग्नुपर्छ साथै मालिक थाप्ने होइन प्रत्येक मानिस अहिलेको जमानामा मालिक बन्नुपर्छ भन्ने निष्कर्ष निकालेको छ ।

(१५) मान्छे हातहरु

यो कविता भोलिको संसारको प्रगतिको कामनामा अडिग रहँदै आज हजारौं ठक्कर खाए पनि अगाडि बढ्न छोड्नु हुँदैनआजको सङ्घर्ष नै भोलिको स्वप्निल भविष्य हो भन्दै आफ्ना सपनाहरूलाई जसरी भए पनि स्थापित गरेर चोखो संसारको निर्माण गर्नुपर्नेमा लालयित छ ।

(१६) मलाई अलिकति यात्रा चहिएको छ

मानवीय अस्तित्वको खोजीमा आधारित यस कविताले समाजमा निहित कुप्रवृत्तिलाई देखाउँदै हामी चुपचाप अरुको थिचोमिचो सहेर बस्नु हुँदैन, मान्छे यदि मान्छे नै भएर बस्ने हो भने आफूमा रहेको चेतनालाई सही ठाउँमा प्रयोग गरेर रहनुपर्छ जबकि संसारमा

बाँचेका शोषक शासकलाई निर्मूल पार्न सकियोस् भन्ने क्रान्तिकारी चेत कवितात्मक अभिव्यक्ति प्रकट गरेको छ ।

**(१७) रगत र मेरो सपना**

जीवनको विसङ्गत पक्षको चित्रणमा आधारित यस कविताले वर्तमान संसारमा देखिएका विभिन्न तरिकाका अराजक क्रियाकलापले मान्छेहरू अवाक बनिसकेका र यसैभित्र हाम्रो भविष्यमा हुने खतरा वर्तमानको बिहानी खबरकागतले पनि सूचित गरिरहेको अवस्थामा हामीले संसारलाई नागासाकी, हिरोसिमा, इराक, युगान्डा हुनबाट बचाउँनुपर्छ र संसारभर भाइचाराको सम्बन्ध गाँस्दै दिनानुदिनको आतङ्कित विश्वलाई कसरी मुक्ति दिने भन्ने कुरा सोच्नुपर्छ भन्दै संसारको जर्जर स्थितिको चित्रण गरेको छ ।

**(१८) अराजक अक्षरहरु**

वर्तमान संसारमा रहेका असमान परिस्थितिलाई मूल आधार मान्दै संसारमा विश्वासको सङ्कट देखाउने यस कविताले अरूमाथि शासन गर्न आतुर रहेका मतलबी मानिसहरूको चरित्रलाई देखाउँदै मानवीय जीवनको मूल्य वैज्ञानिक दृष्टिबाट हेर्न र सबै मानिस एकै हौं, कसैले कसैलाई शासन गर्नु उचित हुँदैन, त्यस्तै विश्वबन्धुत्वको भावना मनमा राखी सबैलाई समान व्यवहार गर्न आग्रह गर्दै पञ्चतत्वमा नै विलीन हुने कुरा प्रस्ट पार्दै जसरी पृथ्वी, जल, तेज, वायु, आकाशको विशाल पृथ्वीको निर्माण भएको छ

त्यसरी नै मानिस मानिसमा मेल भए जस्तै कठिन कार्य पनि सम्भव हुने कुरा व्यक्त गरेको छ ।

**(१९) हामीहरु**

भावनाबाट हराएको मानवताको पहिचान गर्न असमर्थ मानवप्रति लक्षित यस कवितामा सृष्टिको पहिलो चरणमा सबैको मनभित्र सत्यता थियो, मानवता थियो तर यान्त्रिकताले छोपेको यस युगको मान्छे चर्मचक्षुले देखेको विषयमा मात्र विश्वास गर्ने हुँदै जाँदा अदृश्य रूपमा रहेका आत्मीयताका प्रतीक कार्यहरूबाट विमुख रहेको र आजको मान्छे वैचारिक र मानसिक दुवै रूपमा नियन्त्रित हुनाले मानवतालगायतका उदात्त भावनाहरू पहिचानहीन बन्दै गएको भाव अभिव्यञ्जित भएको छ ।

**(२०.) मलाई माफ गर धनबहादुर**

प्रगतिवादी-क्रान्तिकारी चिन्तनमा आधारित यस कविताले संसारमा रहेका असमान परिस्थितिको वकालत गर्दै समस्या नै समस्याले ग्रस्त यस संसारको भयावह परिस्थिति, मानव अस्तित्व र अधिकारको घेरा खुम्चिएर गएको विकराल स्थिति जस्ता विषयहरूलाई समेट्दै अन्याय, अत्याचार, पाप, दमन, शोषण आदि अनैतिक कार्य कसैले गरेको देखेमा

तिनीहरूका सामु काल भएर प्रतिकारमा उत्रिनु पर्ने र जातीय भेदभावमा समानता नआउञ्जेल सङ्घर्षरत रहनु पर्ने र जसरी भए पनि देश र समाजलाई अग्रगमनको दिशाबोध गराउनु पर्ने सुधारवादी सोच प्रकट गरेको छ ।

(२१)**यहाँ अन्तर्घात भएको छ**

मानवतावादी चिन्तनमा आधारित यस कवितामा विश्वबन्धुत्वको भावना प्रखर देखिएको छ भने जोसुकै भए पनि उसको पीडा र आफ्नो पीडा एकै किसिमको हुन्छ त्यसैले अरुको पीडामा आफू मुकदर्शक भएर बसिदिए मानिस मानिसको नाता टुट्न सक्छ भन्ने सन्देश व्यक्त गर्दै मानिसहरू बीचको सम्बन्ध र यसलाई जीवन्त तुल्याउने कार्य हामीबाट हुनुपर्दछ भन्ने शिक्षामूलक उपदेश अभिव्यक्त भएको छ ।

(२२) **वस्तीका बादलहरु**

देश र समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण आदि कुरीतिहरूलाई भालेरूपी सामाजिक व्यक्तिको चेतनाले शान्तिपूर्ण क्रान्तिको लहर फैलाएर समाजमा सुनौलो बिहानी ल्याउनु पर्ने र गरिब जनताको टाउकोमा टेकेर ताण्डवलीला गरिरहेका भष्ट्र व्यक्तिहरूलाई यस संसारबाट सदा-सदाका लागि बिदा गर्नुपर्ने प्रगतिवादी सोच यसमा पाउन सकिन्छ ।

(२३) **चमेराहरुमार्फत**

प्रगतिवादी धारामा आधारित यस कविताले क्रान्तिकारी चिन्तनबाट आफ्नो भाव व्यक्त गर्दै जसरी कुकुरको छाउरोको क्रन्दनमा कुखुरा आदि गरिएका पशु-पंक्षीहरूले पनि साथ दिइरहेका छन्, त्यसरी नै सामाजिक रगतचुस्साहाहरूको विरोधमा सम्पूर्ण जनताहरू उठिसकेको र यिनीहरूलाई नष्ट गर्न चेतनायुक्त क्रान्ति सुरु भइसकेको अभिव्यक्ति दिँदै सामाजिक क्रान्तिबाट नै साम्राज्यवादी शोषकहरूको अन्त्य भएको स्मँरण गर्दै हामीले पनि सामाजिक शोषकहरूको नष्ट गर्नुपर्ने विचार अभिव्यक्त गरेको छ ।

(२४) **मुखियाहरु**

विश्वजनीन परिस्थितिलाई देखाउने क्रममा गान्तोकलाई आधार बनाउँदै तत्कालीन अवस्थामा देखिएका भ्रष्टाचार, अन्याय, अत्याचार, गरिबी, शोषण, दमन आदिको उजागर गर्नु र समग्र गान्तोकलाई प्रतीकीकरण गरेर विश्वजनीन परिस्थितिमा देखिएका अनैतिक क्रियाकलापलाई जनसामु देखाएर तीतो सत्य उदाङ्गो पार्नु नै यस कविताको मूल उद्देश्य रहेको देखिन्छ ।

**(२५) हामी कालिदासहरु**

धार्मिक पृष्ठभूमिमा उभिएर समाज सुधारको अपेक्षा गरेको यस कविताले देशलाई सुधार्ने हो भने त्यस देशको पुजारी अथवा नेतृत्व पङ्क्ति नै पहिला सुध्रनुपर्ने भन्दै आज देशभित्रका कुतत्वहरूले देशलाई बर्बादीतिर लगेको र देशलाई नङ्ग्याएको असन्तुष्टि आक्रोशित भावमा व्यक्त गरेको छ ।

**(२६) सायद यी नै होलान्**

जातीय अस्तित्वको पहिचान दिलाउनमा नै तल्लीन यस कविताले वर्तमान स्थितिमा नेपालीहरूले भोग्नु परेको विसङ्गत पक्षको वर्णन, नेपालीहरूको उपनामसरह रहेको बहादुर र कान्छाको उपेक्षा, जतै पनि नोकरको जस्तो कार्य गरेर रहनुपर्ने बाध्यता जस्ता कुरालाई दर्साउँदै अब बहादुर र कान्छाको बल र बुद्धि आफ्नो राष्ट्र निर्माणको निम्ति खर्चनु पर्ने, देश उन्नतिको लागि उत्पादनशील कार्यहरू गर्नु पर्ने र नोकर होइन, मालिक भएर बस्ने कार्यको थालनी गर्नुपर्ने जस्ता जातीय र राष्ट्रप्रेमले ओतप्रोत भाव यहाँ अभिव्यञ्जित छ ।

**(२७) यथार्थ**

प्रस्तुत कवितामा मानव-मानवबीच मानवता नाममा मात्र सीमित रहेको, संसारभर गुञ्जिरहेको मानवताको स्वर विवशतावश चुपचाप प्रत्यक्षदर्शी भएर रहनु परेको स्थितिलाई उजागर गर्दै आज मानव समुदायबीच मानवता आँखा, कान, नाक सर्वाङ्गले पूर्ण भएर पनि लङ्गडो, अन्धो, बहिरो,  बनेको वस्तुयथार्थलाई अत्यन्त प्रतीकात्मक अर्थमा प्रकटीकृत गरिएको छ ।

**(२८) काठमाडौं**

अस्तित्ववादी विसङ्गतिवादी चिन्तनमा आधारित यस कविताले नेपालीहरूको अतीतलाई अन्तरमनले नियाल्दै अस्तित्वमाथि उठ्न सक्ने सम्भावित खतराको सङ्केत गर्दै नेपाली जातिको दु:ख र दर्दमा आहत बनेको भाव व्यक्त गरेर हामी को हौं ? कहाँ छौं ?के गर्दैछौं ? के भन्दैछौं ? हामीले के गर्नुपर्छ ? हाम्रो नाम के हो ? हाम्रो इतिहास र अस्तित्व के हो ? भन्ने कुरा खोज्नुपर्ने र आफ्नो पहिचान लिएर बाँच्नुपर्ने गहन भाव अभिव्यक्त गरेको छ ।

**(२९) मेरो आस्थाप्रवेश र म**

देशमा शासकहरूको रजाइँ र तिनीहरूले जनतालाई एकआपसमा लडाउने यथार्थलाई विषयवस्तु बनाउँदै भाले र साँडेको माध्यमबाट सामन्तीहरूले जनताहरूलाई कसरी आफ्नो औँलामा नचाउँछन् भन्ने कुरा प्रतीकात्मक रूपमा प्रस्तुत गर्दै बुज्रुक भनाउँदाहरूले निर्दोष जनतालाई विभिन्न तरिकाले भ्रम फैलाएर झगडा गराउने र त्यसबाट फाइदा लिने निकृष्ट व्यवहारलाई कविताले कलात्मक तरिकाले अभिञ्जित गरेको छ ।

(३०) **आखिर यस्तै रहेछ**

ग्रामीण परिवेश जति मनोरम, शान्त, निश्चल, स्वतन्त्र, उन्मुक्त हुन्छ त्यति नै सहरिया परिवेश अशान्त, जर्जर, निरास, सङ्कुचित हुन्छ भन्दै सहरिया परिवेशप्रति विमुख र ग्रामीण परिवेशप्रति उन्मुख यस कविताले एकातिर प्रकृतिको रमणीयतामा खुल्ला भएर बाँच्ने मानवीय स्वभावको चित्रण गरेको छ भने अर्कातिर आजको युगमा देखिएको शोषण, दमन, अन्याय, अत्याचार आदिबाट मुक्त रहँदै सचेत र स्वतन्त्र रही बाँच्न मानिसले पाउनु पर्ने आग्रह मुखरित गरेको देखिन्छ ।

(३१) **म बाँचेको छु कि छैन**

विश्वप्रेममा आधारित यस कविताले मानव-मानवबीच सद्भाव रहनुपर्ने विचार प्रकट गर्दै 'माया'को प्रवेशबाट मानिसका मनमा मानवता, परोपकार, समानता, प्रेम, सत्य, शान्ति आदि सकारात्मक भावको गङ्गा बहिरहने भएकाले मायाको महिमा, रूप, रङ्ग, आकारबाट विह्वल बनेको भन्दै दिनानुदिन संसारमा बढ्दो अशान्ति, हत्या, हिंसा जस्ता नकारात्मक क्रियाकलापहरूलाई यही माया रूपी बन्धनले नै एकत्रित गरी शान्ति र सद्भाव फैलाउन सक्ने सोच प्रवाहित भएको छ ।

(३२) **हनुमान र नेताहरु**

हत्या-हिंसामा प्रवृत्त बनेका इतिहासका हिंसक मानिसहरूको कुकार्यलाई सम्झँदै आजकल पनि यत्रतत्र यस्तै व्यवहारका मानिसाहरूको अवशेष रहेको अभिव्यक्ति दिँदै यिनीहरूलाई निर्मूल पार्नुपर्ने क्रान्तिकारी भाव प्रकट गर्नका साथै हिटलर, मुसोलिनी जस्ताको दुष्कार्य र आपराधिक गतिविधिको खुलेर विरोध गर्दै मानिसलाई बिना प्रयोजन दु:ख दिने, आफैंमात्र मान्छे हो भन्ने अरूलाई नगन्ने समाजका सामाजिक विद्रोहीहरूलाई कविले भुस्याहा कुकुरलाई समान व्यवहार गर्नुपर्ने आक्रोशित सुझाव दिएका छन् ।

(३३) **हामी अपराधीहरु**

जीवनको विसङ्गतिपूर्ण अवस्थाको चित्रणलाई मूलविषय बनाएको यस कविताले मानिसको जिन्दगी पीडा, दु:ख, दर्द, कठोर सङघर्ष, वेदना, व्यथा, अभाव, असुरक्षामा बाँचिरहेको तथा मानवता, सत्यता, सद्भाव, प्रेम, सहिष्णुता आदि यस संसारमा कैयौं वर्ष अघिदेखि नै लोप भइसकेको अवस्थाको अभिव्यक्ति दिँदै अहिलेका मानिसहरूको खुलेर विरोध गरेको छ ।

**(३४) कोलाम्बस यात्रा**

राष्ट्रप्रेम तथा विश्ववन्धुत्वले ओतप्रोत यस कवितामा मानिसहरू अहिले आ-आफ्नो जात, धर्म,वर्ण,आदिलाई महत्त्वदिएर आफ्नो अस्तित्व खोज्ने क्रममा संसार, देश, राज्य, गाउँ आदिमा विभाजित भएको कुरा असन्तुष्टिको रूपमा प्रकट भएको छ भने कैयौँ वर्षदेखि रूढ भएर बसेको जातीय, लैङ्गिक असमानतालाई हटाउन शिक्षाका साथ-साथ मानिसका पीडा, व्यथा, त्रास आदिलाई जरैदेखि निर्मूल पार्न सक्नुपर्ने भाव अन्तरतहबाट व्यक्त भएको छ ।

**(३५) वर्तमान नोकरहरु**

जसरी भए पनि देशलाई विकासशील बनाउनुपर्छ भन्ने विचार व्यक्त गर्दै देशलाई शेष पारेर भेष फेर्ने वेश्यावृत्तिमा तल्लीन भएका नामर्द पुरुष र नारीबाट जन्मेको बच्चाभन्दा आफ्नो स्वाभिमान र शक्तिमा बाँच्न चाहने युगपुरुष राक्षस नै सही भएको आक्रोशसहित अब प्रत्येक मानिसले भविष्यका सन्तानहरू समानता र भाइचाराको, आचार र विचारको, धर्म र कर्मको आयातनमा जन्माउनु पर्ने र देशलाई अग्रगमनको दिशाबोध गराउनतिर लगाउन सक्ने बच्चाको जन्म दिनुपर्ने भाव कवितामा अभिव्यञ्जित छ ।

**३६. यी सर्पहरु अर्थात् हरुवाहरु**

सामान्य इच्छा र कामना व्यक्त भएको यस कवितामा अबका दिनहरूमा मानिसका इतिहासहरू माया, दया, प्रेमले लेख्दै जातजातको भेदभावलाई हटाएर मान्छेको सम्बन्धलाई स्थापित गर्नुपर्ने र पुराना दिनहरूले जुन जेल, नेल, दर्दालु कथा, व्यथाहरू जन्माएका छन् । ती सबैलाई परिमार्जन गरेर मानव इतिहासमा सुख, शान्ति, समानता, प्रेम आदिमा भाइचाराको सम्बन्ध कायम हुने अस्तित्ववादी चिन्तन प्रस्तुत भएको छ ।

**३७. बन्दुक**

यस कविताले हाम्रा अघि कुव्यवस्थाको उजागर गर्दै केन्द्रीय पात्रका रूपमा आएको घोडालाई समाजमा रहेका निमुखा जनताहरूको प्रतिनिधित्व गराएर सोझा-साधा जनतालाई ठूला ठालुले कसरी अन्यौलमा राखेका हुन्छन् भन्ने तीतो सत्यलाई देखाउँदै शासन व्यवस्था फेरिए पनि व्यक्ति मन फेरिएन भने देश तथा जनताका विकासमा बाधक तत्त्व यिनै हुन्छन् भन्ने भाव प्रदान गरेको छ ।

**३८. सगरमाथा र बाबुछिरि शेर्पाहरु**

मानिसको स्वतन्त्रता हनन भएको कारणले आफू एक्लो हुँदा सत्य तथ्यको स्पष्ट अभिव्यक्ति दिन मिल्ने कुरा कविताले विचारको रूपमा अभिव्यक्त गर्दै पिंजडाको सुगाको जस्तो जीवनयापनले शोषक र सामन्तीहरूको भ्रष्टकार्यमा प्रश्रय पुग्ने भएकाले प्रत्येक मानिस अब स्वतन्त्रताको लागि डटेर लाग्नुपर्ने विचार प्रकट गरेको छ ।

**खण्ड २**

प्रस्तुत कृतिको खण्ड २ मा रहेको छोटा मुक्तक कविताहरुको विषय वस्तुको यस प्रकार चर्चा गरिएको छ :

**(१) राजनीति**

अभिधात्मक अर्थमा टिस्टा धमिलो बग्नुको कारण र यसलाई सङ्लो पर्ने विभिन्न उपाय देखाइएको यस कविताले सामान्ती र साम्राज्यवादी सोच भएका व्यक्तिहरूप्रति व्यङ्ग्य प्रहार गर्दै आफू बाँचेको भूमिमा आउँदै गरेको खतराको सङ्केत गरेका र आफू आफ्नो क्षेत्रमा स्वतन्त्र र स्वच्छ बाँच्न पाउनुपर्छ भन्ने कुरा कलात्मक तरिकाले प्रकट गरेको छ ।

**(२) मुँगा**

नयाँ वर्षलाई सम्बोधन गरेर लेखिएको यस कविताले नयाँ वर्षको आगमनसँगै हामीले जीत, प्रीत, सद्भावना र शुभेच्छाको कामना गर्दै युगले मागेअनुसारको कार्य गर्न उपलब्धिमूलक योजना तर्जुमा गर्नुपर्ने चाहना राखेको र नयाँ वर्षलाई सार्थकता दिन भावना, कल्पना, विपनामा सिर्जनशील बन्दै नयाँ हर्ष, जोश र होसका साथ अगाडि बढ्नुपर्ने भाव व्यक्त गरेको पाइन्छ ।

**(३) कार्बन प्रति**

संसारमा भइरहेको निर्मम हत्या हिंसा र अन्याय अत्याचारले पीडित बनेका मानिसहरूप्रति लक्षित गर्दै मानवताको नाममात्र संसारमा रहेको अभिव्यञ्जना यस कवितामा छ ।

**(४) रहर**

आजको संसारमा बितिरहेको युग आजभन्दा भोलि र भोलिभन्दा पर्सी हुँदै बितिरहेछ, मान्छेहरू त्यसैको पछि चलिरहेछन् र कविले आफू पनि यसैभित्र समाहित भएर अगाडि बढिरहेको भन्दै युग परिवर्तनको सामान्य प्रक्रियालाई देखाउन चाहेको बुझिन्छ ।

**(५) भित्रीमन**

जिउँदो रहुन्जेलसम्म विभिन्न प्रकारका दुःख पाएर खर्चको अभावमा मृत्युशैयामा पुग्नुपर्ने र मरेपछि विभिन्न प्रकारका सम्मानहरूले उसलाई सम्मानित गरिने अवस्थालाई यस कविताले लक्ष्यार्थमा मूलभावको रूपमा प्रस्तुत गरेको देखिन्छ ।

**(६) राजनैतिक बाधाहरुलाई**

एउटा गरिब मानिसको परिकल्पना गर्दै उसको जन्मदेखि मृत्युसम्म केवल एक भुँडी खानको लागि बितेर जान्छ, कुलैन र सिन्कोना स्याहार्दै जान्छ, जहाँ उजन्मेको हुन्छ त्यहीँ उसको अस्तित्व लोप भएर जान्छ भन्दै विसङ्गत जीवन चित्रण मूलभावको रूपमा प्रस्तुत भएको देखिन्छ ।

**(७) पुजारी**

कविको युवावस्था केही गर्न नसकी बितेको तर जीवन चल्ने क्रममा आफैँ बितेर गएको र अर्काको सहारामा मात्र बाँचेको पूर्वस्मृति शैलीको प्रयोग यस कवितामा मूलभावको रूपमा प्रकट भएको देखिन्छ ।

**(८) काँढा**

शोषकले दुःखी जनतालाई अन्याय र अत्याचार गरेको देखेर त्यसलाई उजागर गर्नु नै कविताको उद्देश्य रहेको देखिन्छ ।

**(९) दार्जीलिङ**

जनताले नेतृत्वमा पुऱ्याएपछि ती नेतृत्वकर्ताले स्वयं जनतामाथि विभिन्न प्रकारका दुःख कष्ट दिन्छन् भन्ने कुरा यस कवितामा मूलभावको रूपमा प्रस्तुत भएको छ ।

**(१०) प्रकृति**

एक मुठी शासकले रजाइ गरेर अनेकन जनतालाई रुवाएको स्थितिलाई देखाउँदै शोषकहरू बहुसङ्ख्यक जनतामाझ शासन गर्छन् र जनताले पाउनु पर्ने विकास आफैँ खाएर जनतालाई गरिबी र पीडाको दलदलमा फसाउँछन् भन्ने भाव कविताले प्रस्तुत गरेको छ ।

**(११) अतिक्रमण**

मान्छेको अस्तित्व राख्नको लागि उसको इतिहास र संस्कृतिलाई बँचाएर राख्नुपर्छ । जसरी जीवनमा गाँस, बास र कपासको अपरिहार्य आवश्यकता पर्दछ भन्ने कवितात्मक भाव प्रकट भएको छ ।

**(१२) देश**

हाम्रा सन्ततिहरू संसारमा देखिएका गरिबी, पीडा र दुःखलाई केही गर्न नसकी पीडामय जीवन बिताउँदै बिलाएर गए भन्दै पीडायुक्त संसारको निराशापूर्ण वर्णन भावात्मक रूपमा कविताले प्रस्तुत गरेको देखिन्छ ।

**(१३) मान्छेहरु**

किनारा नदीको प्यासी छ भन्ने प्रसङ्गबाट अनेकन परिश्रम गरे पनि सन्तुष्टपूर्ण परिणामको सधैँ प्यासी रहनु परेको तथा तिर्सना र चाहनालाईकहिल्यै पूरागर्न नसकेको भाव कविताले प्रकट गरेको छ ।

**(१४) रङ नम्बर**

यस कविताले संसारमा मानिसहरू एकलकाँटे बन्दै गएको देखेर तिनीहरूले न बाँच्नेको वास्ता गर्न भ्याउँछन् न मर्नेको भन्दै स्वार्थी प्रवृत्तिलाई मूलभावको रूपमा देखाउन खोजेको छ ।

**(१५) उमेर**

फूल र काँडा तथा देवता र पापमा सादृश्यात्मक सम्बन्ध देखाउँदै आफ्नो नामलाई लोकमा प्रख्यात गर्नको निम्ति सारा नराम्रा कुराहरूलाई छायामा राख्दै राम्रा कुराको मात्र गुणगान गर्न लगाउने कुटिलतालाई कविताले कलात्मक रूपमा प्रस्तुत गरेको देखिन्छ ।

**(१६) बेनामी**

पाप र धर्म त मन्दिरबाट नै जन्मिछ भन्ने कुराबाट नियम बनाउनेले नै नियमको पालना गर्दैनन् केवल उपदेशदाताको रूपमा मात्र अगाडि आउछन् भन्दै कविताले असन्तुष्टि व्यक्त गरेको छ ।

**(१७) अराजक हुल**

बत्तीको प्रकाशभित्रको अलिकति अँध्यारो र चन्द्रमामा पनि कालो दाग हुने प्रसङ्गबाट राम्रा मानिसमा पनि केही न केही अवगुण रहेकै हुन्छन् भन्ने कुरालाई कविताले प्रस्तुत गर्न खोजेको देखिन्छ ।

**(१८) झुटहरुलाई**

यस कवितामा संसारमा भएका, देखिएका बम-बारूद, हत्याहिंसा जस्ता कुराले मान्छेको स्थिति पानीले भिजेको नुन जस्तो बनेको छ भन्दै जतिबेला पनि बिलाएर जानसक्छ भन्ने भाव व्यक्त भएको छ ।

**(१९) ख्याकहरु**

प्रस्तुत कविताले नेपालको राजनीतिक विषयको रूपमा प्रस्तुत गर्दै तिनीहरूको कार्यमा आफ्नो भावात्मक अनुभूति मिसाउँदै एवं आफूले भविष्यमा गर्नुपर्ने कार्ययोजनाहरूका

खाकाहरू प्रस्तुत गर्दै रूपकात्मक रूपमा आफ्ना भावनाहरू प्रस्तुत गर्नका साथै आफ्नो जन्मभूमि कसरी हराभरा पार्ने र यसलाई नमूना राज्यको रूपमा स्थापित गर्ने भन्ने कुराको झल्को भावको रूपमा देखाउन खोजेको पाइन्छ ।

(२०) **अवैध सन्तान**

नेपालको परिवेशलाई स्पष्टता दिन तथा नेपाली जनतालाई मुक्तिको महसुस गराउन युगले खोजेको मात्र नभएर सिक्किमका खोला-नाला, डाँडा-काँडा ताल-तलाउ, बोट-बिरूवा, फल-फूल आदि सबैले एउटा साँचो सपुतको कामना कविताले गरेको छ ।

(२१) **लोग्ने स्वस्नी**

आदिकालदेखि हुँदै आइरहेको युद्धप्रति असन्तोषपूर्ण अभिव्यक्ति अघि सार्दै हिटलर-मुसोलिनी, कौरव-पाण्डव, राम-रावणबीच भएका युद्धहरू आखिर नरसंहारका उपजबाहेक अरु केही रहेनन्, युद्धको चपेटामा निर्दोष जनताहरू परे अनि मरे अर्थात् एउटा शक्तिको जीतको निम्ति अनेकन अन्जान मानवसमूह नष्ट हुनपुगे भन्दै युद्धले ल्याएको नकारात्मकपरिणाम नै यस कवितामा मूलभाव बनेर आएको देखिन्छ ।

(२२) **जम्का भेट**

मानिसले गर्नुपर्ने कर्तव्य असङ्ख्य भएकाले समस्याहरू चुलिन थालेको तर समाधानको बाटोमा धरतीलाई नङ्ग्याउँदै खण्डहरू बनाउन बसेका अनेकन बुख्याँचाहरू निर्लज्ज अस्मिता लुटिरहेकाले देश उन्नतिका लागि अगाडि बढेका वैंशरूपी प्रगतिका पाइलाहरू निर्धा बनेर बस्नुपर्ने वस्तुस्थितिको चित्रण नै यस कवितामा देखापरेको छ ।

(२३) **छाप मार्नेहरुलाई**

वर्तमान अवस्थामा देखापरेको संसारको विदीर्ण अवस्थालाई इङ्गित गर्दै मानवीय हक, अधिकार, इच्छा, आकाङ्क्षा जस्ता अनेकन स्वतन्त्र आवश्यकता दिन-प्रतिदिन सङ्कुचित बन्दै गइरहेको भाव प्रस्तुत भएको यस कवितामा राष्ट्रियताको वकालत गर्दै अनेकन सपुतहरू पनि अब राष्ट्रियताको साँघुरो आकाश मुनि निसासिन थालेको स्थिति तथा आफ्नो पैतालाले टेकेको धरती पनि दब्न थालेको राष्ट्र भक्तिपरक भाव बनेर देखिएको छ ।

(२४) **आन्दोलन**

विश्वबन्धुत्व र समाज सेवाको तीव्र चाहना प्रकट गरेको यस कविताले एउटा स्वच्छ संसारको कल्पना गरेको छ जहाँ मानवताको पूर्ण पालना होस्, मान्छेको हक र अधिकारको प्रत्याभूति मिलोस् र एउटा स्वच्छ तस्वीर आनन्दित अटो रूपी इतिहासभित्र सर्वदा बाँचिरहन सकोस् भन्ने आदर्श भाव प्रकट गरेको देखिन्छ ।

(२५) **बल्छी**

गरिबवादी बनेर देखिएको यस क्रान्तिकारी कविताले आफूहरू कैयौं वर्षदेखि हरेक तरिकाले ठगिएको, आफ्नो झोपडीमा अनिकालले राज गरेको, सधैँभरी गाँस र बासको समस्याले छाती शुष्क भएको, संसारभरका गरिब जनताहरूमा गलित आँसुका धारा बहिरहेको भए पनि किन यी निम्नवर्गीय जनताहरू मुखमा पट्टी बाँधेर बसेका होलान् भन्ने कुरा प्रकट गर्दै अब यसरी चुप लागेर बस्नुहुन्न, शासकको निरङ्कुश राजलाई जसरी भए पनि आफ्नो पक्षमा पार्नुपर्छ, क्रान्तिको ढोका खोल्नुपर्छ र जनता राजको स्थापना गर्नुपर्छ भन्ने प्रगतिशील भाव प्रस्तुत गरेको छ ।

(२६) **विद्यार्थीहरुलाई**

कविको प्रगतिगामी जिजीविषामा आधारित कविताले आफ्नो परिवेशले मागेको अवश्यकतालाई प्रस्तुत गर्दै त्यसको निवारणको निम्ति कवितात्मक 'म' पात्र खडा भएको र परिवर्तनशील जगमा परिवर्तन गर्न, सर्वहारा वर्गलाई उन्मुक्ति दिन, अत्याचारलाई जलाउन, मानव समुदाय हरपल आनन्दित भएको देख्न सक्ने स्थिति संसारमा निर्माण हुनुपर्ने जस्ता कुराहरू कै लागि सदा संसारमा मानवको गीत गाइरहेको कविभाव प्रकट गरेको छ ।

(२७) **जनता**

जनताप्रति सम्बोधित यस कविताले तिमिराच्छन्न, अवहेलित, अरक्षित मानवहरू र तिनीहरूमाथि भइरहेको अत्याचार, शोषण, हिंसाजस्ता विकृतिजन्य तवत्त्हरूले राज गरिरहेको भए पनि तिमीहरू चुपचाप लागेर किन बसेको भन्दै मानव समुदायलाई चेतनशील बनाउने, ऊर्जा प्रदान गर्ने, प्रगतिपथको निम्ति जागरूक हुनुपर्ने मूलभाव प्रकट गरेको देखिन्छ ।

(२८) **एकलव्य**

यस कवितामा संसारमा भएका, देखिएका बम-बारूद, हत्याहिंसा जस्ता कुराले मान्छेको स्थिति पानीले भिजेको नुन जस्तो बनेको छ भन्दै जतिबेला पनि बिलाएर जानसक्छ भन्ने भाव व्यक्त भएको छ ।

यसरी सम्पूर्ण कविताहरूलाई विषयवस्तुको आधारमा विश्लेषण गरिसकेपछि कविको भावना समाज सेवाप्रति बढी आकर्षित रहेको देखिन्छ । जस्तोसुकै विषयको उठान गरे तापनि कविताहरूले उत्साहका स्वरहरू प्रस्फुटित गरेका छन् । मान्छेको सुरक्षा, अधिकार, मान, मर्यादा, सामाजिक स्थिति जस्ता विषय विशेष गरेर आएको पाइन्छ । राष्ट्र, राज्य, समाज, विश्व नामले विभक्त भएका मात्र हुन् यसलाई एकसूत्रमा बाँधेर शान्तिपूर्ण र भेदभावमूक्त मानव संसारको स्थापना गर्नुपर्छ भन्ने कुरा नै सम्पूर्ण सङ्ग्रहबाट मुखरित भएको पाइन्छ ।

### ४.३.३. मूल भाव विचार

विजय सुब्बाको 'अराजक अक्षर कवितासङ्ग्रह'का कवितामा नेपाली समाजले भोगेका व्यक्ति विशेषका इच्छा, आकाङ्क्षा र चाहनालाई अभिव्यक्त गर्न केन्द्रित देखिन्छ ।कविताहरूले समाजभित्रका, राजनीतिभित्रका, जातिभित्रका, धर्मभित्रका, संस्कृतिभित्रका तथा यावत विषयभित्रका नकारात्मक कुरालाई उजागर गर्दै त्यसलाई सुधार गर्नुपर्ने सुझाव दिएका छन् । यसै प्रसङ्गमा कवितामा आएका धार्मिक विषयका सिर्जनालाई यसरी प्रस्तुत गरिएको छ :

यो हल्लाको 'समय' हो

बोल्न हुने पनि बोले हुन्छ

बोल्न नहुने पनि बोले हुन्छ

समय कहाँ'इच्छ्याइए जस्तो

टिकटिक झुकेर

ङिच्चङिच्च हाजिर हुन्छ र

अब ˇसमय'लाई चार किल्ला ठोकेर

नजरबन्द गरिदेऔंसमयको ( समय, पृ. १)

उक्त अभिव्यक्ति धार्मिकतामा आधारित रहे पनि यहाँ एकताको कामना गरिएको आभाष पाइन्छ । हुनत यहाँ कसैलाई एकताको आहवान गरिएको छैन तर हामी कविताको भावबाट धार्मिक एकताको कुरा उठाएको स्पष्ट बुझन सक्छौं । जुनै धर्मको भए पनि धार्मिक विखण्डनमा लाग्नु हुँदैन भन्ने आशय कविताले प्रकट गरेको छ । आफ्नो राष्ट्रबाट बिछोडिनु पर्दा जो कोही पनि आफ्नो मनलाई बुझाउन सक्ने स्थितिमा हुँदैन त्यही दुःखमा लीन हुँदै कविको भाव कवितामा विभोर भएर पोखिएको छ । त्यस्तै राजनीतिक विषयलाई पनि कविताहरूले उत्तिकै सशक्त रूपमा उठाएका छन् । जसलाई तल यसरी देखाइएको छ :

यो समयको 'समय'ले

समयलाई मन परि हल्लाएर

चाल्नोमा बुङ्बुङ्ती चाल्न सक्छ

सहिदहरुलाई धितो राखेर

वेश्या सिरानी हाल्न सक्छ

पटक- पटक स्पर्शको तातो भुङ्ग्रोमा

विश्वासको त्यान्द्रो पनि बाल्न सक्छ

कसको के भरोसा र अब

'समय' ले भोकहरुलाई

भाषण खुवाएर पनि पाल्न सक्छ ।

समय सोच्नै नसकिने गरी

अराजक हून्छ, अवैध पनि हुने गर्छ

दासहरुको सहीछापबाटसमय'ले दमनको लालपुर्जा बाँड्ने गर्छ (.समयको समय, पृ. १)

सर्वसाधारण गरिब जनताको अज्ञानतालाई बुझेर राजनीतिक ठेकेदारहरूले फाइदा उठाएकोमा कविता आक्रोशित रूपमा देखापरेको छ । आफ्ना शासनका बलमा शासन जमाउन आतुर ठग नेताहरूको गिद्दे व्यवहारप्रति कविता अत्यन्तै मार्मिक देखिन्छ भने वर्षौंदेखि शोषणमा परेका जनतालाई झक्झक्याउन र सचेत भएर रहन पनि उत्तिकै प्रभावकारी रहेका छन् । त्यसै गरेर कविताहरू जातीय अस्तित्व र सचेतनाको लागि पनि त्यतिकै महत्त्वपूर्ण देखिन्छन् ।

समग्रमा कवि विजय सुब्बाको **अराजक अक्षरहरु** कवितासङ्ग्रहका कविताहरूले विविध विषयलाई कवितामा सामेल गराएका छन् । जुनै विषयको उठान गरेको भए पनि त्यसलाई सशक्त किसिमले अभिव्यक्त गर्नु कविताहरूको विशेषता मान्नुपर्छ । धर्मको नाममा देखिएका विकृतिहरू, राजनीतिको नाममा देखिएका स्वार्थी चरित्रहरू, शोषक र शासकहरूको थिचोमिचो, मानवताको दयनीय स्थिति जस्ता विषयलाई कविताहरूले विकराल समस्याको रूपमा प्रस्तुत गरेका छन् । विभिन्न विषयहरूको माध्यमबाट यथार्थको जानकारी दिँदै अन्तमा समाधानको उठान गरिदिनाले कवितहरूको मूल भाव प्रयोजनमूलक रहेका देखिन्छन् ।

प्रत्येक कविताभित्र भिन्न-भिन्न विशेषता पाइनुका साथै उद्देश्य पनि विषयवस्तुअनुकूल देखिएका छन् । राजनीतिक, धार्मिक, सामाजिक, प्राकृतिक, वैश्विक परिवेशका विषयहरूलाई कविताका प्रत्येक अभिव्यक्तिले सम्बोधन गरेकाले, तत् तत् विषयमा नै उद्देश्यहरू पनि आश्रित देखिएका छन् ।

कवि विजय सुब्बाले आफ्ना कविताहरूमार्फत राजनेताप्रति आक्रोशको भाव व्यक्त गरेका छन् । जनताले विश्वास गरेर देश चलाउन पठाएका नेताहरूले देश र जनताप्रति विश्वासघात गरेको यथार्थताको प्रस्तुति सुब्बाका कवितामा गरिएको छ । विशेष गरेर चालिसको दशकको उत्तरार्द्धदेखि नेपाली राजनीतिमा देखिएको राजनेताहरूको कार्यशैलीलाई सुब्बाले आफ्ना कविताको विषय बनाएका छन् । सुब्बाले पहाड फोर्छौं भन्ने नेताहरूका उद्घोषणहरू पँधेरामुनिका खेतका गराका हिलो झैं भएको भाव यसरी व्यक्त गरेका छन् :

अब पहाड फोर्छौं भन्ने उद्घोषहरू

पँधेरामुनिका गरा भएका छन्(मलाई माफ गर धनबहादुर , पृ. ४५)

सुब्बाले नेपाली राजनेताहरूले जनतालाई भोकको सट्टा भाषण खुवाउने कुराको यसरी चित्रण गरेका  छन् :

कसको के भरोसा र अब

समयले भोकहरूलाई

भाषण खुवाएर पनि पाल्न सक्छ(*समयको समय,* पृष्ठ १)

सुब्बाले नेपाली राजनेताहरूका गलत क्रियाकलापले नेपाली राजनीति बुझ्नै नसकिने भयङ्कर षडयन्त्रकारीहरूको ठाउँ भएको विचार यसरी व्यक्त गरेका छन :

यस्तै पो रहेछ पक्का राजनीति

मैले बुझ्नै नसकेको भयङ्कर

षड्यन्त्रकारितहरूको जेल हो(राजनीति, पृष्ठ ८७)

कवि विजय सुब्बाले आफ्ना कवितामा देशभक्तिको महिमा गायन गरेका छन् । सुब्बाले देश भन्नु नेपालीको पहिचान हो भन्ने विचार व्यक्त गरेका छन् । विदेशीका इसारामा चल्नेहरूले देशका निम्ति केही दिन नसक्ने भाव स्पष्ट पारेका छन् । सुब्बाले देश भन्नु ठूलो कुरा भएको विचार व्यक्त गर्दै देश हिउँमा चिसो नहुने, भव्यतामा पूरानो नहुने, लुकाउँदा छातीलाई साँगुरो नहुने र उचाल्दा हत्केलालाई ठूलो नहुने भाव यसरी व्यक्त गरेका छन् :

देश देश हो आखिर

न हिउँमा त्यो चिसो हुन्छ

न भव्यतामा त्यो पूरानो हुन्छ

देश देश हो आखिर

न लुकाउँदा छातीलाई साँगुरो हुन्छ

न उचाल्दा हत्केलालाई ठूलो हुन्छ(*देश,* पृष्ठ ९८)

सुब्बाले देश र जनता ठूला भएकाले देश र जनता मर्नु भन्दा जनता सामू झुटो बोल्ने नेताहरूनै मरे हुन्छ भन्ने भावलाई यसरी समेटेका छन् :

देश र जनता अझै मर्नुभन्दा

झूट राजनेताहरूचाहिँ मरे हुन्छ (*हनुमान् र नेताहरू,* पृष्ठ ६९)

कवि विजय सुब्बाले आफू नेपाली युवायुवतीको भविष्य देखाइदिने व्यक्ति बन्ने, किर्ते तमसुकका भरमा सार्वभौम सत्ता माथिको हस्तक्षेप मन नपर्ने, आफूलाई गलत मनसायले हेर्नेहरूप्रति विमति राख्ने तथा सदासर्वदा दासताका विरुद्ध उभिने देशभक्तिको दृढतालाई यसरी व्यक्त गरेका छन् :

युवायुवतीका आँखाहरूमा भविष्य भएर

श्वेत सफा ऐना हुन चाहन्छु

मलाई किर्ते तमसुकहरूको

मेरा सार्वभौम पाइलाहरू माथि

बाहिरी हस्तक्षेप मन पर्दैन

ममाथि कोही गलत मनसायले

रकमी दृष्टि फाल्छन भने

त्यही दृष्टि पनि मन पर्दैन

बरु त्यस्तो दृष्टिलाई मेरो

लाखलाख खुल्ला विरोध छ

म दासताविरुद्ध उभिन चाहन्छु (*आखिर यस्तै रहेछ,* पृष्ठ ६५)

कवि विजय सुब्बाले यस सङ्ग्रहभित्रका कविताहरू मार्फत सहिदप्रति सम्मानको भाव व्यक्त गरेका छन् । सुब्बाले सहिदहरूको उच्च बलिदानले देश परिवर्तनको दिशामा लम्किएको विचार व्यक्त छन् । सुब्बाले सहिदका सपनालाई वेवास्ता गर्ने संवेदनाविहीन मान्छेहरूलाई गोली ठोक्छु भन्दै सहिदको सपनाप्रति यसरी सम्मान व्यक्त गरेका छन् :

सहिदका सपना घिचिरहेका

मान्छेको संवेदनहिनताप्रति

त्यसैले मलाई बन्दुक देऊ

म मान्छेलाई गोली ठोक्छु(*बन्दुक*, पृष्ठ ७८)

सहिदको शरीरले, निवप्राण र क्षतविक्षत बस्तीलाई कुनै बेला प्राण भरेको थियो भन्दै कवि सुब्बाले त्यो शरीर अझै बाँचेको भए यतिञ्जेलसम्म बस्तीका पक्षमा वकालत गर्थ्यो होला भन्ने भावलाई यसरी समेटेका छन् :

निरीह, निष्प्राण र क्षतविक्षत बस्तीलाई

त्यही भरलाग्दो शरीरले प्राण

सायद ऊ भर्थ्यो होला

त्यही त्यसैत्यसै भर लाग्ने शरीरले

वकालत बस्तीहरूको पक्षमा

बाँचुन्जेल गर्ने गर्थ्यो होला *(सायद यी नै होलान्*, पृष्ठ ५८)

कवि विजय सुब्बाले नेपालमा देखिएका विकृतिलाई यथार्थ रूपमा उतारेर जनतासामु सूचना प्रवाह गर्ने कलमजीवीहरूप्रति समर्थन गरेका छन् । सुब्बाले स्वतन्त्र कलमप्रति जतिनै आक्रमण गरेपनि त्यो अविचलित रूपमा पाइला बढाइरहनेछ भन्ने दृढता व्यक्त गरेका छन् । कवि सुब्बाले कलमजीवीहरूका स्वतन्त्र कलमहरू चुनौतिका माझमा पनि घोटिन तयार छन भन्ने भावलाई यसरी समेटेका छन् :

ए काँच पानी छिटाहरू !

नसमाओ है नसमाओ

यी निरहि कलमहरूलाई

कलमहरू

आदेशमा

जतासुकै पनि

जति बेला पनि

जे सुकै भए पनि

पाना भरिएको होस् या नहोस्

घोटिन तयार छन्(*कलम,* पृष्ठ १६)

कवि सुब्बाले कलमका विरुद्धमा लाग्नेहरूलाई कलुषित भान्छेको संज्ञा दिदै तिम्रो कलम प्रतिको विरोधको भावना र मेरो अक्षरप्रतिको समर्थनको भावनासँगै दौडदा पहिला म हुनुको झन्डा कलमजीवीले गाड्ने भावलाई यसरी समेटेका छन् :

तिमी कलुषित भान्छेहरू र

मेरा यी ठेला अक्षरहरू

को पहिले मैदानमा

म हुनुको झन्डा गाड्दा रहेछन् ! (*अराजक अक्षरहरू,* पृष्ठ ३९)

कवि विजय सुब्बाले यस सङ्ग्रहभित्रका कविताहरूमार्फत नेपाली समाजमा धनी वर्गले गरिब वर्गप्रति गरेको शोषणको विरोध गरेका छन् । कवि सुब्बाले धनीहरूको जस्तै गरिबहरूको पनि खाने र लाउने हक भएकाले त्यसको हनन् गर्नुनहुनेमा आजभोलि शोषणको जालो व्याप्त भएको विचार व्यक्त गरेका छन् । कवि सुब्बाले यो शान्तिको देशमा गिद्धरूपा मान्छेहरूले गरिब मान्छेहरूका बस्तीहरू मासेको तथा मिहिनेत लुछेको भावलाई यसरी समेटेका छन् :

तर यो शान्तिको देशमा

गिद्धहरूले मान्छे लुछ्दै गरेको

मान्छे बस्तीहरू पड्काउँदै हिँडेको

कसै गरे पनि देख्न सकिनँ(*एक फाँको मुस्कान,* पृष्ठ २२)

कवि सुब्बाले गरिबका काँधहरूलाई सधै भरिया नबनाओ भन्दा तथा लालची आँखाले हाम्रा मिहिनेतलाई नहेरभन्दा अराजक भनी आरोप लगाउने शोषकहरूलाई चुनौति दिदै आफू अब अराजक नै बन्ने दृढतालाई यसरी व्यक्त गरेका छन् :

हाम्रा काँधहरूलाई

सधैँ भरिया नबनाओ भन्दा

तिमीहरूका लालची आँखाहरूले

हाम्रा बाटाहरूमा

त्यालैत्याल नखन्याओ भन्दा

अराजक भन्छौ नि मलाई

भन, जति भने पनि भन

अब म अराजक हुन चाहन्छु(*अराजक अक्षरहरू,* पृष्ठ ३७)

कवि विजय सुब्बाले नेपाली जातिप्रतिको समर्थन सम्बन्धी भावलाई पनि कविताको विषयवस्तुका रूपमा चयन गरेका छन् । कवि सुब्बाले लिम्बू जातिहरू नेपालका वीर जाति भएपनि उनीहरूसँग बुद्धिभन्दा शक्ति बढी भएको विचार व्यक्त गरेका छन् । कवि सुब्बाले लिम्बूवानका लिम्बूहरू छिटो कुरा बुझ्दैनन् भन्ने भावलाई यसरी समेटेका छन् :

पटमूर्ख लिम्बूवानका पटमूर्खहरू

छिटो कुरा बुझ्दैनन्(*पटमूर्ख लिम्बूवान र पेरु,* पृष्ठ २७)

कवि सुब्बाले लिम्बू जातिहरूको चेतनाको स्तर कम भएकाले उनीहरूले अगाडि बढ्ने दाँया बाँयाको बाटोलाई पहिचान नै गर्न नसकेर ख्यालख्यालमा चार इञ्च खुकुरीले हान्ने पूरानो बानीलाई पछ्याइरहेको भावलाई यसरी समेटेका छन् :

त्यही पनि थाहा छैन् उनीहरूलाई

सिंढी धमाधम त चढ्छन्

देब्रे हो या दाहिनेले टेके पनि

माथि उक्लनु त हो भन्ने बुझ्दैनन्

मात्र ख्यालख्यालमा चार इन्ची हान्छन्(*पटमूर्ख लिम्बूवान र पेरु,* पृष्ठ २७)

नेपाली भएर नेपाली जातीको शिर निहुरिने कार्य कसैले गर्न नहुने तथा इमानदारको पहिचानलाई देश र जनताका नाममा कसैले तोड्न नहुने भावलाई यसरी समेटेका छन् :

हाम्रो शिरै निहुरिने गरी तिनले

जथाभावी बोलेर मोड्नु हुन्न

इमानका शिलालेखहरू कसैले

देश र जनताका नाममा तोड्न हुन्न (*च्यालेहरू,* पृष्ठ २४)

कवि विजय सुब्बाले आफ्ना कविताहरू मार्फत न्यायप्रेमी समाज निर्माणको चाहनालाई व्यक्त गरेका छन् । सुब्बाले समाजमा विकृति, अन्याय र अत्याचारको अन्त्य हुनुपर्ने आकांक्षालाई व्यक्त गरेका छन् । उनले समाजका असत् पात्रहरूको अन्त्य हुनुपर्ने चाहनालाई यसरी व्यक्त गरेका छन् :

हामी उभिँदा कम्तीमा

अलिकता हामी उभियोस

हामी मुन्टिदा कम्तीमा

अलिकति धृतराष्ट्र र

दुर्योधन समेत मुन्टियोस्      (*दुर्योधन,* पृष्ठ १८)

कवि सुब्बाले समाज अग्रगतितर्फ लम्कनु पर्दछ भन्दै दुःखमा नदुख्नेहरू र गतिमा नबग्नेहरू हाम्रो समाजबाट हराउनु पर्ने भावलाई यसरी समेटेका छन् :

नभनूँ भन्दाभन्दै विनम्रतापूर्वक भनिरहेछु

यो उच्छवास धूवाँ भएपछि

सायद दुःखमा नदुख्नेहरू हराउनु पर्छ

गतिमा नबग्नेहरू बिलाउनु पर्छ

किनकी मलाई अलिकति यात्रा चाहिएको छ(*मलाई अलिकति यात्रा चाहिएको छ,* पृष्ठ ३५)

अन्तमा विजय सुब्बा किरणद्वारा लिखित अराजक अक्षारहरु कवितासङ्ग्रहका कविताहरूमा विविध उद्देश्यहरू देखिएका छन् ।ती सबै उद्देश्यहरूको मूल स्वर सामाजिक विकास, आर्थिक उन्नति, वर्ग विहीनताको स्थिति, धार्मिकएकता, राष्ट्रिय उन्नति, हत्या हिंसाको विरोध आदि नै मुख्य बनेर आएका छन् ।

**४.३.४ छन्द तथा लय**

विजय सुब्बाका यस सङ्ग्रह भित्रका कविताहरूमा पनि ध्वनिबाट उत्पन्न भएको लयको प्रधानता रहेको छ । एउटै ध्वनिको पटक पटक भएको पुनरावृत्तिले गद्य कवितामा लय उत्पन्न गर्दछ। सुब्बाका कवितामा यस्तो स्थिति पर्याप्त मात्रामा पाइन्छ :

त्यसैले नपत्याओ त्यसो भन्ने

ग्यास च्याम्बरका ती पालेहरूलाई

आँखा छलीछली खाने

कुर्सी र मालिकका हुरुक्क ऱ्यालेहरूलाई

माटो चपाइरहेका थालेहरूलाई *(ऱ्यालेहरू,* पृष्ठ २३)

सायद दुःखमा नदुख्नेहरू हराउनुपर्छ

गतिमा नबग्नेहरू बिलाउनुपर्छ (*मलाई अलिकति यात्रा चाहिएको छ,* पृष्ठ ३४)

**४.३.५ बिम्व प्रतीक तथा अलङ्कार**

भाषाशैलीय विन्यासभित्र विम्ब-प्रतीक र अलङ्कार तथा अग्रभूमिकरण पनि पर्दछन् । जस्तो प्रकारले भाषा र शैलीको प्रयोग कवितामा अनिवार्य हुन्छ त्यस्तै विम्ब-प्रतीक र अलङ्कारको प्रयोग पनि अनिवार्य गरिए कविता आस्वादमा आनन्दानुभूति पाउन सकिन्छ। यस कवितासङ्ग्रहमा विम्ब र प्रतीकको प्रयोग अत्यन्तै धेरै भएको पाइन्छ। कतै मिथकीय शब्दको प्रयोगबाट प्रतीकात्मक अर्थ बुझ्न सकिन्छ भने कतै जड तथा मानवेतर चरित्रको चित्रणबाट। केही कविताहरू त शीर्षकमात्र नभएर सम्पूर्ण स्वरूप नै प्रतीकात्मक देखिन आउँछन्। यस्तै यस सङ्ग्रहभित्र प्रयोग भएका आलङ्कारिक शब्दहरूको प्रयोगले कविताहरूमा सौन्दर्य प्रकट भएको छ। यसभित्र विभिन्न प्रकारका शब्द र अर्थ अलङ्कारहरूको प्रयोग अत्यन्त सार्थकताका साथ प्रयोग भएका छन्। शब्दालङ्कारले कवितामा लयात्मक माधुर्य थपेको छ भने अर्थालङ्काकारले भावात्मक अनुभूतिमा मिठास

थपेको देखिन्छ। विम्बात्मक तथा प्रतीकात्मक प्रयोगले सुब्बाका कवितामा केही क्लिष्टता देखिएको हो । यसका साथै शब्दगत क्लिष्टताले पनि सुब्बाका कविताहरू कम सरल बन्न पुगेका छन् । कवि सुब्बाले यस सङ्ग्र भित्रका सबै कविताहरू छन्दमुक्त वा गद्य भाषा शैलीको प्रयोग गरेर रचना गरेका छन् ।

**क. विम्ब**

कवि विजय सुब्बाले आफ्ना कवितामा शब्दगत विम्बको प्रयोग गरेका छन् । उनले यस सङ्ग्रहका कविताहरूमा प्रचुर मात्रामा राजमार्ग, तरुनी, चिया, देवालय, मान्छे, सुत्केरी, अनुहार, समाज, जहाज, समुन्द्र, आमा, बुबा, चिसा, तूल, छाती, बूढो, जवान, महल, पाना, हिलो, पानी, धागो, खुट्टा, मुसा, चरा, बन्दुक, घर, दह आदि विम्बहरूको प्रयोग गरेका छन् ।

**ख. प्रतीक**

कवि विजय सुब्बाले आफ्ना कविताहरूमा प्रशस्तै प्रतीकहरूको प्रयोग गरेका छन् । सुब्बाले आफ्ना कवितामा सहिद, दास, कोठेबारी, एकलव्य, आत्मा, आकाश, पहाड, नीलो, आँखा, रात, जङ्गबहादुर, गङ्गालाल, दशरथ चन्द, धृतराष्ट्र, गान्धारी, कृष्ण, कलम, द्रौपदी, चमेरा, खुट्टा, हस्तिनापुर, दुर्योधन, गिद्ध, खुकुरी, काग, टाउका, लालीगुराँस, जरा, हनुमान, सगरमाथा आदि प्रतीकहरूको प्रयोग गरेका छन् । प्रतीकात्मकताको प्रचुर प्रयोगले सुब्बाका कविताहरू बढी गहन बनेका छन् ।

**ग. अलङ्कार**

अन्त्यानुप्रास अलङ्कारको प्रयोग गरिएका अलङ्कारहरुलाई यसरी प्रस्तुत गरिएको छ ।

प्रत्येक रगतका फाल्साफाल्सामा नयाँ दिनहरू देखेको छु

भुइँका रक्तधब्बाहरूमा आफ्ना योजनाहरू लेखेको छु(*रगत र मेरो सपना,* पृष्ठ ३६)

सुब्बाका कवितामा रूपक (उपमेय मा उपमानको आरोप गरिएको) अलङ्कारको प्रयोग पाइन्छ ।

एकातिर बाण चलाउने

र अर्कोतिर पुष्पक विमान उडाउने

पूरातन गुरु द्रोणाचार्यको

आज्ञाकारी शिष्य एकलव्य

अहँ, कहिल्यै कहिल्यै भइनँ(*एकलव्य,* पृष्ठ ११४)

सुब्बको प्रस्तुत कृतिमा विभिन्न अलङ्कारको प्रयोगले एककिसिमको विशिष्ट सौंन्दय निर्माण गरिएको छ ।

**४.३.६ कथनपद्धति**

अराजक अक्षारहरु कवितासङ्ग्रहभित्र पात्रहरूको अवस्थितिलाई हेर्दा कथनपद्धतिको प्रयोग कसरी भएको छ भन्ने छुट्याउन सकिन्छ । विभिन्न विषयवस्तुको प्रस्तुतिलाई पाठकसमक्ष पुऱ्याउने क्रममा कविताहरूको स्वरूप पनि त्यस्तै किसिमले देखापरेका छन् । तिनै विचार प्रक्षेपण र सहभागिताहरूको आधारमा प्रथमपुरुष र तृतीयपुरुष कथनपद्धतिमा आधारित कविताहरूलाई यहाँ देखाउन सकिन्छ । यस सङ्ग्रहमा मानवीयबाहेक मानवेतर पात्रहरू र जड पात्रको समेत प्रयोग गरिएको छ भने कतिपय स्थानमा भावात्मक पात्रहरू पनि देखिएका छन् । कविताको विचार, भाव र कविको प्रस्तुति शैलीबाट हेर्दा अधिकांश कविताहरू प्रथमपुरुष कथनपद्धतिमा आधारित देखिन आउँछन् भने कोहीबेला विषयको उठानदेखि अन्त्यसम्म नै 'म' पात्रको अवस्थिति कतै पनि पाइँदैन । यस आधारबाट हेर्दा त्यहाँ तृतीयपुरुष कथनपद्धति रहेको पुष्टि हुन आउँछ ।

समाख्याताले प्रमुख पात्रका रूपमा समाख्यान गरेको छ भने त्यो प्रथमपुरुष कथनपद्धतिमा आधारित रचना हुन्छ । कतै चाहिँ भावात्मक रूपमा विचारको मात्र सम्प्रेषण भएको छ भने पनि प्रथमपुरुष कथनपद्धति नै हुन आउँछ । यस सङ्ग्रहका कतिपय कविताहरू'म' पात्रको माध्यमबाट आफ्नै देश र परिवेशभित्र रमाएकाले त्यहाँ आत्मीयता र विश्वसनीयता देखापर्दछ ।

यसै गरी प्रथमपुरुषका अतिरिक्त तृतीयपुरुष कथनपद्धतिको निर्धारण यस कवितासङ्ग्रहका कविताहरूमा गर्न सकिन्छ । ऊ, त्यो, तिनी, उनी वा कुनै नामधारी समाख्याताको माध्यमबाट विचार समाख्यान गरिएमा तृतीयपुरुष कथनपद्धति हुन्छ । यस्तो कथनपद्धतिमा समाख्याता अथवा रचनाकार पूर्णतः कथाभन्दा बाहिर रहेको हुन्छ । समाख्याता 'मैका अतिरिक्त अथवा तृतीयपुरुषवाचक बनेर रचनामा देखिए ती कविताहरूलाई यस कोटिमा राख्न सकिन्छ । यस सङ्ग्रहका कविता (२), (६), (७), (१०), (११), (१२), (१४), (२२), (२३), (२४), (२५), (२६), (२७), (२९), (३०), (३२), (३४), (३७), (३९) हरूमा तृतीयपुरुष कथनपद्धति पाउन सकिन्छ । अन्तमा अराजक अक्षारहरु कवितासङ्ग्रह भित्र प्रथमपुरुष र तृतीयपुरुष दुवै प्रकारको कथनपद्धति रहेको देखिन्छ । तृतीयपुरुष कथनपद्धतिको अपेक्षामा प्रथमपुरुष कथनपद्धतिको मात्रा अधिक भएको सङ्ख्यात्मक आधारमा देखाउन सकिन्छ । जुनै कथनपद्धतिको प्रयोग भएको भएपनि यहाँ कविले देखेको, भोगेको र अनुभव गरेको परिवेशको चित्रण अत्यन्त कलात्मक किसिमले प्रस्तुत गरिएको छ ।

### ५.३.७.भाषाशैली

अराजक अक्षरहरु भित्र रहेका जम्मा ३९ वटा कविताहरू मध्ये सबै नै सरल भाषामा रचना भएका छन् । भाषा र शैलीको उचित संयोजनले नै कविताहरू सशक्त देखिएका छन् । कविताको विषयवस्तु जस्तो छ त्यहीअनुसारको भाव र भावअनुसारको शब्द संयोजनले कविताका सबै पक्षमा तालमेल मिलेको देखिन्छ । ध्वनि, शब्द, व्याकरण र अर्थव्यवस्था जस्ता भाषाका संरचनात्मक पक्षहरूलाई पनि अलि बढी नै ख्याल गरेकाले अघिल्ला दुई सङ्ग्रहका अपेक्षामा यो कवितासङ्ग्रह महत्त्वपूर्ण बनेको देखिन्छ ।अराजक अक्षरहरुका सबै रचनाहरू मुक्त छन्दमा रचिएको भए पनि लयात्मक र रागात्मक पक्ष अति नै सबल बनेर देखिएका छन् । कतिपय कविताहरूमा अन्तिम शब्दहरूको आनुप्रासिक संयोजन मिलेकाले गायनयोग्य पनि देखिन्छन् । सरल र सहज भाषा प्रयोगका कारणले कवितामा भावगत जटिलता र सम्प्रेषणगत दुर्बोध्यता भने पाउन सकिँदैन । कविताले भन्न खोजेको विषय, वर्णित वातावरण र त्यसभित्र समावेश गर्नुपर्ने स्थितिको चित्रणमा संवेदनशीलता देखाइएको कारण नै यो सङ्ग्रह लोकप्रिय बन्न गएको हो । यसमा प्रयोग भएका जतिसुकै अथवा जुनसुकै विषय किन नहुन् त्यहाँ स्थानीयताको झल्को र त्यस परिवेशअनुसारको भाषा र शैली प्रयोगका कारणले कवितामा विश्वसनीयता देखापर्दछ ।

शैलीगत आधारमा कविताहरूमा भिन्नता देखापर्छ । शैलीको सटीक प्रयोगले कविताहरूमा मधुरता देखिनका साथै पठनयोग्य पनि बनेका छन् । जस्तो किसिमको परिवेशको चित्रण गरिएको हुन्छ सोहीअनुसारको भाषा र शैलीको प्रयोगले कवितामा रोचकता थपिएको देखिन्छ । समाख्याताले आफ्नो विचार भावक वा पाठक समक्ष पुऱ्याउन विभिन्न प्रकारका जुक्तिहरू अपनाएका हुन्छन् त्यसलाई नै शैली भन्ने गरिएको छ । प्रत्यक्ष वर्णन, एकल संवाद, सम्बोधन, आक्रोश एवं विद्रोहका रूपमा समाख्याताले आफ्नो अवधारणालाई प्रस्तुत गरेको देखिन्छ । यसरी शैलीगत आधारमा यस कवितासङ्ग्रहका कविताहरूको विश्लेषण गर्दा यसमा रागात्मक, भावात्मक शैलीदेखि आक्रोशित विद्रोहात्मक शैलीसम्मको प्रयोग पाउन सकिन्छ ।

भाषाशैलीय विन्यासभित्र बिम्ब-प्रतीक र अलङ्कार तथा अग्रभूमिकरण पनि पर्दछन् । जस्तो प्रकारले भाषा र शैलीको प्रयोग कवितामा अनिवार्य हुन्छ त्यस्तै बिम्ब-प्रतीक र अलङ्कारको प्रयोग पनि अनिवार्य गरिए कविता आस्वादमा आनन्दानुभूति पाउन सकिन्छ । यस कवितासङ्ग्रहमा बिम्ब र प्रतीकको प्रयोग अत्यन्तै धेरै भएको पाइन्छ । कतै मिथकीय शब्दको प्रयोगबाट प्रतीकात्मक अर्थ बुझ्न सकिन्छ भने कतै जड तथा मानवेतर चरित्रको चित्रणबाट । केही कविताहरू त शीर्षकमात्र नभएर सम्पूर्ण स्वरूप नै प्रतीकात्मक देखिन आउँछन् । यस्तै यस सङ्ग्रहभित्र प्रयोग भएका आलङ्कारिक शब्दहरूको प्रयोगले कविताहरूमा सौन्दर्य प्रकट भएको छ । यसभित्र विभिन्न प्रकारका शब्द र अर्थ अलङ्कारहरूको प्रयोग अत्यन्त सार्थकताका साथ प्रयोग भएका छन् । शब्दालङ्कारले कवितामा लयात्मक माधुर्य थपेको छ भने अर्थालङ्काकारले भावात्मक अनुभूतिमा मिठास थपेको देखिन्छ ।

समग्रमा अराजक अक्षारहरु कवितासङ्ग्रहमा प्रयोग भएका भाषा, शैली, अग्रभूमीकरण, बिम्ब, प्रतीक, अलङ्कार आदि भाषाशैलीय विन्यास अति नै सटीक छन् । भाषाशैलीय विन्यासको सार्थक संयोजन नै कविताको निम्ति महत्त्वपूर्ण बनेर देखापरेको छ ।

### **४.४ ज्ञानी बाल गजलसङ्ग्रहको अध्ययन**

#### **४.४.१ विषय परिचय**

गजलकार विजय सुब्बाद्वारा लिखित ज्ञानी बालगजलसङ्ग्रह वि.सं. २०६३ साल जेठमा विवेक सिर्जनशील प्रकाशन प्रा.लि. अनामनगर, काठमाडौँबाट प्रकाशित कृति हो । यस कृतिभित्र सुब्बाले बिसवटा बालगजलहरू सङ्कलन गरेका छन् । यी गजलहरूको शीर्षक दिएको छैन तर प्रत्येक गजललाई अङ्क दिइएको छ । प्रत्येक गजलको मूलभावलाई व्यक्त हुने किसिमका कार्टुन प्रकारका चित्रहरूको पनि प्रयोग गरिएको छ । यस कृतिभित्रका रचनाहरूको सङ्क्षिप्त अध्ययन निम्नानुसार गरिन्छ ।

#### **४.४.२ विषयवस्तु**

यस सङ्ग्रहभित्रका गजलहरूको विषय वस्तुलाई तल प्रस्तुत गरिन्छ :

**(१) मान्छे भन्छन् लेख्छन् पनि बाल अधिकारका कुरा**

सबै बालअधिकारका कुराहरू गरे पनि बालकहरूको जीवन यथास्थिति मै रहेको भाव व्यक्त छ ।

**(२) सानो छु म भनेर सानै कुरा नगर**

उच्च लक्ष्य बोकेर आमाबुबा, शिक्षक, साथीभाइ आदिको सहयोगमा सकारात्मक कार्य गर्न सबै बालबालिका लाग्नु पर्ने भाव व्यक्त छ ।

**(३) कति राम्री सानी ज्ञानी कोरीबाटी गरेकी**

स्कूल गएर बढ्नु पर्दछ भन्ने मानसिकता बोकेर आफ्नो काम आफैँ गर्नुपर्ने भाव व्यक्ति छ ।

**(४) सबै स्कुल गा'को देख्दा मलाई नि जाऊँ जाऊँ लाग्छ**

अरु केटाकेटीहरू स्कूल गएको र राम्रा लुगा लगाएको देख्दा अनाथ बालबालिकाका मनमा उब्जने पीडा सहितको भाव व्यक्त छ ।

(५)**दशौ बजे स्कुल पुगी प्रार्थनामा लाग्छिन्**

सद्विचार बोकेकी बालिकाको उच्च मनोभाव हुने विचार व्यक्त छ ।

(६) **स्कुल जाँदा बाटाभरि**

स्कुल जाँदा खराव कार्य गर्नु हुँदैन भन्ने उपदेश व्यक्त छ ।

(७.) **मैलेमात्र घरधन्दा गर्नुपर्ने किन आमा ?**

छोरालाई स्कुल पढाइ छोरीलाई घरधन्दामा लगाउने अभिभावकहरूलाई व्यङ्ग्य गरिएको छ ।

(८) **बाटो काट्दा पहिले आफ्नो दायाँ हेर नानी**

सधैँ इमान्दार भएर भूलविहिन कार्य गर्नुपर्ने भाव व्यक्त छ ।

(९) **आमा, हाम्रा बुबा किन सधैँ ढिलो गर्नुहुन्छ ?**

बुबाको कुलतले सन्तानको भविष्य अन्धकार हुने भाव व्यक्त छ ।

(१०) **अरे ! अरे ! लामपुच्छे हेर ! हेर ! उता  हेर !**

आफ्नै संसारमा रमाएका प्रकृतिका गहनारूपी चरालाई मार्नु नहुने भाव व्यक्त छ ।

(११) **भयो आमा पुग्यो अब धेरै भात आन हुन्न**

शिक्षा नै सबैभन्दा उत्तम दान भएको भाव व्यक्त छ ।

(१२) **चरामध्ये यौटा चरा कोकलेको बानी**

पंक्षिजगतमा विवेकशील मान्छेले क्षति पुऱ्याउनु नहुने विचार व्यक्त छ ।

(१३)**मादलुमा झुम्मिएर नानीहरू खेल्या राम्रो**

बालबालिकाहरूको राम्रो बानीले भविष्य उज्जवल हुने भाव व्यक्त छ ।

(१४. **कोदोबारी धानबारी माड्नुहुन्न नानी**

राम्रोराम्रो बानी सधैँ देखाउनु पर्ने भाव दर्शाइएको छ ।

(१५) . **गड्याङ्गुडुङ् गर्छ आमा ! पानी हो कि के हो ?**

मान्छे मान्छे बीच रिसराग बढेकाले संसारमा युद्ध हुने गरेको भाव व्यक्त छ ।

**(१६) मेरो सानो मनेलाई नधपाऊ न साथी**

मान्छे मान्छे बीच रिसराग बढेकाले संसारमा युद्ध हुने गरेको भाव व्यक्त छ ।

**(१७)भयो आमा ! नकुट्न अब राम्रो पढ्छु ।**

अबदेखि राम्रा काम गर्छु भनी आमासँग आग्रह गरिएको छ ।

**(१८) . ओहो ! हेर कत्ति लामो कमिलाको ताँती**

कमिलामा एकताको भावना भएकाले आफूलाई पनि त्यस्तै हुन मन लागेको भाव व्यक्त छ ।

**(१९)आमा ! बाबा ! आज हामी बनभोज जान्छौँ**

आमाबुबासँग वनभोजमा साथी पनि जाने हुनाले पठाइदिन अनुरोध गरिएको छ ।

**(२०)कति राम्री रातो रातो वनकी रानी चरी**

वनकी रानी चरीको जीवन हेर्दा रमाइलो लागेको भाव व्यक्त छ ।

**४.४. ३ मूल भाव विचार**

विजय सुब्बाको ज्ञानी बाल गजलसङ्ग्रहका गजलमा नेपाली समाजले भोगेका व्यक्ति विशेषका इच्छा, आकाङ्क्षा र चाहनालाई अभिव्यक्त गर्न केन्द्रित देखिन्छ ।प्रस्तुत बाल गजल सङ्ग्रहमा विभिन्न भाव प्रस्तुत गरिएको छ । विजय सुब्बाले यस कृति भित्रका गजलहरूको मुख्य विषय उपदेशलाई बनाएका छन् । सुब्बाले कलिला बालकहरूले बेलैमा आफूभन्दा ठूलाको अर्ति उपदेशलाई परिपालन गरे भविष्य उज्ज्वल हुने दृढता व्यक्त गरेका छन् । सुब्बाले स्कुल जाँदा खराब काम गर्नु नहुने उपदेशलाई यसरी व्यक्त गरेका छन् :

स्कुल जाँदा बाटाभरि

नगर्नू है ! नानाथरी( विजय सुब्बका गीत तथा गजलहरु (पृष्ठ, १०)

गजलकार सुब्बाले बाटो काट्दा सडक हेरेर मात्र हिड्नुपर्ने भावलाई यसरी समेटेका छन् :

बाटो काट्दा पहिले आफ्नो दायाँ हेर नानी !

बीचमा पुगेपछि गर्नु बाँया हेर्ने बानी ! ( विजय सुब्बका गीत तथा गजलहरु, पृ. १२)

सुब्बाले कोदोबारी, धानबारी माड्न नहुने र सधैँ राम्रो राम्रो बानी सिक्नुपर्ने भावलाई यसरी व्यक्त गरेका छन् :

कोदोबारी धानबारी माड्नु हुन्न नानी
राम्रोराम्रो बानी लिन छाड्नुहुन्न नानी (विजय सुब्बका गीत तथा गजलहरु, (पृ. १८)

गजलकार विजय सुब्बाले आफ्ना बालगजलहरूमा प्रकृतिलाई पनि विषय बनाएका छन् । सुब्बाले प्रयोग गरेको प्रकृति नेपाली भूगोलभित्र आबद्ध भएको छ । सुब्बाले लाम्पुछ्रे चरालाई गुलेलीले हान्नु नहुने किनभने सबैको जीवन उत्तिकै महत्त्वपूर्ण छ भन्ने भावलाई यसरी व्यक्त गरेका छन् :

अरे ! अरे ! लाम्पुछ्रे हेर ! हेर ! उता हेर !

देखिहाल्यो हामीलाई थाहै नपाई कतिखेर

नहान न गुलेलीले त्यस्लाई पनि दुख्छ नि त

सबको जीवन उत्तिकै हो सोचन हौं यहीँनेर, (विजय सुब्बका गीत तथा गजलहरु, ( पृ. १४)

गजलकार विजय सुब्बाले चरामध्येको एउटा चरा कोकले भएको र उसको मकै चोर्ने बानी भएको विषयलाई यसरी प्रस्तुत गरेका छन् :

चरामध्ये यौटा चरा कोकलेको बानी

नराम्रो छ मकै चोर्ने हेर ! सानासानी (विजय सुब्बका गीत तथा गजलहरु, (पृ.१६)

सुब्बाले वनकी रानी चरी कहिले कुट्मेरो र कहिले टाँकी माथि उडेर नाच्छे भन्ने भावलाई यसरी समेटेका छन् :

कति राम्री रातोरातो वनकी रानी चरी

आज केमा खुसी भई उड्छे वरिपरि ?

कट्मेरो र टाँकीमाथि मेरो घर मुनि

टुप्पाटुप्पा नाची उड्छे हेर्छु मरीमरी (विजय सुब्बका गीत तथा गजलहरु,पृ २४)

गजलकार सुब्बाले यस सङ्ग्रह भित्रका गजलहरूमा पशुप्रेमलाई पनि विषयवस्तुका रूपमा प्रयोग गरेका छन् । सुब्बाले पशुलाई पनि मान्छेको प्रेमको आवश्यकता पर्ने कुराको चित्रण गरेका छन् । बाख्राको पाठो जन्मनासाथ उभिने, सानो हुँदा दूध मात्र खाने र खुला छोडिदिँदा तेजी हुन्छ भन्ने कुराको सुब्बाले चित्रण गरेका छन् । सानो मने (बाख्राको पाठो) चकचके स्वभावको भएकाले यसलाई दोष लाउनु नहुने र धपाएर दुःख दिनु नहुने भावलाई यसरी समेटिएको छ :

मेरो सानो मनेलाई नधपाऊ न साथी

चकचके भन्ने दोष नलगाऊ न साथी ! (विजय सुब्बका गीत तथा गजलहरु,पृष्ठ, २०)

पशुले आफ्ना सन्तानलाई नछुट्याउने तर मान्छेले चाहिँ पशुजस्तै व्यवहार देखाउनु पर्ने तथ्यको कारण सहितको सवाल एउटा बच्चाले आमालाई सोधेको भावलाई यसरी समेटिएको छ :

पशुले त छुट्याउँदैन आफ्ना सन्तानहरूलाई

मान्छेले चाहिँ पशुजस्तै चर्नुपर्ने किन आमा ? (विजय सुब्बका गीत तथा गजलहरु,पृष्ठ, ११)

गजलकार विजय सुब्बाले यस सङ्ग्रह भित्रका गजलहरूमा बालअधिकारलाई पनि विषयवस्तुका रूपमा प्रयोग गरेका छन् । उनले सबै बालबालिकाहरूको पढ्ने, खाने, लाउने र बस्ने हक हुन्छ भन्ने विचार व्यक्त गरेका छन् । सुब्बाले विभिन्न क्षेत्रमा भएको बालश्रम शोषणको समेत विरोध गरेका छन् । सुब्बाले बालअधिकारका पक्षमा बोल्नेहरूले अनाथको जीवन डुब्न लाग्दा पनि केही नगरेको भावलाई यसरी व्यक्त गरेका छन् :

दिने भए पहिले जीवन पछि मात्र अधिकार

यति कुरा बुझाउन किन ठान्छौ सधैं भूरा ? (पृष्ठ, ५)

गजलकार सुब्बाले खान पाएँ मालिककोमा काम गरेर ताथ तिनीहरूका हृदय रोप्ने बचन सहेर नबस्ने अनाथको भावनालाई यसरी प्रस्तुत गरेका छन् :

खान पाए बस्दिनथेँ मालिकका काम गर्न

रहर छैन अझै रोप्ने तिन्का वचनका छुरा (विजय सुब्बका गीत तथा गजलहरु,पृष्ठ, ५)

आफू गरिबको सन्तान भएकाले बालअधिकारका कुरा नबुझ्ने तर अधिकार पूरा नै चाहिने भाव यसरी व्यक्त छ :

गरिबको सन्तान हुँ बुझ्दिन म अधिकार

आधा कुरा चाहिएन देऊ बरु कुरा पूरा (विजय सुब्बका गीत तथा गजलहरु,(पृष्ठ, ५)

### ४.४.४ छन्द र लय

**लय**

विजय सुब्बाको यस सङ्ग्रह भित्रका कविताहरूमा पनि ध्वनिबाट उत्पन्न भएको लयको प्रधानता रहेको छ । एउटै ध्वनिको पटक पटक भएको पुनरावृत्तिले गद्य कवितामा लय उत्पन्न गर्दछ । सुब्बाका कवितामा यस्तो स्थिति पर्याप्त मात्रामा पाइन्छ :

त्यसैले नपत्याओ त्यसो भन्ने

ग्यास च्याम्बरका ती पालेहरूलाई

आँखा छलीछली खाने

कुर्सी र मालिकका हुरुक्क च्यालेहरूलाई

माटो चपाइरहेका थालेहरूलाई*(च्यालेहरू,* पृष्ठ २३)

सायद दुःखमा नदुख्नेहरू हराउनुपर्छ

गतिमा नबग्नेहरू बिलाउनुपर्छ(मलाई अलिकति  यात्रा चाहिएको , पृ.३४)

### ४.४.५ विम्व प्रतीक अलङ्कार

विम्बात्मक तथा प्रतीकात्मक प्रयोगले सुब्बाका कवितामा केही क्लिष्टता देखिएको हो । यसका साथै शब्दगत क्लिष्टताले पनि सुब्बाका कविताहरू कम सरल बन्न पुगेका छन् । कवि सुब्बाले यस सङ्ग्र भित्रका सबै कविताहरू छन्दमुक्त वा गद्य भाषा शैलीको प्रयोग गरेर रचना गरेका छन् ।

**क. विम्ब**

कवि विजय सुब्बाले आफ्ना कवितामा शब्दगत विम्बको प्रयोग गरेका छन् । उनले यस सङ्ग्रहका कविताहरूमा प्रचुर मात्रामा राजमार्ग, तरुनी, चिया, देवालय, मान्छे, सुत्केरी,

अनुहार, समाज, जहाज, समुन्द्र, आमा, बुबा, चिसा, तूल, छाती, बूढो, जवान, महल, पाना, हिलो, पानी, धागो, खुट्टा, मुसा, चरा, बन्दुक, घर, दह आदि बिम्बहरूको प्रयोग गरेका छन् ।

**ख. प्रतीक**

कवि विजय सुब्बाले प्रस्तुत कृतिमा प्रशस्तै प्रतीकहरूको प्रयोग गरेका छन् । सुब्बाले आफ्ना बाल गजलमा खुकुरी, काग, टाउका, लालीगुराँस, जरा, हनुमान, सगरमाथा आदि प्रतीकहरूको प्रयोग गरेका छन् । प्रतीकात्मकताको प्रचुर प्रयोगले सुब्बाका कविताहरू बढी गहन बनेका छन् ।

**ग अलङ्कार**

अन्त्यानुप्रास अलङ्कारको प्रयोग गरिएका अलङ्कारहरुलाई यसरी देखाइएको छ ।

प्रत्येक रगतका फाल्साफाल्सामा नयाँ दिनहरू देखेको छु

भुइँका रक्तधब्बाहरूमा आफ्ना योजनाहरू लेखेको छु (*रगत र मेरो सपना,* पृष्ठ ३६)

यसरी हेर्दा प्रस्तुत कृतिमा अलङ्कारहरुको प्रचुर प्रयोग नगरिए पनि यसको साम्य प्रयोग गरिएको छ भने भावलाई प्राथमिकता दिइएको छ ।

**४.४.७ भाषाशैली**

प्रस्तुत बाल गजल सङ्ग्रहमा सरल भाषा शैलीको प्रयोग गरिएको छ । यो गजल सङ्ग्रह शैलीगत आधारमा सवल देखापर्छ । शैलीको सटीक प्रयोगले कविताहरूमा मधुरता देखिनका साथै पठनयोग्य पनि बनेका छन् । जस्तो किसिमको परिवेशको चित्रण गरिएको हुन्छ । सोहीअनुसारको भाषा र शैलीको प्रयोगले कवितामा रोचकता थपिएको देखिन्छ । बाल बालिकाको भावना अनुकूलको विचार भावक वा पाठक समक्ष पुऱ्याउन विभिन्न प्रकारका जुक्तिहरू अपनाएका हुन्छन् त्यसलाई नै शैली भन्ने गरिएको छ । प्रत्यक्ष वर्णन, एकल संवाद, सम्बोधन, आक्रोश एवं विद्रोहका रूपमा समाख्याताले आफ्नो अवधारणालाई प्रस्तुत गरेको देखिन्छ । यसरी शैलीगत आधारमा यस कवितासङ्ग्रहका कविताहरूको विश्लेषण गर्दा यसमा रागात्मक, भावात्मक शैलीदेखि आक्रोशित विद्रोहात्मक शैलीसम्मको प्रयोग पाउन सकिन्छ ।

**४.५. निष्कर्ष**

**'विजय सुब्बाका गीत तथा गजलहरू'** विजय सुब्बाको दोस्रो प्रकाशित कृति भए तापनि रचनाका हिसाबले उनका प्रारम्भिक चरणका सिर्जनाहरू पनि समेटिएका छन् । यस कृतिमा तत्कालीन जनजीवनको दु:ख, कष्ट, पीडा, व्यथाहरू अन्तर्निहित छन् । सबैले सबै क्षेत्रबाट कसरी हातमा मिलाए बढ्नुपर्छ, गरिब तथा उत्पीडित जनतालाई उकास्न र

तिनीहरूमा चेतना भर्न हामीले कस्तो कार्य गर्नुपर्छ भन्ने जस्ता उद्देश्यमूलक तथा चेतनात्मक अभिव्यक्ति गीतमा प्रकट भएका छन्। **विजय सुब्बाका गीत तथा गजलहरू** गीत तथा गजल सङ्ग्रहमा मसिना गीत /गजलहरू र एक दर्जन मुक्तक पनि रहेका छन्। आदि, मध्य र अन्त्यको श्रृङ्खला त्यति मिलेको नभए पनि भावगत अभिव्यक्ति कौशल राम्रो देखिएको छ। गीत /गजलहरूको उद्देश्यपूर्तिमा बढी अकर्षित भएका कारणले दृश्यावलोकनको सौन्दर्यमा भन्दा वस्तु प्रकटीकरणको मामिलामा बढी लालयित छन् भने तत्क्षणताको अभिव्यक्ति प्रायसः गीत /गजलहरूले मुखरित गरेका छन्। कवि विजय सुब्बाको **अराजक अक्षरहरु** कवितासङ्ग्रहमा सङ्ग्रहित ६६ वटा कविताहरूलाई विभाजन र सङ्गठनको आधारमा छुट्याइएको छ भने कवितात्मक विषयवस्तुको आधारमा पनि प्रत्येक कविताको मूलभावलाई छुट्टा-छुट्टै प्रस्तुत गरिएको छ। यसरी देखाउँदा कवितामा सामाजिक, राजनीतिक, धार्मिक, प्राकृतिक, सांस्कृतिक विषयहरू आएका छन् भने ती विविध विषयभित्र पनि अभिव्यञ्जित हुने मूलभावले कविताहरूलाई अर्थपूर्ण बनाएका छन्। भाषा र शैलीका अतिरिक्त अलङ्कार, विम्ब, प्रतीक आदिको सफल प्रयोगले कविताभित्रका अलङ्करणहरू मिलेर आएका देखिन्छन्। यही बाहीय अलङ्करण प्रविधिले नै यस कवितासङ्ग्रहभित्रका कविताहरूमा विश्वसनीयता, विचारणीयता, रसात्मक अनुभूतिहरू पाउन सकिन्छ। अन्तमा अराजक अक्षारहरु कवितासङ्ग्रह अनन्दानुभूति, सन्तुष्टिको निम्तिभन्दा पनि समाजहित, जनकल्याण, राजनीतिक सुधार, हिंसाको विरोध, धर्मको स्थापना, आ-आफ्नो अस्तित्वको रक्षा आदि कुरामा डटेर लाग्नका साथै आफ्नो क्षेत्रबाट आफूले केही न केही गर्नैपर्छ भन्ने विचारमा केन्द्रित देखिन्छन्।गजलकार विजय सुब्बाको **ज्ञानी** (२०६३, जेठ) बालगजल सङ्ग्रहभित्र विसवटा रचनाहरू सङ्कलित छन् । सुब्बाले यस सङ्ग्रहभित्रका गजलहरूमा बालबालिकाहरूलाई उपदेश, प्रकृतिको चित्रण, पशुप्रेम, बालअधिकारको समर्थन आदिलाई विषय बनाएका छन् । सुब्बाका उपदेशलाई विषय बनाइएका गजलहरू बालबालिकाहरूका निम्ति ज्यादै प्रेरणाप्रद रहेका छन् । सुब्बाले प्रकृतिको चित्रण गर्दै बालकहरूलाई सर्वाधिक मन पर्ने चराको बारेमा विशेष चर्चा गरेका छन् ।

## पाँचौं परिच्छेद

# विजय सुब्बाका काव्यात्मक प्रवृत्ति

प्रस्तुत शोधपत्रको पाँचौं परिच्छेदमा विजय सुब्बाको काव्य प्रवृतिको निरुपण गरिएको छ । यहाँ सुब्बाकामानवतावादी चिन्तन, राजनीतिक चिन्तन, प्रगतिवादी-क्रान्तिकारी चिन्तन, अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन,सामाजिक चिन्तन, जातिप्रेम तथा राष्ट्रप्रेम र प्रतीकात्मक प्रस्तुति जस्ता प्रवृत्तिहरूको चर्चा गरिएको छ ।

## ५.१. परिचय

साहित्यका सबै विधाहरूमा लेखकको दृष्टिकोण वा विचार प्रतिबिम्बित भएको हुन्छ। विभिन्न प्रकारका कार्यहरू गर्ने क्रममा आफूले भोगेका, देखेका, अनुभव गरेका अथवा सुनेका विषयवस्तु नै सम्बन्धित विधामा प्रस्फुटित भएको पाइन्छ। स्रष्टाको ज्ञान र कलालाई पनि उसको कृतिले स्पष्ट पार्न सहयोग गर्दछ। त्यसरी जीवनयापन गर्ने क्रममा सिर्जित विषयवस्तुलाई नै प्रवृत्ति भनेर छुट्याइएको पाइन्छ। कवि विजय सुब्बाका कविताहरूमा पनि उनको जीवन भोगाइको स्पष्ट छाप भेट्न सकिन्छ। उनले आफ्नो परिवेशमा देखेका कुराहरूलाई नै कविताको विषयवस्तु बनाएका छन्। तिनै विषयवस्तुभित्र सिर्जित भावको आधारमा यहाँ प्रवृत्ति छुट्याउनु पर्ने हुन्छ। सुब्बाले आफ्नो जीवन विशेष गरेर समाज सेवामा नै समर्पित गरेकाले त्यहीँबाट नै कविताका विषयहरू समेटिएका छन्। जुनै विषय जसरी आए पनि कविताको मूल चाहना समाजको जीर्ण स्थितिलाई उकासेर सबल र समृद्ध पार्नु नै रहेको देखिन्छ।

## ५.२. विजय सुब्बाका काव्यात्मक प्रवृत्ति

सुब्बाका विं.सं. २०४१ साल देखि हलसम्म प्रकाशित चार वटा गीत गजल तथा कवितासङ्ग्रहका आधारमा नै कवितात्मक प्रवृत्ति देखाउनु पर्ने हुन्छ । यसभन्दा अघिल्लो परिच्छेदमा विषयवस्तुको आधारमा विस्तृत अध्ययन गरिएको हुनाले तिनैको आधारमा यिनका प्रवृत्तिलाई विशेष तरिकाले विभाजन गर्नुपर्ने देखिन्छ। भाषागत, शैलीगत, प्रवृत्तिगत भिन्नता देखिए पनि विषयगत भिन्नता भने तीनै सङ्ग्रहमा देखिएका छैनन् । यसैले यिनका कवितामा देखिएका प्रवुत्तिहरूलाई समग्रतामा अध्ययन निम्नलिखित आधारमा गरिएको छ -

१. मानवतावादी चिन्तन
२. राजनीतिक चिन्तन
३. प्रगतिवादी-क्रान्तिकारी चिन्तन
४.अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन
५. जातिप्रेम तथा राष्ट्रप्रेम
६. प्रतीकात्मक प्रस्तुति

७. सामाजिक चिन्तन

**१.मानवतावादी चिन्तन**

कवि विजय सुब्बाकविको तीनवटै कवितासङ्ग्रमा मानवतावादी चिन्तन प्रखर रूपमा आएको छ। मान्छेले भोग्नुपरेका दुःख र व्यथालाई यिनका कविताहरूले मार्मिक ढॅंबाट प्रस्तुत गरेका छन्। युवावस्थामा रचना गरिएका कविताहरूले मानवमाथि भइरहेको अत्याचार, शोषण, दमन आदिको खुलेर विरोध गरेका छन् भने अबको जमानामा पनि अर्कालाई जञ्जिरभित्र राखेर हुकुम चलाउने हो भने आफ्ना राजाइका दिन गए भन्ने सचेतनात्मक स्वर कविताहरूले प्रकट गरेका छन्। कविताको माध्यमबाट मानवतावादी दर्शनलाई अगाडि राखेर मानव कल्याण र हितको कुरा कविबाट प्रकट भएको देखिन्छ।

उनका कवितामा मानवले मानवमाथि गरेको अनैतिक व्यवहार, अन्याय, अन्याचार, शोषण, दमन नै मुख्य रूपमा मुखरित भएको पाइन्छ। वर्गभेद, जातिभेद, आर्थिक असमानता जस्ता कुराहरू नै मानवताको विरोध साधन भइरहेको कविताको भावात्मक अभिव्यक्ति छ। आफूलाई सर्वश्रेष्ठ ठान्नेहरूले आफूभन्दा निम्न पहुँच भएकाहरूमाथि गरेको अत्याचारलाई कविले साह्रै नै मन पराएका छैनन्। त्यस्तो दुर्व्यवहारबाट मर्माहत हुँदै रोइरहेका मानवप्रति कविताले सहानुभूतिपूर्ण दृष्टिकोण यसरी व्यक्त गरेको छ :

एउटै चुलो छुट्ट्याउने कहाँ छ तिम्रो सिमाना

बाजे र बोजुको अर्तीको के गरी मेट्यौ तिर्सना

पराईको थुकमा जन्मेर के दिन्छौ चिनो गोर्खाली

टेकेको माटो बिर्सेर के भन्छौ आफूलाई नेपाली

(विजय सुब्बका गीत र गजलहरु, “मानवता रोइरहेछ” : पृ.१९)।

कलुषित भावना नभएकाहरूलाई जिउँदो ईश्वर मान्दै त्यस्ता असल व्यक्तिहरूको यो संसारमा ठाउँ छैन भन्ने मार्मिक अभिव्यक्ति उनका कविताले प्रस्तुत गरेको छ।

कविले यस संसारको व्यवस्थाको विरोध गर्दै एउटा नयाँ संसारको कल्पना गर्दैछन् जहाँ हृदय भएका मान्छेहरूको मात्र अवस्थिति पाइन्छ। हिरोशिमा, नागासाकीको त्रास आजपनि त्यति कै रहेको स्थितिमा पनि सबै चुपचाप बसिरहेको देखेर कवि मावनताको हत्या नहुने अवस्था सिर्जना गर्नुपर्नेमा जोड दिएका छन्। मानवता शब्दमा मात्र सीमित रहेको देखेपछि कविले अब यसको रक्षाको निम्ति जसरी भए पनि आफू अघि बढ्नुपर्ने चिन्तन प्रकट गरिएको छ।

उनका कविताले मानवताका विरोधीहरूलाई जसरी भए पनि नष्ट गर्नै पर्दछ भन्ने विचार प्रकट गरेको छ । दानव रूपी मानवहरूलाई चेतावनी दिँदै त्यतिबेलामात्र मानवताको साँचो कदर हुने  जतिबेला विरोधका स्वरहरू एउटा नयाँ व्यवस्थाको लागि सूर्य झैँ चम्कन थाल्नेछन् भन्ने क्रान्तिकारी स्वर उनका कवितामा अभिव्यञ्जित छ ।

मान्छेले मान्छेको व्यवहार भुलिसकेको, मान्छेले मान्छेलाई नै चिन्न छाडेको, मान्छे मान्छेजस्तो देखिए तापनि दानवीय प्रवृत्तिमा संलग्न रहेको, एउटा मान्छेले अर्को मान्छेलाई कुमान्छे देखेको जस्ता मानवीय व्यवहारदेखि टाढिएका मान्छेहरूका कार्यहरूलाई कविले कतै सोझो र कतै व्यवङ्ग्यात्मक किसिमले अभिव्यक्त गरेका छन् । उनले अन्याय र असत्यको विरोधी कवि यसको नाश गर्न जसरी भए पनि अगाडि बढिसकेको भाव व्यक्त गरेका छन् । कवि मानवताको हतियार संसारभरि फैलाएर दानवताको साम्राज्यवादी प्रपञ्चलाई मास्नुपर्ने आफ्नो चेतनालाई प्रस्फुटित गरिएको छ । अब मानवताको सञ्जाल आकाशमा सूर्यको कवि प्रसारण गरेजस्तै फैलिसकेको र यसलाई जस्तै शक्तिले छेक्न खोजे पनि रोक्न नसक्ने भाव कविको रहेको छ । असत्य साथै नै आफ्नो अस्तित्व कायम राख्न उद्यत रहेको भए तापनि मानवतावादी सोच कवि चेतना सधैं संसारका सबै विश्वव्यापी मानवसमुदाय हृदयको धरतीभरि मानवताको उज्यालो ज्योति लिएर देखापरेको र मानवताको साम्राज्य स्थापना गर्न प्रयासरत रहेको भावना कवि अभिव्यक्त गरिएको छ । यसरी नै कविभावना मानव समाजमा मानवता कता हो कता अल्मलिएको भाव व्यक्त गरिएको छ ।

मानवता मानवीय भावनासँग सम्बन्धित हुन्छ । जब मानिस संसारका हरेक प्राणीमा आफूसमान देख्न थाल्छ तब ऊ आफूमा सौम्य र धीर बन्न थाल्दछ तर यहाँ कविले प्रतीकात्मक तथा कलात्मक किसिमले मानवता मानिसबीचमा हराएको विचार प्रकट गरेका छन् । मानिस मानवताविहीन रहेको 'तिमीलाई खोजिरहेँ, मान्छेका जङ्गलमाजस्ता उक्तिले कविको कवितात्मक अभिव्यक्तिलाई अझ प्रश्रय दिएको छ । हामी संसारका कुनाकुनामा हामीबाटै शोषित र पीडित छौं मानवतावादीभाव प्रस्तुत गरेका छन् ।

आफूजस्तै आकार र प्रकार रहेका मान्छेको मखुन्डो लाएका दानवीय प्रवृत्तिमा व्यस्त कुभावनाले ग्रस्त मान्छेहरूले पशुवत् आचरण गरिरहेको कविको कवितामा प्रस्तुत गरिएको छ । मानिस मानिसकै आडमा रहेको हुन्छ, यदि मानिसमानिसमा विश्वास रहेन भने त्योभन्दा दयालाग्दो स्थिति देखापर्न सक्दैन भन्ने भाव प्रस्तुत गरिएको छ

यसरी विजय सुब्बाको यस कवितासङ्ग्रहमा मावनतावादी स्वरहरू जताततै देखापरेका छन् । मान्छेले मान्छेलाई कहिले पनि थिचोमिचो गर्नु हुँदैन । सबै मानिसहरू एकै भएका कारणले त्यसको स्थापना गर्न हामी दृढ सङ्कल्पित हुनुपर्ने भाव कविताबाट प्रकट भएको छ ।

### २. राजनीतिक चिन्तन

विजय सुब्बाले राजनीतिलाई पनि कविताको विषय बनाएका छन् । मूलतः उनको कार्यक्षेत्र राजनीति नै भएकाले पनि साहित्यमा यसको गन्ध आउनु स्वाभाविक मान्नुपर्ने हुन्छ । नेतृत्व तहमा पुगेका वर्गमाथि कविताहरूले साह्रै नै असन्तुष्टि व्यक्त गरेका छन् ।

विजय सुब्बाका कवितामा तीव्र राजनीतिक चेतना पाउन सकिन्छ । राष्ट्रलाई माया नगर्ने, आफ्नोमात्रै हुँदोगर्ने, जनताको हकहितको कुरै नसुन्ने व्यक्तिसँग उनको विरोध छ । त्यस्ता राजनीतिक नेतालाई कविले कविताबाट उछित्तो काडेका छन् । जनहितको लागि सत्तामा जाने र भ्रष्टाचार गरेर बदनाम हुने गरेका घटनालाई पनि कविताहरूले समेटेका छन् । आफ्नो स्वार्थ सिद्धिको लागि सडकमा नारा लगाउनलाई जनता उतार्ने तर पछि अभीष्ट पूरा गरेर गन्दै नगन्ने नेताहरूलाई कविताले यसरी गाली गरेको छ :

तिम्रो नीलो आकाश सुनसान भै फेरि रोयो भने

तिम्रो यो शिरमा कसैको पाइतलाले छोयो भने

सहँदैनौँ आमा ! आमा ! आमा !

फेरि तिम्रो बस्ती अझै रोयो भने (आमा अब नरोइदेऊ पृ.१९)

अबको नयाँ व्यवस्थाले बस्तीका झोपडीहरूमा विशेष ध्यान दिने भन्दै आशा देखाएर क्रान्तिको लागि आह्वान गर्ने नेताहरूले त्यस आश्वासनको विपरीत कार्य गरेका कारणले स्वार्थी प्रवृत्तिले युक्त मानिसहरूलाई कविताले आक्रोश पोखेको छ । जनहितलाई थाँती राखेर भ्रष्ट कार्य गर्न अग्रसर समूहलाई कविले नीच दृष्टिले हेरेको पाइन्छ । सत्ताको लागि मरिहत्ते गर्ने र पुगेपछि पनि कुर्सीलाई सर्वस्व ठानेर अन्धासरह बस्ने सत्ताभोगीलाई कविले कविताका भाषामा यसो भनेका छन् :

थुप्रै छन् बद्मासहरु क्रान्तिका बान्ता गरिरै'छन्

गोन्जालो नामैले त्यस्तालाई किन गरम नहोस्(कृपया तपाईंको त्यो, पृ.६२)

कविले सत्तामा पुगेर उन्मत भई उन्माद प्रदर्शन गर्ने समूहप्रति उनका कविता लक्षित गरेका छन् । न्याय-अन्याय, पाप-धर्म र राम्रो-नराम्रो केहीमा ध्यान नदिने सत्ताभोगीले कहिले पनि देश अनुकूल कार्य गर्न नसक्ने भाव पनि उनका कवितामा व्यक्त गरेको छ । नेताहरूलाई व्यङ्ग्यमात्र नगरेर उनीहरूले जनता छक्याउने गरेको कुटिल व्यवहार, भोट फकाउन दिएको खोक्रो आश्वासन, जनतालाई भ्रममा राख्न जप्ने गरेका क्रान्तिका नाराहरू सबै भ्रष्ट प्रवृत्ति भएका देशद्रोहीहरूको स्वार्थी कार्य हो भन्दै क्रान्तिकारी आक्रोश कवितामा प्रकट भएको छ ।

अचेल

अचेल भनेको आजभोली

मान्छे भुक्ताभुक्तै अचानक

कुकुर बोल्न थालिरहेछ

भौं भौं तीरहरुले

अभिशाप्त भोकहरुलाई उडाएर

आफैं आफूलाई

एकलव्य घोषणा गरिरहेछ

र

समर्पणको विषले पाकेर

घावैघाउ सखारै

चितामा सुतिरहेछ

'मान्छे' भइरहेछ ।(मान्छेको हत्यागरिरहेछु , पृ. ६) (**अराजक अक्षरहरु**)

जब शक्तिले उसलाई साथ दिन्छ तब ऊ सबैका सामु मालिक भैंm देखापर्छ । यसरी मालिकभैंm देखापरेको बेला कहिले पनि कसैले मालिक नै सम्भmनु हुँदैन किनभने त्यो सत्ता मात्र मालिक हुन सक्छ र त्यसमा आसीन जनता कहिले पनि मालिक हुन सक्दैन । आफू सत्तामा पुगेका बेला सर्वसाधारणलाई घृणित र तुच्छ सम्भिmए त्यो अवश्य पतन हुन्छ, त्यसबेला ऊ सामान्य नागरिकसरह पनि जीउन नसक्ने स्थितिमा पुग्छ ।

तर

किन टालिन्थ्यो र आकाङ्क्षाहरु

बिहान बिहानै ब्यूँभmदा

अनागरिक हुने सम्भावनाभित्र

पाकेर कालापानी उम्लिरहेको बेला

हेर्दाहेर्दै मेचीमा अर्कैले

डुङ्गा खियाइरहेको बेला । (टालो मान्छेहरु र हूलहरु , पृ. १६)(**अराजक अक्षरहरु**)

सर्वसाधारण जनताको अज्ञानतालाई मध्यनजर गर्दै राजनैतिक ठेकेदारहरूले फाइदा उठाएकोमा कवि अत्यन्त क्रोधित भएर देखापरेका छन् । विभिन्न किसिमका विश्वसिद्धान्त, विश्व विकास, असङ्ख्य आश्वासनबाट जनतालाई आफूमा ल्याएर फेरि यिनीहरू जनतालाई नै घोडासरह दलिरहेका छन् । आफ्ना आसनका बलमा शासन जमाउन आतुर ठग नेताहरूको गिद्धे व्यवहारप्रति कवि अत्यन्तै मार्मिक बनेका देखिन्छन् । यसरी शोषणमा परेका जनतालाई झुक्झक्याउन र सचेत भएर रहन कवि खबरदारीका साथ आफ्नो भाव अत्यन्त सजकतापूर्ण कवितामा पोख्न रुचाएका देखिन्छन् ।

राजनीतिले मान्छेलाई स्वार्थी बनाउँछ र आफ्नो स्वार्थको गोरेटो मात्र चिनाउँछ । यसरी नै मानवीय नातालाई भुलेर मतलबको राजनीति चलाउन, स्वार्थको सिंहासनमा आसीन हुन र एकले अर्कालाई शासन र शोषण गर्ने नेताहरू आशक्त छन् भन्ने कविको धारणा पाइन्छ । कवि सुब्बाराजनीतिले देशको सीमाको नाममा र धर्मको नाममा मानवीय भावनाका बीच बडा-बडा पहाड खडा गरेको छ र मान्छेको रगत चुसेर शासक र शोषक बनेको छ भन्छन् ।यसरी नै संसारमा राजनीतिको आड लिएर आफ्नो राक्षसी प्रवृत्ति दर्साइरहेको सामन्तीहरूलाई कविले चेतावनी दिएका

छन् ।

त्यसैले पटक्कै नपत्याओ त्यसो भन्ने

ग्यासच्याम्वरका ती पालेहरुलाई

आ“खा छलीछली खाने

कुर्सी र मालिकका हुरुक्क ऱ्यालेहरुलाई

माटो चपाइरहेका थालेहरुलाई

थाहै होला तिमीहरुलाई सायद

गौंडागौंडामा यसरी छोड्नु हुन्न

अग्लिरहेका जनताका आस्थाहरुलाई

हाम्रो शिरै निहुरिने गरी तिनले

जथाभाबी बोलेर मोड्नु हुन्न (न्यालेहरु, पृ. २३)

राजनीतिको आड लिएर राजनेताले विभिन्न प्रकारका अमानवीय व्यवहार गरिरहेका हुन्छन् । आफ्नो स्वार्थका लागि अरूको अधिकार हनन भएको उनीहरूलाई वास्ता हुँदैन । आफ्नो सामन्ती प्रवृत्तिको सक्कल रूप प्रदर्शन गर्न र हतभोगी जनतामाथि ताण्डवलीला मचाउन जहिले पनि साम्राज्यवादी दानवरूपी मानवहरू आतुर रहन्छन् तर जब जनसमुदायमा चेतनाको पुञ्ज विस्तारविस्तार मौलाउन थाल्छ तब ती सामन्तीका विरुद्ध आवाज उठ्न थाल्छ । बिहानीको खुशीयालीमा तथा रातको अन्त्यको लागि आफ्नो पखेटा फट्फटाउँदै बाँस्ने भालेजस्तै कैयौं शताब्दीदेखि अन्धकारमा बस्न विवश जनताहरू आफ्नो हक, अधिकार, न्याय आदिलाई ब्युँझाउन, उठाउन अब राजनीतिको आडमा जनताका रगत चुस्नेहरूका विरुद्ध सर्वत्र निस्किसकेको कुरा व्यक्त गरिएको छ । अब यिनीहरूका विरुद्ध जनता यसरी निस्कने छन्; जबसम्म यिनीहरूको अन्त्येष्टि हुँदैन ।

## ३. प्रगतिवादी-क्रान्तिकारी चिन्तन

विजय सुब्बाका कविताहरूमा प्रगतिवादी चिन्तन मुखरित भएको देखिन्छ। कतै तीव्र असन्तोषका कारण कविताहरू क्रान्तिकारी विचार व्यक्त गर्न पनि पछि परेका छैनन् । आफ्नो विचार र भावनालाई कसैले वास्ता गरेन भने त्यसको विरुद्धमा जसरी भए पनि प्रगतिको पथ स्थापना गर्न जोड तोडले लाग्नुपर्छ भन्ने कुरालाई कविताको भाषा र प्रस्तुतिको शैलीले जनाएको छ। उनका कवितामा संसारको वेथीतिप्रति कविको आक्रोश छ। संसारलाई ध्वस्त पार्न उद्यत समूहलाई जरैसँग मास्नुपर्ने र एउटा नयाँ सुव्यवस्था व्यवस्था कायम गर्नुपर्ने र सबै एक भएर बाँच्नुपर्ने इच्छाले कवि हृदय आकुल वयाकुल बनेको देखिन्छ ।

गरिब-धनीको पर्खाललाई तोडेर यस धरतीमा समान व्यवस्था कायम गर्नु र हिंसा ईर्ष्या आदि सबै कुरालाई त्यागेर सेवाको भावना जागृत गराउनु पर्ने भाव कवितामा व्यक्त गरिएको छ। सबैलाई शान्ति मिल्ने व्यवस्था कायम गर्न पहिला सर्वहारा वर्गको जीवनस्तर उकास्नैपर्छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ। कविताका पङ्क्तिहरू कोही कोही बेला आक्रोशित बन्दै क्रान्तिकारी चेत पनि प्रकट गरिएको छ।

उनका कविता कान्तिकारी चिन्तन प्रकट भएको यस कविताले किसान र मजदूरलाई चेतना दिँदै अब यसरी क्रुर शाषकको पछि-पछिमात्र लाग्नको सट्टा उनीहरूले आफूमाथि गरेका अन्याय अत्याचारको विरोध गर्नुपर्छ। हामीलाई कैयन वर्षदेखि दबावमा राखेर एक मुठी शासकहरू मोज गरिरहेकाले सत्यतथ्य पत्ता लगाउँदै अब पसीना र खुनको बदला लिनुपर्छ भन्ने मार्क्सवादी अवधारणा यहाँ प्रकट भएको छ। गरिबवादी बनेर देखिएका कविताहरूले यदि समाज र देश अथवा संसारको तीव्र विकास गर्ने हो भने पहिला निम्नवर्गीय जनताको भलाइको काम गर्ने, तिनीहरूको जीवनस्तर उकास्नुपर्ने तबमात्र सम्पूर्ण क्षेत्रको विकासको ढोका खोलिन थाल्छ भन्ने प्रगतिवादी मान्यतालाई आत्मसात गरेका छन्। देश विकासको

लागि पहिला ग्रामीण स्तरका जनताहरूको विकास गर्नुपर्ने तबमात्र उच्चवर्गलाई स्थान दिनुपर्ने चिन्तनले यस सङग्रहका कतिपय कविताहरू सिर्जित छन्। भोका, नाङ्गा, दलित, उत्पीडित वर्गको लागि कसैले पनि ध्यान नदिएका कारण कतै कवि रूष्ट पनि बनेका छन्। कविले सर्वहारा वर्गलाई सामन्तीहरूले गरेको शोषण र अन्यायमाथि तीव्र व्यङ्गच तथा विद्रोह प्रदर्शन गर्दै शोषित-पीडितहरूलाई समान्तवादी समाजव्यवस्थाबाट मुक्त गरी नयाँ संसार सिर्जना गर्ने अभिलाषा व्यक्त गरेका छन्।

सुब्बाका कविताहरुमा क्रान्तिकारी आक्रोश व्यक्त भएको छ। सामन्ती राज्यसत्तालाई सदाको लागि विदा गरेर गरिबवर्गीय अथवा सर्वहारा पक्षीय जनताको हितमा नयाँ व्यवस्था कायम गर्नतिर लाग्नुपर्ने कविताको आह्वान छ। अब ती पुराना व्यवस्थाले उब्जाएका घाउहरूलाई मलम लगाएर काला रातहरूको विरोधमा उठन र नयाँ आवाजहरूमा गीत गाउन कविताका शब्दहरूले भावक/पाठकलाई अनुरोध गरेको देखिन्छ। यसरी नै आफ्नो भावनालाई दार्शनिक दृष्टिकोणबाट नियाल्दै कवितात्मक सिर्जनामा कविले यसो भनेका छन् :

पहाडजस्तो नाङ्गो छाती ढाक्नु छ मलाई

मेचीकालीको नाममा चिनो राख्नु छ मलाई

कतै घेरिनु हुन्न फेरिनु हुन्न मैले

मान्छे हुँ अर्कै आँखाले हेरिनु हुन्न मैले( तिमी रुन्छौ नै भने, पृ.२६)

कविले यहाँ आफूले प्राप्त गरेको सफलताको अनुभूति प्रकट गरेका छन्। मार्क्सवादी दृष्टिकोणमा जसरी वर्गभेदलाई मेटाउने विचार प्रकट गरिएको छ त्यसरी नै कविले कवितामा पनि विचार प्रकट गरेका छन्। यस दृष्टिबाट कविको पाइला समाजमा निम्नवर्गीय जनताबाट अगाडि बढेको देखिन्छ ।

यसरी गरिब विकासमा जुटेका कवि सुब्बा र तिनका कविता जतैबाट पनि समाजको परिदृश्यमा तल्लीन देखिएका छन्। चिन्तन र मनन सधैं नै निम्नवर्गीय पक्षमाथि राख्ने कवि कवितामा मानवतावादी, विसङ्गतिवादी आदि जुनै पक्ष देखापरे तापनि निष्कर्षले समाज उन्नतिको पक्ष लिएको देखिन्छ। समाजमा बाँचेर, समाजलाई भोगेर समाजहितको पक्षमा नलाग्ने, उल्टै सामाजिक उन्नतिमा बाधक देखिने सामन्तीहरूविरुद्ध आगो भएर सल्कनुपर्ने कवितामा क्रान्तिकारी चेतना पनि उर्लिएको देखिन्छ।

## ४. अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन

विजय सुब्बाका कतिपय कविताहरू निराश देखिएका छन् भने कतिपयमा युवाजोश र जाँगरको झरझराउँदो अभिव्यक्ति पाइन्छ। सङ्घर्षका पाइलाहरू चाल्दै जाँदा देखिएका मनोभावहरू कवितामा स्पष्ट देखिएका छन्।

कोहीबेला जीवन केही हो यहाँ हामीले केही गर्नैपर्छ भनेर कविका आवाजहरू अस्तित्वका निम्ति उत्साहित देखिन्छन् भने जीवन निराश-निराश छ यहाँ केही पनि आफूले सोचे जस्तो हुँदैन भनेर कविताका भावहरू निराशायुक्त पनि देखिएका छन्।

उक्त पङ्क्तिहरूमा मान्छेको जीवनलाई जराविहीन आकाशबेलीको लहरासँग तुलना गरिएको छ। जसरी आकाशबेली अर्काको सहारमा मात्र बाँच्न सक्छ त्यसरी नै मानिसको जीन्दगी पनि पराश्रित भइसकेको छ भन्दै जीवनको विसङ्गतिपूर्ण क्षणको चित्रण कवितामा व्यक्त भएको छ। अस्तित्व र विसङ्गति पैसाका दुई पाटा भनिए झैँ कोहीबेला आफ्नो अस्तित्व र इतिहास चाहिन्छ भन्ने विचार पोखेका छन्।

संसारमा मान्छेको जन्म केही गर्नको निम्ति भएको हो। केही गर्नु र संसारभर चिनिनु नै एउटा सार्थक जीवन हो भन्दै कविले जसरी एक मुठी सासको निम्ति गाँस, बास र कपासको आवश्यकता पर्दछ त्यसरी नै एउटा जिउँदो मान्छेको निम्ति उसको अस्तित्व र इतिहास चाहिन्छ भन्ने अस्तित्ववादी चिन्तन प्रकट गरेका छन्। यसरी नै मानिसहरू विभिन्न प्रकारका समस्याले ग्रस्त छन्, अभाव र असुरक्षा तिनीहरूको दैनिकी जस्तो बनिसक्यो भन्दै आफ्नो भावलाई कविताबाट कवि यसो भन्दछन् :

निकै आफन्त ठानैं उनीलाई भर अभर माया गर्नु गऱ्या' थैं

मुद्दा हार्दै थाहा भो उनी त त्यै बयान अन्त पनि दिन्छन्

मन्दिरमा मान्छे चहलपहल बेइमान  सबै देखिसकियो

तिनै बदमासहरु ढुक्कले मन्दिरका साधु बनिदिन्छन्( १६. लेख्छु नि लेख्न त,  पृ. ७६)

विसङ्गत जीवनको चपेटामा परेकाहरूलाई उद्धार गर्न आफू उनीहरूको सामु आइपुगेको भाव कवितामा कविले व्यक्त गरेका छन्। निम्नवर्गीय सर्वहारा वर्गको पक्षमा रचना भएको कविताले जसरी भए पनि यो असङ्गत संसारलाई सुधार गर्दै अस्तित्वमा ल्याउनु पर्ने भाव व्यक्त गरेको देखिन्छ।

वास्तवमा मानव मन अस्तित्व र विसङ्गत पक्षभित्र रूमलिएको हुन्छ। यसैभित्रका दुई पाटालाई कोट्याउँदाकोट्याउँदै मानिसले जीवनको भोगाइलाई किनारा लाइसकेको हुन्छ। यसैसान्दर्भिकलाई

कविले पोखेको हुनसक्छ ।

यसरी मानिसको जीवन अस्तित्व र विसङ्गतिबीचको दुःखमय यात्राबाहेक अरू केही होइन भनेर कवि कतै कारुणिक भावहरू लिएर देखापरेका छन् भने कतै मानिसको जीवन अर्थपूर्ण छ, यसलाई अझ सशक्त बनाउन हामीले व्यापक प्रयत्न गर्नुपर्छ भन्ने अस्तित्वादी चिन्तन लिएर देखापरेका छन् । जीवनका दुईपाटाभित्र रहेको यो यात्रा दुःखमय र सुखमय भन्दा पनि अनुभवमय रूपमा अघि बढेको हुन्छ भन्ने कुरा प्रस्तुत कविताका विभिन्न प्रकारका अभिव्यक्तिहरूमा देख्न पाइन्छ ।

## ५. जातिप्रेम तथा राष्ट्रप्रेम

विजय सुब्बाका कविताहरूमा राष्ट्रप्रेम र जातिप्रेममा आधारित कविताहरू धेरै नै आएका छन् । आफ्नो राष्ट्रको उन्नति, जातिको प्रगति जस्ता विषयहरूलाई कविताहरूको मूलभावले समाहित गरेको देखिन्छ । मानवहित र प्रगतिको निम्ति राष्ट्र र जातिको समान उन्नति हुनुपर्ने विचार कविताहरूमा पाउन सकिन्छ ।

धर्मको नाममा हुने गरेका विकृति, विसङ्गति, मन्दिर, मस्जिद, गोम्पामा हुने गरेका अनादरप्रति कवि मर्माहत भएका छन् । धर्मको नाममा लडाइ गर्नको सट्टा त्यसबाट मानवहितका कुराहरू लिनुपर्ने हो, सकारात्मक सोचको विकास गराउनु पर्ने हो भन्दै राष्ट्र र जातिको विकासको लागि धार्मिक सहिष्णुता र राष्ट्रप्रेमको आवाज बुलन्द बनाउनु पर्ने कुरालाई यसभित्रका कविताहरूले विशेष नजर दिएका छन् ।

आफ्नो जाति र राष्ट्रलाई जहिले पनि उच्चकोटिमा राखेर हेर्नुपर्छ भन्ने सोच कविताहरूमा पाइन्छ । राष्ट्रको धरोहर भनेको त्यस राष्ट्रको जाति हो र जातिले नै राष्ट्रलाई संरक्षण गर्छ भन्ने भाव कविताले प्रस्तुत गरेको छ । कवि राष्ट्रप्रति कति समर्पित छन् भन्ने कुरालाई यसरी देखाउन सकिन्छ :

मैले गाउँदा गाउँ बेसीको गीत गाउनुपर्छ

मैले हिँड्दा यही माटोमा प्रीत लाउनुपर्छ

गाउँदै जादा पुग्दिनँ म कालीमेचीपारि

मलाई लाग्छ यही नै हो मेरो कोठेबारी (म त पहाडे केटो , पृ. १८)

यहाँ कविले एउटा यस्तो इच्छा व्यक्त गरेका छन् जब कि कहिल्यै पनि त्यसले पूर्णता पाउन सक्दैन । धरतीलाई कहिले पनि अशान्त र कलङ्कित बनाउनु हुँदैन यसलाई त सधैँ स्वच्छ र सुन्दर बनाएर होसियार साथ उपभोग गर्नुपर्छ भन्ने भाव कविताले व्यक्त गरेको छ । धरतीमा महासमस्याहरू आउँदा चिन्तित बनेका कविले अरु केही उपाय

नदेखेका कारण धरतीलाई टिपेर स्वर्गमा लान पाए सबैसबै सुखी र हर्षित हुन्थे होलान् भन्दै विश्ववन्धुत्वले युक्त भाव प्रकट गरेका छन् । राष्ट्रका लागि सधैँ वसन्त जस्तै फुलिरहन अथवा देश सेवामा लागि रहनुपर्ने विचार कविताले यसरी प्रकट गरेको छ :

एउटै चुलो छुट्ट्याउने कहाँ छ तिम्रो सिमाना

बाजे र बोजुको अर्तीको के गरी मेट्यौ तिर्सना

पराईको थुकमा जन्मेर के दिन्छौ चिनो गोर्खाली

टेकेको माटो बिर्सेर के भन्छौ आफूलाई नेपाली ( फर्केर एकबार हेरिदेऊ, २४)

कविताले राष्ट्रप्रतिको प्रेम अब उन्नति र प्रगतिको कार्यबाट हुनुपर्छ भन्दै सधैँभरी हराभरा राष्ट्र बनाउनको लागि प्रगतिशील कार्यहरू गर्नुपर्ने भावाभिव्यक्ति प्रस्तुत गरेको देखिन्छ । राष्ट्र र राष्ट्रियताप्रति अत्यन्त सचेत कविले मान्छेको ताकत विश्व हाँक्ने र आकाश देख्नेसम्म रहेको प्रस्याउँदै प्रगतिका कार्यहरू आजैदेखि गर्न थाल्नुपर्ने कुरा कवितामा उठाएका छन् । यस्तै राष्ट्रियताको नाममा हुँकार गर्नेहरूमा कवितको आक्रोश यसरी पोखिएको छ :

माटो उघाउँदा अलिकति छाती बढ्छ

परे लास पर्दा देश अलि माथि चढ्छ (मलाई यस्तो लाग्छ, ३५)

राष्ट्र र राष्ट्रियताको लागि बलिदान दिन तयार छु भन्दै राष्ट्रियताको खोक्रो भाषण गर्ने नेता भनाउँदाहरूप्रति यो कविता लक्षित छ । आफ्नोआफ्नो स्वार्थलाई अगाडि राखेर राष्ट्र र राष्ट्रियताको वकालत गर्ने समूहलाई कविताले व्यङ्ग्यवाण प्रहार गरेको देखिन्छ । त्यस्तै जातीय अस्तित्वप्रति पनि कविताहरू उत्तिकै सशक्त छन् जसलाई यी पङ्क्तिहरूमा यसरी व्यक्त गरिएको छ :

तर पनि बिहानी भएर नै छाड्नेछ

अँध्यारो यो गाँउभित्र रक्तिम सूर्य बल्नेछ

अनि फेरि संसारलाई कुहिरोले छेक्दैन

वीरका यी छातीलाई अन्यायीले टेक्दैन (के मनले बुझाउने, ३१)

मूलतः विभिन्न मुलुकमा कार्य गर्न गएका नेपालीहरूप्रति यो कविता लक्षित छ । नेपालीहरूले कैयन देशमा गएर आफ्नो वीरतापूर्ण इतिहास रचना गरेका छन् तर तिनीहरूको त्यस ठाउँमा कुनै प्रकारको अस्तित्व र अधिकार छैन । कविले वीर भनी चिनिने

नेपालीको अस्तित्व नै सङ्कटमा पार्न थलेको देखेका छन् । यो कविता आफ्नो जातिको अस्तित्वको लडाइको पक्षमा भन्दा पनि वस्तुयथार्थ बुभ्नमा र बुझाएर जनमानसमा चेतना छर्नमा उद्यत रहेको देखिन्छ । यसरी कविले राष्ट्र र जातिको निम्ति अति नै सशक्त कविताहरू रचना गरेका छन् ।

मानिसको जन्म कुनै न कुनै परिवेशअन्तर्गत नै हुँदछ । चाहे जानेर होस् या नजानेर उसले त्यसै परिवेशलाई आफ्नो बाँच्ने आधार बनाउँछ,त्यही नै उसको जाति बन्न पुग्दछ । यही नै भावनात्मक चिन्तनमा आधारित कविताहरू यिनको राष्ट्रप्रतिको मोहस्वरूप देखापरेको छ ।

उनका कविताका हरफहरुमा विश्वबन्धुत्वको भाव अभिव्यक्त भएको छ । मन्दिर र मस्जिदमा फरक नदेख्नु कविको विश्वधर्मप्रतिको सकारात्मक दृष्टिकोण  हो । कुनै पनि धर्म वा जातिको पक्ष लिनुभन्दा पनि जाति र धर्ममा रहेका असङ्ख्य ज्ञानको आश्वादन गर्नु नै महान सम्झिने कवि यहाँ मानव समानता तथा मानव जातिकै वकालत गर्न पछि परेका छैनन् । यसै गरी विश्वका उत्पीडित वर्गहरूको पीडालाई कवि यसो भन्दछन् :

न हिउँमा त्यो चिसो हुन्छ

न भव्यतामा त्यो पुरानो हुन्छ

देश देश हो आखिर

न लुकाउँदा छातीलाई सा"घुरो हुन्छ

न उचाल्दा हत्केलालाई ठूलो हुन्छ ।(देश, ९८)

उक्त हरफहरू 'तिम्रो र मेरो एउटै कथा-बेग्लै व्यथा'बाट उद्धृत गरिएको हो । यहाँ कविले संसारमा रहेका कैयौं विस्थापित पीडा तथा उनीहरूको मातृभूमिबाट बिछोड हुँदाको कारूणिक क्षणलाई प्रस्तुत गरेको बुझिन्छ । ती विस्थापितहरू जो आज लाखौंको सङ्ख्यामा कारूणिक जीवन बिताइरहेका छन् । तिनीहरूकै व्यथामा भावविह्वल भएर उनीहरूको पीडामा आफू पनि विक्षिप्त बनेको कविको भावाभिव्यक्ति रहेको छ । मातृभूमिप्रतिको मायालाई मनोवैज्ञानिक अध्ययनबाट कविले चित्रण गरेको बुझिन्छ ।

नेपालीहरू विदेसिनुको मुख्य कारण पेटको ज्वाला निभाउन हो भन्ने कविताको आशय रहेको छ तर अफसोस पुर्खाले कमाएको उसको बहादुरी अहिले केवलपहरेदार र नोकरदेखि अघि बढ्नसकेन त्यसैले अहिले त्यही बहादुर र कान्छा नाम उनीहरूलेपुकारी रहेकोमा कवि दुःख प्रकट गरिएको छ । अब नेपालीहरूले विगतका बहादुरीको धान नदेखाएर वर्तमानमा अगाडि बढ्नुपर्ने र आफू बिदेसिनु होइन, देशमै उत्पादक बन्नुपर्ने कवितात्मक भाव प्रकट भएको छ ।

## ७. प्रतीकात्मक प्रस्तुति

विजय सुब्बाकविका कवितासङ्ग्रहभित्र विभिन्न प्रकारका प्रतीकात्मक प्रस्तुतिहरू पनि पाउन सकिन्छ । कुनै पनि भनाइलाई सोझो नभनेर गहन अभिव्यक्ति र शब्दहरूको माध्यमबाट अर्थ प्रकट गराउनु नै प्रतीकात्मक शब्दहरूको विशेषता हुन्छ । त्यस्तै किसिमका कविताहरू यस सङ्ग्रहभित्र पनि रहेका देखिन्छन् ।

सडकले बुझ्नु र उठ्नु असम्भव हो । कहिले पनि निर्जीव सडक उठ्न सक्दैन र चेतन प्राणीले जस्तो बुझ्न पनि सक्दैन । तर यहाँ प्रतीकात्मक अर्थमा सडकले बुझ्दै गरेको कुरालाई स्पस्टयाउन सकिन्छ । मान्छेको सुतेको दिमाखमा चेतनाको अभिवृद्धि हुन थालेको र अब को र कसरी चल्नुपर्ने कुरा उनीहरूलाई थाहा भई सकेकाले अब सबैले सबैलाई समान व्यवहार गर्नुपर्ने प्रतीकात्मक भाव यहाँ पोखिएको छ ।

आजको मान्छेको विकराल स्थितिलाई उक्त अंशले अत्यन्त सफल ढङ्गमा प्रस्तुत गरेको छ । सांसर यान्त्रिकताभित्र पसिसकेको कारणले आफ्नो र मेरो भन्ने कुरा नरहेको पुष्टि आजको युगले नै दिइरहेको छ । जतिबेला पनि जे हुनसक्ने भयावह स्थितिलाई 'हिरोसिमा छातीमा बोकेर' भन्ने प्रतीकात्मक अंशले स्पष्ट बनाएको छ ।

कुनै पनि कुरालाई राम्रोसँग भोगिसकेपछि र त्यसको अन्त्यसम्म पुगिसकेपछि जसलाई पनि नयाँ कुरा अन्वेषण गर्न मन पर्छ । यहाँ पनि प्रतीकात्मक शब्दहरूको प्रयोग गरेर कविता चाउरी पर्नु, हरियाली बोकेर वसन्त भाग्नु जस्ता उपवाक्यको अर्थ अभिधात्मकतामा बुझ्न सकिँदैन । त्यसैले यसलाई व्यङ्ग्यात्मक अर्थमा बुझ्नुपर्ने हुन्छ । यही व्यङ्ग्यात्मक अर्थभित्र प्रतीकात्मक शब्दहरूले परिवेशअनुकूल सार्थकता पाउन सक्छ ।

कवितासङ्ग्रहमा प्रतीकात्मक अर्थले युक्त कविताहरू पनि रहेका छन् । प्रतीकको माध्यमबाट कविता प्रस्तुत गर्दा त्यसमा भाव गाम्भीर्यको स्थिति पनि आउन सक्छ । विभिन्न कुरालाई सोझै भन्नको सट्टा कलात्मकता प्रदान गर्नको निम्ति पनि प्रतीकहरूको प्रयोग कवितामा अनिवार्य देखिन्छ । कविताभित्रका प्रतीकात्मक प्रस्तुतिले कविको बौद्धिक क्षमतालाई पनि प्रदर्शन गर्न सक्दछ ।

उक्त कवितांशले 'तिमी'लाई प्रतीकको रूपमा प्रकट गरेको छ । कविताभरीमा नै तिमी कसलाई भनिएको हो भन्ने कुरा प्रस्टयाइएको छैन । टिस्टाको धमिलो पानी बगेको शताब्दीदेखि भएको तर तिमीको आगमन अहिलेसम्म पनि नभएको विषयले टिस्टाको पानी सङ्ल्याउने युगपुरुषको अपेक्षा कविताले गरेको बुझ्न सकिन्छ । यसबाट कविताले 'तिमी'लाई सुव्यवस्थाको प्रतीकको रूपमा प्रस्तुत गर्न खोजेको हो भन्न सकिन्छ ।

उक्त पङ्क्तिपुन्जमा खुकुरीलाई प्रतीकको रूपमा प्रयोग गरिएको छ । वास्तवमा 'खुकुरी' नेपालीहरूको वीरत्वको प्रतीक हो र आजको नेपाली जातिको स्थितिलाई हेर्दा विश्वका कुनाकुनामा विभिन्न प्रकारका पेसामा संलग्न नेपालीहरू जसले जे भन्यो त्यही

मानेर बाँच्न बाध्य छन् त्यही बाध्यात्मक परिस्थितिलाई कविताले प्रतीकात्मक ढ॑ंबाट प्रकट गरेको छ। वास्तवमा नेपाली समुदाय दापको खुकुरसरह नै बाँच्न बाध्य भएको छ जसरी कविताले भावमार्फत व्यक्त गरेको छ।

ईश्वरले आफ्नो उन्मुक्तिको निम्ति कहिले पनि आवाज उठाउन सक्दैनन् र आफ्नो हकहितको लागि कहिले पनि क्रान्ति गर्न अगाडि देखापर्दैनन् तर यस कविताले ईश्वरलाई प्रतीकात्मक तरिकाले गरिब जनतासँग तुलना गरेको हो भन्न सकिन्छ। किनभने प्रत्येक आवाजसँग झुक्किएका र प्रत्येक कदममा लुटिएका आज संसारमा सर्वहारा वर्ग नै छन् त्यसैले कविताले ईश्वर रूपी सर्वहारा वर्गलाई यहाँ उठ्न आग्रह गरेका हुन् भनेर भन्न सकिन्छ। कवि विजय सुब्बा प्रतीकको प्रयोग गर्ने कविहरूमध्ये एक हुन्। यिनका कवितामा विभिन्न प्रकारका प्रतीकात्मक शब्दहरूको प्रयोग भएका छन्।

प्रतीकले असम्भलाई पनि सम्भव बनाइ दिन्छ। जब द्रष्टाको दृष्टि धेरै टाढाटाढा पुग्न सक्तछ तब कविताले भाव गम्भीरतालाई अँगाल्दछ। कवि मान्छेप्रति अज्ञात रहेकाले बाहिरी आँखाबाट अन्योलमा परेको अभिव्यक्ति दिँदै मुटुको ओठले चुमेर मान्छेलाई छामेर हेर्दा अर्थात् आत्मविश्वास गरी बौद्धिक दृष्टिले मान्छेलाई नियाल्दा, ती सबै मानवताले युक्त रहेका नहुँदा रहेछन् भन्ने उक्ति रहेको सकिन्छ। शीर्षक नै गम्भीर देखिएको 'नपुंसक युग' कविको अर्को महत्त्वपूर्ण कविता हो :

हामी

काला धब्बा मार्फत गुफा पसिरहेछौं

ओसका गन्धमार्फत गुफा पसिरहेछौं

गुफाभित्रै बस्न मन पराउने

घिनलाग्दा चमेराहरुमार्फत

फेरी गुफा पसिरहेछौं। (चमेराहरुमार्फत, ४९)

उक्त कवितामा कविले युगको स्थिति एउटा समस्या नै समस्यामा ग्रस्त भएको देखाएका छन्। नपुंसक युग अर्थात् कुनै पनि स्थितिलाई धान्न नसकिने परिस्थिति वा असम्भव परिस्थितिमा गुज्रिएको वर्तमान समय अत्यन्त गलित अवस्थामा रहेको साथै जताततै अभावले घेरिएको छ। यस्तो बेलामा युगको ओछ्यान अर्थात् समयको माग एउटी नारीको अतृप्त वासनाजस्तो भएर कुनै पनि हालतले परिपूर्ण गर्न नसकिने अवस्थामा रहेको कवितात्मक भाव रहेको छ। यसरी यौनपरक प्रतीक प्रयोग गरेर भए पनि आफ्नो समाजप्रति अत्यन्त सचेत रहेको अभिव्यक्ति उनका कवितामा पाइन्छ।

### ९. सामाजिक चिन्तन

कवि सुब्बाका कविताहरू प्रायसः सामाजिक चेतनाकै सेरोफोरोमा घुमेका छन् । समाजको अवस्थालाई राम्रोसँग बुझ्दै त्यसको स्तर कसरी उकास्न सकिन्छ अथवा आज समाजमा कस्ता कस्ता कार्यहरू भइरहेका छन् भन्ने कुरालाई कविताहरूले यथार्थ रूपमा प्रस्तुत गर्ने काम पनि गरेका छन् ।

आजको हाम्रो सामाजिक स्थितिलाई उतिनै सार्थक किसिमले यहाँ चित्रण गरिएको छ । आधुनिककताको नाममा सामाजिक संस्कार, परम्परा, संस्कृति आदि सबै कुरालाई बिर्सेर आफूलाई जे मन लाग्यो त्यही गर्नलाई तत्पर बनेका समूहप्रति यो कविता प्रहार बन्दैपुरानो र नयाँको संयोजन गर्नेपर्ने कुरामा सेतु बनेको छ । गरिब, धनी, शोषक, शाषक, शासित, भिखारी आदि वर्गलाई कविताभित्र समावेश गराई किन यस्तो असमान परिस्थिति सिर्जना भएका होलान् भन्ने कुरामा कविताको ध्यान आकर्षण भएको देखिन्छ । यसरी उच र नीचको स्थिति देखेपछि कवि भावुक बन्दै भगवान्लाई पुकार गर्न पुग्छन् र यसलाई छिटै परिमार्जन गरेर समान परिवेशको सिर्जना गर्न माग गरिएको छ ।

मानवले मानवको हितको निम्ति गर्नुपर्ने कर्तव्यलाई भुलेर एकलकाँटे तरिकाले आफ्नोमात्र हुँदो गर्ने समूहलाई यस कविताले तीक्तानुभूति दिन्छ र कविको चाहनालाई पनि प्रस्ट पार्छ । मानवताको नाजुक स्थिति यस संसारमा रहिरहे कसैको पनि भलाई नहुने र हत्या, हिंसा, पाप, शोषण, दमन बढेको यो धरती छियाछिया हुने भाव कविताले प्रकट गरेको छ ।

समाजमा रहेका असमानता, सामाजिक कुरीति, शोषण, दमन, अन्याय, अत्याचार आदि विषयहरूलाई कविताहरूले मुखरित गरेका छन् । सामाजिक सङ्घर्षका क्रममा देखिएका बाह्यद्वन्द्व र आन्तरिकद्वन्द्वलाई कविताहरूले प्रस्तुत गर्दै त्यसको उजागर गर्नु र जनमानसमा पुऱ्याएर यथार्थको जानकारी दिनु कविताको उद्देश्य रहेको देखिन्छ । हाम्रो समाजका मानिसहरूको अवस्थाको चित्रण गर्नु, उनीहरूको जीवनस्तरको वर्णन गर्नु र कसरी ती पछाडि परेका वर्गलाई प्रतिश्पर्धामा ल्याउने भन्ने समाजसेवापरक भाव नै कवितामा प्रकट भएका छन् । एउटा छोटो कविता 'यहाँ हामी'को यो अंशमा सामाजिक स्थितिको चित्रण यसरी गरिएको छ :

यौटा सानो निम्तो पठाएको आउनुहुन्छ कि भनेर

म निर्धोलाई अलिकति गुन लाउनुहुन्छ कि भनेर

हजुर त अब नेता हुनुभो शान त चाहियो नै होला

म यहीँ नै छु हजुर कतै अऱ्हाउनुहुन्छ कि भनेर (यौटा सानो निम्ता, ६१)

यहाँ हाम्रो स्थितिलाई कुलैन र सिन्कोनाको बूढो थामी बाजेसँग दाँज्दै आखिरी अवस्थाको चित्रण कविताबाट व्यक्त भएको छ । हाम्रो जीवनस्तर साह्रै निम्न कोटिको भएको विचार प्रस्तुत गर्दै सचेतनाको लागि यो कविता प्रकट गर्नु र जीवनस्तर उकास्नुपर्ने आन्तरिक अभिव्यक्ति दिनु पनि कविताको उद्देश्य रहन गएको देखिन्छ । विश्वपरिवेशमा समेत मिल्ने र सबैको देशको, समाजको साझा समस्या बनेको भुँडीको समस्यालाई कविताले यसरी अभिव्यक्त गरेको छ :

एउटै चुलो छुट्ट्याउने कहाँ छ तिम्रो सिमाना

बाजे र बोजुको अर्तीको के गरी मेट्यौ तिर्सना

पराईको थुकमा जन्मेर के दिन्छौ चिनो गोर्खाली

टेकेको माटो बिर्सेर के भन्छौ आफूलाई नेपाली (फर्केर एकबार हेरिदेऊ, २४)

आज संसारमा नब्बे प्रतिशत जनताहरू भोकमारीको चपेटामा परेको यथार्थलाई कविताले अत्यन्त कलात्मकताका साथ प्रस्तुत गरेको छ । उच्चवर्गीय शोषक सामन्तले गरिब जनतालाई कहिल्यै पनि माथि उठ्न नदिएको स्थिति र शोषक-सामन्त भने अपच बनेर लडिरहेको परिस्थितिलाई उजागर गर्दै ती दश प्रतिशत शोषकप्रति कविले आक्रोश पोखेका छन् । यस्तै समाजका विभिन्न ठाउँमा भएका हत्या-हिंसालाई कविताले विषय बनाउँदै यस्तो भाव प्रस्तुत गरेको छ :

हामी राजमार्गका व्यस्त

तरुनी ‘स्टाफ’ होटलहरु

मुस्कान फिटेर चिया बेचिरहेछौं

घु“डाघु“डा लुङ्गी छोट्याएर

ग्राहकमनहरु खिंचिरहेछौं

तिर्खालु मान्छेहरु

चुस्की लगाउ“छन् हाम्रा ओंठहरुमा

दिक्दार यात्रुहरु

न्यानो ताप्छन् हाम्रा नखराहरुमा

मान्छेहरु काममा व्यस्त छन् ।(मान्छेहरु काममा व्यस्त छन्)

यो कविता विश्वपरिवेशमा सान्दर्भिक देखिन्छ । को, कहिले, कतिबेला मर्ने हो भन्ने कुराको कुनै टुङ्गो हुँदैन । यस्तो स्थितिमा एउटाले अर्कोलाई मार्छ, अर्काले अर्कालाई मार्छ र गजक्क फुलिएर शत्रुको हत्या गरेको सम्झन्छ तर त्यहाँ एउटा मान्छेले अर्को मान्छेलाई नै मारिराखेको हुन्छ भन्दै आजको हाम्रो परिवेशको चित्रण कवि भावुकता साथ गरिएको छ ।

अन्तमा विजय सुब्बाका कविताहरूमा युवाजोश र जाँगरका अभिव्यक्तिहरू प्रकट भएका छन् । समाजहितको निम्ति उठेका आवाजहरू कहिले निराश छन् त कहिले उग्र पनि । विषयगत व्यापकता रहेको यस कवितासङ्ग्रहमा सामाजिक, राजनीतिक, प्राकृतिक आदि विभिन्न प्रकारका चिन्तनहरू रहेका छन् र ती सबै चिन्तनहरूलाई कविताहरूले प्रबल रूपमा प्रस्तुत गरेका छन् ।

## ५.३. निष्कर्ष

कवि विजय सुब्बाका भावना पनि यिनै प्रवृत्तिभित्र आधारित रहेका छन्, जहाँ यिनी बाँचेका छन् । कविताहरू कविको उमेरसँग पनि केही हदसम्म सम्बन्धित रहेका देखिन्छन् । यसरी हेर्दा कविले विभिन्न समयमा आफ्ना कृतिहरू प्रकाशित गरिसकेका छन् । ती कृतिहरू प्रायः आआफ्ना परिवेशसँग मिल्दाजुल्दा छन् । कविले आफ्ना जीवनमा आइपरेका, भोगेका र देखेका गतिविधिहरूलाई अत्यन्त कलात्मक किसिमले भावनात्मक अभिव्यक्तिद्वारा अभिव्यक्त गरेका छन् । युवा जोस र उन्मादमा आफ्ना मनका विचारहरूलाई प्रस्फुटित गरेको कवितासङ्ग्रह **वस्तीका संगम सुसेलीहरु**मा कविभावना अत्यन्त जोसिलो देखिएको छ भने प्रस्तुतिमा केही फितलोपन रहेको भान हुन्छ । यिनका कवितासङ्ग्रहलाई विभिन्न प्रवृत्तिको आधारमा छुट्याई सकेपछि सुब्बा प्रखर मानवतावादी देखिनका साथै अन्याय र अत्याचारका विरुद्ध लड्ने एक सशक्त क्रान्तिकारी योद्धाका रूपमा परिचित बनेका देखिन्छन् । ग्रामीण समाजको गाँस, बास र कपास केकस्तो रहेको छ भन्ने कुरा कविताको अन्तर अभिव्यक्तिमा पाउन सकिन्छ । समाजमा केकस्ता स्रोतहरूको खोजी गरे समाज विकासोन्मुख दिशातिर लम्कन्छ र कस्ताकस्ता सामाजिक कुव्यवस्थाहरूको विरोध गरे मुक्तिको श्वास फेर्न सक्छ भन्ने भावहरू प्रस्तुत सङ्ग्रहहरूका कविताहरूमा पाइन्छन् । कवितामा कविले प्रतीकात्मक प्रस्तुतिका माध्यमबाट धार्मिकचेतको अभिव्यक्ति दिएका छन् । आफ्नो राष्ट्रलाई र राष्ट्रियतालाई श्रद्धापूर्वक पूजा गरेको भाव पनि कवितामा प्रस्तुत भएको छ । समाजमा रहेका विभिन्न विकृतिहरूलाई कतै कविले व्यङ्ग्यात्मक र कतै ठाडो विरोध गरेर समाजप्रति सचेत रहनुपर्ने भाव व्यक्त गरेका छन् भने राजनैतिक शासनव्यवस्थाप्रति असन्तुष्ट कविचेत कतैकतै अत्यन्त भावविह्वल भएको छ । प्रकृति मानवजीवनको बाँच्ने आधार हो भन्दै प्राकृतिक सम्पदालाई सीमित पारेर राख्नुहुँदैन; त्यसलाई त हामीले फैलन दिनुपर्छ भन्ने प्रस्तुति कविचेतमा रहेको पाइन्छ । राष्ट्रियताप्रति कविता जति श्रद्धानत रहेको छ त्यत्ति नै झुकाव जातीयतामा रहेको देखिन्छ । आफ्नो पहिचान, आफ्नो अस्तित्व राखेमात्र आफू बाँच्न सक्ने भाव कविको राष्ट्रियताप्रतिको मोह हो । यसरी विजय सुब्बाका कविताहरू मनोरजनका लागिभन्दा पनि उद्देश्यका दृष्टिकोणबाट अत्यन्त सार्थक देखिएका छन् ।

छैटौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ६.१. उपसंहार

विजय सुब्बाका कविताहरूको अध्ययन गर्ने क्रममा विभिन्न परिच्छेदमा अध्ययन विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**पहिलो परिच्छेदअन्तर्गत** यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएकोछ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यकोसमीक्षा, अध्ययनको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि, शोधपत्रको रूपरेखासम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेदमा**कविताको सैद्धान्तिक स्वरूप र विश्लेषणगरिएको छ । यसक्रममाकवि र कविता, कविताको परिभाषा, कविता सम्बन्धी पूर्वीय मान्यता, कविता सम्बन्धी पाश्चात्य मान्यता, नेपाली साहित्यकारका दृष्टिमाको बारेमा चर्चा गरिएको छ । त्यस पछि कविताका तत्त्वहरूका बारेमा चर्चा गरिएको छ । कविताका तत्त्वहरुमा विषयवस्तु, मूल भाव/विचार, छन्द र लय, बिम्ब र प्रतीक, कथनपद्धति, अलङ्कार र भाषाशैलीका बारेमा चर्चा गरिएको छ ।

**तेस्रो परिच्छेद**माविजय सुब्बाको सङ्क्षिप्त परिचय दिएको छ । वि.सं.२०१५साल जेठ ७ गते मङ्गलवार विहान ६:४७ बजे कोसी अञ्चल तेरथुम जिल्ला तम्फुला गाउँ विकास समिति वडा नं. ७ माफगाउँमा भएको हो । यिनको पारिवारिक पृष्ठभूमि सामान्य किसिमको देखिन्छ । उनको बाल्यकाल बाबुआमासँग खेतबारी, पाखापखेरामाघुम्दै र धुलो खेलाउँदै तथा गाईवस्तु चराउँदै बितेको थियो । राजनीतिकव्यक्तित्वको अतिरिक्तसुब्बाको अर्को सशक्त व्यक्तित्व साहित्यिक व्यक्तित्व हो । विजय सुब्बाले साहित्यिक भावलाई नै सिक्किमको राजनीतिमा प्रयोग गरेको देखिन्छ । यसरी हेर्दा यिनको राजनीतिको मार्गदर्शक साहित्य नै रहेको पाइन्छ । साहित्यिक व्यक्तित्वभित्र यिनको योगदानलाई ध्यान राख्दै कवि, गीतकार, प्रबन्धकार, सम्पादक, समालोचक, प्रकाशक, संरक्षक गरीविभिन्न आधारमा छुट्याएर अध्ययन गरिएको छ । विजय सुब्बाको कविता यात्राको निरूपण गरिएकोछ । उनका प्रकाशित रचनाहरूका आधारमा यिनको काव्ययात्रालाई दुई चरणमा विभाजित गरिएको छ । पहिलो चरणमा वि.सं.२०५७ सम्मका रचनाहरूलाई समेटिएको छ । जुन रचनाहरू **वस्तीका संगम सुसेलीहरु र विजय सुब्बाका गीत तथा गजलहरू**मा समेटिएका छन् । प्रस्तुत सङ्ग्रहमा तत्कालीन समयको सामाजिक, राजनीतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति विसङ्गतिको उजागर गरिएको छ । दोस्रो चरणमा २०५८ देखि हालसम्मका रचनाहरूलाई समावेश गरिएको छ । जसलाई सुब्बाले **अराजक अक्षरहरू**

कवितासङ्ग्रहमा सङ्ग्रहित गरेका छन् । यसमा विशेषतः व्यवस्था परिवर्तनको आग्रह राखिएको छ भने तत्कालीन शासनहरूप्रति असन्तष्टि पनि पोखिएको छ ।

**चौथो परिच्छेदमा** कविता विश्लेषणका आधारहरूलाई समवेश गरिएको छ । सुब्बाका कविता कृतिहरूको अध्ययन गरिएको छ । आफूले जीवनयापनका क्रममा देखेका, भोगेका र अनुभव गरेका कुराहरूनै सुब्बाले कविताको आकृति दिएका छन् । दुवै चरणका कविताहरूलाई हेर्दा लघुतमदेखि लघुरूपसम्मका रचनाहरू समावेश भएको देखिन्छ । त्यसरी नै कविले कवितालाई आकृति दिने क्रममा विभिन्न प्रकारका सहभागीहरूको प्रयोग गरेका छन् । प्रथम र तृतीयपुरुष दृष्टिबिन्दुमा आधारित यिनका कविताहरूमा कतै 'म' पात्रले सोझै विषयलाई समातेर त कतै अन्तर्निहित रूपमा विषय ज्ञान गराई रहेको पाइन्छ भने कतै ऊ, उनी तथा कतै नामधारी अन्य पात्रकोमाध्यमबाट कविताहरूलाई आकृति दिएको पाइन्छ । यसरी हेर्दा यिनका कविताहरूमा प्रथमपुरुष दृष्टिबिन्दु तृतीयपुरुष दृष्टिबिन्दुको तुलनामा अधिक पाउन सकिन्छ । भाषाशैलीय विन्यास पनि प्रथम, द्वितीय र तृतीय चरणका कविताहरूमा क्रमशः खारिदै गएको देखिन्छ । भाषा, शैली, बिम्ब, प्रतीक तथा अलङ्कारको संयोजनले कविता अत्यन्त सार्थक बनेकोदेखिन्छ । अत्यन्त छोटा आयामका कविताहरूमा विन्यास मिलेको देखिँदैन । यसरी नै व्याख्या तथा निष्कर्ष खण्डमा सम्पूर्ण कृतिको सारलाई समेटिएको छ ।

**पाँचौं परिच्छेदअन्तर्गत विजय** सुब्बाका कविता प्रवृत्तिहरूको निरुपण गरिएको छ । उनका कविताहरूमा देखिएका सम्पूर्ण काव्यप्रवित्तिको विस्तृत अध्ययन यस परिच्छेदमा छ । मानवतावादी चिन्तन, राजनीतिक चिन्तन, प्रगतिवादी-क्रान्तिकारी चिन्तन,अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन, जातिप्रेम तथा राष्ट्रप्रेम, धार्मिक चिन्तन, प्रतीकात्मक प्रस्तुति, प्रकृति चित्रण, सामाजिक चित्रण आदिलाई प्रवृत्ति विश्लेषणको आधार बनाइएको छ । यसरी सम्पूर्ण प्रवृत्तिहरूलाई छुट्याएरअध्ययन गरिसकेपछि विजय सुब्बा एक सशक्त सामाजिक व्याक्तित्वका रूपमा रहेको पुष्टि हुन्छ । सम्पूर्ण कविताहरूको आशय सामाजिक उन्नतिर प्रगतिमा नै गएर मेल भएको छ ।

### ६.२.निष्कर्ष

विजय सुब्बाल विं.सं. २०४१ सालदेखि साहित्यिक क्षेत्रमा प्रवेश गरेका सुब्बाले वि.सं. २०४१ मा कवितासङ्ग्रहसमेत प्रकाशन गराएका हुन् । हालसम्म यिनले **वस्तीका संगम सुसेलीहरु, विजय सुब्बका गीत र गजलहरु** र **अराजक अक्षारहरु** कवितासङ्ग्रह **र ज्ञानी** गजलसङ्ग्रहप्रकाशित गराई सकेका छन् । त्यस्तै साहित्य क्षेत्रमा सम्पादक, संरक्षक, गीतकार, समालोचक, प्रकाशक जस्ता व्यक्तित्वहरू उत्तिकै सफलताका साथ अगाडि बढिरहेका छन् । हालको उनको सबैभन्दा सफल क्षेत्र राजनीति हो भने क्रमशः कवि र गीतकार व्यक्तित्वबाट विशेष परिचित बनेका छन् । यिनले साहित्यिक कृतिहरूका अतिरिक्त राजनीतिक तथा वैचारिक कृतिहरू प्रकाशित गरेर साहित्य एवं राजनीतिको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । यिनी नेपाली साहित्यमाउपनामले परिचित छन् । समाजका

विषयवस्तुलाई नै साहित्यमा प्रयोग गरेकाले र साहित्यका विषयहरूलाई राजनीतिमा विचारको रूपमा प्रयोग गरेकाले समाज, राजनीति र साहित्यलाई यिनले परिपूरक ढङ्गबाट अगाडि बढाएका देखिन्छन्। यिनका कृतिहरूमा राजनैतिक व्यक्तित्वको वा उनको राजनीतिक दर्शनको स्पष्ट छाप पाइन्छ। सुब्बाका कविताहरू जीवनदर्शनसँग अभिन्न रुपले गाँसिएका छन्। विजय सुब्बाका क्रान्तिकारी भावले ओतप्रोत रचनाहरूले पुराना सामाजिक मूल्य, मान्यता, पुराना सामन्ती संरचनालाई ध्वस्त पार्दै नयाँ समुन्नत, सुखी र समृद्ध संसारको निर्माण गर्नको निम्ति क्रान्तिकारीहरूलाई उत्प्रेरित गरेका छन्। सर्वहारा वर्गको मुक्ति र स्वतन्त्रताको लागि क्रान्तिबाहेक अर्को कुनै विकल्प नरहेको र जनताको सशक्त सङ्घर्षद्वारा मात्र क्रान्ति सम्भव हुने विचार व्यक्त गरिएका उनका कृतिहरूमा क्रान्तिप्रतिको अगाध आस्था र विश्वासभाव प्रकट भएको छ। शोषित उत्पीडित जनताप्रति अपार सहानुभूति राख्ने सुब्बाका कृतिहरूले जनताका दुश्मन शक्तिप्रति वा शोषक वर्गप्रति तीव्र घृणाभाव प्रकट गर्दछन्। उत्पीडित जनताको मुक्ति र स्वतन्त्रताको निम्ति, समानता र स्वाभिमानको निम्ति विद्रोह अनिवार्य आवश्यकता भएको विचार व्यक्त गर्दै उत्पीडित जनतालाई विद्रोहको बाटो अवलम्बन गर्न आग्रह गर्दछन्। यस धरतीका सबै मान्छेहरू सुखी, सम्पन्न र स्वतन्त्र भएर बाँच्न पाउनु पर्छ र मान्छेले मान्छेमाथि गर्ने सबै प्रकारका शोषण दमनको अन्त्य हुनुपर्दछ। त्यसका लागि जनताको सचेत, सङ्गठित र समर्पित क्रान्तिकारी शक्तिलाई विशेष महत्त्वका साथ उठाइएको छ र मानवतावादी भावना प्रकट भएको छ। विजय सुब्बाका प्रायजसो कृतिहरूमा प्रकृतिलाई मानवीकृत पनि गरिएको छ। प्राकृतिक दृश्यावलोकनबाट अत्यन्त मुग्ध हुने कवि सुब्बाले प्रकृतिलाई आफ्ना कृतिहरूमा सजीव रूपमा प्रस्तुत गरेका छन्। उनका रचनाहरूमा राष्ट्रवादी चिन्तन पनि अभिव्यक्त भएको छ। साहित्यमा विचार पक्षलाई नै ज्यादा जोड दिने सुब्बाले आफ्ना रचनाहरूमा स्थानीय, आञ्चलिक र विश्वपरिवेशलाई समेत जोड्ने प्रयत्न गरेका छन्। उनका कृतिहरूमा समाजका निम्न वर्गका व्यक्तिलाई पात्रको रूपमा प्रस्तुत गरी तिनको माध्यमबाट शोषणप्रधान राज्यव्यवस्थाकोविरुद्धमा विद्रोह गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ। राष्ट्रियता र जातीयताको सवालमा पनि कविताहरू उतिकै सशक्त देखिएका छन्। आफ्नो राष्ट्र र जाति भनेपछि हुरुक्क हुने कविले कवितामा पनि आफ्नोपनप्रति माया प्रकट गर्दै गुनगान गरेका छन्। यस्तै प्रतीकात्मक अर्थले युक्त शब्दको प्रयोग र त्यसभित्र ध्वनित हुने अर्थहरू विशेष महत्त्वपूर्ण देखिएका छन्। सपग्रमा विजय सुब्बाका कविताकृतिहरूमा मानवतावादी चिन्तन,राजनीतिक चिन्तन, प्रगतिवादी-क्रान्तिकारी चिन्तन,अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन, जातिप्रेम तथा राष्ट्रप्रेम, धार्मिक चिन्तन, प्रतीकात्मक प्रस्तुति, प्रकृति चित्रण, सामाजिक चित्रण आदि प्रवृत्तिहरू दखिएका छन्। आजको संसारमा कस्ता किसिमका गतिविधिहरू भइरहेका छन् त्यसैलाई यिनका कविताहरूले सशक्त किसिमले प्रस्तुत गरेका छन्।

## सन्दर्भसामग्री सूची

गिरी, जीवेन्द्रदेव, *विजय सुब्बाका गीत र गजलहरू,* **भिसमिसे,** (वर्ष २७, पूर्णाङ्क ३८, २०६२) ।

चापागाइँ, नरेन्द्र, **नरेन्द्र चापागाईका समालोचना**, काठमाडौँ : साझा प्रकाशन, वि.सं.२०६० ।

बराल, कृष्णहरि **गीत सिद्धान्त र इतिहास,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०६ ।

..............., **गजल सिद्धान्त र नेपाली गजल परम्परा**, काठमाडौँः साझा प्रकाशन, २०६४ ।

भारती, बलभद्र, *विजय सुब्बाका गीत र गजलहरू एउटा सङ्घर्षशील दस्तावेज,* **जनएकता साप्ताहिक,** (असार ९ गते सोमवार २०६०) ।

रिमाल, श्याम, *उज्यालो खोज्दै हिड्ने जनगायक,* **समष्टि**, (वर्ष २१, अङ्क ६, २०५८) ।

लुइटेल खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

सुब्बा, विजय, **बस्तीका सङ्गम सुसेलीहरू,** २०४१ ।

..............., **विजय सुब्बाका गीत र गजलहरू,** तेह्रथुमः स्वर अभियान, २०५७ ।

..............., **अराजक अक्षरहरू,** काठमाडौँः साझा प्रकाशन, २०५८ ।

..............., **ज्ञानी**, काठमाडौँः विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६३ ।

..............., *सिक्किमतिर,***उत्साह**, (वर्ष ८, फागुन, २०४३, पृष्ठ) ३३-४१ ।

..............., *मैले हिड्ने बाटोमा मैले नै नटेकी कसरी हिड्न सकौँ,***आँकुरा,** (वर्ष २, अङ्क २, कार्तिक, २०४९) पृष्ठ, २२ ।

...............,*फिदिम मूक निर्जन छ,***ललिता,** (वर्ष १, अङ्क १, फागुन, २०४९) पृष्ठ, ७९ ।

...............,*द्रोण ! तिम्रो मृत्युमा मेरो नियमावत्ति छ,***द्रोणाचार्य,** (भाद्र, २०५१) पृष्ठ, ३४१-३४३ ।

..............., *फर्की हेर्छु हिडेको म, पाइलै देखिदन,***कविता,** (श्रावण-भाद्र, २०५२) पृष्ठ, ५६ ।

..............,*यसरी हुँदैछ नेपाली गजल सम्पादन,* **मधुपर्क,** (वर्ष ३०, अङ्क ६, कार्तिक, २०५४) ।

.............., *काँढा/माटो,* **सिन्धुमिलन,** (२०५४) पृष्ठ, १२४ ।

.............., **'*कहीँ भुप्राहरूमा,* युगसंस्कृति, (कार्तिक, २०५५) पृष्ठ, १०२ ।**

..............,*हामी प्रजातन्त्र र साहित्य,* **समकालीन साहित्य**, (वर्ष ११, अङ्क २, माघ- चैत्र, २०५७) पृष्ठ १६६-१७२ ।

..............,*पीडालाई पिएर कहाँ हे रैछ,***मुक्तिमोर्चा,** (वर्ष २८, अङ्क १८, वैशाख-असार, २०५८) पृष्ठ, ११ ।

..............,*चाहिँदो कुरा बोल्दा धेरै बोले जस्तो हुने,***मिमिरे,** (वर्ष ३०, अङ्क ५, भदौ २०५८) पृष्ठ ४४ ।

..............,*मुख छाडे मनपरी गल्ती भयो अनजानमा,* **सङ्कल्प**, (वर्ष २९, असोज-कार्तिक, २०५८) पृष्ठ, ३७ ।

..............,*यहाँ दुख्छ दुखेरै त सधैंभरि दुख्छ,* **नेपाली गीतसङ्ग्रह,** (वैशाख, २०५९) पृष्ठ, २२६ ।

..............,*अति नै भयो अब त बक्‌बक् नगरे हुन्थ्यो',* **वेदना,**( वर्ष २९, अङ्क १, असार, २०५) ।

..............,*ल ठिकै छ गाली नै गरे अरे सही दिंदा पो के हुन्थ्यो,* **भानु,** (वर्ष ३९, अङ्क १, साउन, २०५९) पृष्ठ, ४४ ।

..............,*आज पनि एउटा बन्दुकले मार्यो रे अर्कालाई,***फूलबारी,** (वर्ष १, अङ्क १, साउन, २०५९) पृष्ठ, ६८ ।

..............,*नेपाली गजल लेखनमा देखिएका द्विविधाहरू,***मधुपर्क,** (वर्ष ३५, अङ्क, ८, पुस, २०५९) ।

..............,*दार्जिलिङ चिसो रहेछ,***समष्टि,** (वर्ष २३, अङ्क ४, माघ- फागुन, २०५९)।

..............,*गजलबारे साहित्य परिचयको भ्रम,* **स्पेसटाइम**,( वैशाख ६ गते शनिवार, २०६०) ।

..............,*तिम्रो सामु पर्दा खेरि किन घटेजस्तो लाग्छ,***शब्दाङ्कुर,** (वर्ष २, अङ्क ११क, भदौ २०६०) पृष्ठ, ३३-३४ ।

..............,*मनु ब्राजाकी,* **शिवपुरी सन्देश**, (वर्ष ९, अङ्क २५, असोज २०६०) पृष्ठ, ८७ ।

..............,*यस्तै हुन्छ भनेर पहिली नै देख्न नसक्नेहरू,* **संस्कृति,** (अङ्क ५, असोज २०६०) पृष्ठ, ८५-८६ ।

..............,*बडा गल्ती गरिएछ कमाउन लजाएर,* **रातो झन्डा**, (वर्ष २, अङ्क १, कार्तिक २०६०) पृष्ठ, १०१ ।

..............,*मरिरहेछन् सत्ताको नाउँमा बुद्धिमानहरू,* **दोलखाली आवाज**, (वर्ष १, अङ्क १, मङसिर २०६) पृष्ठ, ७८ ।

..............,*केही गरुँ कि त भन्दा नाताभित्र परिनँ म,* **शब्दाङ्कुर,** (वर्ष ३, अङ्क २, मङ्सिर २०६०) पृष्ठ, ८ ।

..............,*यति राम्रो अनुहारका तिमी जाली हुन पो के बेर,* **गरिमा,** (वर्ष २२, अङ्क १, पुस २०६०) पृष्ठ, ९ ।

.............., *ठीक छ छोप लाजहरू छोप छोप्छौ कहिले सम्म,***ल्म्क्ब्ब एब्त्ब्ब**,(भोल्युम- ५, २०६०) पृष्ठ, ५८ ।

..............,*मोती अजीको मृत्यु,***मोतीदेवी**, (२०६०) पृष्ठ, ५२-५७ ।

..............,*काठमाडौँका विरुद्धमा',* **नोबेल,** (वर्ष २, अङ्क २, २०६०) पृष्ठ, ७-९ ।

..............,*अन्तिम प्रतिस्पर्धा'*, **अक्षलोक,** (पूर्णाङ्क २४, २०६०) पृष्ठ, ५९ ।

..............,*मैले मायाको भाखा बोल्दा किन हो तिमी सधैँ झोकिन्छौँ ?,* **शब्द संयोजन,** ( वर्ष १, अङ्क १, वैशाख २०६१) पृष्ठ, ३५ ।

..............,*न त रुन मिल्छ मलाई न त मलाई हाँस्नै मिल्छ,***पँलास,** (वर्ष २, अङ्क २, वैशाख-जेठ २०६१) पृष्ठ, ।

..............,*स्वागत नेपालको धमिराको दरबार,* **शब्द संयोजन**, (वर्ष १, अङ्क ३, असार २०६१) पृष्ठ, २३-२४ ।

..............,*बुँद रानाको 'रातो मलाई प्यारो मा पाइने राजनीतिक चेतना,* **तन्नेरी,** (वर्ष २६, अङ्क १, वैशाख-असार २०६१) पृष्ठ, ५६-७४ ।

..............*रात पनि ऐठन परेको रातमा,* **समष्टि,** (वर्ष २६, अङ्क ६, जेठ-असार २०६१) ।

..............,*उही बाढी उही भेलमा राजनेता विरुद्धको भेल,* **गुञ्जन,** (वर्ष ७, अङ्क ४, असार २०६१) पृष्ठ, ५६ ।

..............,*नयाँ पुस्ताको गजल लेखन बारे,* **पँलास,** (वर्ष २, अङ्क १, असार २०६१) पृष्ठ, ९ ।

..............,*खण्डहर नयाँ नयाँमा असन्तुष्ट ज्ञानुवाकर पौडेल,***मिर्मिरे,** (वर्ष ३३, अङ्क ४, साउन २०६१) पृष्ठ, ५४- ६५ ।

..............,*भर्मन्ट अमेरिकाको सुन्दर राज्ये !,* **गरिमा,** (वर्ष २६, अङ्क ५, भदौ २०६१) ।

..............,*जुनुमामा बालगजल सङ्ग्रहका केही सन्देशहरू,* **ज्योति,** (वर्ष १, भदौ २०६१) ।

..............,*कसरी लेखिनुपर्छ बालगजल ?,***शब्द संयोजन,** (वर्ष १, अङ्क ६, असोज २०६१) पृष्ठ, ३९-४० ।

..............,*धरावासीको आधाबाटो हिडेपछि,***रचना,** (वर्ष ४४, अङ्क ८१, कार्तिक-मङ्सिर २०६१) पृष्ठ, ३८-४४ ।

.............., *देशको माटो दुख्ने गर्छ गजलसङ्ग्रहमा तूफानका आवाजहरू,* **जनमत,** (वर्ष २१, अङ्क ११/१२, पुस २०६१) पृष्ठ, १५-२१ ।

.............., *आँसुको सौगात मार्फत श्रेष्ठ प्रिया पत्थरका गैरशृङ्गारिक भावहरू,***दीपशिखा,** (वर्ष १५, अङ्क ९, वसन्तपञ्चमी २०६१) पृष्ठ, ६१-७५ ।

.............., *वासिङ्गटनडिसीका केही छापहरू,* **मिर्मिरे,** (वर्ष ३३, अङ्क ११, फागुन २०६१) ।

..............,*जो भएपनि ठूला जातबाट सेपिन्छन् यिनीहरू,* **दलित,** (वर्ष १, अङ्क ७, चैत्र २०६१) ।

..............,*कनेक्टिकमा तीन दिन',* **गरिमा,** (वर्ष २३, अङ्क ४, चैत्र २०६१) पृष्ठ, १६ ।

.............., *सहिद रगतको टीका लाएर अघि जानु छ अघि जानु छ,***वनिता,** (वर्ष ६, फागुन-चैत २०६१-०६२) पृष्ठ, ४० ।

..............,*उज्ज्वल जी.सी. का गजलमा राजनीतिक चेतना,***मिर्मिरे,** (वर्ष ३४, अङ्क १०, माघ २०६२) पृष्ठ, ६०-६८ ।

..............,*सबथोक सम्हाल्ने चीज भन्डा नै रहेछ,* **नवप्रज्ञापन**, (वर्ष १३, अङ्क ३, फागुन २०६२) पृष्ठ, ३५ ।

..............,*टी.आर. सरलाई मैले मात्र सम्झेको छुइँन होला,***टीकाराम जोशी स्मृति ग्रन्थ,** ( २०६२) पृष्ठ, २२-२७ ।

..............),*साला नेपालीहरू (बदमासहरूलाई)*, **धनकुटाको आवाज**, (वर्ष १, अङ्क १, जेठ २०६३) ।

..............,*कुराभन्दा टाठाबाठा अर्कै काम गरेपछि,***समकालीन नेपाली साहित्य**, (वर्ष ६, अङ्क ३, असार २०६३) ।

.............., वर्तमान झल्काउने गजलहरू, **मधुपर्क**, (वर्ष ३९, अङ्क ११, चैत २०६३) पृष्ठ, ३२-३३ ।

..............,*तिमी गर्दछौ प्रेममा लाजले आँखा झुकेको कुरा,* **ई समकालीन नेपाली गजल,** असार, पृष्ठ, १३७ ।

..............*यहाँ को छन् र गोरा भन्नु कालै कालाहरू***शारदा,** (वर्ष १, अङ्क ६, असार २०६४) पृष्ठ, ४५ ।

..............,*समकालीन नेपाली गजलमा देखिएका मूल प्रवृत्तिहरू,* **नेपाली गजल विगत र वर्तमान,** (२०६४) पृष्ठ, ११२-१४२ ।

..............,*यसरी टुरिन पुगियो,* **गरिमा,** (वर्ष २६, अङ्क ५, वैशाख २०६५) ।

विवस, ज्ञानेन्द्र, *सुब्बाको सामयिक सुसेली,* **स्पेसटाइम दैनिक**, (साउन १८ गते शनिबार, २०५९) ।

शर्मा, पुण्यप्रसाद (सम्पा), **डा. पवन चामलिङ स्रष्टा र द्रष्टाका दृष्टिमा**, गान्तोक : जनपक्ष प्रकाशन, सन् २००४ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि**, ललितपुर : साझा प्रकाशन, वि.सं.२०६२ ।

शर्मा, सुकुम, *कविताका आलोकमा विजय सुब्बा,* **शब्द-संयोजन**, (वर्ष १, अङ्क ११, फागुन, २०६१) ।